त्रैमासिक बुलेटिन

# हाम्रो तानसेन

दर्ता नं.: ३२/२०७५ पाल्पा

वर्ष १, पूर्णाङ्क ४, माघ २०७५ Our Tansen Quarterly Bulletin Vol.4 (Feb 2019)



नगर प्रमुख र उपप्रमुखसँग प्रकाशन ससितिका पदाधिकारीहरु
तस्विर-अनिल लिगल (पत्रकार)






प्रेस काउन्सिल म्यानमार, श्रीलंका र नेपालका अध्यक्षहरुलाई तानसेनमा स्वागत




प्रकाशक:
**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन, पाल्पा, ५ नम्बर प्रदेश, नेपाल

# तस्बिरमा तानसेन



प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ, श्रीलंकाका अध्यक्ष कोकगल्ला वान्दुल्ला, म्यानमारका अध्यक्ष ओन च्याइङसँग सहाभागी पाहुना, पत्रकार र तानसेन नगरपालिकाका कार्यवाहक नगरप्रमुख दामोदरप्रसाद घिमिरे र अन्य जनप्रतिनिधि, कर्मचारी लगायत



अर्थमन्त्री युवराज खतिवडालाई रानीमहल व्यवस्थापन योजनाबारे मागपत्र बुझाउँदै नगर प्रमुख



रानीमहल अवलोकनमा पुगेका अर्थमन्त्री युवराज खतिवडा र परराष्ट्रमन्त्री प्रदिप ज्ञवालीसँग नेकपाका नेता, पत्रकार लगायत



ओकेबाजी कप फुटवल प्रतियोगिताका सहभागी खेलाडीहरूसँग परिचय गर्दै तानसेनका नगर प्रमुख, जापानी समाजसेवी काजुमासाकाकिमी (ओकेबाजे) लगायत तानसेन टुँडिखेलमा

# हाम्रो तानसेन । OUR TANSEN

त्रैमासिक बुलेटिन (वर्ष १, पूर्णाङ्क ४, २०७५, माघ) दर्ता नं.: ३२/२०७५ पाल्पा

**प्रकाशक**
तानसेन नगरपालिका, पाल्पा
**संरक्षक**
अशोककुमार शाही
(नगर प्रमुख)
**सल्लाहकार**
लक्ष्मीदेवी पाठक
(उपप्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
कीर्तनराज पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

**सम्पादन सहयोग**
लोचनप्रसाद तिमिल्सिना
(वडाअध्यक्ष,तानसेन-१०)
कमल राना
(वडाअध्यक्ष,तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य,तानसेन-१३
सुनिता वैंजू श्रेष्ठ
(नगरसभा सदस्य,तानसेन-३)

**व्यवस्थापन सहयोगः**
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य), विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत), भरतप्रसाद आचार्य (शाखा अधिकृत)

**कम्प्युटर टाइपः** मीलन नेपाली
**कम्प्युटर डिजाइनः** शरण भोछिभोया
**कला निर्देशकः** नारायणकाजी बाँडे
**मुद्रकः** गणेश इन्टरनेशनल, काठमाडौँ

**सम्पर्क ठेगानाः** हाम्रो तानसेन, तानसेन नगरपालिका,पाल्पा
इमेलः hamrotansenbu@gmail.com, apalpali@gmail.com
सम्पर्क मोबाइलः ९८५७०६०७९९,९८४७३२६७६०

**(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)**

## सम्पादकीय



**- गोविन्द भट्टराई**

### पर्यटन विकासका लागि नागरिक सहभागिता महत्वपूर्ण सवाल

तानसेनको व्यापारिक तथा जनसम्पर्क चहलपहल कम हुँदै गएको छ यसर्थ यसको भविष्य अब के हुने हो ? भन्ने चिन्ता आम नगरबासीमा बढ्दै गएको भेटियो । तानसेनको इतिहास गौरवपूर्ण रहेको छ। वर्तमान विगतको तुलनामा शून्सान प्रायः छ भने भविष्यका बारेमा यसै के भन्न सकिन्छ र ? भन्ने पनि तानसेनबासी नै हौँ । तानसेन पाकृतिक रूपमा सुन्दर छ, हावापानीका हिसाबले अन्य शहरको तुलनामा बस्नयोग्य छ। प्रदुषण शून्यप्राय : छ तर व्यापार, व्यवसाय गिर्दो अवस्थामा भएकाले कमाइ खानेहरूका लागि तानसेन रोजाइमा पर्न छाडेको छ । उसो भए अब के गर्ने त ? तानसेन नगरपालिका, प्रदेश सरकार र संघीय सरकारको सहयोगले तानसेनको विकास होला वा नागरिक सहभागितामा तानसेनलाई पुनर्जीवन दिन सम्भव होला ? यसको जवाफ खोज्नुपर्ला। यो तानसेनबासीका लागि महत्त्वपूर्ण सवाल हो।

विगतमा व्यापारिक चहल पहल थियो तसर्थ व्यापारव्यवसाय तानसेनबासीका लागि गरिखाने माध्यम बनेको थियो । ढाका, करुवा उद्योग चलेका थिए । व्यापार घट्दै गएपछि शिक्षा, स्वास्थ्य र पर्यटनको नारालाई आधार बनाएर तानसेनमा केही गर्न सकिन्छ भन्ने विभिन्न कोणबाट प्रयासहरू भए । कुनै बेला सेरोफेरोका जिल्लाबाट त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पामा पढन आउनेहरूको लर्को लाग्ने गर्थ्यो । यसैगरी स्वास्थ्य उपचारका लागि पाल्पा वरपरका जिल्लाबाट मात्र नभै भारतबाट समेत पाल्पामा उपचारका लागि बिरामी आउने गर्दथे। हामीले स्वीकार्न पर्दछ कि, पर्यटनको नाराअनुसार पर्याप्त काम हुन सकेन तर तानसेन, पाल्पा घुम्न आउनेहरूको संख्या बढ्दो छ। यद्यपि शिक्षा र स्वास्थ्य क्षेत्रमा पहिलेको तुलनामा पाल्पा बाहिरबाट आउने क्रम घट्दै गएको छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा पाल्पा तानसेनको व्यापारिक चहलपहल झनै घट्दो छ । कारण महत्त्वपूर्ण प्रशासनीक कामबाहेक अधिकाश सेवा स्थानीय तहमै उपलब्ध छन् अर्थात् जिल्लामा १० स्थानीय तह भएपछि सबैजसो काम स्थानीय तहको केन्द्र र वडाबाट सम्पादन हुँदै आएको अवस्था छ। पासपोर्ट र नागरिकताको लागि मात्र जिल्ला सदरमुकाम तानसेन आउनुपर्छ त्यसमा पनि इलाका प्रशासन कार्यालय रामपुरबाट समेत प्रशासनिक सेवा आरम्भ भईसकेको अवस्था छ। यसर्थ तानसेन आउनैपर्ने कारण घट्दै गएको छ। विद्यार्थी, कर्मचारीका कारण कोठाभाडामा पाउन मुस्किल पर्ने तानसेनमा अचेल कोठाहरू खाली हुँदै गएको घरभेटीको गुनासो सुनिन्छ। तानसेनको भविष्य अब पर्यटन विकासमा खोजिनु पर्दछ भन्ने आवाजहरू घनिभूत हुँदै जान थालेका छन्। स्थानीय सरकारका नाताले तानसेन नगरपालिकाले तानसेनको समग्र विकासका लागि पर्यटन विकासलाई नै मूल आधार बनाउन सकिन्छ भनेर अभियान आरम्भ गरेको छ । नागरिक सहभागिताबिना कुनै काम दिगो र प्रभावकारी हुन सक्दैन । यसर्थ पाल्पा तानसेनको पर्यटन विकास तानसेन सरकारको नेतृत्व तथा नागरिक सहभागितामा मात्र सम्भव छ भन्ने मर्मलाई हामी सबैले आमसात गर्न सक्नु पर्दछ। जय तानसेन !

संरक्षकको कलमबाट

# टुँडिखेल स्तरोन्नति, नयाँ बसपार्क निर्माण र नागरिक स्वास्थ्यमा ध्यान केन्द्रित



– अशोककुमार शाही

तानसेनको विकास अब आम नगरबासीको समेत सरोकारको सवाल बन्न पुगेको छ। देशमा तीन तहका सरकार भए पनि विकास निर्माणको सवालमा मूलतः नागरिक चासो र सहभागिता नै निर्णायक पक्ष हो भन्ने हाम्रो ठम्याइ छ। तानसेनको विकासका लागि शिक्षा, स्वास्थ्य र पर्यटनका कुरा उठे तर समयसापेक्ष ढंगमा ती कुराले गति लिनसकेको देखिएन। पछिल्लो पटक **तानसेनको गौरव, स्वास्थ्य, शिक्षा, पर्यटन, कला हाम्रो पौरख** नाराप्रति आम तानसेनबासीको चासो बढेको पाइन्छ। तानसेनको विकासनिर्माण अब तानसेनबासीको चासो बन्नु पर्दछ भन्ने कुरामा जोड दिदै हामी आग्रह गर्दछौँ–नगरको विकासका लागि साझा संकल्प गरौँ। जनप्रतिनिधि नगरबासीको सपना साकार पार्न प्रतिबद्ध छौँ र सहयोगको अपेक्षा गर्दछौँ। यस अंकमा हामीले प्राथमिकताका साथ अगाडि सारेको टुँडिखेलको स्तरोन्नति, नयाँ बसपार्क निर्माण र नागरिक स्वास्थ्यप्रति लक्षित घरघरमा स्वास्थ्य सेवा अभियानका बारेमा कलम केन्द्रित गर्न चाहन्छु।

तानसेनको आँगन भनौँ वा गहनाको रूपमा अवस्थित तानसेन टुँडिखेलमा सर्बदलीय सर्वपक्षीय सहमतिमा ब्यापार मेला वा महोत्सव नगर्ने सहमति भएलगत्तै तानसेन नगरपालिकाले टुँडिखेल स्तरोन्नतिको काम शुरु गरेको छ। स्थानीय उपभोक्ता समितिको सहभागिता तथा नेपाली सेनाको गोरखदल गणसमेतको सहयोगमा टुँडिखेल स्तरोन्नतिको योजना कार्यान्वयनका दिशातर्फ अगाडि बढेको छ। यस वर्षको वजेटबाट काम शुरु गरिए पनि दीर्घकालीन योजनालाई मूर्तरूप दिन भने केही समय लाग्ने निश्चित छ। टुँडिखेललाई खेल मैदानका रूपमा उपयोग गर्ने कुराप्रति आम तानसेनबासीको सकारात्मक प्रतिक्रिया प्राप्त हुनुले पनि हामीलाई कामका लागि हौसला मिलेको छ। टुँडिखेल स्तरोन्नतिपछि खेलकुदका कार्यक्रमहरू निरन्तर आयोजना हुने हाम्रो विश्वास रहेको छ। खेलसँगै बालबालिका तथा जेष्ठ नागरिक उद्यानको रूपमा टुँडिखेलको स्तरोन्नति हुने समाचारले सरोकारवालाहरूमा उत्साह छाएको छ। टुँडिखेल स्तरोन्नतिका लागि राजनीतिक दल, विभिन्न संघसंस्था, नेपाली सेनाको गोरखदल गण, सञ्चारकर्मी, जनप्रतिनिधि, उद्यमी व्यवसायी लगायत आम तानसेनबासीको चासोप्रति धन्यवाद ज्ञापन गर्दै कार्य सम्पादनका लागि सबैको सक्रिय सहयोगको अपेक्षा गर्दछौँ।

तानसेनको मौजूदा बसपार्क साँघुरो भएकाले तानसेन घुम्न आउने पर्यटकहरूको सवारी साधन राख्नसमेत टुँडिखेलको प्रयोग हुँदै आएको अबस्थामा तत्काल टुँडिखेल निर्माणको योजनालाई कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको छ। टुँडिखेललाई पार्किङस्थल बनाउँनाले यसको स्वरूप नै बिग्रन पुगेको कुरा सबैलाई अवगतै छ। यसर्थ तत्काल नयाँ बसपार्क निर्माण तानसेनको खाँचो बन्न पुगेको तथ्यलाई महसुस गरेर तानसेन नगरपालिकाले बनदेवी क्षेत्रमा नयाँ बसपार्क निर्माणका लागि कार्य आरम्भ गरेको छ। करीव १ सय रोपनी क्षेत्रफल जमिनमा निर्माण हुने नयाँ बसपार्क बहुउद्देश्यीय खालको हुनेछ। नयाँ बसपार्क निर्माण सम्पन्न भैसकेपछिको अवस्थामा मौजुदा अवस्थामा रहेको बसपार्कलाई सवारी साधन छुट्ने र यात्रु ओराल्ने बिन्दुको रूपमा उपयोग गरिने छ। यसले गर्दा नगरक्षेत्रमा सवारी चापको अवस्थालाई कम गर्न मद्दत पुग्ने हाम्रो विश्वास छ। यसपटक शुरु भएको अर्को महत्त्वपूर्ण कार्यक्रममध्ये एक घरघरमा स्वास्थ्य सेवा अभियान पनि हो। जेष्ठ नागरिक, दलित तथा सुत्केरी महिलाका लागि निःशुल्क उपचार तथा औषधि वितरणसमेत गरिएको घरघरमा स्वास्थ्य सेवा अभियान तानसेन नगरपालिकाले नागरिक दायित्व अनुभूत गरेको कुराको प्रत्यक्ष उदाहरण हो।

अन्त्यमा तत्काल टुँडिखेल स्तरोन्नति, नयाँ बसपार्क निर्माण र नागरिक स्वास्थ्यमा ध्यान केन्द्रित गर्दै अन्य काममा समेत सहभागिता र सहयोगका लागि आम तानसेनबासी लगायत सरोकारवाला सबैमा हार्दिक अपील गर्दछु। तानसेनको विकास हामी सबैको साझा चासोको सवाल हो यसर्थ **'समृद्ध तानसेनःसुखी तानसेनबासी'** नारा साकार पार्न सबैको सहयोगको अपेक्षा गर्दछौँ।

**(प्रमुख, तानसेन नगरपालिका)**

# विषयसूची


| | | | |
|---|---|---|---|
| १ | स्वावलम्बी महिला, स्वच्छ नगर | - लक्ष्मीदेवी पाठक | ४ |
| २ | तानसेन नगरपालिकाको चौथो नगरसभा र कानून निर्माणको अभ्यास | - कीर्तनराज पौडेल | ५ |
| ३ | निर्माण कार्य र भुक्तानी लिने प्रक्रियाबारे जान्नुपर्ने कुराहरु | - दिवाकर अर्याल | ६ |
| ४ | रुरु क्षेत्रको ऐतिहासिक महत्व, समस्या र विकासका सम्भावनाहरु | - कमल राना | ८ |
| ५ | तानसेन नगरपालिकाको लेखा समितिको प्रतिवेदन २०७५ | - महेश्वर श्रेष्ठ | ११ |
| ६ | तानसेन नगरपालिकाको शहरीकरण: चुनौती, अवसर र आवश्यकता | - झपेन्द्र जी.सी. | १२ |
| ७ | राणाकालीन तानसेन | - निर्मल श्रेष्ठ | १६ |
| ८ | स्थानीय सरकार, चुनौती र गन्तव्य | – सन्तोष खनाल | २१ |
| ९ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र नगर राज्यसत्ताको सम्बन्ध | - राजेन्द्र बिश्वकर्मा | २३ |
| १० | पाल्पा तानसेन र पर्यटन | – गुराँस आत्रेय | २५ |
| ११ | तानसेनका नेवारहरुको सामाजिक संस्कार | - मदन देउराली | २७ |
| १२ | नगरस्तरीय सहकारी नियमन तथा व्यवस्थापन तालिम सम्पन्न | - दुर्गाबहादुर थापा | २९ |
| १३ | मदनपोखरा अनि नयाँपाटी-सारेम-दमकडा मोटरबाटोको कुरा | - सोमनाथ अर्याल | ३० |
| १४ | नगर सभा र नगर कार्यापालिकाबाट गठित समितिहरु | - भरत आचार्य | ३२ |
| १५ | तानसेन नगरपालिका सरसफाइ शाखाको मुख्य गतिबिधि : | - शंकर भण्डारी | ४५ |
| १६ | हाम्रो सुन्दर तानसेन | - टंक पन्थ | ४६ |
| १७ | शिक्षा शाखाद्वारा गरिएका मूख्य कार्यक्रमहरु | - रेशमलाल न्यौपाने | ४७ |
| १८ | तानसेन नगरपालिका स्वास्थ्य शाखा गतिविधि | - सिरबहादुर राना | ४८ |
| १९ | कृषि तथा पशु सेवा शाखाका काम | - हरिप्रसाद कोइराला | ४९ |
| २० | तानसेन नगरपालिकाको मोबाइल एप शुभारम्भ | - प्रकाश गैरे | ५० |
| २१ | पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र तानसेनको सेवा | - माधव बस्याल | ५० |
| २२ | आ.व. २०७५/७६ को माघ मसान्तसम्मको आम्दानी खर्च विवरण | | ५१ |
| २३ | तानसेन नगरपालिकाले तत्काल गर्नुपर्ने तीन काम र सुधार्नुपर्ने कुराबारे पूर्व जनप्रतिनिधिहरु के भन्नु हुन्छ ? | | ५२ |
| २४ | विविध गतिविधि | | ५३ |
| २५ | वडा गतिविधि | | ६१ |
| २६ | बादल माथिको शहर | - मन गहिरे | ७१ |
| २७ | पत्रपत्रिकामा तानसेन | | ७८ |
| २८ | तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्वन्धित केही प्रेस विज्ञप्ति | | ८० |

# स्वावलम्बी महिला, स्वच्छ नगर



- लक्ष्मीदेवी पाठक

तानसेन नगरपालिका भित्रका महिलाहरूलाई आर्थिक रूपमा स्वावलम्बी वनाउन लक्षित वर्गको रकमबाट सीपको विकास गरी ढाकाको झोला सिलाउने तालिम, ढाका र मखमलको जुत्ता, कडाइसाडी–पछ्यौरामा बुटिक, चुरा, पोते, कुसन, गुडिया, झिनिया रोटी, अचार बनाउने तालिम दिलाई व्यवसाय तर्फ उन्मुख गराइएको छ। सँगसँगै बाख्राबितरण तालिम समेतले आर्थिक पहुँच पुगेको छ। यस नगरपालिकालाई प्लास्टिकनिषेधित नगर घोषणाका साथै बजार गर्न साथमा लैजाने झोला सिलाइ वडा नं. २ भरी वितरणसमेत भएको छ। यस्ता प्रकारका तालिमले गर्दा तानसेनका महिलाहरू क्रमशः उद्योगी व्यवसायी वन्नु भएको छ। आफ्नो उत्पादित सामान बजार पुऱ्याउनको लागि कोशेलीघरको माग समेत गर्नु भएको छ। यसको लागि नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ। कति महिलाहरू सिलाइकटाइ तालिम लिएर जिविकोपार्जनमा लाग्नु भएको छ। उहाँहरूले प्रशिक्षक प्रशिक्षण तालिमको माग गर्नु भएको छ। यसलाई प्रक्रियामा अगाडि बढाउन जरुरी छ। क्षमता विकासको तालिमको आयोजनाबाट महिलाहरूको योजना सञ्चालनमा सहभागिता बृद्धि भएको छ। सो योजनाहरू पारदर्शी रूपमा अगाडि बढेका छन्।

महिलाहरूको स्वास्थ्यमा परिवर्तन ल्याउन तथा महिलालाई विभिन्न रोगबाट बचाउन पाठेघरको मुखको क्यान्सर (VIA) परीक्षण, यौनरोग र अस्थायी साधनहरूको समेत निःशुल्क शिविरको आयोजना गरिएको थियो। यस्तो शिविरले गर्दा पहूँचमा पछाडि परेका महिलाहरूलाई सहयोग भएको छ।

जेष्ठ नागरिक, अपाङ्गता भएका र सुत्केरी महिलाको लागि लक्षित गरी राखिएको घरघरमा स्वास्थ्य सेवा अभियान कार्यक्रमको माध्यमबाट निःशुल्क परीक्षण र औषधि सेवा प्रदान गरिदै आएको छ। यसको प्रभावले जेष्ठ नागरिकहरूलाई घरमा सरकारले सेवा दियो भन्ने सन्देस आएको छ। महिला आत्मनिर्भर कार्यक्रमका लागि वजेट विनियोजन गरिएको छ। महिला हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम अन्तरक्रियाको माध्यमबाट हिंसामुक्त समाजको सिर्जना गर्न सचेतना कार्यक्रमको थालनी भएको छ। यस्तो प्रक्रियामा सम्पूर्ण महिलाहरू पनि विकृति बिसंगतिलाई त्यागेर हक अधिकारप्रति जवाफदेहिता हुन जरुरी देखिन्छ।

दलित, अल्पसंख्यक, सरसफाइका साथै स्वयमंसेविकाको समेत स्वास्थ्य वीमा गरिएको छ। साथै महिलाहरूको क्षमता बृद्धि गर्दै कम्प्युटर तालिमको थालनी गरिएको छ। जस्ले गर्दा क्षमताको बृद्धि, आर्थिक विकासमा योगदान र स्वच्छ समाज निर्माणमा टेवा पुग्ने आशा नगरपालिकाले गरेको छ। स्वावलम्वी महिला स्वच्छ नगर बनाउन सबैले सहयोग गरौं। सरोकारवालासमेत अग्रसर भएर ज्ञान, सीप सिकौँ सवल र सक्षम बनौँ।

(उपप्रमुख, तानसेन नगरपालिका)

# तानसेन नगरपालिकाको चौथो नगरसभा र कानून निर्माणको अभ्यास



– कीर्तनराज पौडेल

नेपालको संविधानको भाग १६ मा स्थानीय व्यवस्थापिकाको व्यवस्था रहेको छ। स्थानीय व्यवस्थापिकाले संविधानको अनुसूची–८ मा स्थानीय तहको एकल अधिकार सूची र अनुसूची–९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा उल्लिखित क्षेत्रमा संविधानको धारा २२६ बमोजिम कानून बनाउन सक्ने व्यवस्थापकीय अधिकार उल्लेख छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–४ र ५ मा स्थानीय व्यवस्थापीका (सभा) को बैठक कार्यप्रणाली र कार्यविधि उल्लेख छ। यसै गरी परिच्छेद–१५ को दफा १०२ मा स्थानीय कानून बनाउन सक्ने अधिकार उल्लेख भए बमोजिम स्थानीय व्यवस्थापिकाले बनाएको तानसेन नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि बमोजिम नगरसभा सञ्चालन हुँदै आएको छ। यसै बमोजिम तानसेन नगरपालिकाको चौथो नगरसभा २०७५ माघ ९ गते शुरु भै माघ १६ गते बुधवार सम्पन्न भएको थियो। हिउँदे अधिवेशनको रूपमा आयोजना भएको यस अधिवेशनलाई विधेयक अधिवेशनको रूपमा पनि लिने गरिन्छ। यस सभामा विशेष गरी तानसेन नगरपालिकाको भवन निर्माण मापदण्ड २०७५ (मस्यौदा विधेयक), तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी नीति तथा सार्वजनिक निजी साझेदारी विधेयक २०७५, तानसेन नगरपालिकाको विपद व्यवस्थापन विधेयक २०७५, लेखा समितिको प्रतिवेदन तथा लेखा समितिको काम, कर्तव्य र अधिकार समेतको विवरण, कार्यपालिकाबाट निर्णय भै आएको गत विगतको पेश्की मिनाहा सम्वन्धी प्रस्ताव मूख्य कार्यसूचीका रूपमा रहेको थियो।

माथि उल्लिखित विधेयकहरू नगरसभाको बैठकबाट सर्वसम्मतरूपमा पारित भएको थियो भने तानसेन नगरपलिकाको विनियोजन ऐन, २०७५ को (पहिलो संसोधन) विधेयक छलफलका लागि सभामा पेशहुँदा छलफल पश्चात बहुमतबाट पारित भएको थियो। सभाध्यक्षको अनुमतिले चौथो नगरसभाको पहिलो बैठकमा पेश (टेबुल) भएको योजना तथा भवन निर्माण मापदण्ड २०७५ को प्रस्ताव मस्यौदा समितिका संयोजकबाट सभाध्यक्षको अनुमतिले फिर्ता लिइएको थियो। यस सभामा न्यायिक समितिको प्रतिवेदन प्रस्तुत गरिएको थियो।

तानसेन नगरपालिकाको नगरसभाबाट पारित गर्नुपर्ने नीतिगत प्रस्तावहरू समेत यस नगरसभामा सर्वसम्मत रूपमा पारित गरिएको थियो।

सभामा सभाध्यक्षद्वारा विभिन्न विधेयकहरू छलफलको लागि पेश गर्नका लागि विभिन्न समितिका संयोजक रहनु भएका नगरसभाका सदस्यहरूलाई अनुरोध गरी विधेयकको गाम्भिर्यताअनुसार आवश्यक छलफलका लागि समय प्रदान गरिएको थियो। तदउपरान्त सभाध्यक्षको अनुमति अनुसार विधेयकहरू माथि सैद्धान्तिक छलफल गरिएको थियो। छलफलमा नगरसभाका सदस्यहरूबाट आआफ्नो भनाइ तथा सुझावहरू सभामा राखिएको थियो।

यस पटकको नगरसभामा नगरपालिकाको विकास र समसामयिक सवालहरूको बारेमा समेत विस्तृत छलफल गरिएकोले यो नगरसभा बढी परिणाममुखी रहेको र संसदीय अभ्यासको प्रक्रिया पनि क्रमश प्रभावकारी र परिपक्व हुँदै गएको आभास गरिएको छ।

नगरसभाको प्रक्रिया र गरिएका निर्णयहरूको सार्वजनिकीकरणका लागि चौथौ नगरसभाको पहिलो बैठकमा सञ्चार क्षेत्रको समेत सहभागिताको व्यवस्था गरिएको थियो। चौथो नगरसभामा वरिष्ठ पत्रकार शम्भु श्रेष्ठ लगायतका पत्रकार समेत अवलोकनका लागि उपस्थित हुनु हुन्थ्यो। साथै नगरसभाको व्यवस्थापन प्रक्रियामा सम्वन्धित क्षेत्रबाट मौखिक रूपमा जाहेर गरिएका सवालहरूलाई पृष्ठपोषणको रूपमा लिइएको छ।

कानून निर्माणको उपलब्धिलाई हेर्दा तानसेन नगरपालिकाको यस नगरसभाबाट पारित भएका विधेयकहरू समेत हालसम्म तानसेन नगरसभाबाट १६ वटा ऐनहरू (नीति समेत) पारित भएका छन। यसैगरी नगरकार्यपालिकाबाट पारित ३० वटा नियमहरू (नियमावली, कार्यविधि, निर्देशिकाहरू) पारित भएका छन। यसरी नगरपालिकाको हालसम्म ४६ वटा विभिन्न ऐन कानूनहरू पारित भै राजपत्रमा समेत प्रकाशन हुनु र यसको प्रभावकारी कार्यान्वयन हुँदा नगरपालिकाबाट गरिने कार्यक्रम र योजनाहरूको प्रभावकारी सञ्चालन गर्न तथा भावी दिनमा नगरको दीर्घकालीन र दिगो विकास प्रक्रियाको लागि कानूनी आधार तयार भएको देखिन्छ।

शुरुवाती चरण भएको हुँदा पूर्णतः संसदीय अभ्यास अवलम्बन गर्न केही कठिनाई भएता पनि यस पश्चात हुने अर्को नगरसभामा विधायिकी अभ्यास थप परिस्कृत हुँदै जाने हाम्रो विश्वास छ। नगरसभाका सदस्य तथा सभाको कार्य प्रणालीलाई सहजीकरण गर्न गठित सचिवालयलाई थप व्यवस्थित बनाउन सकेमा सभाको कार्य प्रणाली अझ प्रभावकारी हुने देखिन्छ। साथै नगरपालिकाका सबै शाखाका शाखा प्रमुखहरूमा सम्बन्धित कानूनको मस्यौदा तयार गर्न सीप तथा दक्षता विकास गर्नु अर्को महत्त्वपूर्ण पाटो रहेको छ।

(प्रमुख प्रशासकीय अधिकृत)

# निर्माण कार्य र भुक्तानी लिने प्रक्रियाबारे जान्नुपर्ने कुराहरु



- दिवाकर अर्याल

**तानसेन नगरपालिकामा हरेकदिन जसो उपभोक्ताहरूको गुनासो सुनिन्छ कि निर्माण कार्य र भुक्तानी प्रक्रिया जटिल भयो । कतिपय नगरबासीले अब आयन्दा उपभोक्ता समितिमा बस्न नपरे हुन्थ्यो भनेको पनि सुनियो । बास्तवमा यसखालको गुनासो नआवस् भन्नका लागि निर्माण कार्यआरम्भअघि नै केही तथ्यहरू बुझ्दा काममा सहज हुन्छ । यसपटक हामीले पुनः तथ्यगत जानकारी प्रस्तुत गरेका छौं ।**

**"सार्वजनिक खरिद नियमावली २०६४"** अनुसार उपभोक्ता समिति भन्नाले निर्माणकार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मतसम्भार गर्नको लागि आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ।

**उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिनेः-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा भएको व्यवस्था उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्तगर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिबृद्धिमा जोड दिनुपर्दछ। परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार रु १ करोडसम्मको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने।

योजनाको लागत अनुमान गर्दा नै योजना जटिल प्रकृतिको भएमा इञ्जिनियरको सिफारिसमा मात्र ठूला मेसिन जस्तै डोजर, भ्याकु, लोडर आदिजस्ता मेसिनको प्रयोग गर्न पाइने।

उपभोक्तालाई लागत अनुमानमा रहेको मूल्यअभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी र जन सहभागिताको अंशकट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने।

समितिले कार्य प्रगति र खर्चका विलभरपाई समितिबाट प्रमाणित गराई सार्वजनिक गर्नुपर्ने।

समितिले जिम्मा लिएको काम ठेकेदारलाई दिन नपाइने।

निर्मित संरचनाको मर्मतसंभारको सुनिश्चितता हुनुपर्ने।

समितिले भुक्तानी लिएको रकम दुरुपयोग भएमा वा हिनामिना भएमा प्रमुख जिल्ला अधिकारीको सहयोग लिएर भएपनि असुलउपर गरी कानूनी कारवाही हुने।

योजनाको निर्माण सम्पन्न हुँदा फर्स्यौटको सुनिश्चितता गरी ३३ प्रतिशत पेश्की दिन सकिने।

**अनौपचारिक देखिएको हालको अवस्था**

लगभग ९० प्रतिशत काम उपभोक्ता समितिबाट भएको।

साना र सरल योजनामा पनि ठूला मेसिनको प्रयोग भएको।

लागत सहभागिताको पूर्ण कार्यान्वयन नभएको र विविधता रहेको।

निर्माण व्यवसायीको प्रयोग भएको।

विगतमा पेश्की लैजाने र फरफारकमा उदासीन रही ठूलो मात्रामा पेश्की बाँकी रहेको।

नगरपालिकामा पर्याप्त दक्ष प्राविधिक नहुँदा सम्पादित कामको अनुगमन र सहज फरफारक नभएको।

विद्यमान ऐन र कानूनी व्यवस्था उपभोक्तालाई जानकारी नहुँदा बुझाइमा फरक परी नगरपालिकाले विल घटाई करका नाममा अनावश्यक रकमकट्टी गरेको भनी उपभोक्ता दुःखी भएका।

सम्पन्न भएका आयोजनाहरूको गुणस्तर कायम भई आयोजना दिगो नभएको भन्ने गुनासाहरू आइरहेको। समग्रमा अपेक्षित निर्माणकार्य सम्पन्न नहुँदा विकासको गति सुस्त रहेको।

**योजना फरफारक गर्दा पेश गर्नुपर्ने कागजातहरू**

लागत अनुमान

सम्झौतापत्र

अनुगमन फाराम

खर्च सार्वजनिक फाराम

प्राविधिक शाखाबाट तयार गरेको विल

कार्यसम्पन्न प्रतिवेदन

प्राविधिक शाखाबाट तयार गरेको विलको रकम बराबरको प्रमाणित विल भरपाई

प्रत्येक विलमा समितिको अध्यक्षले दस्तखत गर्ने

योजना निर्माण पूर्व, निर्माण हुँदै गर्दा र सम्पन्न भएपछि को ३ प्रतिफोटो।

रु २० हजारभन्दा बढीको भ्याट विल।

रु २० हजारभन्दा थोरैका विल स्थायी लेखानम्बर भएको हुनुपर्ने।

सम्झौता गर्दा र सम्पन्नपश्चात् भुक्तानीका लागि वडा कार्यालयको सिफारिस

**विल भुक्तानी लिंदा कट्टीहुने विवरण**

उपभोक्ता समितिले गरेको कामको रु ५० लाखभन्दा ठूलो विलमा मात्र अग्रिम आयकर १.५ प्रतिशत।

डोर हाजिरीमा भएको रकमको १ प्रतिशत सामाजिक सुरक्षा कर।

साधन भाडामा लिएको विल रकमको १० प्रतिशत वहाल कर।

सामान ढुवानी गरेको विल रकमको १० प्रतिशत ढुवानी कर।

नगरपालिकाबाट निर्धारित २० प्रतिशत लागत सहभागिताको रकम।

२.५ प्रतिशत कन्टेन्जेन्सी र २.५ प्रतिशत मरमत संभारकोष

**निष्कर्ष :**

तानसेन नगरसभाले पारित गरेका र संघीय सरकारका ऐननियम, विधि र प्रक्रियाको पालनागर्दै निर्माण कार्यलाई अगाडि बढाउनु हामी सबैको कर्तव्य हो। हामीले बुझ्केकै कुरा हो – आफ्नो काम आफैँ गरी नगरको विकास गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ, यो अवसरलाई गुमाउनु हुँदैन। हामीले हाम्रो काम नगरे अरुले गरिदिन्न तसर्थ सरोकारवाला सबै एकजुट भई सकारात्मक सोचका साथ विकास निर्माण कार्यमा जुटौँ। हामीले नगरे कसले गर्ने, अब नगरे कहिले गर्ने ? प्रक्रिया र विधि बुझ्रेर अगाडि बढेमा विकास निर्माण कार्य सहज हुनुका साथै समयमै सम्पन्न गर्न सकिन्छ। यो तथ्य सबैले मनन् गरौँ। बुझ्केकाले अरूलाई बुझाउँन सहयोग गरौँ। निर्माण कार्य र भुक्तानी प्रक्रियालाई सहज तुल्याऔँ।

**(लेखा अधिकृत)**

# रुरु क्षेत्रको ऐतिहासिक महत्व, समस्या र विकासका सम्भावनाहरू



– कमल राना

**इतिहासः**

वराह पुराणमा उल्लेख भएअनुसार त्रेता युगमा देवदत्त नाम गरेका (भृगु वंसीय) ऋषिले रिडी क्षेत्रमा भएको गल्फुले ओडारमा कठोर तपस्या गर्न लागे। उनको तपस्याको प्रभावले इन्द्राशन डग्मगाउन थाल्यो। इन्द्रले उनको तपस्यालाई भंग गर्न आफ्ना सल्लाहकाहरूसँग परामर्श गरी स्वर्गमा भएका अप्सराहरू मध्ये सबै भन्दा सुन्दरी र बुद्धिमान प्रलोम्चा नाम गरेकी अप्सरालाई त्यस ठाउँमा पठाए। ती अप्सराले विभिन्न किसिमका हावभाव कटाक्षसँगत तथा नृत्यबाट देवदत्त ऋषिको तपस्या भंग गर्न सफल भइन्। तत्पश्चात् देवदत्त ऋषि र अप्सरा बीच सहवास भयो। उनी गर्भिणी भइन् र कालक्रमले उनीबाट कन्याको जन्म भयो। अप्सराले आफ्नो उद्देश्य पूरा गरिन्। कन्यालाई ऋषि आश्रम नजिक जंगलमा छोडेर स्वर्ग प्रस्थान गरिन् भने देवदत्त ऋषिलाइ पश्चाताप भयो र उनी पुनःतपस्याकालागि भृगतुङगेश्वर भन्ने ठाउँमा गई तपस्या गर्न लागे। यता जंगलमा कन्या अलपत्र भइन्। असहाय चित्कारलाई सुनेर रुरु नाम गरेकी मृगेनीले आफ्नो स्तनपान गराई कन्यालाई हुर्काउन थालिन्। त्यसबाट ती कन्याको नाम रुरुकन्या रहन गयो। कन्या देवदत्त ऋषिकी पुत्री भएकाले उनी सांसारिक जीवनमा प्रवेश गर्न चाहिनन्। बरु सोही ठाउँमा उनले पिताले जस्तै भगवान विष्णुको तपस्या गर्न लागिन्। कालान्तरमा भगवान उनको तपस्याबाट प्रसन्न भई तपस्या स्थलमा स्वयम् उपस्थित हुनुभयो। उनको शीरमा स्पर्श गर्नुभयो। जसबाट कन्या ध्यानबाट चेतनामा आइन्। उनको अगाीड साक्षात् भगवानलाई पाइन्। भगवान विष्णुले वरदान माग, तिमीले चाहेको दिने छु भन्ने वाचा गर्नुभयो। उनले आफू सांसारिक जीवनमा नजाने बरु अरुको जीवन रक्षाको लागि भगवानसँग यो ठाउँको नाम मेरो नामबाट प्रख्यात होस् र स्वयम् भगवान पनि अवतार लिएर यसै ठाउँमा बास गर्नुहोस् भन्ने वरदान मागिन्। भगवानले तथास्तु भन्नु भो र शालिग्रामको रूपमा यही कृष्णगण्डकीमा अवतार लिने वचन दिनुभयो। यसरी उनै रुरु कन्याको नामबाट यस क्षेत्रको नाम रुरुक्षेत्र रहन गएको जनविश्वास छ।

यसरी बचनअनुसार भगवान विष्णु शालिग्रामको रूपमा गण्डकीमा प्रवेश गर्नुभयो। समयक्रमले पाल्पाका राजा मणिमुकुन्द सेन प्रथम (१५७५–१६१०)ले यस क्षेत्रको भ्रमण गरी कालीगण्डकीमा स्नान गर्दा उनको शीरमा मूर्ति ठोकियो। दरवारमा फर्केपछि राजालाई स्वप्नादेश भयो "म स्वयम् साक्षात् विष्णु (शालिग्राम) तिमीसँग स्पर्श भयो, , त्यसको उचित संरक्षण गर" भनेकाले राजाले आफ्ना भारदारसहित खोजी गरी मूर्तिलाई पाल्पा लैजान प्रयत्न गरे तर मूर्ति उठाउन असम्भव भयो। यहीँ ठाउँमा नै मन्दिर निर्माण गरी संरक्षण गर्ने बचनबद्ध भएपछि





मूर्तिलाई उठाउन सकियो र नदीबाट केहीमाथि लगेर हृषिकेश मन्दिरको नामबाट मन्दिरको निर्माण गरी नित्य पूजा आराधाना गर्ने व्यवस्था मिलाइयो। आजसम्म यो कार्य नियमित चलिआएको छ।

**महत्त्वः**

पाल्पाको सदरमुकाम तानसेनदेखि ३०कि.मि.पश्चिमउत्तर दिशामा तीन जिल्लाको (पाल्पा, गुल्मी, स्याङ्जा) संगमस्थलमा अवस्थित धार्मिक हिसावले नेपालका चारधाम (पशुपति क्षेत्र, मुक्ति क्षेत्र, रुरु क्षेत्र, र बराह क्षेत्र) मध्ये एक धाम रुरुक्षेत्र धाम हो। अर्कोतर्फ संसारमा शालिग्राम प्राप्त हुने नदी यही कृष्ण गण्डकी मात्र हो। स्वयम भगवान पनि शालिग्रामको रूपमा हुनुहुन्छ। त्यसैले यो ठाउँमा आई कृष्णगण्डकीको स्नान गरी चतुरवाहु हृषिकेश भगवानको दर्शन गरी चरणोदक पान गर्दा समस्त मानिसको त्रिपक्षीय ऋण (पितृऋण, देवऋण र ऋषिऋण) बाट मुक्त भइन्छ भन्ने पौराणिक मान्यता छ। त्यसैले त्रिपक्षीय ऋणबाट मुक्त हुने उद्देश्यले त्रिरात्रीसम्म यहाँ बसी स्नान र दर्शन गर्नाले सम्पूर्ण पापबाट मुक्त हुने विश्वास अद्यापि छ र त्यसैअनुसार गरिन्छ।

यसरी विशेषगरी हरिवोधनी एकादशी, वैशाख संक्रान्ति, वैसाख महिनाका प्रत्येक शनिवार, गंगा दशहरा, हरिशयनी एकादशी, श्रीकृष्ण जन्माष्टमी, माघे संक्रान्ति तथा माघेऔंशी जस्ता तिथिहरूमा गंगास्नान गरी हृषिकेश भगवानको दर्शन गर्दा मोक्ष प्राप्त भई पुण्य मिल्ने कुरा शास्त्रमा उल्लेख छ। जन विश्वास रहेको छ।

**विकासका केही वाधकहरू**

रुरुक्षेत्रको ऐतीहासिक र धार्मिक महत्त्व हुँदाहुँदै पनि यो क्षेत्रको विकास एवम् प्रवर्द्धन समयअनुकुल पर्याप्त नभएको जोकोहीले पनि देख्न सकिन्छ। धार्मिक क्षेत्रको अनुभव र अनुभूति हुन नसकेको गुनासो जोकोहीले पनि सुन्न सकिन्छ। यस क्षेत्रमा राज्यको सर्वमान्य पदमा आसीन सम्माननीय राष्ट्रपतिहरू, माननीय मन्त्रीहरू एवम् राज्यका उच्च पदस्थ अधिकारीहरूको बेलाबखतमा उपस्थिति र अनुगमन भए तापनि हृषिकेश मन्दिरको दर्शन गर्ने र केही भावनाहरू बाँड्ने कामबाहेक उनीहरूको मनमस्तिष्कमा यो क्षेत्रले छाप पार्न नसकेको र आकर्षण पनि गर्न नसकेको भान हुन्छ। तथापि यस क्षेत्रका समाजसेवी स्वागत गर्ने र वेदना सुनाउने कार्यमा मात्र सीमित रहेको पाइन्छ। यति हुँदाहुँदै पनि स्थानीयवासीबाट केही प्रयत्नहरू नभएका भने होइनन् तर त्यो प्रयाप्त हुन सकेन भने यसको विकास नहुनुमा केही आफ्ना आन्तरिक कमीकमजोरी र कारणहरू पनि छन्। यस्ता केही समस्याहरूलाई यसरी उल्लेख गर्न सकिन्छः

१. रुरुक्षेत्रको भौगोलिक अवस्था हेर्ने हो भने ३ वटा जिल्लाहरू (पाल्पा, गुल्मी, स्याङ्जा)को संगममा पर्ने क्षेत्र हो यो। छुट्टाछुट्टै भेगमा बस्ने बासिन्दामा यस क्षेत्रको विकास वारेमा एकत्रित भावनाको कमी रहेको पाइन्छ। जसको फलस्वरूप रुरुक्षेत्र भित्र पनि क्षेत्रीय भावना हावी भएको पाइन्छ।
२. रुरुक्षेत्र र यसको महत्त्व हृषिकेश मन्दिरसँग जोडिएको छ तर उक्त मन्दिरको व्यवस्थापन परापूर्वकालदेखि हालसम्म पनि निश्चित गुठीयारहरूमा मात्र सीमित रहेको देखिन्छ। सबै स्थानीय वासीको अपनत्व हुने गरी यसको व्यवस्थापनलाई फराकिलो पार्न सकेको पाइदैन।
३. यसैसँग जोडिएको हृषिकेश मन्दिरको पूजारी व्यवस्थापन गुठी संस्थानको नीति निर्देशनअनुरुप हुनुपर्ने भए तापनि स्थापनाकालदेखि हालसम्म पनि एकैथरी (भट्टराई)बाट आलोपालो गरी पूजाआजा गर्ने र र सबैप्रकारका भेटी पनि उनीहरूले नै स्याहार्ने परिपाटी हुनाले मन्दिरको आर्थिक आयआर्जनको कुनै बाटा नभएको आमगुनासो छ। यसले गर्दा पनि यस क्षेत्र र मन्दिर परिसरमा समेत कुनै सुधारकार्य गर्न नसकिएको अवस्था रहेको छ।
४. मन्दिर परिसरमा धार्मिक भावना जागृत गर्ने खालका कुनै क्रियाकलाप नभएको, यसको वारिपारी सबै क्षेत्रलाई अव्यवस्थित तरिकाले प्रयोग गरिएको पाइन्छ।
५. यस क्षेत्रमा आउने धार्मिक पर्यटक वा दर्शनार्थीहरूका लागि कुनै किसिमको धर्मशाला वा अतिथि आश्रम, शाकाहारी भोजनालय आदिको प्रबन्ध हुन सकेको छैन।
६. यस क्षेत्रको धार्मिक र प्राकृतिक सुन्दरतालाई ख्याल नगरी जहाँ मन लाग्यो त्यहीँ विभिन्न किसिमका संरचनाहरू, घरटहराहरू निर्माण भईरहेको देखिन्छ।
७. रिडी वजारबाट निस्कने फोहरलाई एकत्रित गर्न नसकिएको तथा जथाभावी फोहर फाल्ने र मूलको पानीसमेत खोला हुँदै गण्डकीमा मिसिनाले जलमा समेत असर पारेको छ।
८. दुवैतर्फका शवदाह स्थलहरू व्यवस्थित एवम् समयसापेक्ष सुविधासम्पन्न नभएको अवस्था छ।
९. धार्मिक अनुष्ठान, परम्परागत जात्रा मेला आदिमा स्थानीयबासीहरूको चासो कम रहेको अवस्था छ।

**विकासका सम्भावनाहरू**

धेरै कमजोरीहरूका बाबजुद पनि यस क्षेत्रको धार्मिक र सांस्कृतिक महत्त्वअनुरूप यस क्षेत्रको विकास र विकासका सम्भावनाहरूलाई केलाउन सकिन्छ। खासगरी यस क्षेत्रको धार्मिक महत्त्वलाई जोडेर आर्थिक तथा अन्य विकासका सम्भावनाहरूलाई समेत जोड्न र खोज्न सकिन्छ। धार्मिक हिसावले हेर्दा धार्मिक क्षेत्रको प्रर्वद्धन नगरी धार्मिक पर्यटन फस्टाउन सक्दैन र अव पर्यटन विकास नभएसम्म आर्थिक समृद्धि पनि सम्भव हुँदैन। त्यसैले खासगरी यस क्षेत्रले समेट्ने तीन जिल्ला पाल्पा, गुल्मी, स्याङजा र त्यस क्षेत्रसँग सम्बन्ध राख्ने जन समुदाय, समाजसेवी, बुद्धिजीवी र जनप्रतिनिधि समेतको यो क्षेत्रप्रतिको धारणा विचार र महत्त्वाकांक्षा यसका विकास र प्रर्वद्धनका लागि स्पष्ट, स्वच्छ, गैरक्षेत्रीय भावना र समन्वयात्मक कार्यका लागि सकारात्मक दृष्टिकोणको आवश्यकता रहन्छ। तत्पश्चात् राज्यको पनि ध्यान रुरु क्षेत्रप्रति सकारात्मक प्रेरणादायी हुन जरुरी छ। खासगरी स्वायत्त स्थानीय सरकारहरूको ध्यान यस्ता सम्पदाको संरक्षण र प्रर्वद्धनका लागि पुग्नुपर्ने देखिन्छ। यस्ता सम्पदाहरूको विकासले समग्र स्थानीय सरकारलाई प्रभाव पार्ने देखिन्छ। यसका लागि उचित र प्रभावकारी बृहत् गुरु योजनाको निर्माण र योजनाबद्ध तरिकाले यसको विकास गर्न खोजिएमा छोटो समयमा नै यस क्षेत्रले धार्मिक महत्त्वका साथ कायापलट गर्न सक्ने सम्भावना रहेको पाइन्छ। यस्ता महत्त्वपूर्ण सम्भावनाहरूलाई यसरी उल्लेख गर्न सकिन्छः

१. यो क्षेत्र धार्मिकक्षेत्र भएकाले धार्मिक महत्त्वलाई ध्यानमा राखेर यस क्षेत्रका हरेक क्रियाकलापलाई व्यवस्थित गर्नु पर्दछ।
२. यस क्षेत्रको पूर्वाधार र अन्य विकासका लागि बृहत् गुरुयोजना निर्माण गरी त्यसअनुरुप पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्नु पर्दछ।
३. यस क्षेत्रका मठमन्दिर, घर, पाटीपौवा आदि पुरातात्विक हिसावले संरचित गर्न सकिन्छ।
४. कालीगण्डकी ‘ए’ जलविद्युतका कारणले प्रभावित तथा काली गण्डकीलाई व्यवस्थित गर्नका लागि रुरु क्षेत्रमा जलाशय निर्माण गर्नु पर्दछ। जसलाई जलक्रिडाको लागि पनि प्रयोग गर्न सकिन्छ।
५. एक ठाउँमा मात्र व्यवस्थित शवदाह स्थलको निर्माण गर्नुपर्ने हुन्छ जसले गर्दा यहाँको पर्यावरणलाई स्वच्छ र सफा राख्दछ।
६. धार्मिक पर्यटकहरूलाई आकर्षण गर्नका लागि प्रचारप्रसार गरी यसको महत्त्वलाई दर्शाउने र उनीहरूको स्वागत र गासवासको समेत राम्रो प्रबन्ध हुनु पर्दछ। जसका लागि व्यवस्थित अतिथिआश्रम र धर्मशाला निर्माण गर्न सकिन्छ।
७. स्थानीय सरकारले पनि यस क्षेत्रको विकास गर्नेगरी कार्यक्रम र योजनानिर्माण गरी अव्यवस्थित कुरालाई सुधार गर्न सकिन्छ।
८. रुरु क्षेत्रसँग जोडिएका महत्त्वपूर्ण सम्पदाहरू, जीर्ण रहेका मठमन्दिर, पौवा लगायतका सम्पदाहरूलाई उचित स्याहार र मर्मतका लागि आकर्षक बनाउन सकिन्छ।
९. यस क्षेत्रका हरेक विकास र निर्माणलाई धार्मिक पक्षसँग जोडेर गर्न सकिन्छ।
१०. रुरु क्षेत्रको विशेष केन्द्रविन्दु हृषिकेश मन्दिरको व्यवस्थापनलाई यहाँका वासिन्दाहरूको सामूहिक अपनत्व हुनेगरी व्यवस्थापन गर्न सकिन्छ।
११. भेटी तथा पूजारी व्यवस्थापनका लागि गुठी संस्थानको नीति र नियमबमोजिम स्थानीय सरकारबाट ज्यालादारी पूजारीको व्यवस्था गरी भेटीलाई एकत्रित गरी यस क्षेत्रको विकासमा लगाउन सकिन्छ।
१२. खासगरी यस क्षेत्रलाई र मन्दिर क्षेत्रलाई नै कुरूप पार्ने खालका निजीघर र टहराहरूलाई अधिग्रहण गरी सुव्यवस्थित बनाउन सकिन्छ।
१३. यस क्षेत्रमा भएका र अलपत्र परेका गाईहरूलाई व्यवस्थापन गर्न गौशालाको निर्माण गरी व्यवस्थित गर्न सकिन्छ।
१४. यस क्षेत्रको वरपर बागबगैँचा, फुलवारी, पार्क आदि निर्माण गरी थप मनमोहक वातावरणको सृजना गर्न सकिन्छ।
१५. मन्दिर क्षेत्रमा अखण्ड भजन कीर्तन, पूजा आजा लगायत विविध क्रियाकलाप गरी धार्मिक भावना जागृत गराउन सकिन्छ।
१६. तानसेन बतासेडाँडा, चण्डीभञ्ज्याङ, जोर्ते र रिडीसम्मको मोटरबाटोलाई स्तरोन्नति गरी सुबिधायुक्त गर्न सकिन्छ।
१७. तानसेनदेखि अर्गली र अर्गलीदेखि रिडीसम्म केवलकारको स्थापना गर्न सकिने अवस्था रहेको छ।
१८. यस क्षेत्रमा लाग्ने मेला, जात्रा र संस्कृतिसँग जोडिएका धार्मिक अनुष्ठान, संस्कृतिक कार्यक्रम, कला आदिको विकास, प्रर्वद्धन र संरक्षण गर्नु पर्दछ।

यसरी रुरुक्षेत्रको विकासका विभिन्न सम्भावना हुँदाहुँदै पनि यस्ता संभावनालाई खोजिएन र तदारुकताका साथ आआफ्नो दायित्वअनुसार विकासका लागि सबै आआफ्नो क्षेत्रबाट लागिएन भने विकास दिवास्वप्न मात्र बन्दछ। यदी यस्ता सम्भावनाहरूलाई खोजी गर्न तथा साकार रुप दिन हामी सबै दत्तचित्त भएर लागेमा यस क्षेत्रको साँच्चिकै पुराणहरूमा उल्लेख भएभन्दा पनि अझ बढी पवित्र धामको रूपमा विकास हुन सक्छ। धार्मिक र पर्यटकीय रुरु क्षेत्रधामको कल्पना गरेर मात्र पुग्दैन हामी सबैले सक्रिय भएर काम गर्नै पर्दछ। प्रण गरौँ, अघि बढौँ।

**(बुलेटिन प्रकाशन समिति सदस्य तथा वडा अध्यक्ष तानसेन-१४)**

चौथो नगरसभामा प्रस्तुतः

# तानसेन नगरपालिकाको लेखा समितिको प्रतिवेदन २०७५



– महेश्वर श्रेष्ठ

**नगर सभाका अध्यक्ष महोदय तथा सभा सदस्यज्यूहरु**

यस तानसेन नगर सभाको गरिमामय वैठकमा लेखा समितिको तर्फबाट हालसम्मको कार्य प्रगतिलाई समितिको संयोजकको हैसियतले पेश गर्दछु।

तानसेन नगरपालिकाको २०७५ असारमा वसेको तेश्रो नगर सभाको वैठकबाट ५ सदस्य भएको देहाय वमोजिमको लेखा समितिको गठन भएको थियो।

| | |
|---|---|
| महेश्वर श्रेष्ठ | संयोजक |
| प्रशान्त मल्ल | सदस्य |
| सीता कार्की | सदस्य |
| दुर्गा नेपाली | सदस्य |
| रमेशप्रसाद न्यौपाने | सदस्य |

यस समितिको सदस्य सचिवको रूपमा बरिष्ठ लेखा अधिकृत यादवप्रसाद न्यौपाने रहनु भएको छ।

यस समितिले गठन भएपछि हालसम्म निम्न मितिमा ५ वटा वैठक वसी देहायका विषयहरूमा छलफल तथा कार्यहरू गरेको छः

| क्र.सं. | मिति | छलफलका विषय |
|---|---|---|
| १ | २०७५।०६।१४ | गत विगतको लेखापरीक्षण प्रतिवेदन तथा विगतका पेश्की सम्बन्धमा। |
| २ | २०७५।०६।१९ | आ.व. २०७५।७५ को लेखापरीक्षण प्रतिवेदन सम्वन्धमा। |
| ३ | २०७५।७।३० | विगत देखिका पेश्की फर्स्यौट कसरी गर्ने तथा अन्य छिमेकी स्थानीय तहका लेखा समितिले गरेका कार्यहरू अध्ययन सम्वन्धमा। |
| ४ | २०७५।९।१९ | लेखा समितिको काम कर्तव्य तथा विगतका पेश्की वर्गीकरण सम्वन्धमा। |
| ५ | २०७५।१०।०८ | लेखा समितिको प्रतिवेदन सम्वन्धमा। |

सभाध्यक्ष महोदय,

नगरपालिकाको विकास निर्माणसँग सदैव आर्थिक पाटो जोडिने भएकोले यस समितिको कार्यलाई निकै गम्भीरतापूर्वक लिएका छौँ। नगरपालिकाको आर्थिक कारोवारलाई व्यवस्थित तथा पारदर्शी बनाउनेतर्फ हाम्रो पहल सदैव रहने छ। लेखा समिति गठन भएदेखि नै तानसेन नगरपालिकाको आर्थिक व्यवस्थापन, अभिलेखीकरण, बेरुजु फर्स्यौट लगायतका क्षेत्रमा कार्य प्रवेश गरेको र सार्वजनिक खरिद, विकास निर्माण जस्ता विषयमा नगरवासीबाट यस समितिलाई चासो लिन व्यापक दबाब भैरहेको तर लेखा समितिको स्पष्ट काम, कर्तव्य र अधिकार तथा कार्यविधिको अभावले समितिले जनअपेक्षाअनुरुप काम गर्न नसकेको हामीलाई महसुस भएको छ। यस गरिमामय सभाले लेखा समितिको काम कर्तव्य र अधिकार तोकी मार्गदर्शन गर्ने छ भन्ने पूर्ण विश्वास लिएका छौँ।

गत विगतदेखि रहेको पेश्कीहरू तथा वेरुजुहरू फर्स्यौट गर्न कार्यालयलाई झकझकाइरहेका छौँ। विगतका पेश्की फर्स्यौटका लागि केही सम्पन्न भईसकेका भनिएका योजनाहरूको प्राप्त कागजात हेर्दा कतिपय योजनाहरूको प्राविधिकले मूल्याङ्कन बनाई दस्तखत नगरेको, कतै टिप्पणी सदर नभएको समेत देखिएको छ। विगतमा भए गरेका निर्माण कार्यहरूको फर्स्यौटमा सहजीकरण गर्ने तथा काम नभएकाको असुली कार्यको लागि यस गरिमामय सभासमक्ष ठोस नीतिगत निर्णयको लागि अनुरोध गर्दछौं।

अन्तमा, यस गरिमामय सभामा प्रतिवेदन पेश गर्ने मौका दिनुभएकोमा सभाध्यक्षज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु।

(संयोजक लेखा समिति)

... गत अंकदेखि क्रमशः



# तानसेन नगरपालिकाको शहरीकरणः चुनौती, अवसर र आवश्यकता

- झपेन्द्र जी.सी.

**३. अवसरहरूको भण्डार तानसेनः**

प्राचीन शाक्यकालमा कपिलवस्तु देश (कोशलदेखि मुक्ति क्षेत्र हिमालयन पर्वत श्रृङखलासम्म विस्तृत) अन्तर्गत पर्ने पाल्पा भूभाग र तानसेनले (वि.स. १३६३ (सन् १३०६) देखि १८६१ जेठ २० को सेन वंशीय शासन कालमा शक्तिशाली पाल्पाली सेन राज्यको राजधानी बन्ने अवसर पायो । शान्तिका अग्रदूत गौतम बुद्धको देशमा (शिक्षाहरू) महामुनि कपिलको साङ्ख्य दर्शनको प्रकृतिवादी दर्शन, पदमपाणि वोधिसत्व (पदमपाणि आश्रम सैनामैना) अथवा मछिन्द्रनाथ धर्मदर्शन सिद्धान्तबाट अनुप्राणित हुँदै पाल्पा र तानसेन इतिहासको गौरवपूर्ण विरासतलाई सजाएर अघि बढिरहेको छ । बुद्धको सहजयानबाट अनुप्राणित भएका रेसुङ्गाका महाप्रभु जोसमनी सन्त सम्प्रदायका प्रवर्तक शशिधर स्वामीको लैङ्गिक विभेद र जातीय विभेदको अन्त्य अनि मूर्ति पूजा र वलि पूजा अन्त्य र पृथ्वीनारायण शाहले भौगोलिक एकीकरण गरेको नेपालमा सामाजिक एकता, जातीय समानताका लागि सञ्चालन गरेको साहित्यिक ज्ञानधाराबाट पनि यो क्षेत्र अत्यन्त प्रभावित भएको इतिहास छ । हिन्दु र बौद्धमार्गी दुवैबाट पूजित रिव्दीकोट जलेश्वरका पदमपाणि वोधिसत्वबाट स्वयं रिव्दीकोट–राजपुर राज्यका संस्थापक तुथाराय सेनका उत्तराधिकारीमा गहिरो धार्मिक सांस्कृतिक प्रभाव परेको देखिन्छ । हिउँदे राजधानी राजपुर बनाएका रुद्रसेनका पूर्वजहरूले धाम, तीर्थस्थलका रूपमा सञ्चालन गरेको कर्साघाट (राजपुर खोला, दानव नदी र वौराहा खोलाको त्रिवेणी) घाटकै नमूनास्वरूप काली गण्डकीतिर रिडीमा हृषिकेश मन्दिर, हृषिकेश प्रस्तर मूर्ति, गणेश, सरस्वती, गंगा गायत्रीका प्रस्तर मूर्तिहरू, काल भैरवबाबाको प्रस्तर मूर्ति, मुकुन्देश्वर, शिवालय मन्दिर र प्रस्तर शिवमूर्ति, वंशगोपाल प्रभास, अमरगञ्ज बटुक, भैरव प्रस्तर मूर्ति आदि प्रतिस्थापन गरेर वर्तमान तानसेनबासीलाई हस्तान्तरण गरेको गौरवपूर्ण महागाथा समृद्ध तानसेन निर्माणका आधार हुन् । यही पाल्पा हो, यही तानसेन हो, तानसेनसित जोडिएको रिव्दीकोट, पुर्नाकोट र राजपुर हो । माथि सूर्य, तल चन्द्र भएको सेनकालीन झण्डालाई तल सूर्य र माथि चन्द्र राखेर नेपाल राष्ट्रको झण्डा बन्नुले पनि पाल्पाको गौरव सूचित गर्दछ । प्राकृतिक तथा सांस्कृतिक आधार बलियो छ । यही आधारमा टेकेर अगाडि बढ्नसके अवसरै अवसरको भण्डार छ यहाँ । मरुभूमि होस् वा हिमाच्छित पर्वत श्रृङ्खला ती सबै स्थान र क्षेत्रभित्र तिनीहरूकै विशेषतामा उभिएर समृद्धिका योजना कोर्न सकिन्छ, नव निर्माण गर्न सकिन्छ । आत्मनिर्भर बन्न सकिन्छ, प्रभावशाली समृद्ध शहर (Smart city) निर्माण गर्न सकिन्छ भन्ने अनुर्वर जस्तो लाग्ने तिब्बती पठारमा उन्नत कृषि पद्धति र आकर्षक गन्तव्यस्थलको रूपमा विकास गर्न सक्नुबाट पनि शिक्षा लिन सकिन्छ । यहाँ पाल्पा तानसेनका समृद्धि र शहरीकरणका विषयमा सङक्षेपमा चर्चा गरिन्छ ।

**३.१ पर्यटन व्यवसाय, ३.२ कृषि व्यवसाय, ३.३ उद्योग व्यवसाय, ३.४ स्वास्थ्य र शिक्षा, ३.५ विविध ।**

**३.१ पर्यटन व्यवसायः**

पाल्पा जिल्ला र विशेष गरी तानसेन क्षेत्रमा पर्यटनको प्रवल सम्भावना छ । सम्भावना हुँदाहुँदै पनि यहाँ पर्यटन व्यवसायले फड्को मार्न सकेको भने देखिदैन् । वास्तवमा पर्यटन व्यवसाय निजी क्षेत्र र समुदायको व्यापार विजनेस हो भनेर यहाँका होटल व्यवसायीले आशिंक रूपमा स्वीकारे पनि समुदायले आफ्नो व्यवसायको रूपमा आत्मसात गरेको छैन त्यसैले यहाँ ऐतिहासिक पुरातात्विक मठमन्दिर, कला संस्कृतिको भण्डार हुँदा हुँदै पनि पर्यटन व्यवसायलाई अवलम्वन गरेर आत्मानिर्भर र समृद्धिको बाटोमा अघि बढिसकेको छैन । पर्यटन प्रवर्द्धनको महत्त्व, यसबाट निजी क्षेत्र, समुदाय, सरकार र समाजमा रहेका व्यवसायीहरूलाई यसबाट



हुन सक्ने लाभबारे सहजीकरण, सचेतीकरण र व्यावसायिक सीप व्यवस्थापनको पक्षमा अभिमुखीकरणको प्रथम आवश्यकता रहेको छ। यहाँ पर्यटन आधार बारेमा छलफललाई अगाडि बढाइएको छ।

**३.१.क. तानसेन दरवार, मठमन्दिर तथा जात्राहरु**

पुरानो दरवार २०६२ साल माघ १८ गते राजनीतिक द्वन्दका कारण ध्वस्त भए पनि, पुरानै शैली र ढाँचामा ४५ कोठे दरवार (हेर्नुहोस् तस्विर) खडा भईसकेको छ। यो आफैंमा पाल्पाको पर्यटन व्यवसायको प्रमुख आधार हो। बहुसांस्कृतिक संग्रहालयको रूपमा विकास गर्ने परिकल्पना गरिएको छ। उच्च स्तरको व्यवस्थापनको आर्कषण सृजना गरी यस भित्र प्रवेशार्थीलाई टिकटको व्यवस्था गरेर आयआर्जनको अवसर सिर्जना गर्न सकिन्छ। टिकटको आम्दानीबाट मर्मतसम्भारलाइ पनि सहयोग पुग्छ।

**३.१.ख तानसेनका मन्दिर र जात्रा**

जितगढीको युद्धमा आफूलाई दिग्विजी ठान्ने इष्ट इण्डिया कम्पनी सरकारको अत्याधुनिक अस्त्रशस्त्रले सुसज्जित सैन्य शक्तिलाई परास्त गरेपछि निर्माण गरिएको रणउजीरेश्वरी भगवती मन्दिर र जात्रा, अमर नारायणसिंह थापाले निर्माण गरेको अमरनारायण मन्दिर र अमरनारायण मन्दिर परिसर लगायत अन्य मठमन्दिर स्थलहरूले अवश्य नै आकर्षण र पर्यटन व्यवसायको प्रवल सम्भावना बोकेका छन्। यात्रु पर्यटकहरू आउछन् हेर्छन् जान्छन् आम्दानी नास्ति छ। कसरी यीखाले ऐतिहासिक मठमन्दिरलाई प्रस्तुत गरेर आर्थिक स्रोत परिचालन गर्ने यस बारेमा ठोस योजनाको खाँचो छ।

**३.१.ग. रानीघाट (रानीमहल) दरवार र रानिमहल परिसर**

यो पर्यटनका लागि अवस्य नै आकर्षक गन्तव्यस्थल हो। यसको सौन्दर्यको ख्याति देश विदेशसम्म फैलिएको छ। सङ्घीय सरकारले तानसेन नगरपालिकालाई हस्तान्तरण गरिसकेको छ। अव कसरी उपयोग गर्ने, होटल व्यवसायी, यातायात व्यवसायी, उद्योग व्यवसायी, समुदाय लगायत सबैले कसरी आम्दानी बृद्धिको मार्ग प्रशस्त गर्ने भन्ने व्यावसायिक योजना निर्माण र कार्यान्वयनको मात्र खाँचो छ। दरवार स्वयम् अवसर हो, अवसरलाई उपयोग गर्ने कलासीपको दरकार छ।

**३.१.घ. हृषिकेश मन्दिर रिडी र रिडीक्षेत्र**

धार्मिक पर्यटनका लागि यो प्रशस्त सम्भावना बोकेको क्षेत्र हो। पौराणिक र ऐतिहासिक विशेषताले भरिएको हृषिकेश क्षेत्रको धार्मिक महिमा ठूलो छ। भारतसम्म रुरुको ख्याति फैलिएको छ। तर अव यो क्षेत्रलाई नगरपालिका र यसको हितमा कसरी प्रयोग गर्ने यसको योजना बनाएर कार्यान्वयन गर्न मात्रै बाँकी छ। अर्गली, गाईघाट, काली गण्डकीको प्रवाह क्षेत्रमा बाँध बनाएर भव्य हृषिकेश रुरुमोक्ष सरोवर निर्माण गरी व्यावसायिक पर्यटन प्रवर्द्धन गरे आम्दानीको जोहो हुने प्रवल सम्भावना देखिन्छ। नगरपालिकाले यसबारे सोच्नु राम्रो हुन्छ।

**३.१.ङ.१.सिमसार क्षेत्र माडी बुढ्वा ढाव**

यो पनि एक महत्त्वपूर्ण सिमसार क्षेत्र हो। निश्चित क्षेत्रलाई समेटेर माण्डव्यकुण्ड निर्माण गर्ने समुदायको प्रस्ताव हो। हाल यो सिमसार क्षेत्र व्यक्ति व्यक्तिको स्वामित्वमा छ। ती कृषक धनीसँग समन्वय र सहभागितामा ती जग्गालाई नगर सरकार वा प्रदेश र सङ्घीय सरकारले उचित मूल्यमा अधिग्रहण गर्नसके यहाँ ५ नं. प्रदेशमै अद्वितीय आकर्षक माण्डव्य कुण्डको निर्माण हुने देखिन्छ। यदी यो प्रस्तावलाई कार्यान्वयन गर्ने हो भने तानसेन नगरको मात्र होइन तानसेनवासी र पाल्पावासीकै लागि वरदान सावित हुनेछ। साँच्चै भन्ने हो भने पर्यटन व्यवसायको प्रमुख केन्द्र यही माण्डव्य कुण्ड हुने देखिन्छ। जैविक विविधताको धनी यो क्षेत्रमा प्राकृतिक धानहरू छन् भने बसाइँसराइँ गरेर बस्न आउने चराहरू समेतको पनि यो बसोबास क्षेत्र हो।

**३.१.ङ.२. सिमसार क्षेत्र प्रभास**

जैविक विविधताको धनी यो प्रभास तालमा विभिन्न प्रजातिका प्राकृतिक धान, सेतो कमल पाइनुका साथै विभिन्न चराचुरुङ्गीको निवासस्थल हो। करीव ३२ रोपनी ताल जिबिसको नाममा रहेको छ। अरू थप सिमसार क्षेत्रको उचित मूल्यनिर्धारण गरी सम्वन्धित धनी किसानको सहमति र सहभागितामा अधिग्रहण गरे साथै सिद्धार्थ राजमार्गकै आडमा रहेको यो ताल सोचेजस्तो गरी विस्तारित र व्यवस्थित गरे कास्कीका आकर्षक तालको झलक यहीं देख्न पाइने छ। के यो अवसर र समृद्धिको आधार हुन सक्दैन र ?

**३.१.च. बौद्ध विहार चर्च र मस्जिदहरु**

पाल्पा तानसेन स्वभावैले बौद्ध भूमि हो। यहाँ रहेका बौद्धविहार, स्तुप र चैत्यहरूले यही कुरा प्रतिबिम्बित गरिरहेका छन्। लुम्विनी र पोखराको माझमा पर्ने यो तानसेन बौद्धमार्गी पर्यटकहरूको महत्त्वपूर्ण हिलस्टेसनका रूपमा अगाडि बढाउन सकिने आधार हुन। परापूर्वकालदेखि यही तानसेन र रामपुरमा पहाडी मुस्लिम समुदाय बसोवास गर्दै आएकाले विभिन्न नामका मस्जिदहरू पनि छन्। इसाइ धर्ममा आस्थावान् मानिसहरू यहाँ केही रहेकाले विभिन्न नामका चर्चहरू पनि छन्। सारमा धार्मिक, साँस्कृतिक पर्यटन प्रवर्द्धनका लागि यी महत्त्वपूर्ण आधार हुनुका साथै स्वयममा यी धर्म र धर्मालम्वीहरू महत्त्वपूर्ण सजीव सम्पदा हुन्। सहिष्णुभावले समन्वय गरी परिचालन गर्नसके दातृराष्ट्र संस्थाहरूलाई समेत आकर्षण गर्न सकिने छ।

**३.१.छ. मगर संस्कृति र होम स्टे**

पाल्पाको कुल जनसङ्ख्या २६११८० मध्ये ५२% जनसङ्ख्या मगर समुदायको रहेको छ। तानसेन नगरपालिकाका १४ वटै वडामा मगर समुदायको उपस्थिति छ। सोमध्ये मदनपोखरा, बौघापोखराथोक, वौघागुम्हा र तेल्घा मगर बाहुल्य वडा हुन्। पुरानो साविक मदनपोखरा–८ को पिपलडाँडा कोकल र छापमा मगर बाहुल्यता छँदैछ। सोमध्ये पनि ता.नं. ८ मदनपोखराको पीपलडाँडा हुँदै साविक ३ नं. वडामा मगर भाषा, मगरका कुडुले घर, मगर सोरठी नाच र अन्य सांस्कृतिक झलक पाइन्छ। तानपा १३ को वौघागुम्हामा मगर होमस्टे चलेको छ। मगर होमस्टेकालागि सबैभन्दा सम्भावनायुक्त क्षेत्रका रूपमा देखिन्छ। **सारतः** पाल्पाको मगर जाति र मगर संस्कृति पाल्पाको विशिष्ट संस्कृति हो। यो संस्कृतिको माध्यमबाट पर्यटन व्यवसायव्यापार गर्न प्रवल सम्भावना

रहेको छ। त्यतिमात्र होइन सन् १८१४-१८१६मा भएको अंग्रेज नेपाल युद्धमा हालको तानपा ८ को पिपलडाँडा र छापको खानीबाट फलाम उत्पादन गरेर यही छाप भन्ने गाउँमा युद्ध सामग्रीहरू खुडा, खुकुरी, धनुकाँण, बन्दुक आदि निर्माण गरेको इतिहास छ। सो कुराको पुष्टि यत्रतत्र छरिएर रहेका फलामका अवशेष र किट (फलामको गुहु, स्थानीय भाषामा) ले सङ्केत गर्दछन्।

**३.१.ज. नेवार जाति र नेवार संस्कृति**

उच्च भाषा कला सस्कृतिले सम्पन्न नेवार जाति र नेवार संस्कृति पाल्पाको सम्पत्ति हो । नेवार संस्कृतिको मूल केन्द्र तानसेन नै हो । वौघागुम्हाबाहेक तानसेनका सबै वडामा नेवार जाति र नेवार संस्कृति रहेको छ। रणउजीरेश्वरी भगवती जात्रा, भीमसेन जात्रा, गणेश जात्रा, बाघ जात्रा, अमरनारायण जात्रा, लाखे जात्रा लगायत प्रायसः जात्राको वाहक र सञ्चालन नेवार जातिकै हातमा छ। उनीहरूको भाषा, कला, संस्कृतिलाई समृद्धिका यात्रामा र शहरीकरणका क्षेत्रमा अवश्य नै उपयोग गर्न सकिन्छ र यो विशेष अवसर हो।

**३.१.झ. कुमाल र बोटे जाति**

तानपा-९ मदनपोखरा, तानपा-६, तानपा-७, तानपा-१० तेल्घा लगायत क्षेत्रमा कुमाल जाति, कुमाल संस्कृति देख्न पाइन्छ। यसरी नै तानपा-१३ वौघागुम्हामा बोटे समुदायको राम्रै उपस्थिति छ। यी जातिको सीप, कला र संस्कृति संरक्षण गर्दै बदलिँदो परिवेशअनुरूप नयाँ सीप, प्रविधिले सम्पन्न गराएर जाने योजना बनाए समृद्धिको शुरुवात त्यही ठाँउबाट पनि हुन्छ। बोटे र कुमाल जाति तानसेनको समृद्धिको आधार हो। यसलाई यसरी नै बुझ्ने हुन्छ।

**३.१.ञ. आर्य संस्कृति**

सामान्यतया क्षेत्री, बाहुनलाई खस भनेर सम्वोधन गर्ने चलन छ। सामान्यत उनीहरू सबैलाई हिन्दू पनि भनिन्छ। आर्य खस संस्कृति भित्र बाहुनमात्रै नपरी अरू जाति पनि पर्छन्। आर्यसंस्कृतिभित्र नेपाली भाषा, भजन कीर्तन, मठमन्दिर, भेषभूषा, पहिरन, रीतिरिवाज आदि पर्दछन्। समृद्धिको यात्रामा तानसेन सरकारले सहभागिता बृद्धि गरी जानसके समृद्धिको प्रस्थानविन्दु त्यहीँ पाइने छ। आर्यसभ्यता र संस्कृति पनि समृद्धिको सङ्केत हो।

**३.१.ट. पर्यटकीय स्मार्ट गाउँ**

सारत तानसेनको शहरीकरण र नवसम्पन्न सभ्यताको निर्माणका उपर्युक्त मठमन्दिर, गुम्बा, मस्जिद, चर्च र तीसँग सम्बद्ध जातीय समुदायको सक्रिय सहभागिता, सार्वजनिक निर्णय र कार्यान्वयनमा उनीहरूको अहम् भुमिका नै महत्त्वपूर्ण पक्ष हो । पर्यटन प्रवर्द्धन तिनै पक्षबाटमात्र सम्भव छ जसले पर्यटनलाई आफ्नो व्यवसायका रूपमा आत्मसात् गरेका हुन्छन्। अत्याधुनिक सूचना सञ्चारको युग हो यो। e-communication, e-service, उपलब्ध हुनु पर्‍यो। मोवाइल एप, website मार्फत् सरोकारवाला, नगरवासी, स्वदेसी र विदेशी समेत सुसूचित (Welinformed), हुने व्यवस्था मिलाउन सकिन्छ। सायद टुरिज्म स्मार्ट सिटी (Tourism Smart City) भनेको पनि यही होला, जहाँ सम्पूर्ण पूर्वाधार समेतको राम्रो व्यवस्था होस्।

**३.२. कृषि व्यवसायः**

खेतीपाती, पशुपक्षी पालन, मौरीपालन आदि

**३.२.क. कृषि र पशुपालन**

यी व्यवसायबाट नाम कमाएका मदनपोखरा, मदनपोखराको माडी फाँटको केही भाग, अर्गली फाँट, नयाँपाटी फाँट, सुरुङ्तुङ फाँट, छेर्लुङ फाँट, जस्ता फाँट, टारहरू यसै तानसेनभित्र पर्दछन्। कृषक समुदाय धेरै पहिलेदेखि व्यावसायिक पनि बनेका छन्। धान गहुँ, मकै जस्ता अनाज उत्पादनमा यी क्षेत्र कम छैनन् । नगदेबालीमा आलुले जमानादेखि नै नाम राखेको हो । तेल्घा, मदनपोखरा, बराङ्दी, बौघापोखराथोक र गुम्हाले पनि आलु उत्पादनमा फड्को मारेकै हो । वण्डा, काउली, टमाटर सिजन र अफ सिजनका तरकारी उत्पादन गरी बुटवल तराईका बजार, तानसेन बजारलाई हरियो सागसब्जी खुवाएकै हो। मदनपोखरा र तानसेन ओढारेको कफीले पाल्पाको इज्जत राजधानी काठमाडौँमा मात्र होइन देशबाहिर पनि राखेको हो। मदनपोखराको मौरी नर्सरी केन्द्र र तेल्घाले पनि भ्याँली पिटेकै हो। सारतः कृषकहरू व्यावसायिक बनेकै थिए र अद्यावधिक निरन्तरता दिईनै रहेका छन्।

**३.२.ख. दुग्ध व्यवसाय**

मदनपोखरा, तेल्घा, तानसेन वडा नं. ६ र ७, बन्दीपोखरा, बराङ्दी बौघापोखराथोक, अर्गली समेतले तानसेन र तानसेनदेखि बाहिर पोखरासम्म दूध वितरण गर्दै आएको छ। दुग्ध उत्पादक व्यवसायी कृषकहरू, डुम्रे दुग्ध सहकारी संस्था, रिजाल गाइफर्म, ठकुरी गाइफर्म, कार्की गाइफर्म लगायत सहकारी संघसंस्थाहरूले उत्पादन र वितरण गर्दै आएका छन्। दुग्ध व्यवसायी कृषकहरू सफल पनि छन्। यो पनि समृद्धिकै आधार हो।

**३.२.ग. मासुजन्य पशुपक्षी पालन**

मासुका लागि लुहुङको बाख्रापालन, ता.न.पा. ८ मदनपोखरा, तेल्घा लगायतको बाख्रापालनले मासुमा उल्लेख्य योगदान गरेको छ। बाख्रापालन व्यवसाय सफल पनि छ। यसरी नै हाइवे सिद्धार्थ राजमार्ग र सडक पहुँच रहेका रोडहरूमा कुखुरापालन, बङ्गुरपालन तथा सुँगुरपालन व्यवसाय गर्दै आएका छन्। यसको बजार र मूल्य आजको लागत अनुसार कायम गर्नसके कुखुरा, बंगुरपालक, उत्पादक समुदायमा आकर्षण र हौसला बढ्ने देखिन्छ।

**३.२.घ. कफी खेती**

यो खेती अन्तर्राष्ट्रिय बजारमा डलरसमेत कमाउने व्यवसाय हो। मदनपोखरा, ओढारे लगायत ८०० मिटरको उचाइमा अन्यत्र पनि खेती गरिएको हो। कफीमा लाग्ने सेते गवारे रोगका कारण कृषक समुदाय क्रमशः विकर्षित हुँदै जानु चिन्ताको विषय हो। गवारे रोग निदानका उपाय र नयाँ उपचार पद्धति लागू गर्नसके समृद्ध शहरको आधार यही कफी खेतीबाट पनि सम्भव देखिन्छ।

४. नगरसरकारबाट अपेक्षा

४.१. सुशासन
सुशासनभित्र पारदर्शिता, जवाफदेहिता नीति निरुपणमा सरोकारवाला जनसमुदायको सहभागिता, नागरिक समाज र विशेषज्ञ बुद्धिजीवीका सहभागिता, सेवाग्राही नागरिकलाई छिटोछरितो सेवा प्रदान, घुसखोरी र भ्रष्टाचारमुक्त नगर प्रशासनको दरकार पर्दछ। यस पक्षमा प्रभावकारी ढङ्गले ध्यान जहाँ पुग्छ, त्यहाँ सुशासन हुन्छ भनेर बुझ्दा हुन्छ।

४.२. स्मार्ट सिटी वा स्मार्ट गाउँ
स्मार्ट सिटी, स्मार्ट गाँउको हल्ला चुनावका घडीमा खुब हुने गर्दछ। यसको प्रचार खुव गरिन्छ। के हो त स्मार्ट सिटी वा स्मार्ट गाउँ ? यस विषयमा चासो राख्ने अध्येतालाई अवश्य नै थाहा छ। तर सर्वसाधारण नगरवासीलाई कम जानकारी होला। यो ठूलो कुरा होइन आजको विज्ञानप्रविधिले सम्पन्न सञ्चारको युगमा नगरको Website मार्फत् नगरका सारा निर्णयहरू, योजनाहरू, प्रगतिहरू Website मार्फत् घरघरमै बसेर जानकारी प्राप्त गर्ने अधिकार नागरिकको छ। वार्ड र नगरलाई कम्प्युटर/विद्युतीय प्रविधिमा व्यवस्थित गर्नु पनि पर्छ। नगरले छुट्टै मोवाइल एपमार्फत् पनि सेवाग्राहीलाई घरघरमै सुसूचित गर्न सक्छ। तानसेन न.पा.मा यस्तो व्यवस्था छ तर प्रविधिको प्रयोग सम्वन्धी जानकारी नगरवासीलाई छैन्। यसै विषयमा केन्द्रित भई तालिम तथा अभिमुखीकरण चलाउनु पर्‍यो। प्रचार प्रसार गर्नुपर्‍यो। मापदण्ड अनुसार संरचना बन्नु पर्‍यो।

४.३. पूर्वाधार
खानेपानी, सडक, सिँचाइ, विद्युतीकरण आदि पूर्वाधारभित्र पर्छन्। सडकसञ्जाल विस्तारित छ तर लायक सडक छैनन्। खानेपानीको आपूर्ति ठीकै छ। श्रोतको अभाव अब नहोला तर वितरण व्यवस्था बजार क्षेत्र र बजारबाहिर पनि कमजोर छ। कति वर्षभित्र घरघरमै धारा पुर्‍याउने, कति बर्ष भित्रमा मुख्य सडकहरू कालोपत्रे गर्ने यसको यकिन खाका चाहिन्छ। अनि डाँडाकाँडामा सिँचाइ गर्न बर्षात्को पानी पोखरी कहाँकहाँ बनाउने वा कसरी सिँचाइको सुविधा पुर्‍याउने यो व्यवस्था छिट्टै गर्नुपर्ने हुन्छ। यी र यस्तै काम सम्पादन गर्न नगरवासीको योगदान र सहभागिता कति हुने, नगर सरकार, प्रदेश सरकार वा सङ्घीय सरकारले कति स्रोतको अपेक्षा गरिएको हो खाका हुनुपर्‍यो।

४.४. रणनीतिक योजना र आवधिक योजना
१०/१५ वर्षे रणनीतिक योजना र ५ वर्षे आवधिक योजनाको खाका सहभागिता पूँजी हो। साथ साथै जननिर्णय पनि पूँजी हो। सुन्दर समृद्ध तानसेन निर्माण गर्न सहभागितात्मक प्रणालीलाई थप प्रभावकारी ढङ्गले स्थापित गर्नुपर्ने देखिन्छ। बिना योजना, बिना सहभागिता समूह, शहर वा समृद्ध गाउँ कहाँ पो बनेका छन् र ?

४.४.१. ढाका उद्योग वा करूवा उद्योग
पाल्पाको नाम र शान राख्न सफल ढाका उद्योग र करुवा उद्योग छन्। यसलाई निरन्तरता दिँदै थप प्रभावकारिता सिर्जना कसरी गर्ने निश्चित योजना र प्रभावकारी कार्यान्वयन चाहिन्छ। मदनपोखराको डाँडाडुममा पहिले घरबुना उद्योग नेवार समुदायले चलाएका थिए। बन्द भयो। घरबुना उद्योग पुनः थालनी गरे रोजगारी सिर्जना हुनुका साथै पर्यटकहरूलाई उपहारस्वरूप विक्रीयोग्य सामान बन्ने देखिन्छ।

४.५.व्यावसायिक शिक्षा
डाक्टर र इन्जिनियर उत्पादनलाई प्राविधिक र व्यावसायिक शिक्षा भनेर बुझ्ने प्रचलन रह्यो। यी मात्रैले हुँदैन। व्यावसायिक शिक्षा भनेको त कृषि र वन पैदावारमा आधारित रोजगारका अवसरहरू सिर्जना गर्ने शिक्षा हो। त्यसखाले व्यवहारिक र व्यावसायिक शिक्षा सञ्चालन किन नगर्ने र यसका अतिरिक्त निर्माणव्यवसायीको जमात तयार गर्न जरुरी छ। निर्माण व्यवसायी भनेको ठेकदार मात्र होइन घर, भवन निर्माण गर्नसक्ने, सडक, पुल निर्माण गर्नसक्ने दक्ष, योग्य मजदुर (उत्पादक वर्ग)लाई बुझ्न जरुरी छ।

६. निष्कर्ष
इतिहास, संस्कृति, कलाकृति र प्रकृतिले सम्पन्न तानसेन नगरपालिका आफैमा पर्यटकीय गन्तव्यस्थल हो। समृद्धि र शहरीकरणको आधार यसैभित्र अन्तरनिहित छ। शहरीकरण भनेको फोहरीकरण होइन्। स्वच्छ, स्वस्थ, अतिथिमैत्रीपूर्ण वातावरण व्यवस्थापन गर्नु सरकार र नगरवासीको कर्त्तव्य हो। सबैकुरा सरकारले गरिदिन्छ भन्ने धारणा समृद्धिको बाधक पनि हो। सबै वडा बस्ती सडक सञ्जालले जोडिएको तानसेनमा व्यवस्थित कालोपत्रे मात्र होइन वातावरण मैत्री र आगन्तुक मैत्री सामाजिक वातावरण तयार गर्नु नगर सरकार र नागरिकको कर्तव्य हो। बेरोजगारीपन अग्रगति, अशान्ति र प्रगतिको बाधक हो। त्यसैले हरेक पूर्वाधार निर्माणलाई उत्पादन बृद्धिसँग जोड्नु पहिलो काम हो। उन्नत र व्यावसायिक कृषि उत्पादन पद्धतिसँग जोडिएका नगरका ग्रामीण वडाहरूको व्यवसायलाई निरन्तरता दिन उत्पादक कृषक समुदायलाई भरपर्दो सहकारी संस्थामा आबद्ध गरेर थप व्यावसायिक बनाउन यान्त्रिकरण आवश्यक छ। जिल्ला सदरमुकाम भएर मात्र होइन यो तराई र पहाडको सङ्गमस्थल पनि भएकाले यसको विशिष्ट महत्त्व छ। सुशासनयुक्त प्रशासन सेवा, विद्युतीय सूचना प्रणालीलाई नगरवासीको घरदैलोमा पुर्‍याएर जनविश्वास र जनसहभागिता बृद्धि गर्नसके समृद्धिको आधार र प्रस्थानविन्दु यहीँबाट शुरु हुने आधार देखिन्छ। स्वास्थ्यवर्धनमा नाम कमाएका यहाँका अस्पतालहरूलाई थप सेवामुखी र प्रविधिसम्पन्न बनाउनसके थप आकर्षण बृद्धि हुने छ। शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्योगले जे जुनसुकै क्षेत्रको कुरा गरे पनि ती सबैलाई व्यावसायिक, उत्पादनमुखी, जनमुखी, पारदर्शी, र सुशासनयुक्त बनाउन स्पस्ट भिजन, मिसन, उद्देश्य लक्ष्य सहितको योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयनमा उत्रन सक्नुपर्छ। यसो गरिन्छ भने समृद्ध तानसेन बन्न सक्ने कुरामा दुईमत नहोला।

(विकास सद्भावना दूत)

## तानसेन विगतदेखि वर्तमानसम्म-४

# (राणाकालीन तानसेन)



- निर्मल श्रेष्ठ

(गत अंकदेखि क्रमशः)

**अनुपम स्थापत्यकला-रानीघाट दरबार**

नयाँ राज्यसंरचना अन्तर्गत आठवटा गाउँपालिका र दुईवटा नगरपालिका गरी दशवटा स्थानीय तहमा पाल्पा जिल्लाको विभाजन भएको छ। त्यसमध्ये तानसेन नगरपालिका एक हो। वि.सं.२००७ सालताका (१) पूर्व-मेहल्धारा वफ्ता वैद्यको पूर्वपट्टिको खोल्सा, त्यहाँबाट सिधा उत्तर डाँडैडाँडा साहेबज्यू घरको पूर्व दोबाटो चौपारी, त्यहाँबाट पूर्व मूलबाटो-बाटो भुसालडाँडामाथि पौवा तलतिरको खोल्सा
(२) उत्तर-त्यहाँबाट उत्तरपाट्य पाटीमुनि डाँडाको पिपल चौपारी, त्यहाँबाट श्रीभक्त रावलको बारी माथिको बाटो, त्यहाँबाट पश्चिम माउसुल डाँडा हुँदै रामको बारीको माथि हुँदै पश्चिम बाटै बाटो चुत्राभञ्जाङ पलतिर रानीघाट जाने बाटोमा चौपारी पोखरी, त्यहाँबाट पश्चिम बतासेडाँडाको टुप्पामा चुरेटा चौपारी



(३) पश्चिम-सो चौपारीबाट सिधा दक्षिण पालेवनको जोगी कुटि पोखरी हुँदै गोलाखानको मुनि मसानघाट समीको बोट, त्यहाँबाटपूर्व बाहुन छछेछु टोल माथिको बाटैबाटो बरको चौपारी
(४) दक्षिण-सो बरको चौपारीबाट जेलखाना मुनि आँपको चौपारी हुँदै पूर्व वर्तुङ्को जैसी चौपारी, त्यहाँबाट उत्तर-पश्चिम सेठधारा, त्यपछि कटिसेधारा हुँदै उत्तर मूल (किल्ला) सड्क यति चारकिल्ला क्षेत्र इलाका कायम गरी दशवटा टोलले सीमारेखा कोरिएको (श्रेष्ठ, २०६७:१०२) तानसेन नगरपालिकाको भूभाग अहिले हृषिकेशवको पाउ हुँदै बग्ने कालीको तिरदेखि माण्डव्य ऋषिको विचरणस्थल तिलोत्तमा नदीको शीरसम्म फैलिएको छ। अर्गली फाँट, अर्तुङ्गा फाँट, छेर्लुङ फाँट, सपलक फाँट, प्रभास फाँट र माडी फाँट आदिको उर्वरभूमि र उब्जनीले कृषिमा यस नगरपालिका अगाडि छ। पद्म पब्लिक हाई स्कूल(वि.सं.२००४), मोहन कन्या स्कूल(वि.सं.२००७), जनता स्कूल(वि.सं.२००८) र यहाँ भएका अन्य स्कूलहरू मार्फत् पश्चिम नेपालको शिक्षा क्षेत्रमा अग्रणी भूमिका यस नगरपालिकाले राणाकालदेखि नै खेल्दै आएको छ। हस्तकला उद्योगमा यस नगरपालिकाले आफ्नै ठाउँ बनाएको छ भने पर्यटनको कुरा त के गर्नु र ? अरू ज्याँदै लोभिने गर्छन्। प्राकृतिक मनोरमताले भरिएको यस नगरपालिकाभित्र मानवनिर्मित दोश्रो प्रकृति, यहाँका मठमन्दिरहरू, स्मारक, स्थापत्य र त्यसमा खामिएको कला, वास्तुकला र कलाकौशल, पर्यटकहरूको रोजाइ भएको छ। यी निधि, धरोहर र सामर्थ्यलाई समग्रमा हेर्दा तानसेन नगरपालिका सामर्थ्य र संमृद्धिले भरिपूर्ण छ।

पाल्पाको स्थापत्यकलालाई नियाँल्यौ भने साना काजी अमरसिंह थापाले बनाएको अमरगञ्ज, बद्रीनरसिंह राणाले तानसेन बजारको बीचभागमा बनाएको मुगल र नेपालीशैली मिश्रित दरबार, सो बद्रीनरसिंहले बनाएको दरबार पुरानो भई बस्न जोखिम भएपछि प्रताप शमशेरले बनाएको पाल्पा दरबार, जुद्ध शमशेर स्वामी महाराज भई कालीको तिरमा सन्यास जीवन बिताउन बनाएको अर्गली दरबार र खड्ग शमशेरले आफ्नो कान्छी महारानीको सम्भनामा उत्तरवाहिनी कालीगण्डकीको तिरमा बनाएको रानीघाट दरबार आदि तानसेन नगरपालिकाको निधि हो। धरोहर हो। भरखरै पर्यटकीय गन्तव्यको रूपमा रहेको खड्ग शमशेरद्वारा निर्मित रानीघाट दरबारको संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, पूरातत्व विभागअन्तर्गत रहेको प्रदेश नं. ५को पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं १३ मा अवस्थित यस रानीघाट दरबारको ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्त्वलाई हृदयङ्गम गरी गत २०७५ साल साउन १० गतेका दिन दरबारको सञ्चालन, सम्वर्द्धन र व्यवस्थापनको माथवरी तानसेन नगरपालिकालाई दशवर्षको अवधि हुने, आवश्यकताअनुसार अवधि थप्न सकिने र दरबारको आयव्ययको विवरण प्रत्येक वर्षको मंसिर महिनाभित्रमा पूरातत्व विभागमा पठाउने गरी तानसेन नगरपालिकाको तर्फबाट नगरप्रमुख अशोककुमार शाही र पूरातत्व विभागको तर्फबाट महानिर्देशक भेषनारायण दाहालको संयुक्त हस्ताक्षर गरी सम्भौता

भएको छ (तानसेन नगरपालिका र पूरातत्व विभागबीच भएको सम्झौता पत्र)। यस राम्रो कामको थालनीले अब तानसेन नगरपालिकाले रानीघाट दरबारको रेखदेख, संरक्षण, संम्वर्द्धन, सञ्चालन र व्यवस्थापनले नयाँ उर्जा थपिने छ। अब प्रेमको प्रतीकको रूपमा रहेको रानीघाट दरबार आन्तरिक र वाह्य पर्यटकहरूको आँखाको नानी बन्ने छ।



श्री ३ जंगबहादुर राणा वि.सं.१९०६ साल माघ तद्नुसार सन् १८५० जनवरी १५ तारिखका दिन युरोप भ्रमणको लागि काठमाडौँ छोडी वेलायततिर लागेको करीव एकवर्ष एक्काइस दिनको यात्रा पूरा गरी वि.सं. १९०७ माघ २६ गते तद्नुसार सन् १८५१ फ्रेबेवरी ६ तारिखका दिन काठमाडौँ आइपुगेका थिए। युरोप यात्राको क्रममा उनले युरोपको विकासलाई नजिकबाट हेरेका थिए। उनले नजिकबाट नियालेका त्यहाँ विकास भएका डाक्टरी सेवा, छापाखाना, फोटोग्राफी, ऐनकानून, मिलिसिया फौजी व्यवस्थाजस्ता कुराहरूलाई नेपालमा भित्राएका थिए। यसका साथै उनले त्यहाँको स्थापत्यकला 'नीयो क्ल्यासिकल स्थापत्यकला' (Neo-ClassicalArchitecture) लाई पनि नेपालमा भित्र्याएका थिए। उनले भित्र्याएको अलंकारयुक्त ग्रीक शैलीका खम्बा (corinthian columns), त्रिकोणात्मक छाना भएको झ्याल (Tringular-roofed Windows), गुम्बज (Arches), सेतो चुनाले पोतेको दिवाल(White washed walls) र लिउन/बज्र (Stucco da-dahas) लगाइएको ढाँचाका दरबारहरू (Punja, 1994:274) राणाकालीन समयमा काठमाडौँ खाल्डोमा मात्र करीव ४० वटा भव्य दरबारहरू बनेका थिए। काठमाडौँ खाल्डो बाहिर पनि त्यहीँ ढाँचाका केही दरबारहरू बनेका थिए। त्यसबखत सिमेन्टको प्रचलन नहुँदा दरबार बनाउँदा सिमेन्टको साटो–मास, चाकु, सरेस, सुर्की, पिना र चुन आदिको तोकिएको भागहरूको मिश्रण गरी ईँट जोड्ने काम हुन्थ्यो। मजबुत र बलिया पनि हुन्थे। त्यही स्थापत्यकला मुताबिक पाल्पाको कालीगण्डकीको किनारमा निर्माण गरिएको 'रानीघाट दरवार' पनि एक हो। जुन 'प्रेमको प्रतीक'को रूपमा रहेको नेपालको एक अनुपम स्थापत्यकला हो।




यस रानीघाट दरबारको निर्माण जनरल खड्ग शमशेरद्वारा भएको थियो। श्री ३ महाराज जङ्गबहादुर राणाका कान्छा भाइ कमाण्डिङ जनरल धीर शमशेरका तेस्रो रानी जौहरकुमारी देवी (काङडा)को कोखबाट १९१७ साल माघ १ गते तदनुसार १८६० जनवरीमा दोस्रो पुत्रको रूपमा खड्गशमशेरको जन्म काठमाडौँमा भएको थियो। खड्ग शमशेरको शैशवकालको बारे ज्यादा जानकारी नभए तापनि उनले कलकत्ताको 'डसन कलेज' Dawson college मा म्याट्रिक तहसम्म शिक्षा हासिल गरेका थिए। जनरल खड्ग शमशेरको सरकारी सेवाको बारेमा एकिन जानकारी नभए तापनि श्री ३ महाराज जङ्गबहादुर राणाकै पालामा उनी लेफ्टीनेन्ट कर्णेलको दर्जामा रहेर जङ्गी सेवामा तैनाथ थिए भन्ने कुरा वि.सं. १९३० को कम्पु पल्टन रेकर्डबाट देखिन्छ। त्यसअघि केकस्तो पदबाट उनले आफ्नो सेवाको थालनी गरेका हुन् भन्ने कतै प्रष्ट उल्लेख छैन। जनरल खड्ग शमशेरको अँग्रेजी भाषामा राम्रो दखल भएकोले श्री ३ रणोद्दीपको कार्यकालमा खड्ग शमशेरले परराष्ट्र मामिलासम्बन्धी कार्यभार सम्हालेका थिए। खड्ग शम्सेरले परराष्ट्र सचिव भई कार्यभार सम्हालेका थिए। वि.सं.१९४२ मा श्री ३ रणोद्दीपको मृत्युपश्चात् श्री ३ महाराज तथा प्रधानमन्त्री वीर शम्सेरको कार्यकालको पूवार्द्धमा २४ वर्षको उमेरमा सन् १८८५ मा उनले नेपाल अधिराज्यको प्रधान सेनापतिको कार्यभार सम्हालेका थिए।



खड्ग शमशेरको वैवाहिक जीवनलाई फर्केर हेर्दा रानी तेजकुमारीको अलावा दुई अरु पत्नीहरू थिए। बुबा धीर शम्सेरले खड्ग शमशेरलाई पिट्दा उनको पहिलो पत्नी हाँसेकीले उनलाई खड्ग शमशेरले मन नपराएको भन्ने भनाइ छ। तिनी पहिलो पत्नीको नाम कतै उल्लेख भएको पाइँदैन। उनको कोखबाट कुनै सन्तानको जायजन्म भएको देखिंदैन। रानी तेजकुमारी र नन्दकुमारीको नाउँ भने सबै ठाउँमा उल्लेख भएको पाइन्छ। रानी तेजकुमारी र नन्दकुमारीबाट नौ छोरा र आठ छोरी गरी जम्मा सत्रजना सन्तानहरू जन्मेका थिए। तीमध्ये तेजकुमारीको कोखबाट पाँच छोरा पुण्य शमशेर, जय शमशेर, विक्रम शमशेर, बहादुर शमशेर र तुंग शमशेर जन्मेका थिए भने छोरीहरूमा गंगा, दिव्यश्वरी, हुसन, धन महारानीहरूको जन्म भएको थियो। नन्दकुमारीको कोखबाट जन्मेकाहरूमा हेम शमशेर, हस्त शमशेर, कुञ्जर शमशेर र लोक शमशेर हुन् भने छोरीहरूमा अन्तरी, नयाँ कान्छी, जेठी कान्छी र ठूली कान्छी गरी पाँच जना हुन्। छोरीहरूको बोलाउने घरायसी नामको मात्र जानकारी भएकोले सोही अनुसारको नाम यहाँ उल्लेख गरिएको छ (श्रेष्ठ, २०७३:१२५)।




वि.स. १८५४ सालमा राजकुमार बहादुरशाहको दुर्भाग्यपूर्ण अवसानको घटना, वि.स. १८६० सालको काजी दामोदर पाण्डेको दमन पर्व, वि.स. १८६२ सालको स्वामीज्यूप्रति षड्यन्त्र पर्व, वि.स. १८९६ सालको जनरल भीमसेन थापाको आत्महत्याको घटना, वि.स. १९०२ सालको मुख्तियार माथवरसिंह थापाप्रति विश्वासघातको घटना, कोतपर्व र भण्डारखाल पर्व साथै अलौ पर्वसम्म आइपुग्दा पनि नेपाल दरवार भित्रको महाभारत थामिएको थिएन। श्री ३ जंगबहादुरको मृत्युपश्चात् राणाशाहीको विरुद्धमा भएको असफल षड्यन्त्रलाई निर्ममतापूर्वक दमन गरिएको थियो। जसलाई वि.स. १९३८ सालको पर्व भनेर चिनिन्छ। श्री ३ महाराज एवम् प्राइमिनिष्टरको उत्तराधिकारसम्बन्धी अमिल्दो रोलक्रम तर्जुमा गरी साँच्चै भन्नुपर्दा श्री ३ जंगबहादुर राणाले, राणा परिवारहरूका बीच फुट र कलहको बीउ रोप्ने काम गरेको देखिन्छ। रोलक्रमले 'जङ्ग खलक' र 'शमशेर खलक'मा राणाहरू बाँडिन पुगे। 'जंङ्ग खलक'लाई निम्ट्यान्न नपारी 'शमशेर खलक'ले सत्ताको सुख भोग गर्ने भनेको आकाश फल जस्तो थियो। धीर शमशेरको अकस्मात् मृत्युपछि 'जङ्ग खलक'लाई समाप्त पार्ने योजना धीर शमशेरका छोराहरूले गर्न थाले। वि.सं. १९४२ साल मार्ग ९ गते धीर शमशेरका छोराहरू वीर शमशेर, चन्द्र शमशेर, डम्बर शमशेर, खड्ग शमशेर र भीम शमशेरको योजनाबाट रणोद्दीप सिंहको इहलीला समाप्त पारी धीर शमशेरका जेठा छोरा वीर शमशेर नेपालको श्री ३ महाराज एवम् प्राइमिनिष्टर भए। श्री ३ रणोद्दीपको हत्याको अपकीर्ति खड्ग शमशेरको हिस्सामा आएको सर्वविदितै छ भने त्यसबखतको राजनीतिक दाव पेचको श्रेय पनि उनैको हिस्सामा परेको देखिन्छ। यस सम्बन्धमा आफ्नी हजुरमुमाको हवाला दिंदै विजयाराजे सिन्धिया लेख्छिन् "मेरी हजुरमुमा आफ्नो पतिप्रति अति अनुरक्त थिइन्। उनले कहिले पनि अतीतको त्यो निन्दनीय घटनालाई सम्झनु भएन' उहाँले भन्नुहुन्थ्यो : यो दुई विरोधी गुटहरूको बीच भएको विवाद थियो। एउटा वीर पुरुष जसले आफूलाई हटाउन गरिएको षड्यन्त्रको पत्ता लगाई आफ्नो शत्रुको इहलीला समाप्त पारिएको घटना थियो। भगवानको कृपाले तिम्रो हजुरबुबा त्यस संघर्षमा विजयी हुनु भएको थियो। गारत, सैनिक र नागरिकहरू वहाँको पक्षमा उभिएका थिए। नत्र यो कार्य सफल हुने थिएन। साथै सही कारण पनि यस सफलताको कारण थियो।"विजयाराजे सिन्धिया अगाडि लेख्छिन् "मेरो हजुरबुबाले ठीक गरे या बेठिक गरे, त्यो आफ्नै ठाउँमा छ। एकसयवर्ष अगाडि नेपालको दरबार भित्र रहेको सर्पको प्वालको झझल्कोजस्तो कटुता र पेचापेचलाई थान्को लगाउने काम भने भएको थियो (Scindia, 1985:5, 6)।"

अहो ! समय कति बलवान हुँदो रहेछ ! मैले एक गोलीले एकघण्टा भित्रमा नेपाल विजय प्राप्त गरेको हुँ। ! (आचार्य बाबुराम, अब यस्तो कहिल्यै नहोस् !, प्र.श्रीकृष्ण आचार्य, वि.सं. २०५६, पृष्ठ १५६) भन्ने कमाण्डर इन चिफ खड्ग शमशेरलाई १६ महिनापछि पदबाट च्यूत गरी श्री ३ वीर शमशेरले निर्वासित गरे। वि.सं. १९४३ फाल्गुन २० गते कर्नेल नयनसिंह घले, लेफ्टिनेन्ट कर्णेल देवीबहादुर सिंजापति र माहिला पण्डित काशिनाथ आचार्य दीक्षितहरूको साथ पहाडको बाटो पोखरा हुँदै तानसेनबाट करीव सोह्रकोस पश्चिममा पर्ने ठाडा को रजिया भन्ने ठाउँमा खड्ग शमशेरलाई निर्वासित गरिएको थियो। पछि वि.सं. १९४५ सालमा खड्ग शमशेरले पाल्पा बस्ने अनुमति पाएका थिए। अनुमति पाए तापनि वि.सं. १९४८ सालमा मात्र खड्ग शमशेरलाई पाल्पा गौंडाको तैनाथवाला र पश्चिम तर्फको प्रधान सेनापतिको पदसमेत दिई वुटवल चारटप्पा अर्थात् तराईतर्फ भैरहवा, तौलिहवासम्म एवम् पहाडमा बाग्लुङ, पर्वतसम्मको अख्तियारीसमेत दिइएको थियो (ज.ब.रा., २०४७:२४०, २५६, २५७)।

वि.सं. १९४९ सालमा पाल्पा गौंडाको तैनाथवाला, पश्चिम तर्फका प्रधानसेनापति खड्ग शमशेरकी रानी तेजकुमारी देवीको देहवसान भयो। उनै रानीको सम्झनामा कालीगण्डकी उत्तरबाहिनी भएर बगेको ठाउँमा पाटी पौवा, घाट, मन्दिर, दरवार निर्माण गर्न लगाए। नदीको वर्ण कालो भएको हुनाले यस गण्डकीको नाउँ कालीगण्डकी रहन गएको हो। कालो रङ्गको गण्डक अर्थात् शालिग्राम पाइने नदी हुनाले संस्कृत भाषामा 'कृष्ण गण्डकी' वा 'कृष्णा गण्डकी' भनिन्छ। 'चक्र नदी' पनि

भनिने यस नदीको उद्गमस्थल दामोदर कुण्ड हो । मुक्तिक्षेत्रबाट शुरु भएको गण्डकी, कालीगण्डकी नामले बग्दै त्रिवेणीमा पुगी सुनानदी र पञ्चा नदीसँग मिसिँदै हरिहर क्षेत्रमा पुगेर आफू भगिरथी गंगामा समाहित हुन् पुगेकी छिन्। हिन्दू धार्मिक मान्यताअनुसार कालीगण्डकीको आफ्नो छुट्टै धार्मिक महत्त्व र महिमा रहेको छ। त्यसमा पनि कालीगण्डकीको उत्तरबाहिनी भएर बगेको क्षेत्रमा कालीगण्डकीको पवित्रताको अफ्र बढी महात्मय छ । हिन्दू विधिविधानमा उत्तराखण्ड, उत्तरायणजस्तै उत्तरबाहिनीको ठूलो महिमाको वर्णन छ । श्रुतिमा उत्तरायणको ठूलो महिमा भएको बताइएको छ। "मृत्युको अनन्तर उत्तरायण पक्षबाट तप, ब्रहमचर्य, श्रद्धा र विद्याको साथैआत्माको अन्वेषण गरी अमर अभय छ, यो आधारस्थान हो । यस सूर्यनामक ब्रहमलोकबाट फेरि फर्किनु पर्दैन" (शास्त्री, १९३७:१२७) भन्ने धार्मिक मान्यता रहेको छ। यसरी नै स्मृतिमा पनि उत्तरायणको महत्त्वलाई गीतामा यसरी उल्लेख गरिएको छ : "अग्नी, ज्योति, दिन, शुक्लपक्ष, छमहिना उत्तरायण, यसकालमा मर्ने ब्रहमोपासक योगीहरू ब्रहमलोकमा जान्छन् अर्थात् तहीँबाट मुक्त हुन्छन् फेरि फर्कनुपर्दैन"(ईश्वरानन्द, २०५०:३५२) भन्ने उल्लेख छ । बनारसको धार्मिक महत्त्व, उत्तरबाहिनी भागिरथी गंगा, पवित्र घाटहरू, रामनगर किल्ला आदि पवित्रस्थलहरूबाट प्रेरित भई तत्कालीन पाल्पा गौंडाका तैनाथवाला तथा पश्चिमतर्फका सेनापति खड्ग शमशेरले कालीगण्डकीको उत्तरबाहिनी क्षेत्रको खोजी गरी आफ्नी रानी तेजकुमारी देवीको सम्फनामा शिवालय, दरवार, पाटीपौवा, घाट आदिको निर्माण गरेका थिए । पवित्र स्थलको रूपमा यसलाई स्थापित गर्न उनले कुनै कसर बाँकी राखेनन्।

यस स्थलमा स्नान, पूजा, दान गर्नाले पुण्य प्राप्त हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ। यस्तो पवित्र ठाउँको खोजी गरी यस ठाउँमा शिवालय, गंगाको मूर्ति, दरवार, पाटीपौवा, घाट निर्माण गरिएको थियो । वि.सं. १९५० सालमा शिलान्यास गरी वि.सं. १९५४ सालमा दरवारको निर्माण कार्य पूरा भएको थियो। सो दरवार अद्यावधि 'प्रेमको प्रतीकु'को रूपमा रहेको छ। दरवारको अग्रभागको त्रिकोणात्मक पेडिमेन्ट (Trangular pediment) को रेकिङ्ग कारनिस (Raking cornice) माथि **'श्री परब्रह्म शरण श्री रानी तेजकुमारी देवी शरण'** लेखिएको रानीघाट दरवार पाल्पा जिल्ला साविकको बौघागुम्बा गा.वि.सं. वडा नं.२ अन्तर्गत कि.नं. ४६५ क्षेत्रफल ५–१०–०–२ मा यो दरवार क्याम्प कालीगण्डकी उत्तरतिर हानिने मोडमा विशाल चट्टान माथि निर्माण भएको छ।

रानीघाट दरवारमा कलाकौशलको बेजोड नमूना खामिएको छ। दरवार निर्माण गर्दा इमबुस र इनकार्बिन प्रविधिबाट बनाइएका 'खड्ग शमशेर' लेखिएका दुई किसिमका ईट्टाहरूको प्रयोग गरिएको छ । प्राकृतिक भू–बनोटलाई ध्यान राखी तीन तहमा दरवार, दरवार अगाडि ठूलो लङ, दरवारको बाँया शीतलपाटी र दरवारको लङमा कुँदिएको ढुंगाले निर्मित फोहोरा राख्ने गरी दुईवटा पोखरीहरू रहेका छन् । दोस्रो तहमा दाहिनेपट्टि पाले पहरा बस्ने ठाउँ बनाइएको छ भने बायाँतिर तीनवटा एकै ढाँचाका मन्दिर बनाई शिवजी र गंगाको मूर्ति स्थापना गरिएको छ। मन्दिरको बगलमा **'॥ स्वस्ति श्री गिरिराज चक्रचूडा मणी नरनारायणे त्यादि श्री मन्महाजाजधिराज कुमारात्मज श्री मन्धौतरिया वीरवहादुर साह वर्म्मण पौत्री श्री मन्चौतरिया सूर्यप्रताप साह वर्णणा पुत्री स्वस्ति श्री भद्राजकुमारमज श्री कम्याराडर....... बहादुर वर्म्मण : पत्नी तेजकुमारी देवी । । तस्या बैकुण्ठलोक बास कामनया श्री परमेश्वर प्रीतमे धररिय समर्पिता इति सम्वत १९५५ साल शुभम्'** उत्कीर्ण गरिएको अजंङ्गको घण्ट भुण्डिएको छ। दरवारको दाहिनेतिर कि.नं. ४६६ क्षेत्रफल १७–३–१–० को फूलबारी छ। दरवारको मूल ढोकाबाट ढुंगा र ईट्टाबाट बनाइएको सुन्दर खुड्किलो कालीगण्डकीसम्म आई कुण्डमा जोडिएको छ।

त्यसताका यसै बाटो भएर मुक्तिनाथ जाने भएकोले आईजाई गर्ने जोगी, जलन्त, सन्त, महन्त लगायत यात्रुहरूलाई बस्न पाटी पौवाको व्यवस्था गरिएको थियो । हाल भोलुङ्गे पुल रहेको ठाउँमा रानीपौवा भएको बुढापाकाहरूले बताउने गर्दछन् । पुल पारी स्याङ्जाबाट हेर्दा करनेटा डाँडाको काखमा रानीघाट दरवार कालीगण्डकी माथि तैरिरहेको भैं देखिंदा दरवार हेर्न जानेहरूको मनलाई एकटक पार्ने गर्दछ। शिवालयको नियमित पूजाआजा चलाउन र दरवारको संभार संरक्षण गर्न रानीघाट शिवालय गुठी, रानीघाट गुठी र खड्ग मुक्तेश्वर गुठी गरी तीनवटा गुठीहरू विभिन्न ठाउँहरूमा स्थापना गरिएका छन् । श्रीकृष्ण गण्डकी रानीघाट शिवालय गुठी साविकका वल्डेङगढी, मदनपोखरा, कसेनी गाविसहरूमा रहेका छन् भने खड्ग मुक्तेश्वर गुठी अन्तर्गत बराङ्दी, खानीगाउँ र बर्तुङमा रहेका छन् (श्रेष्ठ, २०५७:७)।

समयको कस्तो बिडम्बना ! बडो मिहिनेत र धार्मिक आस्था सँगालेर आफ्नी प्रिय रानीको सम्फनामा बनाइएको मनमोहक 'रानीघाट दरबार'लाई कुनै भोग नगरी चटक्क छोडी खड्ग शमशेर भारततिर पलायन हुनुपर्‍यो। वि.सं. १९६० सालमा खड्ग शमशेरले श्री ३ को पद र उपत्यका कब्जा गर्ने षड्यन्त्र गरेको भन्ने कुरा श्री ३ चन्द्र शमशेरले थाहा पाएपछि चन्द्र शमशेरले पाल्पामा सेना पठाई तैनाथी आफ्नो हातमा लिएका थिए। आफूमाथि खतराको छनक पाएका खड्ग शमशेर भारततिर पलायन भए। भारतको मध्यप्रदेशको सागरमा पुगेका खड्ग शमशेरले त्यहाँ दुईसय एकड जंगल भएको पहाडी भूमिमा ठूलो स्मारक बनाएका थिए। सो स्मारकले सागरताललाई निँयालेभैं देखिन्थ्यो। सो भव्य दरबारलाई स्थानीयहरूले 'नेपाल दरबार' भनेर भन्दथे । यस दरबारको नाम नै 'नेपाल दरबार' रहन गएको थियो (Scindia, 1985:3, 4)। धर्ममा आस्था राख्ने खड्ग शमशेरले आफ्नो जीवनको अन्तिम सास उत्तरबाहिनी कालीगण्डकीमा त्याग्न नपाए तापनि आफ्नो इच्छामुताबिक आफ्नो जीवनको अन्तिम सास बनारसको उत्तरबाहिनी भागिरथी गंगामा नोभेम्बर १९२१ ई.सं. तदनुसार वि.सं. १९७८ साल कार्तिकमा त्यागेका थिए।

तानसेनबाट करीव चारकोसको पैदल हिडाइपछि रानीघाट दरवार पुगिन्छ। अहिले यातायात साधनको सुविधा छ। बराङ्दी खोला र कालीगण्डकीको संगमस्थलमा रहेको यो रानीघाट दरबार साविकको बौघागुम्बा गा.वि.सं. वडा नं. २ मा अवस्थित छ। उत्तर–पूर्वमा पाल्पा जिल्ला साविकको खानीगाउँ गा.वि.सं. वडा नं. ३ को टाँकीचौरको अग्लो डाँडो र पारिपट्टि स्याङ्जा जिल्ला साविकको आलमदेवी गा.वि.सं. वडा नं. ७ को सट्का पर्दछ। लामो झोलुङ्गे पुलले पाल्पा र स्याङ्जा जिल्लालाई जोडेको छ। धार्मिक एवम् ऐतिहासिक स्थलको रूपमा रहेको रानीघाट दरबारलाई अवलोकन गर्न जानेहरूको स्मरणीय यात्रा तानसेन चुत्राभञ्ज्याङ्ग (तानसेन नगरपालिका साविकको वडा नं. ७ कैलाशनगर) बाट शुरु हुन्छ। लसुनेमा कुदिएको ढुङ्गाबाट निर्मित धाराबाट झरेको मीठो शीतल जल, उत्तरतिर देखिने लम्तन्न परेको हिमश्रृंखला, बराङ्दी खोलाको उद्गम स्थलमा बनेको माथिल्लो साँघु, तेर्पाई तेर्पाइ परेको बाटो, रानीघाट दरवार बनाउँदा दरवारको लागि ईट पोल्ने ठाउँ भएकोले नाउँ रहन गएको ठाउँ 'अवल' तल्लो साँघु, त्यसपछि एक लर्कन हिडेपछि गाईघाट र त्यहाँबाट वि.सं. १९९० र १९९५ सालमा परम्परागत सीपले निर्मित दुईवटा कुलाहरू साविकको बौघागुम्हा गा.वि.स.को छेर्लुङ फाँटतिर दगुरिरहेको दृश्य, हात्तीजस्तो देखिने प्राकृतिक ठूलो ढुङ्गा 'हात्तीढुङ्गा', साथै बैकुण्ठे पहाडलाई त्यसताकाका स्थानीय आग्रीहरूको परम्परागत सीप पोखेर कोपी बनाइएको बैकुण्ठ पहाडको बाटो, छहरिलो डाँडा, अप्ठ्यारो बाटो भएर जोगिएर हिडेने यात्रीहरूलाई मन सिरिङ्ग नगराई छाड्दैन। यसरी ओरालो, साँगुरो बाटो छिचोल्दै करीब चारघण्टाको पैदल यात्रापछि यात्रीहरूको स्वागत गर्न उत्तरबाहिनी कालीगण्डकीको तिरमा ठिङ्ग उभिरहेको 'रानीघाट दरवार' झुलुक्क देखिन्छ। मनै हरक्क हुन्छ।

उत्तरबाहिनी कालीगण्डकीको किनारमा अवस्थित यस 'रानीघाट दरबार'ले पर्यटकीय, धार्मिक र ऐतिहासिक रुपले महत्त्वपूर्ण ठाउँ ओगटेको छ। पर्यटकहरूको पर्खाइमा रहेको यो दरवार हेर्न जाने जो कोहीलाई पनि यो भव्य दरवारले आकर्षित गर्छ भने रानीघाट दरवारले आफ्नो वैभवतालाई आफ्नो क्यामेरामा कैद गर्न पाहुनाहरूलाई उद्देलित पार्ने गर्दछ। अहिले यो दरवार आन्तरिक र वाह्य पर्यटकहरूको आकर्षणको केन्द्रविन्दु बनेको छ। 'रानीमहल' भनेर पनि चिनिने यस रानीघाट दरबारलाई लहडीहरूले भारतको 'ताजमहल'सँग जोडेर नेपालको 'ताजमहल'भन्ने गर्दछन्। तर 'रानीघाट दरवार'को आफ्नै पहिचान छ, आफ्नै इतिहास छ, धार्मिक महत्त्व र आफ्नै मौलिकता छ। 'ताजमहल' एउटा 'मकवरा' हो। यो ईस्लाम संकृति र संस्कारसँग जोडिएको छ। मकवरामा मृतशरीर गाडिएको हुन्छ। ईस्लाम विधिविधानअनुसार मजार–कब्र–मजारस्थानलाई दर्शनीय स्थलको रूपमा लिने गर्दछन्। बडो आस्थाका साथ त्यस शाहजहाँ र मुमताज महलको टोबमा फूल र दीप प्रज्वलन गर्ने गरिन्छ (Gupta, 1992:25)। बादशाह शाहजहाँले आफ्नो बेगम 'मुमताज महल'को मजार बनाएका थिए। सन् १६३२ देखि १६५३ सम्म बीसवर्ष लगाएर पचासलाख खर्च गरी बनाइएको ताजमहलको नक्सा भारतीय वास्तुकार उस्ताज ईसाले बनाएका थिए। यसको नक्सा बनाउँदा उनले इतावली र फ्रान्सिसी वास्तुकारहरूको पनि सहयोग लिएका थिए(Nath, 1972:50, 51)। नुरजहाँका भाइ शक्तिशाली सरदार आसफ खाँ की छोरी 'मुमताज महल' थिइन्। उनको खास नाम 'वानु वेगम' थियो। जहाँगिरका छोरा खुर्रम, जो वादशाह भएपछि उनी 'शाहजहाँ' नामले प्रख्यात भए, उसँग विवाह भएपश्चात् 'वानु बेगम'को नाम 'मुमताज महल' अर्थात् 'रनिवासको रत्न' राखिएको थियो (Mukundan, 1989:25 )। .

रानीघाट दरवारको ऐतिहासिक, पर्यटकीय साथै त्यस भेकको भाषा, संस्कृति, रीतिरिवाजको महत्त्व आफ्नै ठाउँमा छ। उक्त दरबार आन्तरिक तथा वाह्य पर्यटकहरूको आइटनरेरी बन्न सक्छ। छेर्लुङतिर दगुरिरहेको कुलोको अध्ययन र अनुसन्धान, नियो–क्ल्यासिकल स्थापत्यकला शैलीले निर्माण गरिएको दरवार, महाश्मशानको धार्मिक महत्त्व बोकेको ठाउँ, रमणीय यात्रा र मनै लोभ्याउने स्थलहरूले गाँजिएको पर्यटकीय गन्तव्य रानीघाट दरवारुमा पाल्पा आउने आन्तरिक र बाह्य पर्यटकहरूको पदचापले स्पर्श गरेन भने उनीहरूको पर्यटन अधुरो नै हुने गर्छ।

**थप अध्ययनको लागि :**


- ईश्वरानन्द स्वामी, गीता–तात्पर्य, गीता अध्ययन मण्डल, काठमाडौँ, वि.सं. २०५०।
- ज.ब.रा. पुरुषोत्तम शमशेर, श्री ३ हरूको तथ्य वृत्तान्त, प्र.परमवीरशमशेर ज.ब.राणा, वाराणसी, वि.सं. २०४७।
- तानसेन नगरपालिका र पूरातत्व विभाग बीच भएको सम्झौता पत्र।
- शास्त्री शुक्रराज, अनु., ब्रह्मसूत्र शाङ्करभाष्यम्, प्र. स्वयम्, सन् १९३७।
- श्रेष्ठ निर्मल, उत्तरवाहिनी कालीगण्डकी र रानीघाट दरबार, प्र.दैनिक जनसंघर्ष, वि.सं. २०५७ आषाढ २४।
- श्रेष्ठ निर्मल, इतिहासको पानामा जनरल खड्ग शमशेर, प्र. श्री जगानन्द प्रकाशेश्वर तथा पाञ्चायन संरक्षण समिति, काठमाडौँ, वि.सं. २०७३।
- श्रेष्ठ निर्मल, तानसेनः विगत र वर्तमान, प्र.बुटवल टुडेवि.सं. २०६७, वर्ष ७, अंक १०२।
- Gupta Narayani, Taj Mahal, pub . The Guidebook Company Limited, Hong Kong, 1992A . D .
- Mukundan MonishaTaj Mahal and Mughal Agra, pub . Prakash Books, New Delhi, 1989 A . D .
- Nath R ., The Immortal Taj Mahal, pub . D . B . Taraporevala Sons and Co, Private Ltd ., Bombay 1 . 1972A . D .
- Punja SHobita, Great Mouuments, pub . Rhe Guidebook Company Limited, Hong Kong, 1994 A . D .
- Scindia Vijayarare, Princess, pub . Century Publishing, London, 1985A . D .


(लेखक तथा इतिहासकार)

क्रमशः

# स्थानीय सरकार, चुनौती र गन्तव्य



– सन्तोष खनाल

**विषय प्रवेश**

नेपालको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपतिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समातामूलक समाजको निर्माण गर्नु वर्तमान संविधान २०७२ को मूल संकल्प हो। संविधानको मर्म र सिद्धान्तलाई कार्यान्यवयन गर्न, राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको व्यवस्था गरिएको छ। साथै राज्य शक्तिको प्रयोग यी तीन तहको एकल तथा सहकार्यबाट हुने कुरा संविधानको अनुसूची ५ देखि ९ मा उल्लेख गरिएका अधिकारहरूबाट स्पष्ट हुन्छ। संविधानप्रदत अधिकारहरूको अभ्यास गर्दै सक्षम र सुदृढ स्थानीय सरकार सञ्चालन गर्न संविधानले स्थानीय तहको व्यवस्था गरेको छ। स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई बुझिन्छ।

स्थायी सरकार स्थानीय जननिर्वाचित संस्थाद्वारा सञ्चालित सरकार, राजनीतिक व्यवस्था हो । लोकतन्त्रको निर्माणको मूलआधार पनि जननिर्वाचित सरकार र यसको सुशासन नै हो। स्थानीय तह विगतको स्थानीय निकायभन्दा फरक छ यसले आफैं कानून बनाउँछ र आफै कार्यान्यन पनि गर्छ। स्थानीय तहले आफ्नो कार्यक्रम, वजेट, स्रोत व्यवस्थापन र कानून निर्माण गर्दछ। स्थानीय जनप्रतिनिधिहरू संसद, सरकार र न्यायपलिकाको जिम्मेवारी पूरा गर्दैछन । संघीयताको कार्यान्यवनमा स्थानीय सरकार र यसका प्रतिनिधिहरूले प्रत्यक्ष भूमिका निर्वाह गर्दैछन्।

**स्थानीय निर्वाचन** २०७४ सम्पन्न भइसकेपछि राज्य पुनसंरचना अन्तर्गतको स्थानीय सरकारले आमूल रूपमा परिवर्तित भएको संघीय लोकतान्त्रिक गणतन्त्रसहितको शासन प्रणाली अन्तर्गत संविधानत धेरै अधिकार नागरिकको घरदैलौसम्म पुऱ्याएको छ । नयाँ संरचना अनुरूप गठन भएका सरकारहरूले करीव डेढ वर्षको अनुभव पनि हासिल गरिसकेका छन। १५ वर्षभन्दा बढी कर्मचारी नेतृत्वमा रहेको स्थानीय निकाय सञ्चालनको वेथीतिबाट नागरिकले संविधानअनुरूप स्थानीय सरकारहरू विशेष अधिकारसहित गठन भई कार्य शुरु गरिसकेका छन। कर्मचारीमार्फत् सञ्चालन भएका स्थानीय निकायबाट सुशासन, विकास, सामाजिक न्याय आदिको अनुभूति गर्न नसकेको सन्दर्भमा नागरिकले स्थानीय सरकारबाट बढी अपेक्षा गर्नु सान्दर्भिक नै रहन्छ । नागरिकहरू विगतको राजनीतिक संक्रमण समाप्त भई आर्थिक समृद्धि र सामाजिक न्याय सहितको नयाँ समयमा प्रवेश गर्न चाहन्छन् र अधिकार प्राप्त स्थानीय निकायबाट गरिएका काममार्फत् फरक अनुभूति चाहिरहेका छन । निर्वाचनका समयमा नागरिकसमक्ष प्रस्तुत गरिएका विकास, समृद्धि, सुशासन र सामाजिक न्यायका प्रतिबद्धताहरूको कार्यान्वयन तर्फका पाइलाहरू नागरिकले हेर्न चाहिरहेका छन् । यी नागरिकका आशा र निर्वाचनका बेला प्रस्तुत गरिएका खाकाहरू पूरागर्ने सन्दर्भहरू चुनौतीपूर्ण अवश्य छन। प्रतिबद्धता पूरा गर्न जनप्रतिनिधिहरू नै अग्रसर हुनु पर्ने छ। विगतभन्दा फरक हुनु बाध्यात्मक चुनौती हुनेछ। आवश्यक परेमा कतिपय सन्दर्भमा निर्मम पनि हुनु जरुरी देखिन्छ । मुलुकले अपेक्षा गरेको समाजवादउन्मुख समृद्धिमार्फत् राष्ट्रलाई विकसित बनाउने कार्यभार आधारभूत तहबाट सुनिश्चित गर्नु पनि स्थानीय सरकारको जिम्मेवारी हो।

जिम्मेवारी र चुनौतीहरूका बीचका करीव प्रन्ध, सोह्र महिनाको स्थानीय सरकारहरूको कार्यहरूको मूलयाङ्कन गर्दा नागरिकका अपेक्षाअनुरूप देखिनेगरी कामहरू अघि नबढेको जस्तो देखिए पनि यस बीचमा कामको थालनी नै नभएका भने होइनन् । निरपेक्ष रूपमा स्थानीय सरकारको आलोचनामात्र गर्नु गलत हुनेछ। शुरुवातका केही समय केन्द्रबाट नै संविधानको भावना र अधिकारअनुरुप स्थानीय तहको सञ्चालन र व्यवस्थापनको लागि कानून बन्नमा भएका ढिलासुस्ती, नयाँ संरचनाअनुरूप स्थानीय सरकार सञ्चालनमा अन्योलताका कारण केही समय फलदायी नभएको पक्कै हो। यस बीचमा स्थानीय सरकार सञ्चालन सम्बन्धमा विविध विषयगत स्थानीय ऐन, कानून, नियमावली, कार्याविधि आदि निर्माण प्राथामिकतामा परेका कारण विकासका योजना कार्यान्वयनमा ढिलाइ भएको भन्ने जनप्रतिनिधिहरू बताउछन । संविधानको सफलता र संघीयताको कार्यान्वयनको आधार नै स्थानीय सरकारको सबलीकरण हो। यसको प्रभाकारितामा समृद्धिको लक्ष्य प्राप्त हुने कुरामा दुई मत नहोला तर स्थानीय सरकारहरू चुनौतीमुक्त भने छैनन।

## देखिएका चुनौतीहरू

१. नयाँ परिवेशमा गठन भएका स्थानीय सरकारले नागरिकका अपेक्षा सम्बोधन गर्नुपर्ने दायित्व र स्थानीय तहको संस्थागत क्षमताका बीच देखिएको खाडललाई कसरी कम गर्ने भन्ने चुनौती रहेको देखिन्छ।

२ देशभरि स्थानीय सरकार सञ्चालन गरेका जनप्रतिनिधिहरूले गुनासो गरिरहने जनशक्ति व्यवस्थापनको चुनौती दोस्रो हो। स्थानीय सरकारले सञ्चालन गर्ने विकासनिर्माण लगायतका विविध क्षेत्रमा काम गर्न प्रशासनिक, प्राविधिक, कानूनी क्षेत्रका कर्मचारी आवश्यक हुन्छन्। तर यसको लागि स्थानीय तहमा आवश्यक कर्मचारी व्यवस्थापन गर्न

नसकेको यथार्थ एकातिर छ भने कर्मचारी भएका स्थानीय तहमा कर्मचारीहरूमा नयाँ परिवेशअनुसार काम गर्ने तत्परता नदेखिनु पुरानै १५ वर्षे कार्यशैली हावी हुनु, जनप्रतिनिधि र कर्मचारीबीच समन्वयको अभाव चुनौतीको रूपमा देखा परेको छ।

३. स्थानीय साधन स्रोतको व्यवस्थापन र आयआर्जनसम्बन्धी चुनौती अर्को चुनौतीको रूपमा रहेको छ। स्थानीय सरकारहरूको दिगोपनको लागि केन्द्रीय अनुदानको भरमा मात्र काम गर्न नसक्ने निश्चित छ। यसका लागि आफ्नो स्रोत साधनको व्यवस्थापन कसरी गर्ने, राजश्व कसरी संकलन गर्ने, करका दरहरू लगाउने सम्बन्धमा मापदण्ड कसरी निर्धारण गर्ने भन्ने विषयहरू पनि स्पष्ट हुनसकेका छैनन। कर सम्बन्धमा स्थानीय, प्रदेश र संघबीच स्पष्टता नभएको देखिन्छ भने अर्कोतर्फ स्थानीय सरकारका भूगोल भित्र रहेका नदीजन्य पदार्थ, खनिज, वनसम्पदामा स्थानीय तह, प्रदेश र संघबीच न्यायोचित उपयोग र बाँडफाँडमा विवादहरू देखापर्न थालिसकेको छ।

४. स्थानीय सरकारले दिगो आर्थिक स्रोतको व्यवस्थापनको लागि स्थानीय पूर्वाधारहरू निर्माण गर्न जरुरी हुन्छ। जसअन्तर्गत स्थानीय सडक, फोहर व्यवस्थापन केन्द्र, बसपार्क, व्यावसायिक भवन निर्माण, पर्यटन पूर्वाधारको तयारी निर्माण जस्ता कार्यहरू सम्पन्न गर्न सक्दा दिगो आर्थिक आर्जन पक्कै हुने छ। यसको लागि लागानीको स्रोतको व्यवस्थापन कसरी गर्ने, प्राविधिक क्षमताको अभिवृद्धि कसरी गर्ने र काम गर्दा उत्पन्न हुने अवरोधहरूको समाधान कसरी गर्ने भन्ने चुनौती पनि रहने छ। यस सन्दर्भमा विभिन्न समूहहरूको आआफ्नो स्वार्थहरू, नकारात्मकचेत, अराजनीतिक चरित्रको प्रर्दशन, सरकारी संयन्त्रहरूबीच समन्वय आदिका कारण स्थानीय सरकारहरूले आफ्ना विकासका योजनाहरूलाई अघि बढाउन नसकिरहेको देखिन्छ।

५ स्थानीय सरकारको प्रभाकारी सञ्चालनमा जनप्रतिनिधिहरूको अग्रणी भूमिका रहन्छ। जनप्रतिनिधहरूमा वजेट निर्माण, योजना छनौट, आर्थिक कार्यप्रणाली सञ्चालन, न्यायिक अधिकारको प्रयोगजस्ता विषयमा प्राविधिक, प्रशासनिक ज्ञान जरूरी हुन्छ। यसको अभावमा योजना छनौट देखि कार्यसम्पन्न गर्दा सम्मका अवधिमा हुने अनियमितता, भ्रष्ट्राचार, ढिलासुस्ती जस्ता गम्भिर विषयहरू सतहमा आउन नसक्दा स्थानीय सरकारले दिने सुशासनको प्रत्याभूतिमा प्रश्न उठ्न जान्छ।

दोषको भारी जनप्रतिनिधिले मात्रै खेप्नुपर्ने हुन्छ। यसको लागि जनप्रतिनिधिहरूको दक्षता कसरी अभिवृद्धि गर्न सकिन्छ भन्ने चुनौती पनि देखिएको छ।

६ स्थानीय सरकार, प्रदेश र संघको अधिकारहरूको प्रयोग अर्को चुनौती रहेको छ। संविधानले स्थानीय सरकारलाई अधिकारहरूको प्रयोगमा स्वायत बनाए पनि कतिपय क्षेत्रमा जनप्रतिनिधिहरूको अधिकारमा अकुंश लगाउनु, स्थानीय सरकारअन्तर्गत आउने भनिएका कतिपय स्थानीय कार्यालयहरू केन्द्रीकृत सोच राख्ने उच्च पदस्थहरूले पुनः पुरानै अवस्थामा फर्काउने, स्थानीय तहलाई स्रोत दिने सवालमा पनि संकुचन देखापरेको छ। कतिपय अवस्थामा केन्द्र र प्रदेशबाट निर्देशनात्मक आदेशहरू स्थानीय सरकारलाई थोर्पन खोज्नु संविधान विपरित देखिन्छ।

७. पार्टीको टिकटबाट निर्वाचित भएपछि पार्टीले भनेअनुसार चल्नु पर्छ भन्ने निर्देशनात्मक आदेशले पनि कतिपय जनप्रतिनिधिलाई अप्ठेरो पारेको समेत गुनासो सुनिन्छ।

## अबको बाटो

स्थानीय सरकार आधारभूत तहका नागरिकसँग जोडिएको सरकार हो। यसले नागरिकलाई विकास र सेवाको लाभमात्र उपलब्ध गराउने मात्र नभएर लोकतन्त्रको अभ्यास गर्ने प्रमुख थलो पनि स्थानीय सरकार नै हो। परिवर्तित सन्दर्भमा जनचाहनाअनुरुप सरकार सञ्चालन गरी महसुस हुने गरी विकास निर्माणका कार्यहरू अघि बढाउन स्थानीय सरकारले गति लिन आवश्यक छ। स्थानीय सरकारको सवलीकरणमार्फत् यसको संस्थागत संरचना निर्माण गर्नु वर्तमानमा गठन भएका स्थानीय सरकारको अबको गन्तव्य हो। स्थानीय सरकार जनमुखी, सक्षम र प्रतिस्पर्धी भएमात्रै नागरिकले अपेक्षा गरेको शासकीय प्रणाली सफल हुनेतर्फ जनप्रतिनिधिहरूले हेक्का राखौ पर्छ। अर्कोतर्फ केन्द्रीकृत मानसिकतालाई तीनै तहका सरकारहरूले त्याग्नु पर्छ। स्थानीय सरकारलाई सबल र सक्षम सरकार बनाउने तर्फ सबै अघि बढनुपर्छ।

यस बीचमा स्थानीय जनप्रतिनिधिहरू बढी सेवा सुविधामुखी भएको, कर विवाद, कर्मचारी जनप्रतिनिधि बीचको समन्वयको अभाव, कर्मचारी बढी हावी देखिएको समाचारहरू आइरहेको सन्दर्भमा यस्ता विषयतर्फ स्थानीय सरकारहरू चनाखो हुनै पर्छ। विशेष गरी कर र गैर करको दरहरू निर्धारण गर्दा सामान्य नागरिकको तिर्न सक्ने क्षमतालाई आधार बनाउनुपर्छ। उदाहरणको लागि नाफामूलक, व्यावसायिक संस्थाहरूलाई बढी कर लगाउँदा जायज नै हुन्छ भने कम आय तथा सम्पति भएकाहरूलाई कम करको दर र कतिपय अवस्थामा छुट दिदा पनि न्यायिक नै हुन्छ। मुख्यतः कर प्रगतिशील हुनु जरुरी छ। स्थानीय सरकार सवल, सक्षम, जनमुखीभई स्थानीय विशेषताका आधारमा तयार पारिएको विकासका योजनामार्फत् रोजगारी सृजना गर्न सक्षम हुनसक्यो भनेमात्र समृद्धिको परिकल्पना साकार हुन्छ।

(उपप्राध्यापक –अर्थशास्त्र)

**सडक अवरुद्ध हुनेगरी व्यापारिक तथा निर्माण सामग्री नराखौं ।**

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा



# नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र नगर राज्यसत्ताको सम्बन्ध

-राजेन्द्र बिश्वकर्मा

स्थानीय तहको निर्वाचन भएको २० महिना पुग्न लागिरहेको छ। यो २० महिनाको अवधिमा नगर राज्यसत्ता सञ्चालन कति सन्तोषप्रद रहयो ? नगर राज्यसत्ताका सञ्चालनमा केकस्ता कानूनी तथा नीतिगत, प्राबिधिक र सैद्धान्तिक समस्या देखापरे ? नगर राज्यसत्ताका जनप्रतिनिधिहरू नागरिकको इच्छा, चाहना, आवश्यकताअनुरुप अगाडि बढ्नसके वा सकेनन् ? स्थानीय तहमा आवश्यकताका आधारमा बिकासनिर्माण कार्य अगाडि बढ्यो वा बढेन ? जनप्रतिनिधि बिकास समृद्धिप्रति जवाफदेही र उत्तरदायी बन्न सके वा सकेनन् ? स्थानीय तहका जनप्रतिनिधिको नागरिकको काममा इच्छाशक्ति, गतिशीलता र तदारुकता कति देखियो ? निर्वाचित नगरपालिकाका जनप्रतिनिधि र पार्टी बीचको समन्वय, सम्बन्ध कस्तो रहन गयो ? स्थानीय तहको निर्वाचन अगाडि नागकिसँग गरिएका वाचा, प्रतिवद्धता र घोषणापत्रअनुरुप काम भइरहेको छ वा छैन ? त्यसको कार्यान्वयनको अवस्था कस्तो छ ? नागरिक र जनप्रतिनिधिको दैनन्दिन काममा कर्मचारीतन्त्रले सेवाप्रवाह ठीक ढंगले गरेको छ वा छैन ? जनप्रतिनिधिले सुशासन, स्थायित्व र समृद्धिको नाराअनुरुप योजना तर्जुमा गरेका छन वा छैनन। यी र यावत विषयमा पार्टीको प्रत्यक्ष र बिशेष सरोकार रहेको छ। यस विषयमा केही विचार, बिमर्श र छलफलको आवश्यकता रहेकाले विषय प्रवेश गरिएको छ।

बिगत २० महिनाको अवधि नगर राज्यसत्ताका र सम्पूर्ण जनप्रतिनिधिहरूका लागि पार्टीको तर्फबाट अत्यावश्यकीय सहयोग, सुझाव, छलफल, परामर्श र निर्देशनको प्रत्यक्ष अभावबाट गुज्रिन पर्‍यो। कारण स्थानीय तहको निर्वाचनपश्चात् नै दुई पार्टीको एकताको घोषणा हुनु तर लामो समयसम्म केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका कमिटी बन्न नसक्नु। जसकाकारण ती सम्पूर्ण तहमा कमिटीगत शून्यताको अवस्था रहयो। संगठनात्मक शून्यताका कारण जनप्रतिनिधिहरूलाई आवश्यक सहयोग, निर्देशन र अभिभावकत्वको अभाव खड्कियो। जनप्रतिनिधिलाई ढुक्क र निर्धक्क भएर काम गर्ने वातावरण तयार हुन सकेन। जनप्रतिनिधिले आफ्नो क्षमताले भ्याएसम्म नागरिकको काममा इमानदारितापूर्वक लागे तापनि त्यो अपेक्षित फलदायी बन्न सकेन। संगठनात्मक शून्यताकै कारण जनप्रतिनिधिले निर्धक्क र उच्च मनोबलका साथ कामलाई तिब्रताका साथ अगाडि बढाउन सकेनन्। फलस्वरूप २० महिनाको अवधिमा जे परिणाम आउनुपर्थ्यो त्यो आउन सकेन।

दोस्रो विषय २०७२ साल असोज ३ गते नेपालले औपचारिक रूपबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान प्राप्त गर्‍यो। मूलत : संघीय संरचना नेपाली भूमिका निम्ति बिल्कुल नयाँ र नौलो प्रयोग थियो। यसको कार्यान्वयन आफैमा जटिल, द्विविधापूर्ण र अन्यौलग्रस्त थियो। राज्य औपचारिक रूपमा संघीय राज्य बने तापनि त्यस अन्तर्गतका ऐनकानून र नियमावली नबन्दा त्यो अपूर्ण जस्तै बन्न गयो अर्थात् कार्यान्वयनमा ढिलाइ हुन पुग्यो। जसको प्रभाव स्वतः स्थानीय तहमा पर्न गयो। ऐनकानूनको अभावमा स्थानीय तहले कतिपय आफना जनमुखी र गौरवपूर्ण योजनालाई अगाडि बढाउन सकेन। स्थानीय तहले नीतिगत चुनौतीको सामना गर्नुपर्‍यो। स्थानीय विकास निर्माण लगायतका थुप्रै योजनाहरू अगाडि बढ्न सकेनन्। जसका कारण निर्वाचनका समयमा नागरिकसामू गरिएका चुनावी प्रतिबद्धतामाथि आँच आउन लाग्यो। संगठनात्मक शून्यताका कारण स्थानीय सत्ता सञ्चालनका सीमा, कमजोरी, चुनौती र अप्ठेरोका बारेमा नागरिकलाई सुसूचित गर्न, ढाडस दिने काममा पार्टी चुक्न पुग्यो। बिघटित पार्टीले उक्त कार्य गर्न सम्भव पनि थिएन नै। यतिसम्म कि केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका सम्पूर्ण कमिटी बिघटित भएकै कारण स्थानीय तहमा नगर राज्यसत्तामा उत्पन्न भएका कानूनी जटिलताको विषयमा जनसमक्ष स्पष्ट पार्न नसक्दा अर्थात् पार्टीले आफनो उचित र आवश्यक भूमिका निर्वाह गर्न नसक्दा नेकपाको हित र भलो चाहने नागरिकसमेत अलमलमा परे। बिरोधीको स्वरमा स्वर मिलाउन पुगे। कतिपय अवस्थामा त बिपरित ध्रुवमा समेत खडा हुन पुगे। यो बिरोधी शक्तिका लागि निकै शक्तिशाली मसला बन्न पुग्यो। पार्टी र नगर राज्यसत्ताको समन्वय र सम्बन्ध अभावका कारण सोही परिस्थिति सिर्जना हुन पुग्यो।

तेस्रो विषय स्थानीय निर्वाचनपश्चात् पार्टीको घोषणा प्रक्रियासँगै पार्टीको कमिटी र जिल्ला कमिटी, नगर/गाउँपालिका र वडा कमिटी औपचारिक रूपमा बिघटन गरिए। पार्टी औपचारिक रूपमा क्रियाशील नरहेको समयमा केही जनप्रतिनिधिहरूमा स्वेच्छाचारिता, अराजकता, पार्टीलाई नटेर्ने, नपुछ्ने, घुर्काउने, धम्क्याउने प्रवृत्तिसमेत देखापरयो। सोही प्रबृतिलाई पार्टीले समयमै निरुपण गर्न सकेन। फलस्वरूप नागरिक निराश बन्न पुगे तर अहिले त्यो विषय पार्टीको मूल एजेन्डा बनिरहेको छ। उक्त गलत प्रबृत्ति बिरुद्ध पार्टीले बिजयी हुनैपर्छ। किनकी गलत चिन्तन र प्रबृतिका बिरुद्ध लड्नु पार्टीको दायित्व र कार्यभार समेत हो। बिषेशगरी यो चिन्तन, प्रबृत्ति निम्नपूँजीवादी चेतना र चिन्तनको प्रभावको उपज हो। नेपाल कम्युनिष्ट पार्टी नेकपा यो चिन्तन विचारधाराबिरुद्ध जुझ्दै आइरहेको छ।

चौथो विषय नेपालको लोकतान्त्रिक गणतन्त्रात्मक संघीय राज्यप्रणाली

बिगत सरकारको निरन्तरता नभई नयाँ राज्यप्रणाली नै हो । यो नयाँ राज्यप्रणालीको प्रारम्भ नेपाल सरकारले केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारमार्फत् गर्न खोजिरहेको छ। नेपालको संविधान २०७२ को संघीय संविधानमार्फत् राज्यसत्ता परिवर्तनको एजेन्डाले मूर्तरुप ग्रहण गरेको थियो। २०७५ सालसम्म बनेका ऐनकानून र नियमावलीमार्फत् पुरानो राज्यसत्ताका सम्पूर्ण वैधानिकता खारेज हुन पुगे । पुराना ऐन, कानून खारेज हुनु र नयाँ ऐनकानून लागू हुनु भनेको पुरानो राज्यसत्ताका सम्पूर्ण अवशेष पूर्णरूपमा नष्ट हुनु हो। नयाँ राज्यसत्ताको अंकुरण हुनु हो। पुरानो राज्यसत्ताका ऐनकानून मात्र होइन त्यसका सोच, चिन्तन, प्रणाली र प्रबृत्तिको खारेजी पनि हो। पुरानो राज्यसत्ताका पक्षपोषक तत्त्व र प्रबृत्तिका पक्षधरका लागि यो सह्य हुने विषय नै भएन। राज्यसत्तामा एकोहोरो लुट शोषण मच्चाएका शक्ति र प्रवृत्तिले कानूनी रूपबाट बिस्थापनको दिशामा जाँदा त्यो चुप लागेर मात्र कहाँ बस्न सक्छ र ? कुनैबेला लेनिनले भन्नुभएको थियो – “क्रान्तिपश्चात् प्रतिक्रान्तिकारी शक्ति हजारगुणा शक्तिशाली भएर आउँछ, बिभिन्न नारामा उदाउन खोज्छ र बिभिन्न स्वरूपमा।” अहिले ती प्रतिक्रान्तिकारी शक्तिले त्यो दुष्प्रयास पनि गरी नै रहेका छन्। त्यो कुत्सित षड्यन्त्र र चालबाजी कदापि सफल हुनेछैन। अहिले तीनवटै सरकारका मुख्य बाधक तत्त्वको रूपमा यी तत्त्व देखा परेका छन् । उनीहरू पुरानो सत्ता ब्युँझाउने प्रयत्नमा भएभरको शक्ति प्रयोग गरेर लागिपरेका छन् । यसकारण स्थानीय तहका जनप्रतिनिधिहरूले आफना नीति तथा योजना निर्वाधरूपले अगाडि बढाउन सकेका छैनन्। जनप्रतिनिधिहरूलाई यो वा त्यो बाहनामा असफल बनाउने यत्नप्रयत्न जारी छ। ती पुरातनपन्थी माथिको बिजय पार्टी र जनप्रतिनिधिको संयुक्त प्रयास र पहलबाट गरिने छ। बर्तमान उपलब्धि २००७ सालदेखिको संघर्षको उपलब्धि हो। यो उपलब्धि गुम्ने कुरा आफूलाई लोकतान्त्रिक र प्रगतिशील भन्ने कुनै पार्टी बिशेषको लागि रुचिकर हुने छैन। यसबिरुद्ध लड्ने प्रमुख जिम्मेवारी नेकपाको काँधमा आएको छ। पुरानो राज्यसत्ताको पक्षपोषण गर्ने, अंग, निकाय, व्यक्ति र प्रबृत्तिका बिरुद्ध कम्युनिष्ट पार्टीले कडा रूप अपनाउनेछ । ती तत्त्वको पहिचान नगर राज्यसत्ताले समयमै गर्नुपर्नेछ । पुरानो राज्यसत्ताको अभ्यासमा अभ्यस्त कर्मचारीतन्त्रमा कतिपय अवस्थामा त्यो मनोबिज्ञानले काम गरेको र नयाँ परिवर्तन आत्मसात गर्न नसकेको आभाष हुन्छ, त्यसप्रति पार्टी सचेत नै छ। ती तत्त्वबिरुद्ध नागरिक, जनप्रतिनिधि र पार्टी एकठाउँमा उभिएर सामना गर्नुपर्ने छ। ती तत्त्वहरूको गतिबिधि पार्टीले नजिकबाट नियालिरहेको छ। सयमक्रममा आफनो स्टेप लिने नै छ। यो संघीयता असफल पार्न देशीय प्रतिक्रियावादी शक्तिमात्र होइन बिदेशी प्रतिक्रियावादी शक्ति नि त्यतिकै रूपमा लागिपरेका छन्, त्यो आभास सजिलै पाउन सकिन्छ।

**निष्कर्ष** : तानसेन नगरपालिका भित्र सुशासन कायम गराउनु नगर भित्रका जनप्रतिनिधिहरूको पहिलो दायित्व हो । नगरपालिकाका जनप्रतिनिधि नागरिकप्रति बफादार, इमानन्दार भएर उनीहरूको सेवामा निरन्तर आफूलाई समर्पित गर्नुपर्दछ । नगरपालिकाभित्र अनियमितता, भ्रष्टाचार, कमिशन, नातावाद, कृपावाद, जातिवाद, क्षेत्रवाद, संरक्षणवादका बिपक्षमा जनप्रतिनिधि खरो रूपमा उत्रिन सक्नुपर्छ। आफूलाई निष्ठावान्, इमानदारितापूर्वक नागरिकको काममा समर्पित गर्न पार्टीले निर्देश समेत गर्दछ। तानसेन नगरपालिकाको उज्ज्वल भविष्यका लागि पार्टीले अभिभावकत्वको भूमिका निर्वाह गर्न हरहमेशा तयारी अवस्थामा नै रहेको छ। त्यसमा सबैको इमानदार प्रयासको खाँचो छ। यदी इमानदार प्रयास गरेमा तानसेनलाई आजको अवस्थाबाट माथि उठाउन कुनै कठिनाइ छ जस्तो लाग्दैन। (नेता, नेकपा)

मुक्तक



**- रमेश आचार्य**

उत्तरबाहिनी गण्डकी चट्टानमाथि रानीमहल
हेर्दा मनै लोभ्याउने कति राम्रो रानीमहल
रानीको मृत्युपश्चात् खड्गशमशेरले बनाइदिए
प्रेमको प्रतीक मानिन्छ, लोभ्याउँछ सबलाई रानीमहल !



(लम्कीचुहा-७, कैलाली, हाल तानसेन-१३, रानीघाट दरबार)

- समय मै कर तिरौं, गौरवान्वित बनौं र जरिवानाबाट बचौं।
- व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र व्यवसाय गरौं।
- समयभित्रै जन्म,मृत्यु, विवाह लगायत घट्ना दर्ता गरी आफ्नो अधिकार सुनिश्चित गरौं।

**अनुरोधकः तानसेन नगरपालिका, पाल्पा**

- बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
- प्लाष्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।

**अनुरोधकः तानसेन नगरपालिका, पाल्पा**



# पाल्पा तानसेन र पर्यटन

– गुराँस आत्रेय

प्रदेश न. ५ को पहाडी जिल्ला पाल्पाको अस्तित्व इटालीका इतिहासकार प्रो. जोसेफ टुचीका अनुसार पाचौँ शताब्दीतिरबाट थियो । टुचीको भनाइअनुसार सीप, कला र कालीगडबाट पाल्पा बन्न गएको हो । सेन वंशको दशौँ पुस्ताका राजा चन्द्र सेनका छोरा रुद्र सेनले वि.स. १५६३ मा पाल्पा राज्यको स्थापना गरेका थिए भने मुकुन्द सेन प्रथमको नेतृत्वमा पाल्पा राज्यको बिस्तार काठमाडौँ धनकुटा र भोजपुरसम्म भएको इतिहास पाइन्छ । झण्डै ५०० वर्षसम्म शासन गर्ने सेन राजाहरू मध्ये पछिल्ला राजा पृथ्वीपाल सेनको पालामा बहादुर शाह र भीमसेन थापाको रणनीतिक चतुर्‍याइले पाल्पा राज्य वि.स. १८६१ मा नेपाल राज्यमा गाभिएको थियो । शक्तिशाली सेन राज्यको मुख्य गढको रूपमा रहेको तानसेन त्यस बेलाको मुख्य बजार मध्येको एक थियो । पछि राणा शासनका बेला पनि राणा शासकहरूले काठमाडौँबाट नेवार समुदायका कालिगढ झिकाएर शहरको मुहारै फेरेको इतिहास छ । जसले आज पनि तानसेनका गल्लीहरूमा हिड्दा काठमाडौँको झल्को मिल्छ, असन, मखनटोल, बसन्तपुर, टुँडिखेल लगायतका स्थानहरू पाईन्छ । व्यापारिक हिसाबले यातायातका साधन चल्नु अगाडिको तानसेन गुल्मी, अर्घाखाँची, स्याङ्जा, पर्वत, बागलुङ् लगायत अहिलेका धेरै जिल्लाको नाका थियो । जसले गर्दा यो ठूलो व्यापारिक केन्द्र थियो ।

**तानसेन घमाइलो,**

**जता निरमाया उतै रमाइलो......**

लोकगायक झलकमान गन्धर्वको यो गीतले भनेजस्तै तानसेन सबै मौसममा घाम लाग्ने, देशकै अनुकूल मौसम हुने शहर मध्येको एक हो । यहाँ न्यूनतम ७ डिग्री सेल्सियसदेखि २८ डिग्री सेल्सियस सम्मको तापक्रम रहन्छ । तानसेन प्राकृतिक सौन्दर्यको खानी त छँदै छ, सांस्कृतिक सम्पदाले समेत भरिपूर्ण छ । तानसेनसँगै यस जिल्लामा नेपालको ताजमहलको रूपमा चिनिने रानीमहल, श्रीनगर डाँडा, पाल्पा दरबार संग्रहालय, अमरनारायण मन्दिर, भगवतीस्थान, भैरवस्थान, मदनपोखरा, रम्भादेवी, रामपुर जस्ता धेरै पर्यटकीय स्थलहरू रहेका छन् । पर्यटकीय हिसाबले एउटै जिल्लामा यतिधेरै महत्त्वपूर्ण स्थान रहेको पाल्पा जिल्ला देशकै महत्त्वपूर्ण गन्तव्यस्थल हो । खड्गशमसेरले आफ्नी रानी तेजकुमारीको सम्झनामा बनाएको कालीगण्डकी उत्तरवाहिनी तटमा स्थित प्रेमको प्रतीक मनोरम रानीमहलसँगै तानसेनको इतिहास उजीर सिंहको वीरतासँग पनि जोडिएको छ । संसारलाई आफ्नो अधीनमा पार्न निस्केको अङ्ग्रेज सेनाको विजय यात्रा यदी कसैले रोकेको थियो भने त्यो पाल्पा र बुटवलको तैनाथी लिएका उजीरसिंह थापाले रोकेका थिए । बि. सं. १९७२ मा पहाडको कन्दरामा समेत हामीलाई परास्त गर्ने क्षमता भएका लडाकु रहेछन् भनेर आभास दिलाउनसक्ने उजीरसिंह नेतृत्वको फौज र फौजलाई आशिर्वाद दिने भगवती माताको मन्दिर तानसेनको बीच भागमा आज पनि रहेको छ । सेनकालीन तानसेन बजारको बीच भागमा अवस्थित भगवती माताको भाकल मुताबिक यो युद्ध जितेको सम्झनामा भगवतीको सिन्दुर यात्रा गरी खट्यात्रा गर्ने चलन आज पनि तानसेनमा चलिरहेको छ । नेपालकै पुरानो नगरपालिका मध्येको तानसेन नगरपालिका पर्यटकीय हिसाबले अनुकुल मानिन्छ । पाल्पाली ढाका टोपी र कपडामा प्रख्याति पाएको तानसेनमा पाल्पाली करुवाले आफ्नै गौरव छाएको छ । तानसेनको भन्दा पुरानो इतिहास रहेको श्रीनगर क्षेत्रको आकर्षण दिनप्रतिदिन बढिरहेको छ । नेपालमा भएको ऐतिहासिक जनमत संग्रहपछि भएको पहिलो स्थानीय निर्वाचनमा तानसेन नगरपालिकाबाट निर्वाचित पूर्वप्रधानपञ्च विन्दुप्रसाद नेपालीले वनहेरालुको व्यवस्था गरी वन जोगाउन गरेको प्रयास र बजारको पुरानो बाटोमा ढुङ्गा छाप्ने कामभएकोमा अहिलेका मेयरको पनि श्रीनगरमा पार्क निर्माण र मुख्य बाटोमा ढुङ्गा छाप्ने, भ्यूटावर निर्माण सम्पन्न गर्ने, टुँडिखेल स्तरोन्नति गर्ने, गणेशधाम निर्माण, नयाँबसपार्क निर्माण लगायत योजना तानसेनको विकासको पक्षमा रहेका छन् । पहिले देखिको मुख्य



गौडा मानिने तानसेनको भविष्य बारेमा भने अहिले विभिन्न कोणबाट चर्चा गरिन थालिएको छ । तानसेन आफैमा सफल या असफल छ ? घटनाक्रमले तानसेनको विकल्प किन खोजिरहेको छ ? तानसेन–तम्घास सडकले तानसेन बजारलाई बाईबाई गरेर होलाङ्दी–सेतीपोखरी हुँदै ढुंगाखानी बाइपास निकाल्ने काम जबर्जस्त भयो । यो भावी तानसेनका लागि दुःखद् पक्ष हो, भन्नेहरूले २०२९/०३० सालमा तानसेनबाट बाइपास गर्न खोजिएको सिद्धार्थ राजमार्ग बर्तुङ्बाट बाइपास गरेर अहिले चुकचुकाउनु परे जस्तै अहिलको बाइपास वा सहायक मार्गले भावी दिनमा तानसेनले चुकचुकाउनु पर्नेछ भन्दैछन् । तानसेन भनेको शीतलपाटी या बसपार्क मात्र ठान्नेहरूलाई यो बाईपास हो, नत्र अहिलेको तानसेन भनेको चर्चरे देखि रिडीसम्म हो भन्नेहरूभने यो बाईपासले असर पार्छ भन्नेमा बिस्वास गर्दैनन् । जुन बेला यातायातको साधनै चलेका थिएनन् त्योबेला अहिलेभन्दा धेरै ठूलो मुख्य केन्द्र बन्न सफल भएको तानसेन यस्ता सहायक मार्गले असर पार्दैन, असर पार्छ त स्थान विशेषको बासिन्दाको आत्मीयपन, वातावरण र विकासले। राणाकालदेखि नै राज्यको केन्द्र बनेको तानसेन न त आधुनिक तानसेन बन्न सक्यो न यसले पुरानो तानसेनको इतिहासलाई कायम गर्न सक्यो । पर्यटक र इतिहास झल्काउने पुराना घरहरू क्रमशः भत्किदैं छन् । कला, संस्कृति र पाल्पाको पहिचान दिनसक्ने संरचनाहरू जोगाउन सकिएको छैन। तानसेनका सडक विस्तारमा भएको अवरोधले तानसेनले ट्राफिक जामको समस्या बेहोर्नुपरेको छ। तानसेनको बसपार्क व्यवस्थापनबारे चर्चा बहस चलेको १५ वर्ष बितिसकेको छ, पछिल्लो समय बनदेवीमा बन्ने सम्भावना बढेको छ तत्काल काम शुरु भएको देख्न आतुर छन् तानसेनबासी । शैक्षिक केन्द्र मानिएको तानसेनको त्रिभुवन बहुमुखी क्याम्पसको स्थिति पनि सन्तोषजनक छैन । पाल्पा दरबारलाई संग्रहालय बनाउने निर्णय भएको धेरै भयो तर अपेक्षित काम भएन । श्रीनगरभन्दा धेरैपछि निर्माण शुरु भएको बुटवल फुलबारीको तुलनामा श्रीनगर धेरै पछि देखिन्छ । वीरताको इतिहास उजीरसिंहको किल्ला हामीले पत्तो पाएनौँ तर बुटवलले उसैको नाममा गढी र पार्कहरूको विकास गर्दै छ।

कतै माल पाएर चाल नपाएको तानसेन, शीतलपाटीमै अलमलिने त होइन ? तानसेनको व्यापार सुक्यो भन्नेले तानसेन नगरपालिका भित्रको प्रभास, मदनपोखरा, अर्गली जस्ता नयाँ विस्तारित बजारको व्यापार अनि मदनपोखरा, अर्गली, बौघापाखराथोक, चिउदीको कृषि क्रान्ति र कृषि व्यापार विस्तारको अनुभव गर्न सक्छ कि सक्दैन ? तानसेन नगरपालिकाको गाँउगाँउमा बिस्तारित सडकहरू धमाधम निर्माण भइरहँदा तानसेनको विकासै नदेख्ने समस्या त आउदैन ? तानसेन नगरपालिकाको विस्तार सँगै तानसेनको पनि विस्तार भएको छ। काकाकुल तानसेन बिस्तारै कालीगण्डकीको शुद्ध जलले तृप्त बन्दैछ। विकासको लागि नेताभन्दा नागरिकले रोजेको नेतृत्व नगरपालिकाले पाएको छ। नयाँ संविधानसँगै स्थानीय सरकार आएको छ। दीर्घकालीन भिजन र मेगा प्रोजेक्टमा दक्खल राख्ने तानसेन नगरपालिकाको वर्तमान मेयरको कार्यकालमा हिजोको र आजको तानसेनभन्दा भोलिको तानसेन अवश्य पनि धेरै सुन्दर प्रतिष्ठित र गौरवयुक्त बन्नेछ। तानसेनको विकासका लागि नगरप्रमुखसँगै जनप्रतिनिधिहिरुको आँट, कर्मचारी अनि तानसेनबासीको साथ र सहयोग महत्त्वपूर्ण पक्ष हो । तानसेनबासीको समृद्धिसँगै पर्यटकीय क्षेत्र तानसेनको सुनौलो भविष्यको कामना गर्दछु।

(पत्रकार)

## तानसेन नगरपालिकामा हाल कार्यरत वडा सचिवहरू

| वडा नम्वर | नाम | सम्पर्क नं |
|---|---|---|
| १ | चुरामणि मरासिनी | ९८५७०६१८०९ |
| २ | राधा न्यौपाने | ९८४९१६९०६४ |
| ३ | मीरा क्षेत्री | ९८६७२७०२२१ |
| ४ | बैकुण्ठ कोइराला | ९८४९३२४९५९ |
| ५ | जीवन बस्याल | ९८५७०६५००९ |
| ६ | जयदीप पन्थी | ९८४७०२३८६५ |
| ७ | तुल्सीराम कोइराला | ९८४९७९२६७९ |
| ८ | सीताकुमारी भट्टराई | ९८४७१४०१२३ |
| ९ | टंकप्रसाद भण्डारी | ९८४७४२४४१५ |
| १० | टंकप्रसाद भण्डारी | ९८४७४२४४१५ |
| ११ | शिव आत्रेय | ९८५७०६२५१४ |
| १२ | मञ्जु आचार्य | ९८४७१०२५७२ |
| १३ | कृष्णप्रसाद भट्टराई | ९८५११९८३१३ |
| १४ | शंकरप्रसाद पाण्डे | ९८५७०६५०१८ |

# तानसेनका नेवारहरूको सामाजिक संस्कार



- मदन देउराली

विभिन्न कालखण्डमा नेवारहरू विभिन्न कामको सिलसिलामा नेपाल (काठमाडौँ) खाल्डोबाट पाल्पा आएका थिए । यसरी आउँदा नेपाल खाल्डोमा आफूहरूले मनाउने गरेका जात्रा, चाडपर्वहरू तथा सामाजिक संस्कारहरू लाई पाल्पामा पनि निरन्तरता दिएका थिए। इतिहासअनुसार विभिन्न कालखण्डमा नेवारहरू पाल्पामा आए पनि विशाल पाल्पा नेपालमा एकीकरण भईसकेपछि मात्र हिन्दू तथा बौद्ध नेवारहरू तानसेनमा आएको बुझिन्छ । त्यसबेलादेखि यिनीहरूले आआफ्नो परम्पराअनुसार सामाजिक संस्कार गर्दै आइरहेका छन्।

सामाजिक संस्कारभन्दा जन्मदेखि मृत्युसम्म गरिने विभिन्न परम्परागत क्रियाकलापहरूलाई मानिन्छ। पृथ्वीमा सबै प्राणीहरूको जीवनचक्र जन्मबाट प्रारम्भ भई मृत्युमा अन्त हुन्छ। मानव जीवनकालमा प्रत्येक व्यक्तिले तीन अवस्थाहरू पार गर्नुपर्ने हुन्छ। बाल्यकाल, युवा अवस्था र बृद्ध अवस्था। यी तीनै अवस्थाहरूमा गरिने विभिन्न पारम्परिक सामाजिक कार्यहरू गर्नै पर्छ। संक्षेपमा चर्चा गरिएका यी सामाजिक कार्यहरू निम्न छन्।

धौ बजी नकेगु (दही चिउरा खुवाउने), (मचाया नां छुइगु) न्वारान, जा नकेगु (अन्नप्रासन) पास्नी, कयता पूजा उपनयन (ब्रतबन्ध), इही यायगु (बेल विवाह), बाह्रा तयगु (गुफा राख्ने), इहिपा (विवाह), ज्या जन्को (बुढो जंक्व) र सीज्या (मृत्यु संस्कार) आदि।

**बच्चाको जन्मदेखि गरिने कार्यहरु**

**क) धौबजी नकेगु (दही चिउरा खुवाउने) :** नेवारी संस्कारमा कुनै पनि शुभकार्यहरूमा दहीलाई शुभ मानी यसको प्रयोग गरिन्छ। विवाहित महिलाहरू गर्भवती भएमा बच्चा जन्मने दिन नजिक आएको बेला विशेषगरी ९ महिना पुग्दा माइतीपक्षबाट धौबजी नकेगु भनेर दहीचिउरा खुवाउनु पर्छ। दहीचिउरा भनिए तापनि यसको साथमा अन्य विभिन्न मीठा मीठा परिकारहरू पनि राखिएका हुन्छन। यसरी दही चिउरा खुवाउनुको अर्थ हो–बिना विघ्नबाधा शिशुको जन्म होस् भनेर शुभकामनाको सगुन दिएको भनिन्छ।

**ख) मचाया नां छुइगु (न्वारान) :** शिशु जन्मेको एघारौँ दिनमा न्वारान गरिन्छ । यसै दिन ज्योतिषले शिशुको जन्मको आधारमा जन्म कुण्डली चीना बनाउने गर्दछन् तथा शिशुको नामाकरण पनि गर्दछन्। यस्तो संस्कारलाई न्वारान गर्ने भनिन्छ। सबैजनाले शिशुको मुख हेर्ने तथा कपडा दिने गर्दछन।

**ग) जा नकेगु (अन्नप्रासन) :** छोरी भए ४ महिना पूरा भई ५ महिना लागेपछि र छोरा भए ५ महिना पूरा भई ६ महिना लागेपछि अन्नप्रासन गरिन्छ। शिशुलाई आफनो गच्छेअनुसार सून, चाँदीको चम्मचबाट घिउ, मह, चिनी आदि मिसाई खीर भात थोरैथोरै खुवाएजस्तो गरिन्छ। यस अवसरमा मामा घरबाट विभिन्न परिकार सहित शिशुलाई सुन, चाँदीका गहनाहरू लैजानु पर्ने चलन रहेको छ।

**घ) कयता पूजा (उपनयन ब्रतबन्ध), चूडाकर्म संस्कार :**

साधारणतया केटाको उमेर ८–९ बर्ष भएपछि कयता पूजा गर्ने चलन रहेको छ । हुनत कतिपयले धेरै उमेर गईसकेपछि पनि गर्ने गरेको पाइन्छ। ब्रतबन्ध गर्नको लागि ज्योतिषद्वारा साइत निकाली त्यहीअनुसार गरिन्छ । उपनयन संस्कार शुरु गर्ने एकदिन अगाडि चोख्याउनु पर्दछ । घरमूलीले पितृहरूको नाममा श्राद्ध गर्नु पर्दछ । बेलुका बटुकको कपाल मुठा पारी सो मुठामा मामाले नवरत्नजडित औँठीले बाँध्नु पर्दछ । भोलिपल्ट नाउले उत्तम साइतमा कपाल खौरिने कार्य गर्दछन्। सम्पूर्ण कपालको बीचमा अलिकति रौं (टुप्पी) राखेर अरू सबै खौरिदिन्छन्। बटुकलाई पिताम्बर, वस्त्र, बाघको छाला, धनुष, लौरो, भिक्षा माग्ने दानपात्र, भोला, खराउ आदि दिइन्छ। घरमा गर्नुपर्ने पूजाकार्य समाप्त भईसकेपछि नजिकैको मन्दिरमा लगिन्छ विधिपूर्वक सबै काम पूरा गरिन्छ। बौद्ध धर्मावलम्वीहरूको बालकहरूको चुडाकर्म गर्दा रौं पूरा नै खौरिने गर्दछन्। बालकलाई चीवर (गेरुवा वस्त्र) तथा गुलुपा (भिक्षा पात्र) दिइन्छ र श्रामणेर बनाइन्छ। चार दिनसम्म कुमार हरूलाई बौद्ध बज्रयानी परम्पराअनुसार श्रामणेर बनाइन्छ। त्यसपछि प्रत्येक अभिभावकबाट भिक्षा दिने गर्दछन।



**ङ) इही यायगद्र (बेल विवाह) र बाह्रातयगु (गुफा राख्ने)**

धार्मिक ग्रन्थअनुसार पार्वतीको विवाह आठ वर्षको उमेरमा नै भएको भन्ने कथनअनुसार बालिकाको बेलसित विवाह गरिदिने प्रचलन आएको हो भनिन्छ। यसरी बेलसित विवाह गरिसकेको हुनाले बालिका कहिले पनि विधुवा हुँदैन भनिन्छ। इही गर्न पनि पहिलो दिन बालिकालाई चोख्याइन्छ अर्को दिन बालिकालाई विशेष किसिमले बेहुलीजस्तै गरी श्रृंगार गरिन्छ र वैदिक पद्धत्तिअनुसार होम गराइन्छ। बालिकाको बाबुबाट कन्यादान दिइन्छ। बेलसित विवाह भईसकेको हुनाले पछि वास्तविक विवाह गर्दा होम गर्नु पर्दैन भनिन्छ।



**च) बाह्रा तयगु (गुफा राख्ने) :**

इही गरिसकेपछि बालिका रजस्वला हुनुपूर्व बाह्रा तयगु भनेर सूर्यको प्रकाश नआउने तथा लोग्ने मानिसको अनुहार नदेखिने गरी एउटा अँध्यारो कोठामा १२ दिनसम्म राखिन्छ। बाह्र दिनसम्म कोठाभित्र नै बस्नु पर्ने भएकोले साथीभाइ जम्मा गरी नाँच्ने गाउँने गर्दछन्। गुफा राखिएको छेटौं दिनमा आफन्तीहरूले छुस्या मुस्या (भुटेको गहुँ, भटमास, बदाम, बकुला, केराउ, चना) तथा दहीचिउरा खुवाउनु पर्दछ। बाह्रौं दिनमा बालिकालाई शुद्ध गराई ज्वाला न्हायक (पितल, तामा वा चाँदीको ऐना) देखाइन्छ। ब्राम्हणद्वारा विभिन्न पूजा गराइन्छ तथा सूर्यको दर्शन गराइन्छ। त्यसपछि नजिकैको मन्दिरमा लगिन्छ। मन्दिरबाट आइसके पछि घरपरिवार तथा आफन्तीबाट दुई हातभरी चामल, वस्त्र, दक्षिणा दिने गरिन्छ। कतिपयको इही अलग गरिन्छ र पछि मात्र गुफा राखिन्छ भने कसैकसैको विहान इही गरिन्छ र साँझपखबाट गुफा राख्ने पनि गर्दछन्।

**इहिपा (विवाह) :**

विवाहलाई तीन भागमा बाँडिएको छ। क) खं कोछियगु (कुरा छिन्ने), ग्वयं यंकेगु (सुपारी लाने), विवाहया संस्कार यायेगु (विवाहको संस्कार सम्पन्न गर्ने)।

**क) खं कोछियगु :** विवाहको लागि केटा पक्षका घरबाट केटी खोज्ने वा लमीमार्फत् केटी खोज्ने। केटी पक्षबाट सकारात्मक जवाफ आएपछि केटाकेटीको जन्मकुण्डली भिडाइन्छ। केटाकेटीलाई भेट गराइन्छ। कुरा मिलिसकेपछि विवाह कहिले गर्ने, कसरी गर्ने आदि कुराहरू हुन्छ।

**ख) ग्वयं यंकेगु :** विवाहको कुरा छिनिसकेपछि ग्वयं यंकेगु भनेर सुपारी लाने काम हुन्छ। यो कार्यमा सुकुन्दा, सिन्दूर, सुपारी, गहना, कपडा, मिठाइ, विभिन्न फलफूल, जिउँदो माछा, अण्डा, रक्सी सहित केटापक्षले केटीकोमा लिएर जान्छन्। यसलाई साइपाटा लाने पनि भनिन्छ। हुनत साइपाटा र विवाहको जन्त सँगै जाने चलन पनि छ।

**ग) विवाहया संस्कार यायेगु :** उत्तम साइतमा ज्योतिषले भने अनुसार केटा जन्तसहित केटीको घरमा जान्छन्। वैदिक विधिअनुसार स्वयम्बर हुन्छ र केटाले केटीलाई केटीले केटालाई सुनको औंठी लगाई दिने गर्दछन्, माला लगाई दिने गर्दछन् तथा विवाहको कार्य पूरा गरिन्छ। त्यसपछि दुलही दुलाहाको घरमा आइसकेपछि पनि सो घरको चलन अनुसार विभिन्न कार्यहरू गरिन्छ।

**बूढो जन्को (भीमरथारोहण) :**

नेवार समुदायमा बृद्धहरूलाई सम्मान गर्ने परम्परा पनि रहेको छ। जस अनुसार खासमा बढीमा ३ पटकसम्म जन्को प्रचलन गर्ने रहेको छ। पहिलो भीमरथारोहण ७७ बर्ष ७ महिना ७ दिन र ७ घडी ७ पलामा गरिन्छ। दोस्रो चन्द्ररथारोहण ८३ बर्ष ४ महिना ४ दिन ४ घडी ४ पलामा गरिन्छ। यसलाई ८४ पूजा पनि भनिन्छ। तेस्रो हो देवरथारोहण। यो ८८ बर्ष ८ महिना ८ दिन ८ घडी ८ पलामा गरिन्छ। चौथो हो दिव्य रथारोहण जुन ९९ बर्ष ९ महिना र ९ दिन ९ घडी ९ पलामा गरिन्छ। त्यसपछि गरिने रथारोहणलाई महादिव्यरथारोहण भनिन्छ।

**सिज्या (मृत्यु संस्कार) :**

मृत्यु संस्कारलाई तीन प्रकारबाट गरिन्छ।

क) जीवनको अन्तिम क्षणमा गरिने कार्य
ख) शव यात्रा, दाहासंस्कार
ग) कीरिया बस्ने
घ) बार्षिक श्राद्ध गर्ने।

जन्मदेखि मृत्युसम्म गर्नुपर्ने उपरोक्त यी सबै संस्कारहरू हिन्दू धर्मावलम्वी तथा बौद्ध धर्मावलम्वीहरूका एउटै छैनन् कताकता फरक छन्। यसको अलावा पनि कतिपय संस्कारहरू दुबै जातिकाले आआफनो तरिकाले गर्दछन्। अस्तु।

**सन्दर्भ स्रोतः**

नेपालका नेवारहरू पहिचान र पृष्ठभूमि – डा.तुलसी नारायण श्रेष्ठ
नेवा संस्कृति र उपत्यका बाहिर बस्ने नेवारहरू – विजय गोविन्द श्रेष्ठ
तानसेनको धर्मचक्र महाविहार र चूडाकर्म संस्कार – छत्रराज शाक्य

(अध्यक्ष, देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान)



# नगरस्तरीय सहकारी नियमन तथा व्यवस्थापन तालिम सम्पन्न

- दुर्गाबहादुर थापा

तानसेन नगरपालिकाद्वारा २०७५ साल माघ १२ देखि १४ गते सम्म नगर स्तरीय सहकारी नियमन तथा व्यवस्थापन तालिम सञ्चालन गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधानबमोजिम स्थानीयतहको क्षेत्रभित्र कार्य क्षेत्र रहने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन गर्ने लगायतका नियमनका अधिकार नगरपालिकाको अधिकार क्षेत्रमा रहेको साथै सहकारी क्षेत्रको नियमन कार्यमा सहयोग पुऱ्याउन नगर कार्यपालिकाका पदाधिकारीहरू र कर्मचारीहरूको लागि नगर कार्यपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरू र तानसेन नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारीका पदाधिकारीहरूलाई सहकारी नियमन, प्रवर्द्धन र विकासमा आवश्यक रहेका विषयवस्तुको बारेमा जानकारी गराउनु प्रमुख उद्देश्य रहेको थियो।

दुई चरणमा सञ्चालित तालिममा तानसेन नगर कार्यपालिकाका पदाधिकारीहरू र कर्मचारीसहित ५१ जना तथा सहकारी संस्थाका पदाधिकारीहरू ५१ गरी जम्मा १०२ जनाको सहभागिता रहेको थियो।




नगर कार्यपालिकाका पदाधिकारी एवम् कर्मचारीको लागि सहकारी नियमन तालिमको झलक

सहकारी नियमनसम्वन्धी एक दिवसीय तथा सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि नगरपालिकामा कार्यक्षेत्र भएका सम्वन्धित सहकारी संस्थाका पदाधिकारीहरूलाई दुई दिवसीय सहकारी व्यवस्थापन तालिम प्रदान गरिएको छ।

यस कार्यमा भूमि व्यवस्था, सहकारी तथा गरिवीनिवारण मन्त्रालयसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न तानसेन नगरपालिकाबाट अनुरोध गरिएकोमा उक्त मन्त्रालयको सहमतिअनुसार तानसेन नगरपालिका तथा मन्त्रालयको संयुक्त आयोजनामा तालिम कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रमको वजेट व्यवस्थापनको लागि मन्त्रालयसँग भएको सहमति अनुसार तानसेन नगरपालिकाबाट सहभागीहरूको लागि यातायात र स्टेशनरी खर्च व्यहोरिएको र बाँकी सम्पूर्ण रकम मन्त्रालयबाट व्यहोरिएको थियो।

तालिममा सहभागीहरूलाई सहकारीको अर्थ, मूल्य र मान्यताहरू, सहकारीको सिद्धान्त तथा सहकारीसम्बन्धी आधारभूत विषयहरू, केन्द्रीय स्तरमा हालसालै जारी भएको सहकारी ऐन, २०७४ का प्रावधानहरू, स्थानीय तहमा दर्ता प्रक्रिया सहजीकरणको लागि तयार गरेको सहकारी दर्ता दिग्दर्शन २०७४ र सहकारी क्षेत्रमा सम्पति शुद्धिकरण निवारण गर्ने उद्देश्यले सहकारी संघसंस्थाहरूलाई सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी निर्देशन २०७४, सहकारी तथा गरिबी निवारणसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS), लगायतका विषयमा तालिम प्रदान गरिएको थियो। सहकारी नियमन तथा प्रवर्द्धनमा सहयोग पुऱ्याउन सञ्चालन गरिएको यस तालिमबाट स्थानीय तहमा सहकारी क्षेत्रको नियमन, प्रवर्द्धन र विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।




सहकारी संस्थाका पदाधिकारी एवम् कर्मचारीको लागि सहकारी व्यवस्थापन तालिमका सहभागी

(बरिष्ठ अधिकृत)

# मदनपोखरा अनि नयाँपाटी–सारेम–दमकडा मोटरबाटोको कुरा



- सोमनाथ अर्याल

हाल तानसेन नगरपालिकामा पर्ने मदनपोखराको इतिहास गौरवशाली रहेको छ। मदनपोखरा ७ सालको क्रान्तिको थलो, १७ साल काण्डको घोरबिरोधी, राणाबिरोधी आन्दोलनको अगुवा गाउँ, दिल्ली सम्झौता हुँदा विद्रोह गर्ने गाउँ, सुस्ता लगायत उत्तर वा दक्षिणतर्फ देशको सीमा अतिक्रमण हुँदा आन्दोलित हुने गाउँ हो मदनपोखरा। अझ भनौं फटाहा सुदखोर बिरोधी गाउँ, प्रगतिशीलताको पक्षधर गाउँ हो यो । शैक्षिक राजनीतिक सामाजिक जागरणको केन्द्र, कोशी, गण्डक, महाकाली टनकपुर लगायतमा भएका असमान सन्धिको विपक्षी, बन तथा वातावरण संरक्षणका लागि नमूना अनि सबैखाले विभेदविरोधी, सामाजिक न्याय सामाजिक चेतना स्थापनार्थ खट्ने, लोकतान्त्रिक संस्कारलाई स्थापित गरेको, स्वावलम्वी, स्वाभिमानी, मेहनती व्यावसायिक किसानहरूले भरिभराउ गाउँ हो मदनपोखरा

सामुदायिक वन, सामुदायिक रेडियो (दक्षिण एसियाकै पहिलो गाउँले रेडियो) सञ्चार केन्द्र स्थापना गर्ने गाउँ, पाल्पाका प्रायःजसो गाउँमा शैक्षिक राजनीतिक, सामाजिक तथा सांस्कृतिक जागरण ल्याउने, नेपालमा हालसम्म राजनीतिक परिवर्तनका निम्ति भएका आन्दोलन, संघर्ष र युद्धमा समेत सक्रिय गाउँ हो मदनपोखरा । पूर्ण साक्षर, पूर्ण खोपयुक्त, खुल्ला दिसानिषेधित गाउँ, जिल्लादेखि केन्द्रसम्म राष्ट्रलाई चाहिने अनेकन् क्षेत्रको नेतृत्व तहमा नेता जन्माउने, सबैको प्रगतिमा रमाउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समेत पहिचान बनाउन सफल सामाजिक अभियन्ताहरू भएको यो गाउँ, २००७ सालदेखि २०४६ सम्मको प्रजातन्त्र बहालीको युद्ध होस वा १० वर्षे जनयुद्धमा समेत नेता कार्यकर्ताहरूलाई सेल्टर दिने गाउँ हो मदनपोखरा । कम्युनिष्ट हुनवा कांग्रेसका प्रायः सबै नेताहरूलाई लुकीछिपी आआफ्ना गतिविधि सञ्चालनमा सहयोग पुऱ्याउने ठाउँ हो मदनपोखरा। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना अर्थात् आजको नेपाल बनाउनमा समेत यहाँका नागरिकको निस्वार्थ त्याग र समर्पण बास्तवमै अनुकरणीय छ। यो गाउँले विभिन्न ढंगले गुन लगाएको कारणले नै कस्तो रहेछ भनेर दैनिक यहाँ हेर्न आउनेहरूको संख्या बढ्दो छ।

व्यावसायिक तरकारी खेती, व्यावसायिक पशुपालन, कफी खेती उत्पादनमा, व्यावसायिक माहुरी पालनमा समेत यो गाउँले धेरै पसिना बगाएर धर्ती सिंगारेको छ । स्वावलम्बी बन्न र स्वाभिमानको पाठ अरुलाई सिकाएको छ।

राजनीतिक क्षेत्रमा नेताहरूलाई केन्द्रसम्म पुऱ्याउन यहाँका नागरिकले आफ्नो काँध खियाएका हुन्, पैताला खियाएका छन, अनेक अपमान समेत सहेर त्याग र बलिदान गरेका छन्। प्रजातन्त्र आएपछि पनि यो गाउँले सुख पाएन अर्थात् सुखको श्वास फेर्न पाएनन् यहाँका नागरिकले। ए त्यहाँ त सबै भईसकेकेकोछ भन्दै वजेट अन्तै पार्ने परिपाटी थियो तर नमूना कृषि, नमूना वन, नमूना विद्यालय, नमूना सहकारी, नमूना सञ्चारका कारण यो चर्चित पनि थियो। मेहनती, परिश्रमी श्रमप्रतिको आस्थाबाट सिक्न, बुझ्न, सामूहिक सद्भावबारे जान्न, बुझ्न भने मदनपोखरा आउनेको लर्को आजसम्म लागेकै छ। त्यसैले हामी मदनपोखरेलीहरू "मदनपोखरेली" हुनुमा गर्व गर्छौं। एउटा सुन्दर इतिहास, एउटा सुन्दर र सभ्य समाज निर्माणमा योगदान पुऱ्याएको छ मदनपोखराले भन्ने लाग्छ।

यस्तो राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा पनि चिनिएको, जानिएको गाउँ मदनपोखरा प्रवेश गर्ने मूलथलो नयाँपाटीबाट पूर्व लाग्ने बाटो हो – नयाँपाटी–सारेम–दमकडा मोटरबाटो । तिनपिप्ले–कोकल जाने मोटरबाटो यो मदनपोखरा प्रवेश गर्ने मुख्य बाटो हो। यसबारे चर्चा गर्दा म अलि भावुक, अलि आक्रोशित र उत्तेजित पनि हुन्छु। किनकि यसले धेरै दुःख पायो।



**पृष्ठभूमि** : २०४६ सालसम्म नयाँपाटीदेखि मदनपोखरा जाने मोटरबाटो थिएन। सानो गोरेटो हुँदै जानुपर्थ्यो। भीरका कारण कैयौँपटक मानिसहरू त्यहाँबाट हिँड्दा लडेर खोलामा खसेर मरे । कतिपटक गाईबाख्रा भैसीसमेत खसेर मरे। साच्चै भन्नुपर्दा यो अप्ठेरो बाटो थियो। जनबलबाट कोदालो, गैटीले खनीखोस्री अलिअलि हिँडन सजिलो पारेका थियौं। हाम्रा आफ्नै मेहनतले बाँसटारीबाट दमकडा सम्मको र बाँस्टारी ठाँटीदेखि शारदा स्कूलसम्मको मोटरबाटो मदनपोखराका आमनागरिकले २०३२/३३ सालताका ३–३ महिना प्रत्येक घरबाट जुटेर खनेर बनाएको हो । यो बाटो ढुंगाको कारणले हामी आफ्नो बुताले खन्न सकेका थिएनौं। हाम्रा कृषि उत्पादनलाई तानसेन वा बुटवल पठाउन थाप्लो र खुट्टा खियाएरै नयाँपाटीसम्म ल्याउनुपर्ने बाध्यता थियो । किसानलाई साह्रै सकस थियो। आम नागरिकलाई अनि मदनपोखराको पौरख हेर्न आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पाहुनाहरूलाई समेत नयाँपाटीबाट भित्र

पसेपछि नमूना गाउँको नमूना बाटो भनेर खिसिट्युरी गर्ने बहाना बनेको थियो।

कसैले साच्चै पीर मानेर बाटो किन यस्तो भनी प्रश्न गरे भने कतिपयले नमूना गाउँको नमूना बाटो भनेर टीकाटिप्पणी गर्दथे। नेताहरूप्रति अनेक कटाक्ष गर्थे। हाम्रो यो बाटोको हविगत देखेर धेरैले सकारात्मक टिप्पणी गर्थे। हामी भने प्रयास गर्दैछौँ भन्थ्यौँ तर काम भएको थिएन र २०४६ को जनआन्दोलनपछि बनेको अन्तरिम सरकारका अर्थमन्त्री देवेन्द्रराज पाण्डे आफ्नो संस्थाको अनुगमनका लागि भ्रडेवा आउँदा मदनपोखरा हेर्न आउनुभएको थियो। त्यसैबेला हामी शारदा स्कूलमा भेला भएर उहाँको स्वागत गरेका थियौँ। उहाँले हाम्रो प्रशंसा धेरै गर्नु भयो अनि हामी नयाँपाटीसम्म त्यही अप्ठेरो गोरेटो बाटो हिँड्एर लाँदैतस भन्यौँ –"यो बाटोलाई मोटरबाटो बनाउन सहयोग गर्नुपर्‍यो।" उहाँ काठमाडौँ गएको १ हप्ताभित्रै १० लाख रुपैयाँ नयाँपाटीदेखि शारदास्कूलसम्म राम्रो बनाउने भनेर जिल्लामार्फत् पठाइदिनुभयो। ठेक्कामा १० लाखले त्यो बेला त ग्राभेलसहितको गजवको बाटो बन्ने भो भनेर हामी मख्ख पनि भयौँ। उहाँलाई धन्यवाद नदिने त कुरै भएन। ठेक्का भयो, ठेकेदारले बाटो खन्न शुरु गरे।

त्यसबेला ४ मिटर चौडाइको शारदा स्कूलसम्म बाटो बनाइयो तर जम्मा ४ लाखको उक्त ठेक्का भएको रहेछ। के भएछ भने फेरि तत्कालीन पञ्चायतका माननीयले ए त्यहाँ त्यत्रो पैसा चाहिदैन भनेर ६ लाख अन्तै लगे रे भन्नेसमेत सुनियो। यसो कुरा उठाएका थियौ कसैले हाम्रो कुरा त्यसबेला सुनेनन्। नत्र त्यहीबेलै यो बाटो राम्रो बनिसकेको हुन्थ्यो। शारदा स्कूलबाट तीनपिप्ले, डाँडाडुम र कोकलसम्मको बाटो शुरुमा वर्षवर्षदिनसम्म यहाँका नागरिकले आफ्नै पसिना बगाएर कोदालो र गैटीले खनेका हुन्। शारदा स्कूलबाट दमकडाको बाटो भने 'आफ्नो गाउँ आफै बनाऔँ' कार्यक्रम आएपछि पहिलोपटक मदनपोखरामा डोजर लगाएर बाटो खोलिएको हो।

शारदा स्कूलबाट तीनपिप्लेतिर सांसद विकास कोषका बेलाबेलाका रकमले यत्तिको राम्रो बनेको हो। नयाँपाटीबाट शारदा स्कूलसम्म धेरै अप्ठेरो भए पनि पछिसम्म सहयोग जुट्न सकेन। यसको स्तरोन्नतिका लागि हाम्रा केही ब्यक्तिगत प्रयासबाट १०–१२ लाखले अलि बाटो फराकिलो गराउनेसम्म काम गर्‍यौँ। पछिल्लो समय सांसद विकास कोषको केही रकमले अलिकति ग्राभेल गर्ने तथा नाली खन्ने काम त भयो तर पूरा काम हुन सकेन। फेरि दुःख व्यहोर्‍यो यो बाटोले। सबैले पीच गर्ने गर्ने भन्यौँ, पूर्वाधार नभई पीच नहुने। लोहोराले थिचेर पनि पीच नहुने। अहिलेसम्म पीच हुन सकेको छैन। तर सबै सरोकारवालाहरूलाई थाहा छ कि यो बाटो पीच गर्न आवश्यक छ।

पछिल्लो आम निर्वाचनपछि देशमा विकासको नयाँ लहर आएको छ। हामीकहाँ पनि त्यसको बाछिटा आयो। हाम्रो गाउँ मदनपोखरा पनि मिलाएर तानसेन नगरपालिका बिस्तार भयो। मदनपोखरा २ वटा (वडा नं ८ र ९) वडामा बाँडियो। नयाँपाटी–सारेम–दमकडा मोटरबाटो भनेर यसलाई वजेट छुट्याउने काम तानसेन नगरपालिकाले गर्‍यो। यो वर्ष बाटो पीच गर्ने पूर्वाधारसहित कामका लागि भनेर ३० लाख वजेट छुट्याइदिएर आफ्नो स्वामित्व दर्शाउने काम तानसेन नगरपालिकाले गरेको छ। हाम्रो कथाब्यथालाई वर्तमान नगरपालिकाले बल्ल बुझेको अनुभूति नागरिकले गरेका छन्। हाम्रो विशेष अनुरोधलाई स्वीकारेर यही बाटोलाई पीच गर्न पाल्पा निर्वाचन क्षेत्र नं १ का सांसद माननीय दलबहादुर रानाले ५० लाख एकै वचनमा विनियोजन गरेर मदनपोखरेलीहरूको गौरवशाली इतिहासको सम्मान गर्नु भएको छ। माननीय सोमप्रसाद पाण्डेय यही गाउँकै पनि र धेरैपटक सांसद बन्नुभाको हुँदा यो बाटोले उहाँको पहलमा पटकपटक रकम पाइरहन्थ्यो त्यसैले त पीच गर्नका लागि करीवकरीव पूर्वाधार तयार भएको छ।

५ नं प्रदेशका मन्त्री माननीय वैजनाथ चौधरी, पाल्पा निर्वाचन क्षेत्र १ 'ख' का माननीय नारायणप्रसाद आचार्य र सबै माननीयहरू यसपालि यो बाटो पीच गर्ने कुरामा सहमत भएको बुझिन्छ। सबै लागिराख्नु भएको छ। तानसेन नगरपालिकाको ३० लाख र सांसद विकास कोषको ५० लाख गरी ८० लाखको टेण्डर गरीसकिएको छ। नयाँपाटीदेखि सारेम हुँदै दमकडासम्मको करीव ४ किमी का लागि यो रकम न्यून हुने हुँदा नपुग रकम प्रदेश सरकारले थपेर पूरा गरोस् भन्ने हामी सम्वन्धित उपभोक्ताहरूको माग छ। यसका लागि ५ नं प्रदेश सरकारका मन्त्रीले यही वर्षभित्र यो काम पूरा गर्ने भनी आश्वासन दिनुभएको छ। यही बाटोलाई पीचको लागि पूर्वाधार तयार गर्न विगतको पाल्पा जिल्ला विकास समिति तथा गतसाल तानसेन नगरपालिकाले धेरथोर रकम विनियोजन गरेर सघाएकै हो। अब बाटो पीच गर्ने आधार करीकरीव तयार भएको छ। बर्षौंदेखिको हाम्रो सपना पूरा हुनेमा यसपटक भने पूर्ण आशावादी छौँ।





नागरिकले देश बनाउन लगाएको गुन सरकारले तिर्ने बेला यही मौकामा हो। मदनपोखराले पनि यो देश बनाउन कम योगदान गरेको छैन। वास्तवमा मदनपोखराको प्रमुख बाटो हो यो। यो बाटो पीच हुँदा साविक मदनपोखरा २, ५, ९, १, ७, ६ लाई विशेष फाइदा हुनुका साथै नयाँपाटी, दमकडा हुँदै पोखराथोक, आर्यभञ्ज्याङ्ग जोड्न मद्दत पुग्नेछ। बुटवलबाट भ्रडेवा, फेदीतर्फ जाने सवार ीसाधनलाई समेत सहज हुनेहुँदा यो बाटो पीच हुन नितान्त आवश्यक छ। नगरप्रमुख अशोककुमार शाही नेतृत्वको तानसेन नगरपालिका, माननीय सांसदहरू, उपभोक्ताहरूको यो चाहना पूरा गर्नका लागि खटिरहनु भएको छ। यो वर्ष त कसो यो बाटो पीच नहोला र ? अनि तानसेनले नगर बसको व्यवस्था गरी मर्कामा परेका यहाँका नागरिकलाई घरदैलौबाट यातायातको सुविधा दिने व्यवस्था तत्कालै गरोस भन्ने आग्रह समेत गर्दछौँ।

(सदस्य नगर शिक्षा समिति)

तानसेन नगरपालिकाः

# नगर सभा र नगर कार्यापालिकाबाट गठित समितिहरू



- भरत आचार्य

## राजश्व अनुमान तथा विश्लेषण समिति

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | लक्ष्मीदेवी पाठक (उपप्रमुख) | संयोजक | २०७४।४।१५ | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | २०७४।४।१५ | |
| ३ | प्रेमबहादुर मल्ल | सदस्य | २०७४।४।१५ | |
| ४ | विनिता लुईटेल | सदस्य | २०७४।४।१५ | |
| ५ | पाल्पा उद्योग वाणिज्य संघ अध्यक्ष | सदस्य | २०७४।४।१५ | |
| ६ | राजश्व शाखा प्रमुख | सदस्य | २०७४।४।१५ | |

## श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | अशोककुमार शाही (प्रमुख) | संयोजक | २०७४।४।१५ | |
| २ | लक्ष्मीदेवी पाठक (उपप्रमुख) | सदस्य | २०७४।४।१५ | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | २०७४।४।१५ | |
| ४ | सागरमान महर्जन | सदस्य | २०७४।४।१५ | पुरानो |
| ५ | शशी श्रेष्ठ | सदस्य | २०७४।४।१५ | पुरानो |
| ६ | भीमबहादुर कुमाल | सदस्य | २०७४।४।१५ | पुरानो |
| ७ | राजेन्द्रमुनि शाक्य | सदस्य | २०७५।२।२० | नयाँ |
| ८ | दीपक विश्वकर्मा | सदस्य | २०७५।२।२१ | नयाँ |
| ९ | कमला भण्डारी | सदस्य | २०७५।२।२२ | नयाँ |
| १० | दामोदरप्रसाद घिमिरे (प्रवक्ता) | सदस्य | २०७५।२।२३ | नयाँ |
| ११ | विष्णु पौडेल | सदस्य सचिव | २०७४।४।१५ | |

## वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा समिति

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | लक्ष्मीदेवी पाठक | संयोजक | २०७४।४।१५ | |
| २ | दामोदरप्रसाद घिमिरि | सदस्य | २०७४।४।१५ | |
| ३ | रामप्रसाद घिमिरे | सदस्य | २०७४।४।१५ | |
| ४ | महेशलाल शाक्य | सदस्य | २०७४।४।१५ | |
| ५ | बरुणप्रसाद रेग्मी | सदस्य | २०७४।४।१५ | |
| ६ | टुकप्रसाद भट्टराई | सदस्य | २०७४।४।१५ | |
| ७ | दीपक विश्वकर्मा | सदस्य | २०७४।४।१५ | |

| | | | | |
|---|---|---|---|---|
| ८ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | निर्देशिकाअनुसार | |
| ९ | मैयादेवी घिमिरे | सदस्य | निर्देशिकाअनुसार | थप |
| १० | शशी श्रेष्ठ | सदस्य | निर्देशिकाअनुसार | थप |
| ११ | भीमबहादुर कुमाल | सदस्य | निर्देशिकाअनुसार | थप |
| १२ | कमला भण्डारी | सदस्य | निर्देशिकाअनुसार | थप |
| १३ | सुनिता श्रेष्ठ वैजू | सदस्य | निर्देशिकाअनुसार | थप |
| १४ | विष्णु पौडेल (योजना तथा प्रशासकीय अधिकृत) | स.सचिव | २०७४।४।१५ | |

**स्वास्थ्य वीमा तथा सुत्केरी भत्ता कार्यविधि मस्यौदा समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक | २०७४।०७।२८ | |
| २ | योजना तथा प्रशासकीय अधिकृत | सदस्य | २०७४।०७।२८ | |
| ३ | स्वास्थ्य वीमा विज्ञ (जिल्ला स्थित कार्यालय प्रमुख) | सदस्य | २०७४।०७।२८ | |
| ४ | स्वास्थ्य वीमा हेर्ने शाखाको अधिकृत | स. सचिव | २०७४।०७।२८ | |

**नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | नगर उपप्रमुख | संयोजक | २०७४।०८।२९ | |
| २ | सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य | २०७४।०८।२९ | |
| ३ | कार्यपालिका सदस्यहरूवाट नगर प्रमुखले तोकेको महिला | सदस्य | २०७४।०८।२९ | |
| ४ | कार्यपालिका सदस्यहरूवाट नगर प्रमुखले तोकेको दलित | सदस्य | २०७४।०८।२९ | |
| ५ | कार्यपालिका सदस्यहरू मध्येबाट नगर प्रमुखले तोकेको अल्पसंख्यक | सदस्य | २०७४।०८।२९ | |
| ६ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | २०७४।०८।२९ | |
| ७ | नागरिक समाजका सदस्यहरू मध्येबाट नगर प्रमुखले तोकेको व्यक्ति | सदस्य | २०७४।०८।२९ | |
| ८ | प्राविधिक शाखा प्रमुख | सदस्य | २०७४।०८।२९ | |
| ९ | योजना तथा प्रशासकीय अधिकृत | सदस्य | २०७४।०८।२९ | |

**सार्वजनिक निजी साझेदारी छलफल तथा परामर्श समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | दामोदरप्रसाद घिमिरि | संयोजक | २०७४।०८।२९ | |
| २ | सागरमान महर्जन | सदस्य | २०७४।०८।२९ | |
| ३ | पाल्पा उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य | २०७४।०८।२९ | |
| ४ | नागरिक समाजवाट नगर प्रमुखले तोकेको एकजना | सदस्य | २०७४।०८।२९ | |
| ५ | टोल विकास संस्था समन्वय समिति संयोजक | सदस्य | २०७४।०८।२९ | |
| ६ | सरसफाई शाखा प्रमुख | सदस्य सचिव | २०७४।०८।२९ | |

| नगर शिक्षा समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | नगर प्रमुख | संयोजक | २०७४।०९।३० | |
| २ | नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिकाको सदस्यहरू मध्ये बाट कम्तीमा १ जना महिला र १ जना दलितसहित समेत ३ जना | सदस्य | २०७४।०९।३० | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | २०७४।०९।३० | |
| ४ | सामुदायिक विद्यालयका प्र.अ.हरू मध्येबाट नगर शिक्षा समितिले तोकेको १ जना | सदस्य | २०७४।०९।३० | |
| ५ | संस्थागत विद्यालयका प्रतिनिधिमूलक संस्थाको अध्यक्षले तोकी पठाएको १ जना | सदस्य | २०७४।०९।३० | |
| ६ | सामुदायिक विद्यालयका वि. व्य. समितिको अध्यक्षहरू मध्येबाट नगर शिक्षा समितिले तोकेको १ जना | सदस्य | २०७४।०९।३० | |
| ७ | नगरपालिका क्षेत्रभित्र शिक्षा सम्बन्धी उल्लिखित काम गरेको व्यक्तिहरू, शिक्षाविद्हरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको ३ जना | सदस्य | २०७४।०९।३० | |
| ८ | शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि १ जना | सदस्य | २०७४।०९।३० | |
| ९ | नगरपालिकामा कार्यरत स्रोत व्यक्तिहरू (२ जना) | सदस्य | २०७४।०९।३० | |
| १० | नगर शिक्षा अधिकृत | सदस्य सचिव | २०७४।०९।३० | |

| परीक्षा सञ्चालन तथा समन्वय समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | नगर शिक्षा समितिको अध्यक्ष | अध्यक्ष | २०७४।०९।३० | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | २०७४।०९।३० | |
| ३ | प्रमुख, स्थानीय तहको प्रहरी कार्यालय | सदस्य | २०७४।०९।३० | |
| ४ | प्रमुख, सशस्त्र प्रहरी वल गुल्म पाल्पा | सदस्य | २०७४।०९।३० | |
| ५ | प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, पाल्पा | सदस्य | २०७४।०९।३० | |
| ६ | स्रोत व्यक्तिहरू | सदस्य | २०७४।०९।३० | |
| ७ | सामुदायिक विद्यालयका प्र.अ तथा शिक्षक मध्येबाट २ जना संस्थागत विद्यालयको प्रधानाध्यापक वा शिक्षकहरूमध्येबाट १ जना नगर शिक्षा समितिको अध्यक्षले मनोनित गरेको ३ जना | सदस्य | २०७४।०९।३० | |
| ८ | नगर शिक्षा अधिकृत | स.सचिव | २०७४।०९।३० | |

| नगरपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | नगर प्रमुख | अध्यक्ष | २०७४।१०।२६ | |
| २ | नगर उपप्रमुख | उपाध्यक्ष | २०७४।१०।२६ | |
| ३ | नगरपालिकाका सबै वडाका वडा अध्यक्षहरू | सदस्य | २०७४।१०।२६ | |
| ४ | नगरपालिकाका महिला सदस्यहरूमध्ये प्रमुखले तोकेको १ जना | सदस्य | २०७४।१०।२६ | |
| ५ | नगर दलित महिला सदस्यहरूमध्ये प्रमुखले तोकेको १ जना | सदस्य | २०७४।१०।२६ | |
| ६ | पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरूको योजना तथा कार्यान्वयनको संयोजन गर्न तोकिएको संयोजक | सदस्य | २०७४।१०।२६ | |
| ७ | नगरपालिका स्वास्थ्य, कृषि विकास, पशुपक्षी विकास, खानेपानी तथा सरसफाइ, महिला तथा समाज कल्याण, शिक्षा, सुशासन, अर्थ, सञ्चार, वाणिज्य र आपूर्ति योजना तथा अभिलेखसम्वन्धी विषयगत इकाइ/ निकायका प्रमुख | सदस्य | २०७४।१०।२६ | |
| ८ | नगरपालिकाको सामाजिक विकास शाखा अधिकृत | सदस्य | २०७४।१०।२६ | |
| ९ | पा.उ.वा.सं अध्यक्ष | सदस्य | २०७४।१०।२६ | |

| | | | | |
|---|---|---|---|---|
| १० | गै.स.स महासंघ पाल्पा अध्यक्ष | सदस्य | २०७४।१०।२६ | |
| ११ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | २०७४।१०।२६ | |

**बुलेटीन प्रकाशन समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख - अशोककुमार शाही | संरक्षक | २०७४।१०।२६ | |
| २ | नगर उपप्रमुख - लक्ष्मीदेवी पाठक | सल्लाहकार | २०७४।१०।२६ | |
| ३ | प्रवक्ता - दामोदरप्रसाद घिमिरे | सल्लाहकार | २०७४।१०।२६ | |
| ४ | प्रमुख प्रशासकीय अधिकृत | सल्लाहकार | २०७४।१०।२६ | |
| ५ | प्रेस सल्लाहकार - गोविन्द भट्टराई | प्रधानसम्पादक | २०७४।१०।२६ | |
| ६ | लोचनप्रसाद तिमिल्सिना - वडा अध्यक्ष - १० | सम्पादन सहयोगी | २०७४।१०।२६ | |
| ७ | कमल राना - वडा अध्यक्ष - १४ | सम्पादन सहयोगी | २०७४।१०।२६ | |
| ८ | कमला भण्डारी - कार्यपालिका सदस्य | सम्पादन सहयोगी | २०७४।१०।२६ | |
| ९ | सुनिता वैजू श्रेष्ठ - कार्यपालिका सदस्य | सम्पादन सहयोगी | २०७४।१०।२६ | |
| १० | दीपक विश्वकर्मा - कार्यपालिका सदस्य | व्यवस्थापन सहयोगी | २०७४।१०।२६ | |
| ११ | विष्णु पौडेल - योजना तथा प्रशासकीय अधिकत | व्यवस्थापन सहयोगी | २०७४।१०।२६ | |
| १२ | भरतप्रसाद आचार्य - शाखा अधिकृत | व्यवस्थापन सहयोगी | २०७४।१०।२६ | |

**पर्यटन विकास समिति (TACT)**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | सागरमान महर्जन - वडा अध्यक्ष वडा नं. ६ | संयोजक | २०७४।११।१५ | |
| २ | राजेश्वर उदय, ता.न.पा २ | सदस्य | २०७४।११।१५ | |
| ३ | प्रदीप उदय, ता.न.पा. २ | सदस्य | २०७४।११।१५ | |
| ४ | भीमसेन कार्की, ता.न.पा ३ | सदस्य | २०७४।११।१५ | |
| ५ | धनिश्वर वस्याल, ता.न.पा. ३ | सदस्य | २०७४।११।१५ | |
| ६ | महेश देउराली, ता.न.पा. ३ | सदस्य | २०७४।११।१५ | |
| ७ | मनमोहन श्रेष्ठ | सदस्य | २०७४।११।१५ | |
| ८ | एञ्जिना खनाल | सदस्य | २०७४।११।१५ | |
| ९ | विष्णु पौडेल (योजना तथा प्रशासकीय अधिकृत) | सदस्यसचिव | २०७४।११।१५ | |

**जग्गा तथा संरचनाको मूल्याङ्कन र दर रेट निर्धारण समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | उपप्रमुख - लक्ष्मीदेवी पाठक | संयोजक | २०७५।२।२५ | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | २०७५।२।२५ | |
| ३ | दामोदरप्रसाद घिमिरे - प्रवक्ता | सदस्य | २०७५।२।२५ | |
| ४ | सुनीता श्रेष्ठ - का.पा.स. | सदस्य | २०७५।२।२५ | |
| ५ | अधिकृत/प्रतिनिधि मालपोत कार्यालय पाल्पा | सदस्य | २०७५।२।२५ | |
| ६ | योजना शाखा प्रमुख | सदस्य | २०७५।२।२५ | |
| ७ | शाखा प्रवन्धक कृषि विकास वैक | सदस्य | २०७५।२।२५ | |
| ८ | राजश्व शाखा प्रमुख | सदस्य सचिव | २०७५।२।२५ | |

| न्यूनतम दररेट निर्धारण समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | बरुणप्रसाद रेग्मी - वडा अध्यक्ष वडा नं. २ | संयोजक | २०७५।२।२५ | |
| २ | शशी श्रेष्ठ - कार्यपालिका सदस्य | सदस्य | २०७५।२।२५ | |
| ३ | अधिकृत/प्रतिनिधि - जिल्ला प्रशासन कार्यालय | सदस्य | २०७५।२।२५ | |
| ४ | अधिकृत/प्रतिनिधि - को.ले.नि.का. | सदस्य | २०७५।२।२५ | |
| ५ | डिभिजन प्रमुख - सडक डिभिजन कार्यालय | सदस्य | २०७५।२।२५ | |
| ६ | अध्यक्ष - पाल्पा उद्योग वाणिज्य संघ | सदस्य | २०७५।२।२५ | |
| ७ | अध्यक्ष - पाल्पा व्यापार संघ | सदस्य | २०७५।२।२५ | |
| ८ | अध्यक्ष - जिल्ला निर्माण व्यवसायी संघ | सदस्य | २०७५।२।२५ | |
| ९ | पूर्वाधार शाखा प्रमुख | सदस्य सचिव | २०७५।२।२५ | |

| सार्वजनिक सेवा तथा क्षमता विकास समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | कमला भण्डारी | संयोजक | २०७५।२।२५ | |
| २ | प्रशान्त मल्ल | सदस्य | २०७५।२।२५ | |
| ३ | तुलबहादुर सोमरे | सदस्य | २०७५।२।२५ | |
| ४ | नेत्रप्रसाद गैरे | सदस्य | २०७५।२।२५ | |
| ५ | भीमा गहतराज | सदस्य | २०७५।२।२५ | |
| ६ | नारायणी वौडेल | सदस्य | २०७५।२।२५ | |
| ७ | गोपालप्रसाद श्रेष्ठ | सदस्य | २०७५।२।२५ | |
| ८ | दुर्गा नेपाली | सदस्य | २०७५।२।२५ | |
| ९ | भगवती दर्नाल | सदस्य | २०७५।२।२५ | |
| १० | टिकाबहादुर थापा मगर | सदस्य | २०७५।२।२५ | |

| आर्थिक विकास समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | सुनिता वैजू | संयोजक | २०७५।२।२५ | |
| २ | दुर्गा नेपाली | सदस्य | २०७५।२।२५ | |
| ३ | गीता भट्टराई | सदस्य | २०७५।२।२५ | |
| ४ | भोजबहादुर थापा | सदस्य | २०७५।२।२५ | |
| ५ | सीता कार्की | सदस्य | २०७५।२।२५ | |
| ६ | देव बहादुर | सदस्य | २०७५।२।२५ | |
| ७ | महेश्वर श्रेष्ठ | सदस्य | २०७५।२।२५ | |
| ८ | सीता वस्नेत | सदस्य | २०७५।२।२५ | |
| ९ | मोहनसिंह सिंजाली | सदस्य | २०७५।२।२५ | |
| १० | विनिता लुईटेल | सदस्य | २०७५।२।२५ | |
| ११ | विमला वौडेल का.पा.स. | आ.सदस्य | २०७५।२।२५ | |

| सामाजिक विकास समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | दीपक विश्वकर्मा | संयोजक | २०७५।२।२५ | |
| २ | विष्णु कार्की | सदस्य | २०७५।२।२५ | |
| ३ | टंकीकला वि.क. | सदस्य | २०७५।२।२५ | |
| ४ | सीता वि.क. | सदस्य | २०७५।२।२५ | |
| ५ | नारायण न्यौपाने | सदस्य | २०७५।२।२५ | |
| ६ | शान्ति भ्रेडी मगर | सदस्य | २०७५।२।२५ | |
| ७ | प्रेमबहादुर कार्की | सदस्य | २०७५।२।२५ | |
| ८ | मीना परियार | सदस्य | २०७५।२।२५ | |
| ९ | ढाकाकुमारी भट्टराई | सदस्य | २०७५।२।२५ | |

| पूर्वाधार विकास समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | शशी श्रेष्ठ | संयोजक | २०७५।२।२५ | |
| २ | चुराबहादुर गोदार | सदस्य | २०७५।२।२५ | |
| ३ | विष्णुप्रसाद रेग्मी | सदस्य | २०७५।२।२५ | |
| ४ | पविसरा वि.क. | सदस्य | २०७५।२।२५ | |
| ५ | हिमलाल पंगेनी | सदस्य | २०७५।२।२५ | |
| ६ | शिव थापा | सदस्य | २०७५।२।२५ | |
| ७ | मञ्जु रणपाल | सदस्य | २०७५।२।२५ | |
| ८ | मञ्जु वस्याल | सदस्य | २०७५।२।२५ | |
| ९ | सुरेश कोईराला | सदस्य | २०७५।२।२५ | |

| वातावरण तथा विपद् व्यवस्थापन समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | भीमबहादुर कुमाल | संयोजक | २०७५।२।२५ | |
| २ | सीता ज्ञवाली | सदस्स्य | २०७५।२।२५ | |
| ३ | धनकुमारी विष्ट | सदस्य | २०७५।२।२५ | |
| ४ | यमकुमारी वौडेल | सदस्य | २०७५।२।२५ | |
| ५ | कुलबहादुर थापा नगरकोटी | सदस्य | २०७५।२।२५ | |
| ६ | इन्दु कोईराला | सदस्य | २०७५।२।२५ | |
| ७ | गणेशबहादुर थापा | सदस्य | २०७५।२।२५ | |
| ८ | राजकुमारी वि.क. | सदस्य | २०७५।२।२५ | |

| विधेयक समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | मैयादेवी घिमिरे | संयोजक | २०७५।२।२५ | |
| २ | प्रेमबहादुर मल्ल | सदस्य | २०७५।२।२५ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | रमेशप्रसाद न्यौपाने | सदस्य | २०७५।२।२५ | |
| ४ | राधा वि.क. | सदस्य | २०७५।२।२५ | |
| ५ | विष्णुकुमारी राना | सदस्य | २०७५।२।२५ | |
| ६ | निराकार श्रेष्ठ | सदस्य | २०७५।२।२५ | |
| ७ | लक्ष्मी रावल | सदस्य | २०७५।२।२५ | |
| ८ | गंगा रोकाहा क्षेत्री | सदस्य | २०७५।२।२५ | |
| ९ | नरबहादुर थापा | सदस्य | २०७५।२।२५ | |

**ल्याण्डफिल साइट सञ्चालन सहजीकरण समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | विष्णुबहादुर कार्की - वडा सदस्य ५ | संयोजक | २०७५।२।२५ | |
| २ | धीरेन वस्याल - ता.न.पा. ५ | सदस्य | २०७५।२।२५ | |
| ३ | धनेन्द्रराज घिमिरे | सदस्य | २०७५।२।२५ | |
| ४ | मानबहादुर कार्की - ता.न.पा. ५ | सदस्य | २०७५।२।२५ | |
| ५ | प्रेमबहादुर वि.क. - ता.न.पा. ५ | सदस्य | २०७५।२।२५ | |
| ६ | देवबहादुर रावल - ता.न.पा. ५ | सदस्य | २०७५।२।२५ | |
| ७ | शिवबहादुर खत्री - ता.न.पा. ५ | सदस्य | २०७५।२।२५ | |
| ८ | स्थायी आमन्त्रित सदस्य: रामबहादुर रावल - वडा अध्यक्ष ५ | आ.सदस्य | २०७५।२।२५ | |
| ९ | स्थायी आमन्त्रित सदस्य: लोचनप्रसाद तिमिल्सिना - वडा अध्यक्ष १० | आ.सदस्य | २०७५।२।२५ | |
| १० | दीपक वि.क. (नगर कार्यपालिका सदस्य) | आ.सदस्य | २०७५।२।२५ | |

**सार्वजनिक निजी साझेदारी समन्वय सहजीकरण समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | रामबहादुर रावल: वडा अध्यक्ष - वडा नं. ५ | संयोजक | २०७५।३।२६ | |
| २ | वरुणप्रसाद रेग्मी: वडा अध्यक्ष - वडा नं. २ | सदस्य | २०७५।३।२६ | |
| ३ | राजेन्द्रमुनि शाक्य: वडा अध्यक्ष - वडा नं. ४ | सदस्य | २०७५।३।२६ | |
| ४ | सागरमान महर्जन: वडा अध्यक्ष - वडा नं. ६ | सदस्य | २०७५।३।२६ | |
| ५ | बुद्धिसरा वि.क.: कार्यपालिका सदस्य | सदस्य | २०७५।३।२६ | |
| ६ | सुनिता वैजू: कार्यपालिका सदस्य | सदस्य | २०७५।३।२६ | |
| ७ | नगर प्रमुखले तोकेको नागरिक समाजको प्रतिनिधि | सदस्य | २०७५।३।२६ | |
| ८ | अध्यक्ष वा प्रतिनिधि उद्योग वाणिज्य संघ | सदस्य | २०७५।३।२६ | |
| ९ | सरसफाइ शाखा प्रमुख | सदस्य सचिव | २०७५।३।२६ | |

**दरवन्दी मिलान तथा विद्यालय मर्ज सुझाव समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | दामोदरप्रसाद घिमिरे: वडा अध्यक्ष - ११ (प्रवक्ता) | संयोजक | २०७५।४।२५ | |
| २ | मुक्तिराम जि.सी.: वडा अध्यक्ष - वडा नं. ७ | सदस्य | २०७५।४।२५ | |
| ३ | सोमनाथ अर्याल: नगर शिक्षा समिति सदस्य | सदस्य | २०७५।४।२५ | |
| ४ | कृष्ण भुसाल: व्यवस्थापन समिति (JVT) अध्यक्ष | सदस्य | २०७५।४।२५ | |
| ५ | हरिप्रसाद घिमिरे: शिक्षक महासंघ अध्यक्ष - नगर कमिटी | सदस्य | २०७५।४।२५ | |

# तस्बिरमा तानसेन



समारोहमा आचार्य वालकृष्णलाई सम्मान गर्दै तानसेन नगरप्रमुख अशोककुमार शाही लगायत



सम्मान समारोहमा बोल्दै आचार्य वालकृष्ण र उपस्थित अतिथिहरू



आचार्य वालकृष्णलाई सम्मान गर्न आयाजित समारोहमा उपस्थित तानसेन नगरबासी



वनदेवीमा नयाँबसपार्क निमार्णका लागि अवलोकन गर्दै नगर प्रमुख लगायत



नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष गोविन्द आचार्य लगायतसँग तानसेनको विकासबारे छलफल गर्दै नगर प्रमुख र प्रवक्ता

# सम्पदा संरक्षणमा तानसेन नगरपालिका

**तानसेन-३ स्थित भीमसेन मन्दिरको जीर्ण झिंगटीको छाना हटाएर वडा तथा नगरस्तरीय वजेट र जनश्रमदानमा पित्तलको छाना राखियो** (विस्तृत विवरण आगामी अंकमा)











# तस्बिरमा तानसेन



५ नं. प्रदेशका मन्त्री, सभासद्, जिल्ला समन्वय समिति पाल्पाका प्रमुख लगायतको टोली रानीमहल अवलोकनमा



तानसेन-८ मा विद्यार्थीहरूलाई पोशाक वितरण गर्दै नगरप्रमुख र उपप्रमुख लगायत



चौथो नगरसभामा सहभागी नगरसभा सदस्यहरू



भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठ लगायतको टोलीसँग तानसेन नगरपालिकाका प्रवक्ता लगायत



तानसेन-१ का वडा अध्यक्ष रामप्रसाद बस्यालको स्वास्थ्य स्थितिबारे जानकारी लिदैं नगर प्रमुख लगायत



सेण्टकपितानियो स्कूल तानसेनका फादर रिचार्ड भासलाई बुलेटिन प्रदान गर्दै प्रधान सम्पादक







तानसेन-१० तेल्घामा श्रीमद्भागवत तथा गणपति महाअनुष्ठान गर्ने बारे पत्रकार सम्मेलनमा सहभागी जनप्रतिनिधि र पत्रकारहरू

# तस्बिरमा तानसेन




घरघरमा स्वास्थ्य सेवा अभियान अन्तर्गत स्वास्थ्य परीक्षण गर्दै मदनपोखरा स्वास्थ्य चौकीका प्रमुख झविन्द्र न्यौपाने र जचाउँन पालो पर्खेका नागरिकहरू





घरघरमा स्वास्थ्य सेवा अभियान अन्तर्गत तानसेन १३ छेर्लुङमा भएको कार्यक्रमको झलक (स्वास्थ्य परीक्षण गर्दै डा. फरजना वानु)




घरघरमा स्वास्थ्य सेवा अभियान अन्तर्गत तानसेन-१४ अर्गलीमा सेवा दिन खटिएका स्वास्थ्यकर्मी र जचाउँन पालो पर्खेका नागरिक

| | | | | |
|---|---|---|---|---|
| ६ | बुद्धिप्रसाद शर्मा: पूर्व प्रधानाध्यापक | सदस्य | २०७५।४।२५ | |
| ७ | गोविन्दप्रसाद नेपाल: पूर्व प्रधानाध्यापक | सदस्य | २०७५।४।२५ | |
| ८ | शिक्षा शाखा प्रमुख ता.न.पा. | सदस्य सचिव | २०७५।४।२५ | |

**समानुपातिक विज्ञापन नीति तर्जुमा समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | कीर्तनराज पौडेल प्रमुख प्रशासकीय अधिकृत | संयोजक | २०७५।४।२५ | |
| २ | राजेशकुमार अर्याल (अध्यक्ष नेपाल पत्रकार महासंघ पाल्पा) | सदस्य | २०७५।४।२५ | |
| ३ | झपेन्द्र गैरे (पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ पाल्पा) | सदस्य | २०७५।४।२५ | |
| ४ | गोविन्दप्रसाद भट्टराई (पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ पाल्पा) | सदस्य | २०७५।४।२५ | |
| ५ | रेखिराम राना (सम्पादक) | सदस्य | २०७५।४।२५ | |
| ६ | सामाजिक विकास शाखा प्रमुख ता.न.पा. | सदस्य | २०७५।४।२५ | |

**आन्दोलन चोक, अप्पूभिलेज सडक, मखनटोल सडक चौडा र विस्तार एवम् व्यवस्थित गर्ने समन्वय एवम् सहजीकरण समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | सागरमान महर्जन: वडा अध्यक्ष - वडा नं. ६ | संयोजक | २०७५।४।२५ | |
| २ | वरुणप्रसाद रेग्मी: वडा अध्यक्ष - वडा नं. २ | सदस्य | २०७५।४।२५ | |
| ३ | महेशलाल शाक्य: वडा अध्यक्ष - वडा नं. ३ | सदस्य | २०७५।४।२५ | |
| ४ | राजेन्द्रमुनि शाक्य: वडा अध्यक्ष - वडा नं. ४ | सदस्य | २०७५।४।२५ | |
| ५ | रामबहादुर रावल: वडा अध्यक्ष - वडा नं. ५ | सदस्य | २०७५।४।२५ | |
| ६ | पूर्वाधार शाखा प्रमुख ता.न.पा. | सदस्य सचिव | २०७५।४।२५ | |

**श्रीनगर भ्यू टावर अनुगमन तथा निरीक्षण समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | रामप्रसाद वस्याल: वडा अध्यक्ष - वडा नं. १ | संयोजक | २०७५।४।२५ | |
| २ | महेशलाल शाक्य: वडा अध्यक्ष - वडा नं. ३ | सदस्य | २०७५।४।२५ | |
| ३ | रामबहादुर रावल: वडा अध्यक्ष - वडा नं. ५ | सदस्य | २०७५।४।२५ | |
| ४ | अध्यक्ष (TACT) | सदस्य | २०७५।४।२५ | |

**कर्मचारी प्रोत्साहन कार्यविधि तयारी मस्यौदा समिति**

| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | कीर्तनराज पौडेल - प्रमुख प्रशासकीय अधिकृत | संयोजक | २०७५।५।२४ | |
| २ | दिवाकर अर्याल - लेखा अधिकृत | सदस्य | २०७५।५।२४ | |
| ३ | विष्णु पौडेल - योजना तथा प्रशासकीय अधिकृत | सदस्य | २०७५।५।२४ | |
| ४ | दुर्गाबहादुर थापा - बरिष्ठ अधिकृत | सदस्य | २०७५।५।२४ | |
| ५ | यादवप्रसाद न्यौपाने - बरिष्ठ अधिकृत | सदस्य | २०७५।५।२४ | |

| योजना तथा भवन निर्माण मापदण्ड मस्यौदा समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | दामोदरप्रसाद घिमिरे: (प्रवक्ता) वडा अध्यक्ष - वडा नं. ११ | संयोजक | २०७५।६।२४ | |
| २ | महेशलाल शाक्य: वडा अध्यक्ष - वडा नं. ३ | सदस्य | २०७५।६।२४ | |
| ३ | रामबहादुर रावल: वडा अध्यक्ष - वडा नं. ५ | सदस्य | २०७५।६।२४ | |
| ४ | सागरमान महर्जन: वडा अध्यक्ष - वडा नं. ६ | सदस्य | २०७५।६।२४ | |
| ५ | मुक्तिराम जि.सी.: वडा अध्यक्ष - वडा नं. ७ | सदस्य | २०७५।६।२४ | |
| ६ | हरिसुमर रेग्मी: वडा अध्यक्ष - वडा नं. ९ | सदस्य | २०७५।६।२४ | |
| ७ | पूर्वाधार विकास समिति संयोजक न.पा. | सदस्य | २०७५।६।२४ | |
| ८ | घर नक्शा इकाइ प्रमुख न.पा. | सदस्य स. | २०७५।६।२४ | |

| फोहर मैला व्यवस्थापन अनुगमन समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | राजेन्द्र अधिकारी | संयोजक | २०७५।६।२४ | |
| २ | विष्णु अधिकारी | सदस्य | २०७५।६।२४ | |
| ३ | दलबहादुर रास्कोटी | सदस्य | २०७५।६।२४ | |
| ४ | प्रज्ञासागर शाक्य (वज्राचार्य) | सदस्य | २०७५।६।२४ | |
| ५ | दलबहादुर राजपुत | सदस्य | २०७५।६।२४ | |
| ६ | रमेशराज वज्राचार्य | सदस्य | २०७५।६।२४ | |
| ७ | दीपक अधिकारी | सदस्य | २०७५।६।२४ | |
| ८ | सरसफाइ शाखा प्रमुख | सदस्य सचिव | २०७५।६।२४ | |

| नगरसभाबाट गठित समिति, तानसेन नगरपालिका स्तरीय लेखा समिति | | | | |
|---|---|---|---|---|
| क्र.स. | नाम | पद | समिति गठन मिति | कैफियत |
| १ | महेश्वर श्रेष्ठ: वडा सदस्य - ता.न.पा. २ | संयोजक | २०७५।३।२६ दोस्रो वैठक | |
| २ | प्रशान्त मल्ल: वडा सदस्य - ता.न.पा. ६ | सदस्य | २०७५।३।२६ दोस्रो वैठक | |
| ३ | सीता कार्की: वडा सदस्य - ता.न.पा. ११ | सदस्य | २०७५।३।२६ दोस्रो वैठक | |
| ४ | दुर्गा नेपाली: वडा सदस्य - ता.न.पा. वडा नं. १ | सदस्य | २०७५।३।२६ दोस्रो वैठक | |
| ५ | रमेशप्रसाद न्यौपाने: वडा सदस्य - वडा नं. १४ | सदस्य | २०७५।३।२६ दोस्रो वैठक | |

(शाखा अधिकृत)

क्रमशः

# तानसेन नगरपालिका सरसफाइ शाखाको मुख्य गतिबिधि :



-शंकर भण्डारी

- सात वटा टोल विकास संस्था, सरकारी कार्यलय तथा सामाजिक संघ संथालाई ३७५ बटा फोहोर राख्ने बाल्टिन (Dustbin) वितरण तथा अनुगमन गरिएको छ ।
- तानसेनका सामुदायिक तथा संस्थागत विद्यालयसँग सहकार्यमा (जात्रा विशेष) ७० स्थानमा सरसफाइ अभियान सञ्चालन गरियो ।
- १५ वटा टोल विकास संस्थासँग सरसफाइ सहित अर्न्तक्रिया सम्पन्न भयो।

संघ संस्था र सरकारी कार्यालय, गोरख दल गण, नेपाल प्रहरी, सशस्त्र प्रहरीको सहयोगमा सार्बजनिक स्थल अमरनारायण स्थान, भगवती मन्दिर जस्तै दर्जन बढी साबजनिक स्थल परिसर सरसफाइ गरिएको।

- नेपालको ताज महलको रूपमा रहेको रानीमहल सरसफाइलाई निरन्तरता दिएका छौँ।
- तानसेन दरवार परिसर सरसफाइ गरी त्यस क्षेत्रमा डस्टबिन राखिएको छ।



- नगरपालिकाको सफाइ कर्मचारीको लागि स्वास्थ वीमा, जीवन वीमा र आधारभूत स्वास्थका बारेमा छलफल गरिएको छ।
- अमरनाराण मन्दिरलाई फूलवारी बनाउने उद्देश्यले तानसेन नगरपालिका र वडा नं. २ र २ नम्बरका टोल विकास संस्थालाई उत्प्रेरित गरी पटक पटक गरी ६ पटक सफा गरी सौन्दयकरण गरिएको छ।



- तानसेन नगरपालिका अगाडिको टुँडिखेल क्षेत्रमा रहेका बिरुवा संरक्षणका लागि बाँसको बार बारी बिरुवा संरक्षण गरिएको छ।
- होलाङ्दी धारा, तिनधारा, अमरनाराण धारा, निशान धारा, प्रभास र दमकडा क्षेत्रमा सरसफाइ अभियान चलाईएको छ।
- तानसेनका सबै खाने पानीको मूल सफा गरिएको छ।
- बतासेडाँडा, श्रीनगरडाँडा र टुँडिखेल क्षेत्र पटकपटक सफा गरी नयाँ काम र योजनाको शुरुवात गरिएको छ।
- सफा टोल सफा नगर अभियानमा पाल्पा प्याब्सनसँग पटकपटक छलफल गरी आगामी दिनमा तानसेन सफा अभियान सञ्चालन गर्ने समझदारी भएको छ।
- बैकल्पिक उर्जा केन्द्र र तानसेन नगरपालिका बीच कुहिने फोहरबाट उर्जा परियोजना कार्यान्वयनको लागि संम्झौता पत्रमा हस्ताक्षर भयो। आगामी केही दिनमा डिपीआर पुरा हुनेछ।
- तानसेनको बजार क्षेत्रमा पोकामा फोहर फाल्ने ३५ जनालाइ सरसफाइ अभियान मार्फत् सचेत गराइ कारबाही गरियो।
- बजार क्षेत्रमा फोहर नगर्न र निशेधित प्लाष्टिक प्रयोग नगर्नेबारे माइकिङ. र छडके अनुगमन गरी करीब ४८० के जी प्लाष्टिक बरामद गरिएको छ।
- बजारको बाहिरी भागमा बजारलाइ कुरुप देखिने गरी राखिएका व्यानर, बोर्ड,फ्लेक्सीट सिट करीब १८० वटा नगरपालिकाको सरसफाइ शाखाका कर्मचारीबाट बरामद गरियो।
- फोहर नगर्नु हुन भन्ने अनुरोध र गरे जरीवाना गरीनेछ भन्ने करीब ५५ वटा सचेतनामूलक बोर्ड विभिन्न स्थानमा राखिएको छ।
- तानसेनका यत्रतत्र फाल्ने माटोलाई प्रस्तावित बसपार्क निर्माण क्षेत्रमा फाल्ने समझदारी बनाइ कार्यान्वयन गरिएको छ।



- नगरपालिकाको कोर क्षेत्र सफा र फोहर बोक्ने काम को क्षेत्र बिस्तार गरी प्रभाबकारी रूपमा कार्यान्वय गरिएको छ।
- तानसेनका ३० वटा स्थानका ढल पुनःनिर्माण र मरम्मत गरिएको छ।
- सार्बजनिक स्थानमा करीब ४० डस्टविन राखीएको छ।
- चोक र गल्लीलाई सफा राख्न सरोकारवालाको निगरानीका लागि योजना निर्माण गरिएको छ।
- तानसेन सफा राख्नकालागि आम नागरिकको सहभागिता बिना सम्भब छैन भन्ने आसयलाइ सार्थक बनाउने काममा सघाउन तानसेन सफा अभियानमा जुटौं, सफा तपाईले गरे मात्र सम्भब छ भन्ने कुराको प्रचार प्रसार गरिएको छ।
- तानसेन बजार क्षेत्रभित्र तानसेन सफा राखौ भन्ने नारा र फोहर गरे कारबाही गर्ने सक्ने ८ स्थानमा होर्डिङ्गबोर्ड राखिएको छ।
- नेपाली सेनाको गोरख दल गणको सहकार्यमा तानसेन देखि प्रभाससम्मको नाली बाटो र सार्बजनिक स्थलको वरपर सरसफाइ गरिएको छ।
- तानसेनको बजार क्षेत्रमा रहेका सार्बजनिक शौचालयलाई पुनः सञ्चालनका लागि सफा गरी मरर्मत गर्न तयारी गराइएको छ।
- वनदेबी क्षेत्रको वरपरको स्थानलाई सफा राख्न बोर्ड र साप्ताहिक रूपमा सरसफाइ अभियान जारी राखेका छौं।
- सार्बजनिक यातायातबाट निस्कने फोहरका बारेमा स्टीकर तयार गरी सफा राख्नका लागि जनचेतनामूलक सन्देश बनाइएको छ र पाल्पा तानसेनबाट छुट्ने सबै सवारी साधनमा टाँस्ने योजना रहको छ।
- श्रीनगर, अमरनारायण मन्दिर र तानसेन दरवार परिसरको सरसफाइका लागि निश्चित दिन तोकी काम अगाडि बढाउने योजना बनाइएको छ।
- फोहर स्रोतबाटै कम गर्न सबैमा हार्दिक अपिल गर्दछौं र सडक, चौर, बगैचा र सार्बजनिकस्थलको संरक्षणका लागि अरुको मुख ताक्नुभन्दा आफ्नोटोल आँफै सफा अभियानमा लाग्नुहुन तानसेन नगरपालिका हार्दिक अनुरोघ गर्दछ।

(प्रमुख, सरसफाइ शाखा)

कविता

# हाम्रो सुन्दर तानसेन



- टंक पन्थ

पाल्पाको मुटु यो नवीन रङका आशा लिई उर्बर
शिक्षाको सुकिलो दियो चहकिलो आलोक यो सुन्दर
यस्तै स्वास्थ्य सुधार धारतिरको संभावना हो नयाँ
नारा पर्यटकीय लक्ष्य सबको बन्दै गरेको यहाँ।।

चम्किन्छन् हिमटाकुरा चहकिला आँखा त्यतै लोभिने
पङ्खा चल्छ हिमालका पवनले आत्मा त्यसै लोलिने
माडीमा जब बस्छ टम्म कुहिरो सौन्दर्यको तालमा
शोभा खुल्छ अपार यो प्रकृतिमा आनन्दको छालमा।।

माडीबाट उकालिँदै सगर यो चुम्दै उभिन्छिन् धरा
डाँडा श्रीनगरै पुगेर सुखको वर्षिन्छ धारा सदा
रानीघाट डटेर भन्छ अब लौ प्रेमीहरू हो उठ
जागा छन् हृषिकेशवै जब यहाँ ऐश्वर्य हो यो बुझ।।

श्रद्धाका मठ मन्दिरै छविछटा छन् सम्पदा सुन्दर
नेपालीपन खुल्दछन् हृदयमा गर्छन् सबै आदर
हाम्रो सुन्दर तानसेन अबको गन्तव्य यो बन्दछ
साँच्चै आँट लिएर लम्कन सके भूस्वर्ग नै बन्दछ।।

यौटा बिम्ब छ जो गुफा चहुरको सङ्कल्पको आँटको
हाम्रा जाँगरले सजाउन सके सम्भावना भित्रको
देवी छन् विजयी यता भगवती उत्साह भर्छिन् सदा
श्रीनारायण छन् पवित्र छ धरा छन् पूज्यका देवता।।

पाखापर्वतले सुसज्जित छ यो रोमाञ्चको वाग हो
तेजस्वी रविका सफा किरणले बस्ती उज्यालो छ यो
आस्थाभित्र चुलिन्छ मर्म गहिरो माधुर्यको रागमा
खुल्छिन् सुन्दर तानसेन रमणी लालित्यको भावमा।।

बस्ती स्वच्छ सफा छ भिन्न जन छन् यौटै छ साझापन
हेर्नै लायक छन् कला उपकला सौन्दर्यको यो वन
ढाका छन् करुवा नयाँ इलममा बढ्दै छ यो सुस्तरी
साँच्चै रम्य छ तानसेन नगरी हो अप्सरा स्वर्गकी।।

**(साहित्यकार तथा समीक्षक)**

# शिक्षा शाखाद्वारा गरिएका मूख्य कार्यक्रमहरू



- रेशमलाल न्यौपाने

(२०७५ साउन यताको मुख्य गतिविधि बुँदामा प्रस्तुत गरिएको छ।)

१. विद्यालयको शैक्षिक, भौतिकअभिलेखहरू अद्यावधिक गरेको।

२. ३९औं राष्ट्रिय शिक्षा दिवस तथा ५२ औं अन्तर्राष्ट्रिय साक्षरता दिवस (८से.२०१८) तपसिलमा उल्लिखित शैक्षिक कार्यक्रमहरूको आयोजना गरी मनाईएको छः

» आधारभूत तह स्तरीय चित्रकला प्रतियोगिता

» माध्यमिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता

» माध्यमिक शिक्षा परीक्षा २०७४ मा ३.६५ वा सो भन्दा माथि GPA प्राप्त गरी विद्यार्थी उतीर्ण गराउन सफल नगरपालिका भित्रका १४ वटा विद्यालयहरूलाई प्रशंसा पत्र बितरण गरियो।

» शैक्षिक सत्र २०७४ को आधारभूत तह (कक्षा ८) उतीर्ण परीक्षामा उत्कृष्ट अंक ल्याउन सफल २–२ जना छात्रा छात्रहरूलाई नगद तथा प्रशंसा पत्र प्रदान गरियो।

» शैक्षिक सचेतनामूलक तथा राष्ट्रियता प्रवर्द्धन गर्ने खालका सांस्कृतिक कार्यक्रम गरियो।

» प्रतिनिधिमूलक रूपमा शैक्षिक सरोकारवालाहरूबाट शुभकामना तथा पृष्ठपोषण मन्तब्यको आयोजना गरिएको थियो।

३. शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी प्रारम्भिक कार्यको थालनी गरियो।

४. सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको बैठक आयोजना गरी समसामयिक शैक्षिक सन्दर्भहरूबारे छलफल तथा स्वास्थ्य सम्बन्धी औषधि त्ययपिष्त दबन बितरण गरियो।

५. आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन कार्यविधि २०७४ संसोधन गरिएको छ।

६. आ.व. २०७५/७६ को लागि प्राप्त शैक्षिक भौतिक कार्यक्रम वितरण गरिएको छ।

७. शैक्षिक सत्र २०७६ देखि नयाँ विद्यालय खोल्न र कक्षा थप गर्न इच्छुक विद्यालयहरूको निवेदन संकलन गरियो।

८. युवा प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत उद्यम परियोजना प्रस्ताव लेखन प्रतियोगिता सञ्चालन गरियो ,।

(संयोजक, नगर शिक्षा समिति)

पाठक पत्र

## टुँडिखेललाई पार्क बनाऔं

तानसेनको टुँडिखेलको स्तरोन्नति र सौन्दर्यता बढाउनका लागि नगरपालिकाबाट शुरू भएको पहल प्रशंसनीय छ। टुँडिखेल पार्किङ स्थल हुनुहुदैन। धार्मिक वा अन्य कुनै नाममा टुँडिखेलको दोहन गलत हो। वास्तवमा टुँडिखेललाई सौन्दर्य पार्कका रूपमा विकास गर्नु जरूरी छ। तानसेन बजार क्षेत्रमा अन्य खूला स्थान नभएको हुनाले टुँडिखेललाई पार्क कै रूपमा विकास गर्नु राम्रो हो। मेला, महोत्सवहरूको सञ्चालनका लागि अन्य वैकल्पिक स्थानको खोजी गर्ने र त्यस्ता अवसरमा नेपाली उत्पादनलाई प्रोत्साहन दिई कारोबार भएको राशी स्थानीय बजारमा टिक्ने तर्फ ध्यान दिन सम्बन्धित सबैमा आग्रह गर्दछु। खेलकूँदका लागि समेत भूसलडाँडाको कभर्ड हलको विकास, गोर्खेकोटमा स्टेडियम, दमकडामा फूटबल तथा क्रिकेट मैदान र अन्य स्थानको पनि पहिचान गरी साना तथा ठूला रंगशाला, जिम्नेसियम आदिको निर्माण गरी खेलहरू विशिष्टताका आधारमा विस्तार गर्नु आवश्यक छ। यस्का साथै बनदेवीमा निर्माण गरिने बसपार्क छिटो बनोस् र अहिलेको बसपार्क तानसेन घुम्न आउनेका सवारी साधन पार्किङ गर्ने गरी प्रयोग गरियोस्। स्थानीय विद्यालय, अस्पताल, ब्यवसायीहरूले सार्वजनिक स्थलमा पार्किङ गर्ने चलन बन्द होस्। सवारी साधनको पार्किङको ब्यवस्था गरेर मात्र सवारी साधन किन्ने तर्फ ध्यान जानुपर्छ। गल्लीगल्लीमा पार्किङगरिने साना गाडी तथा मोटरसाइकलहरू पनि हटाएर शहरमा सुरक्षा र सुन्दरता बढाउन आवश्यक छ। वास्तवमा सवारी साधनको अब्यवस्थित पार्किङ र साँघुरा गल्लीमा बढ्दो सवारी चापका कारण तानसेन असुरक्षित बन्दै गएको हुनाले वैकल्पिक उपायहरू खोज्नु स्थानीय वासिन्दा र नगरपालिकाको दायित्व हो।

–गोपालप्रसाद बस्यालबाट

# तानसेन नगरपालिका स्वास्थ्य शाखा गतिविधि



- सिरबहादुर राना

नगर स्वास्थ्य शाखा मातहत भएका गतिविधि र खर्चलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छः

| क्र.सं. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | कण्डम दिवस मनाइएको | ५,००० |
| २ | विश्व एड्स दिवस मनाइएको | १५,००० |
| ३ | 'भिटामिन ए' क्याप्सुल वितरण | ७२,८०० |
| ४ | स्तनपान सप्ताह मनाइएको | ११,००० |
| ५ | आयोडिन महिना मनाइएको | ११,००० |
| ६ | स्वास्थ्य चौकी स्तरमा औजार उपकरण फर्निचर साथै स्वास्थ्य संस्था मर्मत सुधार | १,२०,००० |
| ७ | डेङ्गु नियन्त्रण गर्न लाम्खुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान सञ्चालन गरिएको | १,००,००० |
| ८ | अस्पताल तथा वर्थिङ्ग सेन्टरमा २४ घण्टा प्रसुति सेवा सञ्चालन गर्न अनमी करारमा नियुक्त (मदनपोखरा र अर्गली स्वास्थ्य चौकी) | |
| ९ | आमा सुरक्षा कार्यक्रम यातायात खर्च, उत्प्रेरणा, निःशुल्क गर्भ पतनसेवा | १,००,००,००० |
| १० | आई.यु.सि.डि. र इम्प्लान्ट सेवा प्रदान | ७,१७० |
| ११ | परिवार नियोजन तथा म.स्वा.से. दिवस | ३०,००० |
| १२ | गाउँघर क्लिनिक (यातायात खर्च) सञ्चालन | १६,००० |
| १३ | महिला स्वास्थ्य स्वमसेविका पोशाक भत्ता वितरण | ६,६७,५०० |
| १४ | उपचाररत क्षयरोग बिरामीको चौमासिक कोहर्ट विश्लेषण (२ चौमासिक) कार्यक्रम गरिएको | २५,००० |
| १५ | निःशुल्क वितरणको लागि औषधि खरिद गरिएको | ७,००,००० |
| १६ | घरघरमा स्वास्थ्य सेवा अभियान सञ्चालन २ चरण सम्म सम्पन्न | ६,७०,००० |
| १७ | VIA Camp सञ्चालन ३ वटा शिविर सम्पन्न | ८०,००० |
| १८ | महिला स्वास्थ्य स्वमसेविकाहरूको कामको प्रथम अर्धवार्षिक समीक्षा गोष्ठी पहिलो सम्पन्न | १,७०,००० |
| १९ | कास करार नियुक्त (मदनपोखरा स्वास्थ्य चौकी, अर्गली स्वास्थ्य चौकी र पाल्पा अस्पताल ) | |

(संयोजक नगर स्वास्थ्य शाखा)



# कृषि तथा पशु सेवा शाखाका काम



- हरिप्रसाद कोइराला

तानसेन नगरपालिका कृषि तथा पशु सेवा शाखा कार्यालयबाट आव २०७५/७६ को पहिलो ६ महिनामा भएका काम संक्षेपमा यसप्रकार रहेका छन :

आवश्यकताअनुसार विभिन्न वडामा कृषि बाली तथा पशु सेवातर्फ आकस्मिक उपचार तथा खोप सेवा उपलब्ध गराइयो । पशु स्वास्थ्य तथा परजीवी नियन्त्रण कार्यक्रम सञ्चालन गरियो । मदनपोखरा, अर्गली सेवा केन्द्र लगायतबाट पशु स्वास्थ्य तथा उपचार सेवा उपलब्ध गराइएको छ । दूध तथा मासु पसल फार्म अनुगमन गरी आवश्यक कारवाही गरियो भने सुधारका लागि सुझाव समेत दिने काम भयो ।



आवश्यकताअनुसार घरपालुवा गाई, भैसी र बाख्राका लागि कृत्रिम गर्भाधान सेवा उपलब्ध गराएका छौं । डाँलेघाँस बिरुवा उत्पादन (नर्सरी व्यवस्थापन) को काम तानसेन-१, ध्रुवघाटमा भैरहेको छ। नगरपालिकामा रहेका दुग्ध उत्पादक सहकारी संस्थासँग साझेदारीमा चिलिङभ्याट, मिल्क एनालाइजर, डिफ्रिज लगायतका सामग्रीमा अनुदान उपलब्ध गराइयो । तानसेन १३ मा कृषक पाठशाला सञ्चालन गरियो । विभिन्न ठाउँमा भकारो सुधार कार्यक्रम गरियो । वडा नं १० र १३ का व्यावसायिक कृषकको लागि उन्नत बीउबिजन वितरण गरियो । वडा नं १२ मा जुठेल्नो पानी संकलन तथा तरकारी खेती तालिम चलाइयो । वडा नं ६ मा पशुपालन तालिम तथा औषधि वितरण कार्यक्रम सम्पन्न भयो । विभिन्न समूह र समितिलाई हिँउदे वर्षे घाँस तथा तरकारीको बीउ वितरण गरियो । तानसेन १० मा बाख्राको खोर निर्माण तथा सुधार कार्यक्रम गरियो । पशुपक्षी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम



समेत सञ्चालन गरिएको छ । २०७५ माघसम्ममा उल्लिखित काममा करीव ५ लाख ३४ हजार रकम खर्च भएको अवस्था छ ।

(संयोजक, कृषि तथा पशु सेवा शाखा)

❑ कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।
❑ नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।
❑ कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।
❑ कर तिरौं, सभ्य नागरिक बनौं।
❑ समयमै कर तिरौं, जरिवानाबाट बचौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

## तानसेन नगरपालिकाको अनुरोध

❑ सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर
❑ सार्वजनिक सम्पत्ति सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौं
❑ घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं
❑ प्लाष्टिक झोलाको बिकल्पको रूपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने झोलाको प्रयोग गरौं
❑ सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं

# तानसेन नगरपालिकाको मोबाइल एप शुभारम्भ



- प्रकाश गैरे

तानसेन नगरपालिकाद्वारा सञ्चालन गरिएका विकास तथा अन्य गतिविधिहरू पारदर्शीरुपले नगरवासी समक्ष पुऱ्याउन नगरपालिकाले मोबाइल एप शुभारम्भ गरेको छ। नगरपालिका क्षेत्रमा भएका विभिन्न क्रियाकलापहरू मोबाइल एपको माध्यमबाट हेर्न र बुझ्न सकिने व्यवस्था गरिएको छ। मिति २०७५ पुस २५ गतेका दिन तानसेन नगरपालिकाका नगर प्रमुख अशोककुमार शाहीको अध्यक्षतामा, प्रदेश नं ५ का सांसद द्वय डा. पुरनमान बज्राचार्य र वीरबहादुर रानाले मोबाइल एप खोली यसको शुभारम्भ गर्नुभएको हो। उक्त मोबाइल एप GOOGLE PLAY STORE मा पाउन सकिन्छ। PLAY STORE मा गइ TANSEN MUNICIPALITY हानेर खोज्नुपर्ने हुन्छ र डाउनलोड गर्न सकिन्छ।

यो एपको माध्यमबाट नगरपालिकाबाट प्रदान गरिने विभिन्न सेवाहरूका साथै त्यस सेवाको लागि आवश्यक प्रक्रिया, कागजात, शाखाहरूको पनि विवरण पाउन सकिन्छ। १४ वटा वडाको वडा विवरण, सम्पर्क फोन नम्बर र जनप्रतिनिधिहरूको विवरणसमेत रहेको यस मोबाइल एपको मध्यमबाट सेवाग्राहीहरूले नगरपालिकाका सेवाहरू प्रति आफ्नो गुनासो साथै नगरपालिकाको कामप्रति आफ्नो सुझाव पनि नगरपालिकालाइ दिन मिल्ने व्यवस्था गराइएको छ।



नगरपालिकाभित्र रहेका नागरिकले अफ्नो क्षेत्रमा देखिएका विभिन्न समस्याहरू यस एप मार्फत् दर्ता गर्ने सकिने व्यवस्था रहेको छ। नागरिक प्रति उत्तरदायी, जवाफदेही र पारदर्शी रूपले कार्य अगाडि बढाउन मोबाइल एप महत्त्वपूर्ण रहेको कार्यक्रममा उपस्थित पाहुनाहरूले बताउनु भयो। (सुचना प्रविधि अधिकृत)

# पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र तानसेनको सेवा



- माधव बस्याल

पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र तानसेनबाट २०७५ साउनदेखि माघ मसान्तसम्म भएगरेका सेवाहरूको संक्षिप्त तथ्याङ्क यसप्रकार रहेको छः



बहिरंगतर्फ २३ हजार १७ जनालाई निःशुल्क सेवा उपलव्ध गराइएको छ। स्नेहन स्वेदन सेवाबाट ३ हजार ६ जना बिरामी लाभान्वित भएका छन्। जेष्ठ नागरिकहरू ३ सय ९८ जनाको स्वास्थ्य परीक्षणपश्चात् आवश्यक औषधि उपलव्ध गराइएको छ। स्तनपायी आमा सेवाबाट ३ सय ४६ जना लाभान्वित भएका छन। गाउँघर क्लिनिक सेवाबाट २ हजार १२ जना बिरामी लाभान्वित भएका छन्। घरघरमा पुगेर जेष्ठ नागरिकहरूको स्वास्थ्यपरीक्षण गर्ने अभियानअन्तर्गत १ सय जनाले सेवा प्राप्त गरेका छन्। यसरी यस कार्यालय र अन्तर्गतका कार्यालयहरूबाट समेत निःशुल्क रूपमा २८ हजार ३ सय ९६ जनाले सेवा प्राप्त गरेका छन्।

(निमित्त प्रमुख)

## तानसेन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जिल्ला पाल्पा

५ नम्बर प्रदेश, नेपाल

आ.व. २०७५/०७६ माघ मसान्त सम्मको आमदानी खर्च विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

| आय शीर्षक | आमदानी रकम | रकम रु. | व्यय शीर्षक | खर्च रकम | स्वीकृत बजेट रु. | वास्तविक रकम रु. |
|---|---|---|---|---|---|---|
| गत वर्षको बाँकी | ७,२३१,०५,३०० | ४८,६००,००० | प्रशासनिक खर्च | ३०,३१८,४५८ | ५८,३२९,२९३ | ३३,९७०,७५२ |
| राजस्व आमदानी | २३,४२८,८९,०७०० | ५४,८४०,००० | कार्यालय खर्च | ७,७६६,०७७ | ६७,९०३,००८ | ६०,१३६,९३१ |
| समानिकरण आमदानी | ७३,३००,०००।०० | १४६,६००,००० | नगर विकास कोष | ३,६६०,००० | ३,६६०,००० | । |
| राजस्व बाँडफाड | २५,१२५,७०३।०० | १०२,३२०,००० | ६०/४० कार्यक्रम | ३,३४२,४८७ | ३२,५२८,००० | २९,१८५,५१३ |
| अनुदान तथा ऋण | । | १५,०००,००० | जनसहभागिता लगायत कार्यक्रम | । | १०,५००,००० | १०,५००,००० |
| एल.जि.सि.डि.पि. कार्यक्रम | । | ५६०,००० | नगर गौरव आयोजना तथा साझेदारी योजना | । | ३१,०००,००० | ३१,०००,००० |
| सडकबोर्ड | । | ५,०००,००० | सडक बोर्ड | । | २,६६०,००० | २,६६०,००० |
| भारतीय दुतावास | । | ३०,०००,००० | भारतीय दुतावास शिल भण्डार | । | ४,०००,००० | ४,०००,००० |
| जनसहभागिता | । | १३,४००,००० | संघ प्रदेश सरकार संग साझेदारीमा गरिने कार्य | । | १०,०००,००० | १०,०००,००० |
| सशर्त अनुदान आय प्रदेश सरकार | ३,०७५,०००।०० | ७,६००,००० | अन्तर्राष्ट्रिय समबन्ध साझेदारी | ३६०,६०० | २,०००,००० | १,६३९,६०० |
| | | | पूर्वाधारात्मक कार्यक्रम | १३,३१४,३३७ | १०१,६३५,७७९ | ८८,२९१,४४२ |
| | | | नगरस्तरीय कार्यक्रम | ६,४२६,००० | २८,०००,००० | २१,५७४,००० |
| | | | विपत व्यवस्थापन कोष | ८,९०० | १,६००,००० | १,४९१,९०० |
| | | | मर्मत सम्भार कोष | ८६९,०६४ | ३,६००,००० | २,६३०,९३६ |
| | | | वातावरण संरक्षण कोष | । | २६४,००० | २६४,००० |
| | | | हितकारी कोष | १५,००० | ३००,००० | २८५,००० |
| | | | कुल सशर्त कार्यक्रम पुँजिगत | । | ५२,४४४,५९३ | ५२,४४४,५९३ |
| | | | नगर सभा बाट निर्णय भएका योजनाहरु | ३,३०२,९०७ | ३,३०२,९०७ | । |
| | | | एल.जि.सि.डि.पि. कार्यक्रम | २१३,६०० | २१३,६०० | । |
| | | | सामाजिक सुरक्षा अनुदान | २५,२६९,६०० | ७५,५५०,००० | ५०,२८०,४०० |
| सशर्त आमदानी | १०२,२८३,९०० | ३३७,६००,००० | स्वास्थ्य तर्फको | ३०,३४२,०४२ | ५८,३१५,००० | २७,९७२,९५८ |
| | | | शिक्षा तर्फको | ७५,६५९,४२४ | २३०,४११,००० | १६०,४२१,५७६ |
| | | | कृषि तर्फको | ९२४,४६० | ३,८०९,००० | २,८८४,५४० |
| | | | खानेपानी तथा सरसफाइ | | ३६०,००० | ३६०,००० |
| | | | लैङ्गिक समानता तथा समावेशीकरण | १३१,००० | १,१४९,००० | १,०१८,००० |
| | | | उर्जा | । | १,९६६,००० | १,९६६,००० |
| | | | वन तथा भू संरक्षण | । | ३००,००० | ३००,००० |
| जम्मा | ३०३,४४४,६६००० | ८०१,३१०,०००० | जम्मा | १९९,५३२,९६६७३ | ८०१,३१९,००० | ६०१,८२८,०४४७ |

लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# तानसेन नगरपालिकाले तत्काल गर्नुपर्ने तीन काम र सुधार्नुपर्ने कुराबारे पूर्व जनप्रतिनिधिहरू के भन्नु हुन्छ ?

(तानसेन नगरपालिकामा बि.सं. २०५४ देखि २०५९ सम्म हालकै नगर प्रमुख अशोककुमार शाही मेयर हुनुहुन्थ्यो । वहाँसँगै नगरपालिकामा त्यसबेला निर्वाचित केही जनप्रतिनिधिहरूले तानसेनले तत्कालै गर्नुपर्ने ३ काम र सुधार्नुपर्ने (विशेषतः नगरप्रमुखले) तीन वटा कामबारे जे भन्नुभयो तिनै कुरा यहाँ प्रस्तुत गरिएको छ –प्रधान सम्पादक)



**- मित्रलाल बज्राचार्य**

नगरप्रमुख अशोककुमार शाहीले विशेषतः अहिले डम्पिङ्गसाइट व्यवस्थापन अर्थात् फोहरमैला व्यवस्थापनको कामलाई पहिलो प्राथमिकता दिनु राम्रो हुन्छ भन्ने मलाई लागेको छ। दोस्रो कुरा, बसपार्क साँघुरो भयो नयाँ बसपार्क छिट्टै बनाउनतर्फ लाग्नुपर्छ। तेस्रो कुरा सडक सुधारमा ध्यान दिनु पर्‍यो अर्थात् ग्रामीण क्षेत्रलाई नगरपालिका भयो भनेर भएन त्यहीअनुसार सुविधा दिनुपर्‍यो।

सुधार्नुपर्ने कुराको सन्दर्भमा भाषण होइन अब जनप्रतिनिधिहरू काममा लाग्नुपर्‍यो। टोलटोल र बस्तीमा पुग्नुपर्‍यो। नगरपालिका कार्यालयबाट सहज रूपमा सेवाग्राहीले सेवा पाउने व्यवस्था हुनुपर्छ । तानसेनको भविष्य के त ? यसबारे निकास खोज्नुपर्‍यो अर्थात् दीर्घकालीन विकास योजना बनाउनुपर्‍यो।

(नगरपालिका सदस्य साविक वडा १५, तानसेन)



**- प्रेम मल्ल**

तानसेनलाई शैक्षिक केन्द्रको रूपमा विकास गर्न तत्काल मेयरको नेतृत्वमा शैक्षिक सुधारको अभियान थाल्नुपर्छ। दोस्रो कुरा बुटवल तानसेन सडक सहज यात्राका लागि सरोकारवालाहरूसँग छलफल गरेर काम गराउन पहल गर्नुपर्छ। तानसेन आउने पाहुना मात्र होइन सर्वसाधारण पाल्पालीलाई समेत शास्ती भयो। त्यसमाथि अचेल टिप्पर आतंक बढेको छ । तेस्रो कुरा फोहरमैला व्यवस्थापनका लागि गम्भीरतापूर्वक काममा लाग्न जरुरी छ।

सुधार्नुपर्ने कुरा गर्दा स्थानीय निकायबाट स्थानीय सरकारमा रुपान्तरण हुँदा समेत नगर सरकारले कामले नागरिकलाई अनूभूति गराउन नसकेको अवस्थाबारे समीक्षा जरुरी छ। अवरोध वा अप्ठेरा पहिचान गरेर कामलाई गति दिन जरुरी छ। जनप्रतिनिधिबीच समन्वय र सहकार्यलाई तीब्रता दिनुपर्छ। काम थोरै शुरु गरौँ तर सम्पन्न गरेर छाडौँ। नागरिकका गुनासा सुनौँ र समाधानका लागि पहल गरौँ।

(वडा अध्यक्ष साविक वडा ६, तानसेन, हाल नगरसभा सदस्य वडा नं ३)



**- गणेश बोहोरा**

तानसेन सुनसान हुँदै गएको छ यसर्थ सर्वप्रथम विकासका लागि पूर्वाधार तयार पार्ने वा व्यवस्थित गर्नेतर्फ नगरप्रमुखको ध्यान जानु आबश्यक देख्छु म। तानसेनमा दिनप्रतिदिन खानेपानीको समस्या चर्किँदै गएको सन्दर्भमा त्यो समस्या सम्बोधनका लागि के गर्नुपर्छ त्यसतर्फ लाग्नु पर्‍यो। तेस्रो कुरा तानसेनको भविष्य अब पर्यटन विकासबाट सम्भव हुनाले तानसेनमा पर्यटक भित्र्याउन योजनावद्ध रूपमा काम गर्नु पर्दछ। अव सरोकारवाला सबै एक ठाउँ जुटेर तानसेनको विकासका लागि लागिएन भने तानसेनको भविष्य अन्धकार देखिन्छ।

जनप्रतिनिधिले नगरबासीका गुनासोलाई सुन्नु पर्दछ। वडास्तरबाटआएका योजनालाई प्राथमिकतासहित सम्पन्न गराउन लाग्नु पर्दछ। काम शुरु गरेर मात्र हुन्न, सम्पन्न गर्न सक्नु पर्दछ। बसपार्क, टुँडिखेल स्तारोन्नति, फोहरमैला व्यवस्थापनको काम परिणाममै देखिनु पर्दछ। विकास निर्माणका सवालमा कसैलाई पन्पक्ष गरिनु हुँदैन।

(वडा अध्यक्ष, साविक वडा १०, तानसेन)

क्रमशः

**यो स्तम्भमा हामीले पूर्व जनप्रतिनिधिका सुझावलाई क्रमशः स्थान दिदै जाने छौं । - प्रधान सम्पादक**

# विविध गतिविधि

## तानसेन नगरपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरीबाट २०७५ साउन १ गतेबाट भएका मुख्य कामहरू:



-जयप्रकाश उप्रेती

१. २०७५ साउन १५ गते देखि पर्यटकीय सवारी साधनबाहेक अन्य स्थानीय सवारी साधनलाई टुँडिखेल क्षेत्रमा राख्न निषेध गरिएको र हालसम्म कार्यान्वयन गरिएको छ।
२. साउन महिनादेखि तानसेनको मुख्य बजार तथा आसपास क्षेत्रमा अव्यवस्थित तरिकाले राखिएको निर्माणसामग्री र व्यावसायिक सामग्री राखिएबापत् हटाउन लगाई रु ७,७०० । - जरिवाना गरिएको थियो।
३. नियम विपरित व्यवसाय गरेवापत् रु ५,९०० । - जरिवाना गरियो।
४. ता.न.पा. नगरभित्र प्रतिवन्ध लगाइएको प्लाष्टिक झोला बेच विखन गरेवापत् व्यवसायीहरूबाट रु ३,६०० । - जरिवाना वापत संकलन गरियो।
५. ता.न.पा. नगर क्षेत्रबाट बरामद ४ बोरा प्लाष्टिक झोला पत्रकार, वातावरणीय संयोजक र कार्यालयका व्यक्तिको रोहवरमा नष्ट गरियो।
६. अनुमतिबिना नियमविपरित सार्वजनिक स्थल तानसेन जैसी चौपारीमा निर्माणाधीन एक घर डोजर प्रयोग गरी भत्काइयो।
७. बतासेडाँडामा अव्यवस्थित तरिकाले राखिएका निर्माण सामग्रीहरू नियन्त्रणमा लिई रु ३,६०० । -जरिवाना गरियो।
८. करीव ११५ जना व्यवसायीलाई व्यवसाय दर्ता तथा नवीकरण गर्न लगाइयो।
९. वारुणयन्त्र आकस्मिक सेवा ७ स्थानमा प्रयोग भएको र कुनै मानवीय क्षती नभएको।
१०. अन्य विभिन्न कामहरू आवश्यकताअनुसार गर्दै आएका छौं।

तानसेनलाई स्वच्छ र सुन्दर बनाउन सबैको साथ र सहयोगको अपेक्षा गर्दछौं।

(प्रमुख, तानसेन नगर प्रहरी)

## तानसेन नगरपालिकाले शुरु गर्‍यो घरघरमा स्वास्थ्य सेवा अभियान

तानसेन नगरपालिकाले पुस १६ गतेदेखि घरघरमा निःशुल्क स्वास्थ्य सेवा अभियानको शुरुवात गरेको छ । तानसेन नगरपालिका वडा नं १३ बौघागुम्वाको छेर्लुङबाट घरघरमा स्वास्थ्य सेवा अभियानको नगर प्रमुख अशोककुमार शाहीले शुभारम्भ गर्नु भयो। तानसेन नगरपालिका वडा नं १३ का जेष्ठ नागरिक तारादेवी भट्टराई र हेमनाथ भट्टराई विरामी भई विस्तरा छाडेर बाहिर आउने अबस्था थिएन । दुवै विरामीलाई घरमै गई विस्तरा बाट उठाएर तानसेन नगरपालिकाबाट खटिएको स्वास्थ्य टोलीले चेकजाँच गर्‍यो र आवश्यक औषधि समेत वितरण गरेको नगरपालिकाकी स्वास्थ्य शाखा सहसंयोजक शारदा भट्टराईले बताउनु भयो।

शुभारम्भ कार्यक्रममा बोल्दै नगर प्रमुख शाहीले जेष्ठ नागरिक, फरक क्षमता भएका तथा सुत्केरी आमा र बच्चाको स्वास्थ्यलाई ख्याल राखेर नगर सरकारले यो अभियान सञ्चालन गरेको बताउनु भयो। घर, टोलबाट अस्पतालसम्म जान नसक्ने लक्षित वर्गको लागि नगरपालिकाले घर घरमै स्वास्थ्य अभियान सञ्चालन गरेको नगर प्रमुख शाहीले बताउनु भयो । हाल परीक्षण गराएका बिरामीहरूलाई पुनःपरीक्षणको व्यबस्था समेत गरिएको नगर प्रमुख शाहीले जानकारी दिनुभयो।

घरघरमा स्वास्थ्य सेवा अभियान शुभारम्भको अवसरमा तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले वडा नं १३ बाट शुरु भएको यो स्वास्थ्य अभियान क्रमशः नगरका १४ वटै वडामा सञ्चालन गरिने, आवश्यकताअनुसार वजेटसमेत बढाउदै लैजाने उद्देश्य रहेको बताउनु भयो।

घरघरमा पुगेर तानसेन नगरपालिकाबाट खटिएको स्वास्थ्य टोलीले स्वास्थ्य तथा रगत परीक्षण, आँखा जाँच लगायत निःशुल्क रूपमा औषधि वितरण गर्ने जनाएको छ । स्वास्थ्य संस्थामा पुग्न नसक्ने व्यक्तिहरू लाई लक्षित गरेर नगरपालिकाकाले घरघरमा स्वास्थ्य सेवा कार्यक्रम लागू गरेको नगरप्रमुख शाहीले बताउनु भयो।

स्वास्थ्य परीक्षण टोलीमा मेडिकल अधिकृत, स्टाफनर्स, अनमी अहेव, ग्रामीण स्वास्थ्य कार्यकर्ता गरी एक टोलीमा कमसेकम ५ जना जनशक्ति सहितको ३ टोली नगरवासीको घरघरमा पुगेर निःशुल्क रूपमा स्वास्थ्य परीक्षण गरिने नगर स्वास्थ्य संयोजक सिरबहादुर रानाले बताउनु भयो । स्वास्थ्य परीक्षणको क्रममा देखिएको जटिल विरामीहरूलाई आवश्यक थप उपचारका लागि अन्य अस्पतालमा रिफर गरी सहज

रूपमा उपचारको व्यबस्था मिलाएको समेत स्वास्थ्य संयोजक सिरबहादुर रानाले बताउनु भयो । पहिलो दिन घरघरमा स्वास्थ्य सेवा अभियानमा पाल्पा अस्पतालकी मेडिकल अधिकृत डा. फर्जना बानु, स्वास्थ्य संयोजक सिरबहादुर राना, उपसंयोजक शारदा भट्टराई, हेल्थ असिष्टेण्ट उदयबहादुर सिलवाल, अहेव सजना भण्डारी, मञ्जु भट्टराई, ईन्दु ढकाल, अनमी शिव भट्टराई, बासना भट्टराई, तेजकुमारी थापा लगायतको टोली स्वास्थ्य उपचारमा खटिएको थियो । टोलीले जेष्ठ नागरिक, फरक क्षमता भएका र सुनौलो हजार दिनका आमाहरूसहित ९७ जनाको स्वास्थ्य परीक्षण गरेको थियो ।

टोलीले प्रत्येक १५ दिनमा नागरिकको घरघरमा पुगेर उपचार सेवा दिने उद्देश्य छ। घरघरमा उपचार कार्यक्रमको लागि नगरपालिकाले १६ लाख ४० हजार वजेट विनियोजन गरेको, कार्यक्रमको प्रभाव हेरिकन रकम बढाउदै जाने नगर प्रमुख शाहीले बताउनु भयो । तानसेन नगरपालिका भित्र १२६८ नव सुत्केरी, ३८३० जेष्ठ नागरिक, ५०३ फरक क्षमता भएका व्यक्तिहरू रहेका छन । कार्यक्रममा पत्रकार महासंघका पूर्व अध्यक्ष गोविन्द भट्टराईले तानसेन नगरपालिकाले पहिलो वर्ष शुरु गरेको दलित तथा अल्पसंख्यक परिवारका लागि निःशुल्क स्वास्थ्य वीमा देखि दोस्रो वर्ष शुरु गरेको घरघरमा स्वास्थ्य सेवा अभियान नगरबासीको स्वास्थ्यप्रति केन्द्रित रहेको बताउनु भयो। स्वास्थ्य संयोजक सिरबहादुर रानाको सञ्चालन, वडा सदस्य कमला भण्डारीको स्वागत र वडा नं १३ का वडा अध्यक्ष टुकप्रसाद भट्टराईको अध्यक्षतामा चलेको थियो । आफ्नो वडामा विकास निर्माणका कामलाई प्राथमिकतासहित सञ्चालन गर्न सहयोग गरेकोमा वडा अध्यक्ष भट्टराईले नगरपालिकालाई धन्यवाद दिनु भयो ।

## तानसेनमा तीन देशका प्रेस काउन्सिल अध्यक्षलाई स्वागत

नेपालको राजनीतिक परिवर्तनका लागि प्रेसको महत्त्वपूर्ण भूमिका रहेको प्रेस काउन्सिल नेपालका कार्यबाहक अध्यक्ष किशोर श्रेष्ठले बताउनु भयो । श्रेष्ठले नेपाली पत्रकारिता क्षेत्रको विकास र समृद्धिका लागि संघीय, प्रदेश र स्थानीय सरकारहरूले समेत समानुपातिक विज्ञापननीति बनाएर पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिनुभयो । श्रेष्ठले भन्नुभयो– "साना लगानीका मिडियाको संरक्षणका लागि समानुपातिक विज्ञापन नीति ल्याएर कार्यान्वयन गर्न स्थानीय सरकारले चासो लिनुपर्छ । तानसेन नगर सरकारले मिडियाको मर्म बुझेर विगतदेखि नै सहयोग गरिआएको इतिहास रहेछ तसर्थ समानुपातिक विज्ञापननीति कार्यान्वयनमा अग्रसर बनोस् । " उक्त अवसरमा श्रेष्ठले विगतमा अंग्रेज साम्राज्यवादविरुद्ध लडेर पाल्पालीले नेपालको स्वाभिमानको पहिचान बनाएको तथा म्यानमार, श्रीलंका र नेपाल तीन देशका नागरिकबीच भावनात्मक सम्बन्ध रहेको समेत स्मरण गर्नुभयो ।



मंसिर २८ गते तानसेन नगरपालिका सभाहलमा भएको स्वागत, अभिनन्दन तथा अर्न्तक्रिया कार्यक्रममा अध्यक्ष श्रेष्ठले तानसेन नगरपालिकाले समानुपातिक विज्ञापननीति बनाएर पारित गरेर कार्यान्वयनमा लैजाने प्रयास गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । प्रेस काउन्सिल नेपाल, प्रेस काउन्सिल म्यानमार र प्रेस काउन्सिल श्रीलंकाका अध्यक्षसहित खिलबहादुर भण्डारी लगायत पदाधिकारी तथा कर्मचारीहरूले तानसेन नगरपालिकाका पदाधिकारी, जनप्रतिनिधि र पत्रकार महासंघका अध्यक्षसहित पत्रकारहरूसित भेटघाट तथा छलफल गर्नुभएको थियो ।

कार्यक्रममा प्रेस काउन्सिल म्यान्मारका अध्यक्ष ओन च्याइङले आफूलाई आफ्नै दाजुभाइसँग भेट भएजस्तो महसुस भएको बताउँदै बुद्ध भगवानले भनेझै आत्मबल बढाएर जनहितको लागि पत्रकारिताले काम गर्नु पर्छ भन्नुभयो। प्रेस काउन्सिल श्रीलंकाका अध्यक्ष कोकगल्ला वान्दुला वेललालाले शान्ति र समृद्धिका लागि पत्रकारहरूको महत्त्वपूर्ण भूमिका रहन्छ भन्नुभयो। वहाँहरूले पत्रकारिता क्षेत्रले शान्ति स्थापनार्थ महत्त्वपुर्ण भूमिका खेल्नसक्ने बताउनु भयो । तानसेनमा आफूहरूले पाएको सम्मान स्मरणीय रहने वहाँहरूले बताउनु भयो । उनीहरूले नेपालको प्रेस काउन्सिल र आफ्नो देशको काउन्सिलबीच आपसी सम्वन्ध विस्तार गर्दै पत्रकारिता क्षेत्रको प्रवर्द्धनमा सहकार्य गर्न सकिने उल्लेख गर्नुभयो । तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले पाहुनाहरूको स्वागत गर्दै तानसेन नगरपालिकाले स्थानीय सञ्चार माध्यम सबलीकरण तथा पत्रकारिता क्षेत्रको विकासका लागि विगतदेखि सहयोग र सहकार्य गर्दै आएको बताउनु भयो । पौडेलले नगरसरकारले सर्वाधिक राशीको पुष्पस्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापनाका लागि वजेट विनियोजन गरेको समेत बताउनु भयो। कार्यक्रमका अध्यक्ष तथा तानसेन नगरपालिकाका कार्यवाहक प्रमुख दामोदरप्रसाद घिमिरेले नेपाल, म्यानमार र श्रीलंकाका प्रेस काउन्सिल र पत्रकारहरूको सम्वन्ध गाढा होस् भन्दै तानसेन भ्रमणका लागि म्यानमार र श्रीलंकाका नागरिकलाई सन्देश पुऱ्याइदिन आग्रह गर्नुभयो। नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालले पत्रकार महासंघको तर्फबाट पाहुनाहरूलाई मायाको चियो प्रदान गर्दै स्वागत गर्नुभयो । वहाँले स्थानीय सरकार र मिडियाको

सम्वन्ध राम्रो रहेको बताउँदै समानुपातिक विज्ञापननीति कार्यान्वयनका लागि तानसेन नगरसरकार अग्रसर भएको बताउनु भयो । अर्यालले प्रेस काउन्सिल नेपालले सञ्चारगृहको सबलीकरण र पत्रकारिताको विकासमा सहयोग गर्नुपर्ने बताउनु भयो । वरिष्ठ पत्रकार मेघराज शर्माले तानसेनवासी नागरिकको तर्फबाट तीन देशका प्रेस काउन्सिलका अध्यक्षलाई स्वागत गर्न पाउनु शौभाग्य हौ भन्दै तानसेन भ्रमणको निम्तो दिनुभयो । तानसेन नगरपालिकाको तर्फबाट पाहुनाहरूलाई कार्यवाहक प्रमुख दामोदरप्रसाद घिमिरे र प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले स्वागत तथा अभिनन्दन गर्नुभयो। तानसेन नगरपालिकाका प्रेस सल्लाहकार गोविन्द भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

एउटाले महात्मा गान्धी र जवाहरलाल नेहरुसँग अन्तर्वार्ता लिएका र अर्काले भियतनाममाथिको अमेरिकी आक्रमणबिरुद्ध सडक आन्दोलन चर्काएका, भारत र चीन मुक्त हुनुअघि देखि आजपर्यन्त विचारमा अडिग म्यान्मार र उस्तै अबिचलित श्रीलँकन अध्यक्षद्वयले नेपाल भ्रमणका क्रममा सान्है उर्जावान र मार्मिक अभिव्यक्ति दिएको प्रेस काउन्सिल नेपालका सदस्य खिलबहादुर भण्डारीले बताउनु भयो ।

## अब तानसेन व्यवस्थित बनाउनुपर्छ

तानसेन नगरपालिकाले गतवर्ष कार्यपालिकाबाट नियम र कार्यविधि बनाएर(करीव ३ दर्जन) राजपत्रमा प्रकाशित गरेको छ । करीव ६५ किलोमिटर कच्ची सडक निर्माण, ९५३ दलित अल्पसंख्यकलाई निशुल्क स्वास्थ्य वीमा सहयोग लगायत काम गरेको जनाएको छ। यो वर्षको कार्यक्रममा समेत परेका शीतलपाटी मोहनकन्या र शीतलपाटी नारायणस्थान चोकसम्म ढुंगा छाप्ने काम, श्रीनगर, टुँडिखेल र रानीघाट क्षेत्र व्यवस्थापन लगायतको पर्यटकीय महत्वसँग जोडिएका कामलाई समेटेको छ र यी काम अब तत्काल कार्यान्वयनतर्फ लाग्नु पर्दछ भन्ने आम नगरवासी र शुभचिन्तकहरुको आग्रह रहेको पाइन्छ । फोहर व्यवस्थापन, बसपार्क निर्माण र तानसेनका सडक पेटीबाट सामान हटाउने कामलाई समेत उत्तिकै महत्व दिनुपर्ने देखिन्छ। नक्साविपरित निर्माण (सम्पन्न गरिएका समेत) भएका भौतिक संरचना अनुगमन र नियमनको कामलाई समेत ध्यान दिन जरुरी छ। वडा कार्यालयबाट सेवा प्रारम्भ तथा विद्युतिय सेवा बिस्तारका कामलाई समेत अब विलम्ब गर्नु हुँदैन। नगर प्रहरी, कर्मचारी व्यवस्थापनलाई छरितो तुल्याउनु आवश्यक छ भन्दछन् शुभचिन्तकहरु । यसतर्फ नगरप्रमुख, उपप्रमुख, प्रवक्ता लगायत निर्वाचित जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतसमेतको दृष्टि पुगोस भन्ने आम नगरवासीको आग्रह रहेको पाइन्छ।

तानसेनलाई सबैले चासोपूर्वक नियाल्नुको कारण हो यो पाल्पाको सदरमुकाम हो भने प्रदेश ५ को महत्वपूर्ण पर्यटकीय गन्तव्यस्थल समेत हो। प्राकृतिक रुपमा सुन्दर तानसेन पाल्पालाई मानवीय व्यवस्थापनको थोरै मात्र प्रयासले उत्कृष्ट पर्यटकीय गन्तव्यमा परिणत गर्न सकिन्छ। व्यापार व्यवसाय भएन भएर पिरोलिनु सट्टा पर्यटन क्षेत्र मार्फत सेवा विस्तार गर्न सकिए तानसेन पाल्पा सम्बृद्ध बन्नसक्ने सम्भावना रहेको छ। धार्मिक, ऐतिहासिक पर्यटकीय सम्पदाहरुको कारण पर्यटन विकासका दृष्टिले तानसेनको भविष्य उज्ज्वल छ तर हाम्रो बोली र व्यवहारले त्यसलाई निर्दिष्ट गर्दछ। घर आँगन चोक सफा राख्ने दायित्व नगरपालिकाको मात्र होइन नगरबासीको समेत हो। नगरलाई व्यवस्थित गर्न सुझाव दिने र सहयोग गर्ने काममा समेत नगरवासी अग्रसर हुनु पर्दछ। विकासको लागि दलीय संकीर्णताभन्दा माथि उठ्नै पर्दछ अन्यथा व्यक्तिका रिसका कारण समग्र पक्षमा नकारात्मक असर पर्ने तथ्य विगतका घटनाक्रमले पुष्टि गर्दछन्।

तानसेन प्रवेश मार्गमा सके फूलमालाले नसके स्वागत पाटी राखेर भएपनि पाहुनाको स्वागत गरौँ । बजार र ग्रामीण क्षेत्रमा पाहुनाहरुप्रति आत्मीय बोली व्यवहार गरौँ । आफ्ना आँगन, चोक र सडक सफा गर्न सहयोग गरौँ । यत्रतत्र फोहर नफालौँ । नगरपालिकाले अगाडि सारेका योजना कार्यान्वयनका लागि सकारात्मक दवाब सिर्जना गरौ र सहयोग समेत गरौँ । फोहर व्यवस्थापन, बसपार्क निर्माण, टुँडिखेल स्तरोन्नति, शीत्तलपाटी देखि नारायणस्थानसम्म ढुंगा छाप्ने काम, रानीघाट र श्रीनगर क्षेत्र पर्यटकमैत्री बनाउने लगायतका कामका लाागि ताकेतासँगै आआफ्नो क्षेत्रबाट सहयोग गरौँ । तानसेन नगरपालिकाको नेतृत्वले समेत प्रदेश र संघीय सरकार, छिमेकी स्थानीय तह, नगरवासी र दलसमेतसंग समन्वय र सहकार्यको वातावरण निर्माणको पहलसंगै काममै केन्द्रित हुन आवश्यक छ। अव कामलाई प्राथमिकतामा राखौँ, तानसेनलाई व्यवस्थित गरौँ।

(गाउँले देउराली साप्ताहिकको सम्पादकीयबाट)

## तानसेनमा लैंगिक हिंसा विरुद्ध कार्यक्रम

लैँगिक हिंसा विरुद्ध तानसेन नगरपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत दिवाकर अर्यालले बताउनु भयो । मंसिर १० गते लैंगिक हिंसा विरुद्ध कार्यक्रमकै सिलसिलामा न्यायिक समिति, कार्यपालिका र वडाका महिला सदस्यहरुकालागि २ दिने महिला कानूनी अधिकार सम्वन्धी प्रशिक्षण कार्यक्रमको नगर प्रमुख अशोककुमार शाहीले शुभारम्भ गर्नुभयो। शुभारम्भ कार्यक्रमको समेत अध्यक्षता गरेका शाहीले संविधानले प्रदान गरेको अधिकार सीमाभित्र रहेर न्याय प्रदान गर्नका लागि न्यायिक समितिका पदाधिकारी सबै प्रष्ट हुन जरुरी छ भन्नुभयो । शाहीले महिला पुरुषको समान अधिकार र दायित्वबारे बुझेर सोहीअनुसार व्यवहार गर्न सकिएमा समाज सभ्य र समृद्ध बन्न मद्दत पुग्ने बताउनु भयो।

सहायक महिला विकास निरीक्षक केशरी गैरेको सञ्चालनमा भएको कार्यक्रममा उद्देश्यबारे बताउँदै स्वागत महिला विकास अधिकृत शारदा भट्टराईले गर्नुभयो। निमित्त प्रमुख प्रशासकीय अधिकृत दिवाकर अर्यालले तालिमको सिकाइ व्यवहारमा रुपान्तरण गर्न सक्नुहोस भन्दै शुभकामना व्यक्त गर्नुभयो। २० जना सहभागी तालिममा सहजीकरण जिल्ला प्रहरी कार्यालयका निरीक्षक अमृत भण्डारी लगायतले गर्नुभएको थियो।

## तानसेनमा सूचना प्रविधि तालिम

तानसेन नगरपालिकाबाट प्रवाह गरिने सेवालाई प्रभावकारी एवम् सूचना प्रविधि मैत्री बनाउने उद्देश्यले नगरपालिकाले मंसिर ३ देखि ५ गतेसम्म नगरपालिकाको सम्पूर्ण वडाका वडा सचिब तथा सहायक कर्मचारीको लागि व्यक्तिगत घटना दर्ता ,सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) तथा सम्पति कर SOFTWARE सञ्चालन सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गऱ्यो । उक्त प्रशिक्षणको शुभारम्भ गर्दै कार्यवाहक नगरप्रमुख लक्ष्मीदेवी पाठकले नगरपालिकाबाट प्रवाह गरिने सेवालाई प्रविधिमैत्री बनाउन तालिमले सहयोग पुऱ्याउने बताउनु भयो। तालिम शुभारम्भ कार्यक्रम कार्यवाहक नगरप्रमुख पाठकको अध्यक्षता र शाखा अधिकृत भरत आचार्यको सञ्चालनमा भएको थियो।

## रानीमहलमा इको पार्क बन्दै

तानसेन नगरपालिका वडा नं १३ स्थित रानीघाट दरवार (रानीमहल) परिसरमा प्रदेश नं ५ सरकारको २० लाख लगानी तथा तानसेन नगरपालिकासँगको सहकार्यमा इको पार्क बन्ने भएको छ। इको पार्क निर्माणको लागि सम्भाव्यता अध्ययनका क्रममा त्यहाँ प्रदेश ५ का भौतिक पुर्वाधार मन्त्री वैजनाथ चौधरी, उद्योग पर्यटन तथा वातावरण मन्त्री लीला गिरी, सांसदहरु नारायणप्रसाद आचार्य र वीरबहादुर राना, तानसेन नगरप्रमुख अशोककुमार शाही र उपप्रमुख लक्ष्मीदेवी पाठक, पाल्पा वन कार्यालयका प्रमुख मोहन पौडेल, पत्रकारहरु लगायत पुग्नु भएको थियो। पूरातत्व विभागले १० वर्षका लागि रानीमहलको रेखदेखको जिम्मा तानसेन नगरपालिकालाई दिएपछि आन्तरिक पर्यटकहरुको उपस्थिति बढेको वडा अध्यक्ष टुकप्रसाद भट्टराईले बताउनु भयो।

## स्वास्थ्य स्वयम्सेविका दिवस

तानसेन नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा १५ औं महिला स्वास्थ्य स्वयम्सेविका दिवस ७ स्वयम्सेविकालाई सम्मान र विविध कार्यक्रमसहित मनाइएको छ। महिला स्वास्थ्य स्वयम्सेविका तानसेन नगरसमितिकी उपाध्यक्ष कविता गौतमको अध्यक्षता, स्वास्थ्य शाखा संयोजक सिरबहादुर रानाको सञ्चालन र उपसंयोजक शारदा भट्टराईको स्वागतमा भएको कार्यक्रममा मूल पाहुना तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले स्वास्थ्य स्वयम्सेविकाहरुको योगदान महत्वपूर्ण रहेको महसुस गर्दै उनीहरुको हकहित सम्बोधन गर्न नगरपालिकाले पहल गर्ने बताउनु भयो। उक्त अवसरमा स्वास्थ्य कार्यालय पाल्पाकी पहेन कल्पना पौडेल र परिवार नियोजन सुपरभाइजर गौरीशंकरप्रसाद सिंह र नगरपालिकाका शाखा अधिकृत भरत आचार्यले समेत स्वास्थ्य स्वयम्सेविकाहरुको कामको बारेमा बोल्नु भएको थियो।

## तानसेन -३ को वडा कार्यालय सुचारु

तानसेन बसन्तपुरमा ३ नं. वडा कार्यालयको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले उद्घाटन गर्नुभयो। वडा कार्यालय उद्घाटन कार्यक्रममा बोल्दै नगर प्रमुख शाहीले निर्वाचित भईसकेपछि सिङ्गो कार्यसमितीले राजनितिक भावना भन्दा माथि उठेर नगर विकासको काम गर्दै आएको बताउनु भयो। जनताको सेवा सुविधा लाई घरदैलोमा पुर्‍याउने अभियानका साथ नगरका १३ वटा वडाबाट नगरको गतिविधि सञ्चालन गर्दै आएको बताउनु भयो। जनतालाई सिहंदरवारको अधिकार घरदैलोमा पुर्‍याउने हिसावले १३ वटै वडामा ईन्टरनेट जडानसहित नगरवासीलाई घरमै बसी बसी सेवा प्रदान गर्ने सफ्टवयर जडानको काम भईरहेको नगर प्रमुख शाहीले बताउनु भयो। अवका केही महिना भित्रै नगरका १४ वटै वडा बाट नगरवासीले घरमै बसी बसी कर तिर्न सक्ने, घरमै बसी बसी नक्सा पासको सिफारिस लिन सक्ने, घरमै बसी बजेट तथा विकास निर्माणका गतिविधिबारे जानकारी लिन सक्ने नगर प्रमुख शाहीले बताउनु भयो।

तानसेनका १४ वटै वडाका धार्मिक मठ मन्दिर तथा पर्यटकीय पूर्वाधार विकासको गुरुयोजना बनाई सोही अनुसार विकास निर्माणमा नगरपालिकाको सिङ्गो कार्यसमिती सक्रिय भएर लागेको नगर प्रमुख शाहीले बताउनु भयो। तानसेनको व्यापारिक चहल पहल बढाउन, पर्यटकहरुको बसाई लम्ब्याउन नगरपालिका क्रियाशील रहेको पनि वहाँले बताउनु भयो। भारत र चीन जोड्ने कालीगण्डकी कोरीडोर तानसेन १३ छेर्लुङबाट बौघापोखराथोक तानसेन हुँदै सुनौली जोड्ने महत्वपूर्ण सडक ट्र्याक खोल्ने काम सकिएको यस बर्ष १६ चक्के सम्म सवारी साधन आवत जावत गर्न मिल्ने गरी डवल लेन भन्दा ठुलो सडक पुरा हुने नगर प्रमुख शाहीले बताउनु भयो।

वडा कार्यालय उद्घाटन कार्यक्रममा नगर उप प्रमुख लक्ष्मीदेवी पाठक, वडा नं ६ का वडा अध्यक्ष सागरमान महर्जन, नेपाली काग्रेस पाल्पाका सचिव अजयमान कर्माचार्य, कार्यपालिका सदस्य दीपक विश्वकर्मा, शशी श्रेष्ठ, नेपाल भारत मैत्री संघका धनिश्वर बस्याल, समाजसेवी आलोकराज शाक्य, जनता माविका प्रधानाध्याक मेघराज पौडेल, पत्रकार महासंघका सदस्य कृष्ण पोखरेल, टोल विकास संस्थाकी तुमला बज्राचार्यले नागरिकका काम सजिलो गरी चुस्त, दुस्त र पारदर्शी रुपमा सेवा दिन जनप्रतिनिधी तथा कर्मचारीहरुलाई आग्रह गर्नुभयो।

कार्यक्रममा वडा नं ३ का वडा अध्यक्ष महेशलाल शाक्यले वडालाई नमूना वडा बनाउने, सरसफाइमा पहिलो वडा बनाउने, भष्ट्राचारमुक्त सुशासनयुक्त वडा बनाउने प्रतिवद्धता जनाउनु भयो। साविकको भगवतीटोल, टक्सारटोल र बसन्तपुर मिलेर वडा नं ३ निर्माण गरिएको थियो। साविकका ३ वटै वडाका त्रिकन्याले दियो वाली, वडा अध्यक्षलाई, वडा अध्यक्षबाट नगर प्रमुखलाई दियो हस्तानतरण उद्घाटन कार्यक्रम गरिएको थियो। वडा अध्यक्ष महेशलाल शाक्यको सभापतित्वमा भएको कार्यक्रमको वडा सदस्य प्रेम मल्लबाट स्वागत र वडा सचिव मीरा क्षेत्रीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो।

## नगर सरकारले खेलको विकास गर्न सहयोग गर्ने

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले जिल्लामा खेलको विकास र विस्तारमा नगर सरकारले सहयोग गर्ने बताउनु भएको छ।

मंसिर १६ गते अखिल नेपाल फुटवल संघको सहयोग र जिल्ला फुटवल संघको आयोजनामा भएको ग्रासरुट फुटवल प्रतियोगिताको उद्घाटन गर्दैनगरप्रमुख शाहीले खेलको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान बनाउन सक्ने भएकाले त्यसका लागिजिल्लास्तरबाटै खेलाडी उत्पादन गर्न नगर सरकारले सहयोग गर्ने बताउनु भएको छ । कार्यक्रममा गोरखदल गणका गणपति सुरज थापाले खेलकुदको माध्यमबाट शारीरिक, मानसिक विकास हुनुका साथै अनुशासित नागरिक बन्न उत्प्रेरणा मिल्ने बताउनु भयो। कार्यक्रममा अखिल नेपाल फुटवल संघका केन्द्रीय उपाध्यक्ष एवम् पूर्व राष्ट्रिय खेलाडी उपेन्द्रमान सिंहले देशभरि छरिएर रहेका फुटवल खेलमा रुची राख्ने, स–साना भाइबहिनीको समग्र विकासका लागि कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष करुणा काफ्ले, तानसेन नगरपालिका ६ का वडा अध्यक्ष सागरमान महर्जन, शिक्षक पदम कार्की, जिल्ला फुटवल संघका उपाध्यक्ष राजु महर्जन, निवर्तमान अध्यक्ष भीमसेन कार्की, महासचिव भरत शर्मा लगायतले जिल्लामा फुटवल खेलको विकास र चुनौतीका विषयमा आ–आफ्ना धारणा राख्नु भयो । जिल्लामा केही वर्षयता राष्ट्रियस्तरको फुटवल हुन नसकेको कुरालाई मनन गर्दै सरोकारवालाहरुले टुँडिखेलको स्तरोन्नति छिटो हुनुपर्ने बताएका छन् ।

## तानसेनमा अवैध प्लाष्टिक नष्ट

प्लाष्टिक निषेधित पाल्पाको सदुरमुकाम तानसेन बजारमा प्लाष्टिकजन्य झोला ठूलो परिमाणमा बरामद गरी नष्ट गरिएको छ । पछिल्लो समय तानसेन बजारभित्र नै प्लाष्टिकजन्य झोलाको प्रयोग अवैधरुपमा बढेपछि नगरपालिकाबाट खटिएको नगरप्रहरी प्रमुख जयप्रकाश उप्रेती नेतृत्वको अनुगमन टोलीले ठूलो परिमाणमा प्लाष्टिकजन्य झोला बरामद गरेको थियो । नगरप्रहरीको सक्रियतामा तानपा १ को भुसलडाँडा क्षेत्र, वडा नं ६ को बर्तुङ र वडा नं ७ को प्रभास क्षेत्रबाट करीव ३ सय किलोग्राम प्लाष्टिकजन्य झोला बरामद गरी नष्ट गरिएको छ । प्लाष्टिकमुक्त शहरको रुपमा तानसेन बजारको पहिचान बनाउन बजार क्षेत्रमा प्लाष्टिकजन्य झोला प्रयोगमा बन्देज लगाइएको तानसेन नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दिवाकर अर्यालले बताउनु भयो । पछिल्लो समय तानसेन बजारमा प्लाष्टिकका झोला खुलेआम विक्रीवितरण भई विक्रेता –उपभोक्ताले मनलागी प्रयोग गर्दा बजार क्षेत्र प्रदुषित बनेको छ । । प्लाष्टिकजन्य झोलाको बढ्दो प्रयोगले वातावारण प्रदुषित बन्नुको साथै मानव स्वास्थ्यमा समेत प्रत्यक्ष असर पुयाउने भएकोले पनि बजारमा प्लाष्टिकजन्य झोलाको प्रयोगमा पूर्ण रोक लगाइएको नगरपालिकाका वन तथा वातावरण व्यवस्थापन संयोजक भीमबहादुर कुमालले जानकारी गराउनु भयो । सुन्दर तानसेन बजारलाई बिगत ५ बर्ष देखि पाल्पा उद्याोग बाणिज्य संघको समेत समन्वयमा प्लाष्टिक झोला मुक्त शहर घोषणा गरिएको थियो ।

## तानसेनमा पर्यटन विकासबारे छलफल

टुरिजम् एक्सन कमिटि तानसेन (TACT) पाल्पाको आयोजनामा हालै तानसेनमा पर्यटन क्षेत्रको विकासबारे सरोकारवालाहरुबीच छलफल चलाइएको छ। तानसेन र यसका आसपासका क्षेत्रमा पर्यटनको विकास गर्ने उद्देश्यले छलफल चलाइएको हो । टुरिजम् एक्सन कमिटिका अध्यक्ष सागरमान महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा मूलपाहुना तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले तानसेन भित्र र आसपासका क्षेत्रमा पर्यटन विकासका लागि तानसेन नगरपालिकाले स्पष्ट योजनाका साथ अगाडि बढेको बताउँदै बुटवल–दोभान–मरेक–सिस्ने–मस्याम–गुफाचौर तानसेन हुँदै रानीमहल सम्मको पदयात्राको लागि अवधारणा अघि सारेको बताउनु भयो । कार्यक्रममा इ.पि.आइ. का सुमित बरालले स्थानीय तहले पर्यटन विकासको लागि वातावरण बनाइदिनु पर्ने भन्दै निजी क्षेत्र लगानी गर्न तयार रहेको बताउनु भयो । सो अवसरमा सेनकालीन इतिहाससँग जोडिएको श्रीनगर पार्क सौन्दर्यकरण, धार्मिक पर्यटन विकासको उद्देश्य राखिएको गुफाचौरमा गणेशधाम निर्माण र गणेशमूर्ति प्रतिस्थापन, पुरानो ऐतिहासिक ढाका तथा करुवाको प्रवर्द्धनसहित टक्सार क्षेत्रमा खुल्ला संग्राहलय निर्माण र घरघरमा रहेका पुराना वस्तुहरुको प्रदर्शनी, भगवती मन्दिर र दरवारको व्यवस्थापन र पिसपार्क निर्माण र सौन्दर्यकरण, साना तथा घरेलु उद्योग र हस्तकला तथा होमस्टे पवर्द्धन, तानसेनलाई बोद्ध पर्यटकहरुको आकर्षण केन्द्र बनाउन बुद्धको मूर्तिस्थापना, कालिगण्डकी करिडोरदेखि तानसेन जोडने सडक निर्माण, वातानुकुलित पार्क निर्माणको अवधारणा अनुरुप लुम्विनी अर्घाखाँची हुँदै पाल्पासम्मको पैदलमार्ग निर्माण, ऋषिकेश मन्दिरमा धर्मशाला निर्माण, रानीमहलको सौन्दर्यकरण गरी पर्यटन व्यवसायीहरुलाई आकर्षण गर्ने र तानसेनलाई पर्यटनको प्याकेजमा राखिनुपर्ने र प्राइभेट कम्पनीहरुलाई लगानीका लागि उत्प्रेरित गर्ने विषयमा छलफल भएको थियो ।

## तानसेनहुँदै सवारी सुचारु गर्न उधमी व्यापारीको माग

पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघले तानसेन बजार हुँदै सवारी नचले तानसेन बजार बन्द गर्ने चेतावनी दिएका छन्। तानसेनमा संयुक्त पत्रकार सम्मेलन गरी आफूहरूको माग पूरा नभए बजार तथा यातायात सञ्चालनमा समेत रोक लगाउने जानकारी गराइएको हो। बुटवलबाट छुटेका सवारी पछिल्लो समयमा तानसेन बजार प्रवेश नगरी होलाङ्कदी–ढुङ्गाखानी बाइपास सडक हुँदै आउने जाने गरेका छन्। पाल्पाका प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनालको नेतृत्वमा प्रदेश सांसदहरूको समेत सहभागीतामा बसेको सर्वपक्षीय बैठकमा गत कार्तिक २९ गते बाइपासको प्रयोग गरेर सम्पूर्ण सवारी साधन पठाउने निर्णय भएको थियो। यद्यपि तानसेनबाट छुट्ने र तानसेनसम्म आउने सवारी साधनलाई भने रोक लगाइको छैन्। टिप्परलाई मात्र बाइपास सडकमार्फत् पठाउनुपर्ने तानसेन बजारबासीको माग रहेको छ। यद्यपि यो माग बाइपास प्रभावित क्षेत्रका स्थानीयले अस्वीकार गरेका थिए। उनीहरूले सम्पूर्ण सवारी साधनसहित टिप्पर पनि सञ्चालन गर्न दिने सहमति जनाएपछि सम्पूर्ण सवारी होलाङ्कदी–ढुङ्गाखानी बाइपास सडक हुँदै पठाउन थालिएको थियो। अहिले यसको विरुद्धमा बजारबासी आन्दोलित भएका हुन्। जिल्लाभित्र तथा बाहिरबाट आउने जाने सम्पूर्ण

यात्रुबाहक यातायातका साधनहरू तानसेनको बसपार्क हुँदै स्वइच्छाले जान पाउनुपर्ने, निजी, पर्यटक तथा रिजर्व सवारी साधनहरू निर्वाध रूपमा बजार प्रवेश गर्न पाउनुपर्ने, मालबाहक सवारी साधनलाई भने समय तालिकाअनुसार साँझ ५ बजेदेखि बिहान ९ बजेसम्म चल्ने व्यवस्था मिलाउनुपर्ने, ट्राफिक प्रहरीले समन्वयकारी भूमिका निभाउनुपर्ने लगायतका माग उनीहरूको छ मागप्रति बेवास्ता गरिए तानसेन बजार बन्द गर्ने र सवारी साधनसमेत चल्न नदिने पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष मोहनप्रसाद श्रेष्ठले बताउनु भयो। तानसेनका पर्यटन र व्यापारलाई नै प्रभाव पार्ने गरी गरिएको निर्णय नसच्याए कडा आन्दोलन गरिने पाल्पा व्यापार संघका अध्यक्ष चिरञ्जीवी पोखरेलले बताउनु भयो । यता पहिलो बैठकमा सहभागी भएका व्यक्तित्वको उपस्थीतिमा बैठक बसे छलफल गर्न सकिने प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनालले बताउनु भयो।

## नयाँ बसपार्क निर्माणको पहल

मौजुदा बसपार्क साँघुरो भएपछि तानसेन नगरपालिकाले बहुउद्देश्यीय योजना सहित बसपार्क निर्माण गर्न प्रक्रिया अगाडि बढाएको छ । तानसेनको वनदेवीमा करीव १ सय रोपनी क्षेत्रफलमा बहुउद्देश्यीय योजना सहित बनाउने सोचले नगरपालिकाले बसपार्क निर्माणको प्रक्रिया अगाडि बढाएको जनाएको छ। पुरानो स्थानमा रहेको बसपार्क साँघुरो भएपनि स्थानको टुंगो नलाग्दा नगरपालिकाले बसपार्क निर्माणको काम अगाडि बढाउन सकेको छैन। पछिल्लो समय बसपार्क बनाउने विषयमा छलफल भए पनि स्थानको विवादले नगरपालिकाले कुनै ठोस निर्णय लिन नसक्दा तानसेनमा ट्राफिक व्यवस्थापनमा समस्या भएको थियो । स्थानीय सरकारको रुपमा तानसेनमा जनप्रतिनिधि आएपछि पहिलो पटक बसपार्क बनाउन वनदेवीमा जग्गा नापजाँच र डिभिजन वन कार्यालयसँग त्यस क्षेत्रको सल्लाको रुख काट्ने विषयमा छलफल चलिरहेको छ। त्यस स्थानमा बसपार्क सहित पेट्रोल पम्प, सवारी साधन निर्माण स्थल, आधुनिक शौचालय र होटल व्यवसाय समेत सञ्चालन गर्ने गरी नगरपालिकाले योजना अघि सारेको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनु भयो।

तानसेनमा सवारी साधनको संख्यामा बृद्धि भईरहेको तर बसपार्क नहुँदा जहाँतहीँ सवारी पार्किङ्को समस्या समाधान गर्न र तानसेनको आवश्यकतालाई हेरेर वनदेवीमा बसपार्क बनाउने विषयमा नगरपालिकाले योजना बनाएको शाहीले बताउनु भएको छ। शाहीले यो वर्ष ४० लाख बजेट विनियोजन गरेको जानकारी दिदैँ बसपार्क निर्माणले तानसेनमा चहलपहल बढ्ने समेत बताउनु भयो। बसपार्क बनाउने विषयमा जनप्रतिनिधि आउनुअघि समेत पटक पटक छलफल भएपनि काम अघि बढेको थिएन।

विगतमा वनदेवीमा बनाउनका लागि वन कार्यालयले रुख काट्न अनुमति नदिएपछि काम अघि बढेको थिएन । यस्तै २०५९ सालमा लामीडाँडा र बारुदखानस्थित घरेलु कार्यालयको जग्गामा बसपार्क बनाउने विषयमा समेत छलफल भएको थियो ।

## तानसेन -९ मा विद्यार्थीलाई पोशाक वितरण

तानसेन नगरपालिका वडा नं ९ स्थित तिन्टी आँप प्राथमिक विद्यालयमा बिद्यार्थीहरुलाई पुस २३ गते विद्यालय पोशाक वितरण गरिएको समाचार छ । तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीद्वारा वितरण गरिएको पोशाकबाट त्यस क्षेत्रका दलित तथा विपन्न बालबालिकाहरु लाभान्वित भएका छन। वितरण कार्यक्रममा नगर प्रमुख शाहीले मानवीय हिसाबले यस्ता बालबालिकाहरुलाइ सरकारबाट नियमित सहयोग गर्न आवस्यक रहेको भन्दै नगरपालिकाबाट यस्ता विद्यालयहरुमा श्रोत र साधन केन्द्रित गरिएको बताउनु भयो। कार्यक्रममा नगर उपप्रमुख लक्ष्मीदेवी पाठक ,वडा अध्यक्ष हरिसुमर रेग्मी, विद्यालयका प्रधानाध्यापक फडिन्द्र ढुंगाना , सस्थापक अध्यक्ष केशव भट्टराई , तानसेन नगरपालिकाका शाखा अधिकृत भरत आचार्य, विद्यालयका पूर्व अध्यक्ष इन्द्रप्रसाद पौडेल लगायतले विद्यालयको उन्नति र प्रगतिको बारे बोल्दै विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी थप गर्न माग गर्दै विद्यार्थी भर्ना अभियान बढाउनुपर्ने बताउनु भयो। कार्यक्रम शिक्षक अभिभावक संघका अध्यक्ष वासुदेव घिमिरेको स्वागत ,शिक्षिका कोपिला न्यौपानेको सञ्चालन र विद्यालय व्यवस्थापन समिति अध्यक्ष गणेश भण्डारीको अध्यक्षतामा सम्पन्न भएको थियो।

## भुसलडाँडा टोलविकासको साधारणसभा

तानसेन नगरपालिका वडा नं. १ स्थित भुसलडाँडा टोलविकास संस्थाको पाँचौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।वार्षिक साधारण सभामा उपस्थित पाहुनाहरुलाई स्वागत गर्दै टोल विकास संस्थाका उपाध्यक्ष नन्दलाल भुसालले संस्थाको गरिमा बढाउन वार्षिक साधारण सभा, लेखा परीक्षण, आवधिक निर्वाचन प्रकृया, नियमित वैठक हुन जरुरी रहेको बताउनु भयो । कार्यक्रममा तानसेन नगरपालिकाका शाखा अधिकृत भरत आचार्यले साधारण सभाको सफलताको कामना गर्दै टोल विकास संस्थाहरुको क्रियाशिलता र कार्य क्षेत्रबारे बताउनु भयो। साथै जनप्रतिनिधीहरुसँग मिलेर सहकार्य गरी अगाडि वढदा वडाको विकासमा सहयोग पुग्ने बताउनु भयो । संस्थाका अध्यक्ष जयराम सापकोटाले वर्षभरका गतिविधि सहित वार्षिक प्रतिवेदन सभामा पेश गर्नु भयो।

साधारण सभामा युनाईटेड मिसन अस्पतालका प्रशासकीय अधिकृत जीवन भट्टराई, वडा नं. १ का कार्यवाहक वडा अध्यक्ष शशी श्रेष्ठ, भुसलडाँडा विद्यालय व्यवस्थापन समितिका सदस्य देवीदत्त शर्मा, न्यू एकता क्लवका रामप्रसाद भट्टराई, दुर्गा भवानी टोल विकास संस्थाकी अध्यक्ष थिरादेवी न्यौपाने, वडा सदस्य नारायण न्यौपाने, प्रहरी प्रतिनिधि सुदन पाण्डे, ममता आमा समूहकी अध्यक्ष चित्रकला न्यौपाने लगायतले साधारण सभाको सफलताको कामना गर्दै टोलमा प्लाष्टिक नियन्त्रण गर्ने, मदिरा नियन्त्रण गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने काममा

टोल विकास संस्थाको महत्वपुर्ण भूमिका रहने बताउनु भयो । टोल विकास संस्थाका अध्यक्ष जयराम सापकोटाको अध्यक्षतामा सम्पन्न साधारण सभाको सञ्चालन खडानन्द न्यौपानेले गर्नु भएको थियो ।

## पाल्पामा २१ औं भूकम्प सुरक्षा दिवस

प्रमुख जिल्ला अधिकारी मनोहरप्रसाद खनालको अध्यक्षता, तानसेन नगरपालिकाका लेखा अधिकृत दिवाकर अर्यालको सञ्चालनमा माघ ३ गते सम्पन्न २१ औं भूकम्प सुरक्षा दिवसमा मूल पाहुना पूर्व उद्योग मन्त्री सोमप्रसाद पाण्डेय, जिल्ला समन्वय समिति पाल्पाका प्रमुख दयाराज बस्याल, इन्जिनियर प्रेमनारायण बस्याल, रेडक्रस सोसाइटी पाल्पाका सभापति बुद्धिप्रसाद शर्मालगायतले भूकम्पीय सुरक्षाबारे बोल्नुभएको थियो ।

## तानसेनको चौथो नगर सभा

तानसेन नगरपालिकाको चौथो नगर सभा माघ ९ गते आरम्भ भएको छ ।सभामा नगरपालिकाका उपप्रमुख लक्ष्मीदेवी पाठकले अर्द्धवार्षिक समीक्षा तथा प्रगति प्रतिवेदन पेश गर्दै पुस मसान्तसम्म चालुतर्फ १६ करोड ८ लाख १६ हजार ३ सय १ रुपैँयाँ खर्चभई ३३ दशमलव ७९ प्रतिशत वित्तिय प्रगति भएको बताउनु भयो । यसैगरी पूँजीगत बजेततर्फ २ करोड ३३ लाख ६६ हजार ६ सय २७ रुपैँयाँ खर्च भई ७ प्रतिशत वित्तिय प्रगति भएको वहाँले जानकारी दिनुभयो । उपप्रमुख पाठकले समग्रमा कुल बजेट ८० करोड १३ लाख १० हजार मध्ये चालुतर्फ ४६ करोड ८८ लाख ७८ हजार २ सय २१ र पूँजीगत तर्फ ३३ करोड २४लाख ३१ हजार ७ सय ७९ हुने गरी संशोधित बजेट पेश गर्नुभयो । यो प्रस्तावले चालुमा ५९ प्रतिशत र पूँजीगतमा ४१ प्रतिशत बजेट हुनेछ ।

उपप्रमुख पाठकले तानसेन वनदेवीमा हरियाली बस टर्मिनलका लागि जग्गा प्राप्तिको काम अन्तिम चरणमा पुगेको र यसै आर्थिक वर्ष पूर्वाधारको निर्माण गर्न थप बजेट समेत व्यवस्था गरिएको बताउनु भयो । वहाँले सांस्कृतिक सहर पूर्वाधार कार्यक्रम, तानसेन कालीगण्डकी करिडोर, नयाँपाटी सारेम दमकडा मोटरबाटोमा कालोपत्रे, शीतलपाटी हुलाक ढुंगाछपाइ, श्रीनगर क्षेत्रको गुरुयोजना निर्माणको काम पनि अगाडि बढेको बताउनु भयो । चालु आर्थिक वर्षका ४ सय ५३ आयोजनामध्ये भौतिक पूर्वाधारतर्फका १ सय ५५ र क्षमता विकासतर्फका ४८ कार्यक्रम सम्झौता भइसकेको तथ्य प्रस्तुत गर्नु भयो ।

सभामा सार्वजनिक निजी साझेदारी नीति तथा विधेयक, आर्थिक वर्ष २०७५/०७६ को संशोधित विनियोजन विधेयक, भवन निर्माण मापदण्ड पेश भएको थियो । नगरपालिकाले संघ र प्रदेशबाट प्राप्त हुने राजश्व तथा वित्तीय समानिकरण अनुदान समयमा प्राप्त हुन नसकेको, आन्तरिक आयका रुपमा रहेका नदीजन्य पदार्थ, पार्किङ र विज्ञापन शुल्क पटकपटक सूचना प्रकाशित गर्दा पनि ठेक्कामा जान नसकेको र सबै वडामा वडा सचिवलगायतको जनशक्ति पूर्ति गर्न नसक्दा चुनौति थपिएको जनाएको छ । सभाको विशेष समयमा नेपाली काँग्रेसका वार्ड सदस्य गोपाल श्रेष्ठले नगर समितिका कतिपय समितिले पारिश्रमिक र भत्ता खाइरहेको र कतिपय समितिले कुनै सुविधा नपाउनुको कारण के हो भनेर प्रश्न गर्नुभयो । वहाँले नगरपालिकाले सार्वजनिक खरिद प्रक्रियाबाट किनेका सामग्रीमा गुणस्तर र अनियमितताको गुनासो आएकाले त्यसको हरहिसाव पेश गर्न सभाको ध्यानाकर्षण गराउनु भयो । तानसेन २ का वडा सदस्य श्रेष्ठले विजुलीको पोल, वल्व डस्टविनलगायतका सामग्रीको मूल्य र खरिद प्रक्रिया के हो भनि जिज्ञासा राख्नु भयो । यसैगरी तानसेन ३ का वडा सदस्य प्रेम मल्लले तानसेन बिस्तारै खाली हुँदै गएको, व्यापार घटेको र घरहरु रित्तिन थालेकोले नगरपालिकाले विशेष ध्यान दिनुपर्नेमा जोड दिनु भयो । वडा सदस्य मल्लले नगरपालिकाले तानसेन खानेपानी उपभोक्ता समितिलाई अनुदान दिने तर समितिले गाडी रिर्जभ गरेर छेर्लुङमा साधारण सभा गर्ने, भोजभतेर गर्ने कार्य उचित नभएको धारणा राख्नु भयो । वहाँले जनताले विकासको काम भएन केवल जनप्रतिनिधिले तलवभत्ता मात्र खाए भन्न थालेका छन् कामको समीक्षा गर्ने कि भन्दै प्रश्न गर्नुभयो । तानसेन १३ का वडाअध्यक्ष टुकप्रसाद भट्टराईले कालीगण्डकी खानेपानी लिफ्ट आयोजनाको मुख्य खण्ड बौघागुम्हा र बौघापोखराथोकमा पनि धारा विस्तारको योजना समावेश गर्न माग गर्नुभयो । वहाँले जनप्रतिनिधि आइसक्दा पनि म्याद सकिएको उपभोक्ता समितिले आफै म्याद थप्ने र मनोगत काम गर्ने गरेकाले सच्याउन नगरसभाको ध्यानाकर्षण गराउनु भयो । माघ ९ देखि आरम्भ तानसेन नगरपालिकाको चौँथो नगरसभा १५ बुँदे नीतिगत निर्णय गर्दै माघ १६ गते सकिएको छ । तानसेनको चौथौ नगरसभाले केही नयाँ योजना थप गरेको छ भने केही बजेट समेत शंसोधन गरेको छ । माघ १६ गतेको बैठकमा नगरसभामा उपप्रमूख तथा न्यायिक समितिका संयोजक लक्ष्मीदेवी पाठकले पेश गरेको विनियोजन ऐन संशोधन विद्ययेक बहुमतले पारित भएको छ । यस्तै पाठकले पेश गरेको न्यायिक समितिको प्रतिवेदन समेत सर्वसम्मत रुपमा पारित भएको छ । सभामा तानसेन नगरपाालिकाको भवन निर्माण आचारसंहिता समितिका संयोजक दोमोदर घिमिरेले फिर्ता लिनु भयो भने लेखा समिति संयोजक महेश्वर श्रेष्ठले पेशगरेको लेखा समितिको प्रतिवेदन समेत सर्वसम्मत रुपमा पास भएको थियो । चौँथो नगरसभामा सार्वजनिक निजी साझेदारी नीति विद्ययेक वडा नं ५ का अध्यक्ष रामबहादुर रावलले पेश गर्नु भएको थियो । तानसेनको विकासमा निजी क्षेत्रलाई आकर्षित गर्न नगरपालिकाले सार्वजनिक निजी साझेदारी विद्ययेक ल्याएको जनाइएको छ । सभामा बेरुजु पेश्की सहजीकरण समितिका संयोजक बरुणप्रसाद रेग्मीले दिवंगत भएका ६ जना पूर्व जनप्रतिनिधिहरुको नाममा रहेको बेरुजु फस्यौंट गर्न प्रस्ताव गर्नुभएको थियो । नगरपालिकामा १० हजार रुपियाँ भन्दा कम रकम बेरुजु रहेका पूर्व जनप्रतिनिधि जो अहिले दिवंगत भइसकेकाहरुको नाममा रहेको बेरुजु फस्यौंट प्रस्ताव समेत सर्वसम्मत रुपमा पारित भएको छ ।

सभाका सदस्य मैयादेवी घिमिरेले विपद् व्यवस्थापन विद्ययेक पेश गर्दै नगरभित्र भएका विपद्का घटना न्यूनीकरण गर्न विद्ययेक ल्याएको बताउनु भयो । विभिन्न समितिका संयोजकहरुले पेश गर्नुभएको विद्ययेक तथा प्रतिवेदनमा नगरसभाका सदस्यहरु प्रेम मल्ल, रमेश न्यौपाने, भीमा

गहतराज, विष्णुबहादुर कार्की, सीता कार्की, हिमलाल पंगेनी, नेत्र गैरे, चुराबहादुर गोदार, सरेश न्यौपाने, प्रशान्त मल्ल लगायतले आफ्ना धारणा, सुझाव तथा समर्थन भनाइ राख्नु भएको थियो।

सभाको शून्य समय लिएर सभाका सदस्यहरु गोपाल श्रेष्ठ, प्रेम मल्ल, गणेश थापा, महेश्वर श्रेष्ठ, नारायण न्यौपाने, रमेश न्यौपाने, विष्णुबहादुर कार्की, हिमलाल पंगेनी र नेत्र गैरेले आआफ्नो तर्फबाट सुझाव तथा धारणा राख्नु भएको थियो। सभामा नगरप्रमुख अशोककुमार शाहीले १५ बुँदे नीतिगत निर्णय निर्णयार्थ पेश गरेपछि सर्वसम्मत पारित गर्दै चौँथो सभा सकिएको नगरपालिकाका प्रमूख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले जानकारी दिनु भयो। चौथो नगरसभामा बरिष्ठ पत्रकार शम्भु श्रेष्ठ, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकमुार अर्याल र पत्रकारहरु गोविन्द भट्टराई, माधव अर्याल, रेखीराम राना, अनिल लिगलले समेत अबलोकन गर्नु भएको थियो। शून्य समयमा महत्वपूर्ण सवालबारे सभाका सदस्यहरुबाट ध्यानाकर्षण गराइएको थियो।

## आचार्य बालकृष्णलाई सम्मान

तानसेन नगरपालिकाले पतञ्जली योगपीठ हरिद्वारका आचार्य श्री बालकृष्ण जी महाराजलाई माघ २३ गते एक समारोह बीच स्वागत तथा सम्मान गरेको छ। नगर प्रमुख अशोककुमार शाहीको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलको सञ्चालन र पतञ्जली योग समिति तानसेनको समन्वयमा भएको कार्यक्रममा बोल्दै आर्युबेद शिरोमणी आचार्य बालकृष्णले भन्नुभयो –"नेपालकालागि धेरै काम गर्ने इच्छा छ। नेपाललाई कसरी अगाडी बढाउन सकिन्छ त्यसबारे सबैले सोचौं, राष्ट्रहितलाई सर्वोपरी ठानेर अघि बढौं। राष्ट्रप्रतिको दायित्व पुरा गरौं।" वहाँले तानसेन नगर प्रमुखको आग्रह अनुसार तानसेन पाल्पामा आर्युबेदीक अस्पताल स्थापनाकालागि आवश्यक सहयोग गर्न तयार रहेको समेत बताउनु भयो।

विशिष्ट ब्यक्तित्वहरु समेत सहभागी समारोहमा तानसेन नगर प्रमुख शाहीले सम्मान पत्र र ढाकाटोपीले सम्मान गर्दै गणेश धामको विकास र आर्युबेद अस्पताल, आर्युबेद कलेज र औषधि उद्योगका बारेमा आचार्यसँग छलफल गरेर योजना बनाउने बताउनु भयो। वहाँले आचार्य बालकृष्णलाई कुनै धर्म सम्प्रदायसँग नजोडी विश्व मानवको रुपमा हेरिनु उपयुक्त हुने बताउनु भयो।

## तानसेनमा घरघरमा आयुर्वेद उपचार

घरघरमा स्वास्थ्य सेवा अभियानको प्रारम्भ गरेको तानसेन नगर पालिकाले आफ्नो कार्ययोजनाअनुसार वडा नं २, १ र ६ मा आयुर्वेद सेवा अर्न्तगत घरघरमा जेष्ठ नागरिक सेवा सञ्चालन गरेको छ।

तानसेन नगरपालिका २ बाट सेवाको शुभारम्भ गर्दै तानसेन नगरप्रमुख अशोककुमार शाहीले विकास निर्माणसँगै मानवीय सेवाको क्षेत्रमा समेत नगरसरकारले काम गर्ने बताउनु भयो। शाहीले यो कार्यक्रम जेष्ठ नागरिकको सम्मान समेत भएको बताउनु भयो। घरघरमा स्वास्थ्य सेवा अभियान जस्तै आयुर्वेद सेवा पनि प्रभावकारिता हेरेर क्रमशःबिस्तार गर्दै लगिने शाहीले प्रष्टपार्नु भयो। तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले कार्यक्रमलाई निरन्तरताका लागि सहयोग गरिने बताउनु भयो। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका निमित्त प्रमुख माधवप्रसाद बस्यालले कार्यक्रमका लागि वजेट बृद्धि गर्न नगरपालिकालाई आग्रह गर्नुभयो। वडा नं २ का अध्यक्ष वरुणप्रसाद रेग्मीले कार्यक्रमको प्रभावकारिता हेरेर आगामी वर्ष समेत वडाले निरन्तरता दिने बताउनु भयो। कार्यक्रम वडाअध्यक्ष वरुणप्रसाद रेग्मीको अध्यक्षता र वैद्य निरीक्षक यज्ञप्रसाद गैरेको सञ्चालनमा सम्पन्न भएको थियो। कार्यक्रम अर्न्तगत वडा नं २ का घरघरमा पुगेर जेष्ठ नागरिकको निशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरिएको वडा सदस्य शान्ति भँडीले बताउनु भयो।

## रानीमहलमा अर्थ र परराष्ट्र मन्त्री

माघ १९ गते बाग्लुङ र गुल्मीको कार्यक्रम सकेर तानसेन – १३, स्थित रानीमहल (रानीघाट दरबार) अवलोकनमा परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली र अर्थमन्त्री युवराज खतिवडा पुग्नु भयो। कालीगण्डकी करिडोरको अवस्था बुझ्ने क्रममा उनीहरु बाग्लुङ र गुल्मी हुँदै रानीमहल पुग्नु भएको हो।परराष्ट्र मन्त्री ज्ञवालीले रानीमहलको इतिहास र यसको महत्वलाई अन्तराष्ट्रियकरण गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो। अर्थमन्त्री युवराज खतिवडाले रानीमहल क्षेत्रको विकासका लागि संघीय र प्रदेश सरकारसँग मिलेर तानसेन नगरपालिकाले काम गर्नुपर्ने बताउनु भयो।

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले संघीय सरकारले कालीगण्डकी करिडोर, रानीमहल क्षेत्र र रुरु क्षेत्रको विकासकालागि प्राथमिकता सहित विकासमा सहयोग गर्नुपर्ने मागपत्र प्रस्तुत गर्नु भएको थियो। शाहीले धार्मीक तथा पर्यटकीय केन्द्रको विकासकालागि वजेट सहित संघीय सरकारले तानसेन नगरपालिकालाई सघाउनु पर्ने कुरा उक्त अवसरमा राख्नु भएको थियो।

- विद्यालय, समुदाय र पारिवारमा बालमैत्री सिर्जना गरौं।
- विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- बाल बिबाहलाई निरूत्साहित गरौं।
- बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# वडा गतिविधि

(तानसेन वडा नं. १ देखि वडा नं. १४ सम्मका वडासचिवहरू क्रमशः चुरामणि मरासिनी, राधा न्यौपाने, मीरा क्षेत्री, बैकुण्ठ कोइराला, जीवन बस्याल, जयदीप पन्थी, तुल्सीराम कोइराला, सीताकुमारी भट्टराई, टंकप्रसाद भण्डारी, शिव आत्रेय, मञ्जु आचार्य, कृष्णप्रसाद भट्टराई र शंकरप्रसाद पाण्डेको सहयोगमा तयार गरिएको हो –प्रधान सम्पादक)

## तानसेन वडा नं. १ को गतिविधि



**- रामप्रसाद बस्याल**

शहरी तथा ग्रामीण क्षेत्रमा फैलिएको यस वडा नं. १ मा आ.ब. २०७५/०७६ मा वडास्तरीय २४ वडा योजनाहरू मध्ये आर्थिक विकास तर्फ २ वटा योजना, सामाजिक विकासतर्फ ५ वटा योजना, पूर्वाधार विकासतर्फ ११ वटा योजना र वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ६ वटा योजनामा रकम विनियोजन गरिएको छ । त्यस्तैगरी नगरस्तरीय योजनाहरूमा ९ वटा योजनाहरू रहेका छन् ।

यस वर्षको माघ मसान्तसम्म यस वडाअन्तर्गत सञ्चालन हुने वडास्तरीय २४ वटा योजनाहरूमध्ये २० वटा योजनाहरूको सम्झौता भइसकेको अवस्था छ भने नगरस्तरीय ९ वटा योजनाहरूमध्ये ६ वटा योजनाको काम गर्न योजना सम्झौता भइसकेको छ ।



वडास्तरीय २४ वटा योजनाहरू मध्ये ८ वटा योजनाहरूको निर्माण कार्य सम्पन्न भईसकेको र नगरस्तरीय ३ वटा योजनाको निर्माण कार्य सम्पन्न भई अन्तिम रकम भुक्तानी भईसकेको छ । वडास्तरीय र नगरस्तरीय गरी ९ वटा योजनाहरूको काम तीव्रतर रूपमा अगाडि बढिरहेको छ ।

तानसेन नगरपालिकाको सहयोगमा नगर आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत यस वडाका ३० जना जेष्ठ नागरिकलाई घरघरमा निःशुल्क आयुर्वेद सेवा दिने कार्यक्रम सम्पन्न भएको छ ।

यस अवधिमा सम्पन्न भएका केही योजना र वजेट संक्षिप्तमा :

१. टि.टि. बोर्डदेखि ढाकेबास पि.सि.सि. रु ३,००,०००।–

२. विसौना चौपारी पानी टंकी निर्माण रु ८०,०००।–

३. चिरञ्जीवी खनालको घरदेखि हरिमायाको घरसम्मको गोरेटो बाटो रु १,२५,०००।–

४. तीनधारा खोल्सादेखि जैसीचौपारी जोड्ने मोटरबाटोको बाँकी ट्र्याक खोल्ने काम रु १,२५,०००।–

५. बिसौना चौपारीदेखि अशोकको पुरानो बाटो हुँदै टिमुरे जाने बाटो रु. १,५०,०००।–

६. अनिता दिदीको घरदेखि यानीसराको घरहुँदै माथिसम्म जाने बाटो पि.सि.सि. रु १,२०, ०००।–

७. गैरागाउँ रामु खड्काको घरदेखि पिपलकोबोटसम्म गारेटोबाटो पि.सि.सि. रु १,००,०००।–

८. डिल्लीराजको घरदेखि शोरबहादुरको घरहुँदै मिसन जाने बाटो रु ४,००,०००।–

९. भक्त समरखातीको घरबाट चौपारी हुँदै मोटरबाटो जोड्ने बाटो रु ३,००,०००।–



माईस्थानदेखि दुर्गामन्दिर हुदै लायन्स धर्मशाला जाने बाटोको निर्माण कार्य हुँदैछ । आवश्यकता अनुसार जनश्रमदान समेत जुटाएर काम गरिएको छ ।

म विरामी भएर काममा उपस्थित हुन नसक्दा समेत साथीहरुले गर्नु भएको सहयोगका लागि सबैमा एकमुष्ठ धन्यवाद व्यक्त गर्दछु ।

# यी हुन् तानसेन - २ का गतिविधि



- वरूणप्रसाद रेग्मी

१) २०७५।९।२१ मा फुलबारी सरसफाइ तथा शुभकामना कार्यक्रम सम्पन्न। वडास्तरीय योजना **अमरनारायण पोखरी, फुलवारी मर्मत** अन्तरगत विनियोजित वजेट रु १,५०,०००।०० बाट काम भएको।



२) ब्याडमिन्टन कोर्ट मर्मत : **खेलकुद शीर्षक** अन्तरगत विनियोजित वजेट रु ८०,०००।०० बाट काम भएको।

३) वडास्तरीय व्याडमिन्टन प्रतियोगिता : प्रतियोगीतामा सम्मिलित जम्मा २१ टोली **खेलकुद शिर्षक** अन्तर्गत प्रतियोगिता सम्पन्न भएमध्ये –

- प्रथम : वडा नं. २
- द्वितीय : वडा नं. ४
- तृतीय : वडा नं. ३ भएका थिए।

४) हनुमान मन्दिर पार्क स्तरोन्नति : वडा कार्यालयको आयोजनामा सम्पन्न उक्त योजनाको विनियोजित वजेट रु १,००,०००।०० रहेको थियो।

५) अपाङ्ग शिक्षा अन्तर्गत २२ जना अपाङ्गता भएका तथा असहायहरूलाई निःशुल्क झोला किताब, कापी, ड्रेस वितरणका लागि बिनियोजित वजेट रु ४०,०००।०० बाट काम भएको छ ।



६) महेन्द्रबोधि मा.वि. स्तरवृद्धि अन्तर्गत कक्षा कोठामा झ्याल, ढोका निर्माणका लागि विनियोजित वजेट रु १,५०,०००।०० रहेको थियो।

# तानसेन वडा नं. ३ का गतिविधि



- महेशलाल शाक्य

## आ.व. ०७५/७६ को ता.न.पा. ३ का केही वडास्तरीय योजनाहरूको विवरण

| विषयगत | क्र.सं. | योजना विवरण | बजेट | कैफियत |
|---|---|---|---|---|
| आर्थिक विकास | १ | ता.न.पा.३ को सौन्दर्यकरण | १,५०,०००।– | सञ्चालनमा रहेको |
| | २ | लक्ष्मी नारायण मन्दिर परिसरमा सरसफाइ तथा मर्मत | १,००,०००।– | सम्पन्न भएको |
| | ३ | वसन्तपुर भीमसेन मन्दिर मर्मत सुधार | १,००,०००।– | सञ्चालनमा रहेको |
| | ४ | पुरानो पानी टंकीको चौपारीमा फलामको रेलिङ तथा तार वार योजना | ७५,०००।– | सम्पन्न भएको |

| विषयगत | क्र.सं. | योजना विवरण | बजेट | कैफियत |
|---|---|---|---|---|
| सामाजिक विकास | १ | जे.भि.टि.स्कूलमा तार जाली निर्माण योजना | १,००,०००।– | सम्झौता भई सञ्चालनमा रहेका |
| | २ | पद्म पब्लिक स्कूलमा पर्खाल निर्माण | १,००,०००।– | |
| | ३ | परीयति शिक्षा कार्यक्रमको लागि दराज, कुर्ची लगायत फर्निचर व्यवस्थापन | ५०,०००।– | |
| | ४ | महाचैत्य विहारमा भजन सम्वर्द्धनका लागि माइक, स्पीकर खरीद | ५०,०००।– | |
| | ५ | शिवालय आश्रम परिसरमा भौतिक व्यवस्थापन | ५०,०००।– | |

| विषयगत | क्र.सं. | योजना विवरण | बजेट | कैफियत |
|---|---|---|---|---|
| पूर्वाधार विकास | १ | ठानीमैया सोमैको घरदेखि लाकुरीबोट जाने बाटो र ढलनिर्माण | ३,००,०००।– | सम्झौता भई सञ्चालनमा रहेको |
| | २ | धीरेन्द्रप्रसाद श्रेष्ठको घर नजिकको साघुँरो गल्ली मर्मत तथा भल व्यवस्थापन | १,४०,०००।– | |
| | ३ | दिलीप सोनीको घरदेखि भीमवहादुर नेपालीको घरनिरको खोल्सासम्म पि.सि.सि.गर्ने | १,००,०००।– | |
| | ४ | सन्तोष खनालको घरदेखि सेन्ट क्यापितानियो जाने अधुरो बाटो निर्माण | १,००,०००।– | |
| | ५ | वसन्तपुरको अधुरो भित्रीबाटो मर्मत | १,००,०००।– | |
| | ६ | वडा कार्यालय व्यवस्थापन | १,००,०००।– | |
| | ७ | सीताराम घिमिरेको घरदेखि सविता शाक्यको घर सम्मको बाटो निर्माण | १,००,०००।– | |
| | ८ | ता.न.पा. ३ को सडकवत्ती तथा नालीमर्मत | १,३५,०००।– | |

| विषयगत | क्र.सं. | योजना विवरण | बजेट | कैफियत |
|---|---|---|---|---|
| वन, वातावरण तथा विपद् | १ | प.प. स्कूलको पूर्वपट्टीको खोल्सा र भल व्यवस्थापन | २,५०,०००।– | सम्झौता भई सञ्चालनमा रहेको |
| | २ | सुनिल गोविन्द श्रेष्ठको घरदेखि दिलीप सोनीको घरसम्म बाटो तथा ढल व्यबस्थापन | १,५०,०००।– | |
| | ३ | ता.न.पा. ३ को सरसफाइ व्यवस्थापन | ५०,०००।– | |
| | ४ | ता.न.पा. ३ को भल व्यवस्थापन | ५०,०००।– | |
| | ५ | ता.न.पा. ३ को विपद् व्यबस्थापन | ५०,०००।– | |

| विषयगत | क्र.सं. | योजना विवरण | बजेट | कैफियत |
|---|---|---|---|---|
| लक्षित कार्यक्रम | १ | होमस्टे तालिम कार्यक्रम तथा झोला वितरण (महिला लक्षित) | ७०,०००।– | सम्झौता हुन वाँकी |
| | २ | उद्घोषण तालिम कार्यक्रम (आदिवासी जनजाति तथा दलित) | ३०,०००।– | |
| | ३ | वालवलिकालाई खेलकुद सामग्री वितरण (वालवालिका) | २५,०००।– | |
| | ४ | लागूपदार्थ दुर्व्यसनी तथा ट्राफिक नियम पालनसम्वन्धी युवालाई प्रशिक्षण | २५,०००।– | |

# वडा नं. ४ का केही गतिविधि



– राजेन्द्रमुनी शाक्य

तानसेन नगरपालिका वडा नं. ४ को आ.व. २०७५/७६ को वडास्तरीय योजनाहरूमध्ये पुस मसान्त सम्म सम्झौता भएका योजना तथा सम्पन्न भएका योजना तपसिल बमोजिम रहेका छन्।

२०७५ पुस मसान्त सम्म सम्झौता भएका योजनाहरू :

- गैरावारी अञ्जन ज्ञवालीको घरको दायाँतीरको ढल मर्मत विनियोजित रकम रु ५०,०००।– रहेको थियो।
- विशालबजार प्रेम चौहानको घर अगाडिको बाटो मर्मतका लागि विनियोजित रकम रु ५०,०००।– रहेको थियो।

**२०७५ पुस मसान्त सम्म सम्पन्न भएका योजनाहरु :**

- होलाङ्दी बौद्ध विहार पर्खाल निर्माण विनियोजित रकम रु १,००,०००।– मा काम भएको छ।
- महिलाहरूका लागि अचार बनाउने तालिम विनियोजित रकम रु ६०,०००।– बाट काम सम्पन्न भएको छ। कतिपय कामहरु भई रहेका छन्।
- युवाहरूको लागि खेलकुद कार्य विनियोजित रकम रु १,००,०००।–
- महिलाहरूका लागि कमप्युटरसम्बन्धी वेसिक तालिम विनियोजित रकम रु ६०,०००।–
- बारुदखान नयाँवस्तीको बाटो पि.सि.सि. विनियोजित रकम रु २००,०००।–
- सिल्खानटोल शोभादेवी कामुथापाको घरदेखि उत्तर द्वारीका प्रसाद नेपालको घरको गेटसम्म पि.सि.सि. ढलान विनियोजित रकम रु १०,००००।–
- बिशालबजार स्थित साई मन्दिरको छतमा पर्खाल, रेलिङ, ट्रष्ट राख्ने विनियोजित रकम रु ३००,०००।–
- लहरेपिपल स्कूल अगाडिको ढलान गर्न बाँकी रहेको बाटोको पि.सि.सि. विनियोजित रकम रु १००,०००।–
- होलाङ्दी मनकामना होटल अगाडिको घुम्तीको नाली मर्मत विनियोजित रकम रु ५०,०००।–
- गोलखान स्थीत पुष्पाञ्जली लोक भजन मण्डलीलाई सहयोग विनियोजित रकम रु ३०,०००।–
- त्रि.वि. क्यापस पछाडीको मूल बाटो देखि सन्तवीर बरालको घरसम्मको बाटो पि.सि.सि. विनियोजित रकम रु १,५०,०००।–
- महावोधि विहारमा टायल लगाउने विनियोजित रकम रु १,००,०००।–
- मखनटोल गणेश मन्दिरमा हुने महोत्सव र पूजाको लागि सहयोग विनियोजित रकम रु ५०,०००।–
- गोलखान ढल व्यबस्थापन बिनियोजित रकम रु ५,००,०००।–

## तानसेन-४ मा वडा तहबाटै बजार अनुगमन

तानसेन नगरपालिका वडा ४ ले बजार अनुगमन शुरु गरेको छ। वडा अध्यक्ष राजेन्द्रमुनी शाक्य सहित १० जनाको टोलीले किराना पसल, होटल रेष्टुरेण्ट, खाद्यान्न, फेन्सी पसल लगायतको अनुगमन गरेका हुन्। तानसेन बजारमा दशैं, तिहारमा मात्र सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा हुने बजार अनुगमन अहिले वडा तहबाटै शुरु भएपछि आम उपभोक्तामा अब ठगिन पर्दैन कि भन्ने आशा पलाएको छ। जिल्लामा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय स्थापना लगत्तै पहिलो चरणमा तानसेन नगरपालिका वडा ४ मा वडास्तरीय अनुगमन टोली गठन र २ दिने तालिम सञ्चालन गरी वडा तहमा अनुगमनको अधिकार प्रत्यायोजनसँगै वडास्तरीय टोलीले बजार अनुगमन गरेको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनु भयो। वडा अध्यक्ष राजेन्द्रमुनी शाक्यका अनुसार वडास्तरीय अनुगमन टोलीले पहिलो पटक खाद्यान्न, किराना पसल, डिपार्टमेन्टल स्टोर, होटल रेष्टुरेण्ट, दूध डेरीहरुको अनुगमन गरेको छ। टोलीले अनुगमनको समयमा, पसलमा मूल्य सूची नभएको, खाद्यान्नका सरसमान व्यवस्थित रुपमा नराखेको, होटल रेष्टुरेण्टका किचनमा सरसफाइ नभएको, पसल दर्ता बिना सञ्चालन भएको जस्ता गतिविधी भेटाएपछि आवश्यक सुझाव तथा निर्देशन दिएको थियो।

पहिलो पटक जनचेतनामूलक तरिकाबाट अनुगमन गरेको र पुनः अनुगमनका क्रममा जाँदा यस्तै भेटिए कानून अनुसार कारवाहीको लागि सिफारिस गरिने वडाअध्यक्ष एवम् वडास्तरीय अनुगमन समितिका संयोजक राजेन्दमुनी शाक्यले बताउनु भयो। अनुगमन टोलीले आफ्नो वडा भित्रका खाद्यान्न, किराना, दूध, माछा, मासु,तरकारी, फलफूल, दैनिक उपभोग्य सरसमान, औषधि पसल, स्वास्थ्य सेवा फर्म, रासायनिक मल, बीउ, विषादी, एग्रोभेट, कृषि औजार, ईन्धन, निर्माण सामग्री, शैक्षिक सामग्री, शैक्षिक संघ–संस्था, होटल, लज, रेष्टुरेण्ट, खाजा घर, चमेना गृह तथा, नापतौल, पशुपंक्षी बजार, सौन्दर्य सामग्री, विद्युतीय सरससमान, सुन पसल, गरगहना, सवारी साधन सुर्तीजन्य पदार्थको साथै व्यापारिक, यातायात, खानेपानी र वित्तिय सेवाहरु लगायतका विषयवस्तु माथि अनुगमन गरी नियम विपरित भए कानूनी कारवाहीको लागि सिफारिस गर्ने अधिकार पाएको छ।

स्थानीय तहका वडा तहमा समिति गठन गरी, गुणस्तरीय सरसमानको खरीद विक्री गराउन, उपभोक्ता सचेत र जिम्मेवार बनाउन, नियम कानूनको पालना गर्न गराउन, यस किसिमको अभियान थालिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय पाल्पाका निमित्त डिभिजन प्रमुख नरेश श्रेष्ठले बताउनु भयो। बजार अनुगमन नियमितरुपले तानसेनका सबै वडामा गरिनुपर्ने नगरका उपभोक्ताको माग रहेको छ।

# वडा नं. ५ का विकास गतिविधि



- रामबहादुर रावल

छात्रावाँस सावाँखुम सचेतना केन्द्रसम्मको रु ४,००,०००(चार लाख) वजेटबाट बाटो निर्माण कार्य सम्पन्न भई भुक्तानी भई सकेको र सालघारी शिवखत्रीको घर देखि धनबहादुर कार्कीको घरसम्म निस्कने बाटोको कृषिसडकको काम (एक लाख) सम्झौता भै निर्माणको कार्य अगाडि बढेको छ। मैरानदेखि भेडीचौर जाने कृषि सडकको वजेट रु १,००,००० (एक लाख) बाट बिस्तार तथा ग्वाबिन पर्खाल निर्माण, शीतलडाँडा डण्डुगिरीको घरदेखि स्कूलसम्मको कृषि बाटो वजेट रु १,००,०००(एक लाख) बाट बाटो निर्माण सम्पन्न भएको छ। बकनगैरा देखि स्कूल निस्कने बाटो ७,५०,००० मा सम्पन्न भईसकेको छ। वडा कार्यालय व्यवस्थापनको लागि रु १,००,००० सम्झौता भई काम अगाडि बढेको छ। जेष्ठ नागरिक सहयोग तथा सम्मानका लागि रु १,००,००० बाट कार्यक्रम सम्झौता भई कार्यान्वनको अवस्थामा अगाडि बढेको छ। बाँसटारी मुखियाको चौपारी तल घुम्ती प्रतिक्षालय निर्माणको लागि रु ५०,००० बाट सम्झौता भई काम अगाडि बढेको छ। डिबारी खानेपानी मुल संरक्षण रु १,००,००० मा काम सम्पन्न भइ सकेको र बन्दीपोखरा धारामा कृयापुत्री पौवा निर्माण सम्झौता भई काम अगाडि बढेको छ। भालुखोला खानेपानी मूल संरक्षणका लागि रु १,००,००० बाट काम सम्पन्न भई भुक्तानी भई सकेको छ। अनिल लिगलको घरदेखि श्रीनगर जाने बाटो रु ५०,००० मा स्तरोन्नति गर्नका लागि सम्झौता भई सकेको छ। सबै टोल बस्तीहरूमा सडक बत्ती राख्ने काम रु २,००,००० मा कार्य सम्पन्न भएको छ। देउराली मन्दिर निर्माणका लागि रु ३,००,००० को योजना सम्झौता भई काम अगाडि बढेको छ। आधारभूत स्कूल शीतलडाँडादेखि चुतुर्भुज गिरीको घरसम्मको खानेपानी व्यवस्थापन का लागि रु ५,००,००० बाट माथिल्लो चउनबारी देखि धुनाधार सम्म नाली निर्माण भएको छ। मगरपानी धारा निर्माणको लागि रु ५०,००० बाट सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ। गंगालाल श्रेष्ठको घरदेखि देउराली जानेबाटोमा ढल तथा बाटो निर्माणको लागि रु ५०,००० बराबरको योजना सम्झौता भएको छ। सपाङदी सापाखुम बिनोद लम्तरीको घर हुँदै सापाखुम सचेतना केन्द्रको भवन हुँदै शीतलडाँडा वार्ड नं. १ जोडने मोटरबाटो का लागि रु ५०,००० बाट निर्माण कार्य सम्पन्न भई सकेको छ। बासपोखरादेखि ठाँटी हुँदै मौरानसम्म जोड्ने मोटरबाटो रु ५,००,००० मा सम्झौता भएको छ भने चउनबारी धुनाधार भतिन्द्रा पोखरीसम्म जोडने अधुरो मोटरबाटो रु ५,००,००० मा सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ। आमडाँडा सापाखुम अर्चलेदेखि बिसडाँडा जोड्ने मोटरबाटो रु २०,००० मा निर्माण कार्य सम्पन्न भई सकेको छ। कालो खोला माथिल्लो धरमपानी खानेपानी मूल संरक्षण तथा व्यवस्थापन रु १,००,००० मा सम्झौता भई सकेको छ। सलुपानी धारामा कृयापुत्री पौवा तथा अर्चले सोमैडाँडाको भित्री बाटो निर्माण रु १,००,००० मा सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ। सावाँखुम सचेतना केन्द्रदेखि अवल जोड्ने बाटो रु १,००,००० मा निर्माण कार्य सम्पन्न भएको छ। इखारीदेखि लक्ष्मी मा.वि हुँदै दुध डेरीसम्म निस्कने बाटो रु ३,००,००० मा सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ।

तानसेन-५ वनदेवीमा निर्माणधीन बसपार्कको काम अगाडि बढेको र लामो समयपछि IEE रिपोट संघीय मामिला मन्त्रालयबाट स्वीकृत भएको छ। साविक वडा १३ तथा हाल तानसेन-५ बतासेडाँडाको ३३ के.भी. प्रसारण लाइनको हाइटेशन लाइन सार्ने विषयमा लागत इष्टमेट तयार भई मन्त्रालयमा पठाउने कार्य सम्पन्न भएको छ। घरघरमा स्वास्थ सेवा पहिलो चरण अभियानअन्तर्गत सेतीपोखरी अर्चले शीतलडाँडामा स्वास्थ सेवा उपलब्ध गराइयो। प्रत्येक वार्ड बस्तीहरूमा सडक बत्ती राख्ने काम सम्पन्न, एकीकृत बस्ती विकास कार्यक्रमअन्तर्गत साविक १२, १३ मा कार्यक्रम सुचारु भएको छ। बसपार्क-लहरेपिपल-बतासेडाँडा-ढुङ्गाखानी-रिडी-तम्घास रोडमा मर्मत सम्भार गर्नका लागि इष्टमेट तयार भएको छ। नगर शिक्षा कार्यक्रमअन्तर्गत शीतलडाँडा आधारभूत स्कूलमा विज्ञान संकाय अन्तगर्तको सामग्री प्रदान गरिएको छ।

आ.वा २०७५/२०७६ दोस्रो चौमासिकमा यस ता.न.पा ५ कार्यलयबाट कार्य सम्पादन भएका कार्यको विवरण :-

नागरिकता सिफारिस ५१, चारकिल्ला प्रमाणित ५९, घरबाटो प्रमाणित ३५, नाता प्रमाणित २५, अन्य सिफारिस १०० जना समेत जम्मा २७० जनालाई सेवा प्रदान गरिएको छ।



तानसेन-५ वनदेवीमा नयाँ बसपार्क निर्माणका लागि अवलोकन गर्दै जनप्रतिनिधि लगायत

# तानसेन नगरपालिका वडा नं. ६ वडा कार्यालयको चालु आ.व. ०७५/०७६ को २०७५ माघ मसान्त सम्मको प्रगति विवरण



-सागरमान महर्जन

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | बिभिन्न सिफारिस संख्या | ५९९ |
| २ | एकीकृत सम्पत्ति कर बाहेकको दैनिक सिफारिस दस्तुर मात्र न.पा. दाखिला रु (एकीकृत सम्पत्ति कर ता.न.पा. कार्यालयबाट असुली भएको) | ३,८३,७४६।– |
| ३ | बैठक संख्या | १५ |
| ४ | वडास्तरीय आयोजना/कार्यक्रम संख्या (नगर सभाबाट पारित) | ३६ |
| ५ | वडास्तरीय आयोजना/कार्यक्रमको अनुदान रु | ३०,०००,००।– |
| ६ | २०७५ माघ मसान्तसम्ममा वडास्तरीय आयोजना/कार्यक्रम सम्झौता संख्या | २७ |
| ७ | २०७५ माघ मसान्तसम्ममा वडास्तरीय आयोजना/कार्यक्रम सम्पन्न संख्या | १२ |
| ८ | २०७५ माघ मसान्तसम्ममा वडास्तरीय आयोजना/कार्यक्रममा अनुदान खर्च रु | ६,४०,०००।– |
| ९ | २०७५ माघ मसान्तसम्ममा वडास्तरीय आयोजना/कार्यक्रमको बित्तीय प्रगति प्रतिशत | २१.३३ |
| १० | २०७५ माघ मसान्तसम्ममा वडास्तरीय आयोजना/कार्यक्रमको संख्यात्मक प्रगति प्रतिशत | ३३.३३ |
| ११ | २०७५ माघ मसान्तसम्ममा वडास्तरीय आयोजना/कार्यक्रमको अनुगमन संख्या | ३ |
| १२ | नगर स्तरीय आयोजना/कार्यक्रम संख्या (नगर सभाबाट पारित) | ११ |
| १३ | नगर स्तरीय आयोजना/कार्यक्रमको अनुदान रु | ४०,०००,००।– |
| १४ | २०७५ माघ मसान्तसम्ममा नगर स्तरीय आयोजना/कार्यक्रम सम्झौता संख्या | ५ |
| १५ | २०७५ माघ मसान्तसम्ममा नगर स्तरीय आयोजना/कार्यक्रम सम्पन्न संख्या | २ |
| १६ | २०७५ माघ मसान्तसम्ममा नगर स्तरीय आयोजना/कार्यक्रममा अनुदान खर्च रु | ७,००,०००।– |
| १७ | २०७५ माघ मसान्तसम्ममा नगर स्तरीय आयोजना/कार्यक्रमको बित्तीय प्रगति प्रतिशत | १७.५ |
| १८ | २०७५ माघ मसान्तसम्ममा नगर स्तरीय आयोजना/कार्यक्रमको संख्यात्मक प्रगति प्रतिशत | १८.१८ |

**(वडा कार्यालयबाट नगरपालिकाको कार्यालयमा सिफारिस गरिएको अभिलेखको आधारमा तयार गरिएको)**



# तानसेन वडा नं. ७ का विकास गतिविधि



-मुक्तिराम जि.सी.

आ.व. २०७५/०७६ को नगर सभाबाट पारित भएका योजनाहरू मध्ये नगरकार्यपालिकाको वार्षिक योजना कार्यान्वयन तालिकाअनुसार पुस मसान्तसम्म सम्झौता भईसक्नुपर्ने सम्पूर्ण योजनाहरू समयमै सम्पन्न भईसकेको छ। यस्तै असोजमसान्तसम्म सम्झौता भएका योजनाहरूको अन्तिम भुक्तानी पनि भईसकेको छ। नगरस्तरीय योजनाहरू पनि योजना सम्झौता भई काम भईरहेको र केही योजनाको अन्तिम भुक्तानी समेत भईसकेको छ।



यस वडामा सञ्चालन भएको नगरस्तरीय योजनाअन्तर्गत सूर्यकुण्डको १० लाखको काम सम्पन्न भई जनसहभागिताबाट समेत करीव ५ लाखको काम भएको र १०८ धारा वनाउने अभियानमा रहेको, वडास्तरीय वजेटबाट प्रभास बगैँचामा ५० हजार रुपैयाँको काम सम्पन्न भएको र थप ८० हजार बराबरको जनसहभागिताबाट काम भएको छ। साथै बगैँचाको चौपारी निर्माणमा करीव ६ लाख रुपैयाँ बराबरको जनसहभागिताबाट काम भएकोमा उक्त कामको लागि वडा अध्यक्ष स्वयम्बाट २ महिनाको पारिश्रमिकसमेत उपलब्ध गराइएको थियो।



वाघखोर फुटवल मैदानको लागि वडास्तरीय वजेट १ लाख ७५ हजार रुपैयाँको काम सम्पन्न भएको छ भने सरस्वती मा.वि.को कम्पाउण्ड निर्माणको लागि ६०/४० योजनाबाट काम सम्पन्न भएको छ । नगरस्तरीय योजनाअन्तर्गत बाँसटारी, डाँडापिपल, चुच्चेवारी ठाँटी हुँदै लामडाँडा जोड्ने सडकको कच्ची नाली तथा ग्रावेल गर्ने काम सम्पन्न भएको र अन्य काम भईरहेको छ । वडास्तरीय वजेटबाट काजीपौवा चौपारी निर्माणको १ लाख रुपैयाँको काम सम्पन्न भएको, सरसफाइलाई अभियानको रूपमा लाने उद्देश्यले ४६ थान फलामे डस्टविन खरिद गरी वितरण गर्ने क्रममा रहेको छ। यस वडामा अवस्थित नगरपालिकाको गहनाको रूपमा रहेको प्रभासताललाई लेकसाइडको रूपमा विकशित गर्नको लागि स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा केन्द्र सरकारसँग आवश्यक समन्वय भई प्रक्रिया अगाडि बढोस् भन्ने अपेक्षा रहेको जानकारी गराउँछु।

# तानसेन नगरपालिका ८ मदनपोखराका विकास गतिविधि



- रामप्रसाद घिमिरे

शारदा माध्यमिक विद्यालय क्षेत्र वरिपरि तानसेन नगरपालिकाको वजेट रु १ लाखमा ढुंगा सोलिङ गरी भल नियन्त्रण गर्ने काम सम्पन्न भएको छ । चुच्चेबारी–सिरसिरे–मदनपोखरा–देउराली–कोकलछाँप–तल्लो डुम्रे अधुरो सडक स्तरबृद्धि क्रमागत योजनामा नगर वजेट १५ लाख लगानी भएको छ। यसको कार्यक्षेत्र चुच्चेबारी गुन्द्रेखोल्सा शारदा माबि रहेको छ। यसअन्तर्गत पक्की नाली निर्माण (१९७.५ मिटर), पक्की रिटेलिङ्ग पर्खाल निर्माण (८४ मिटर) र ग्राभेलिङ्ग –धोन्द्रे आँप क्षेत्र), चुच्चेबारी सिरसिरे क्षेत्रको काम सम्पन्न भएको छ।

गाङ्दीखोला–पाँडेखर्क–कोकल अधुरो मोटरबाटो स्तरबृद्धि नगरवजेट रु ४ लाखमा सडक फराक गराउने काम भएको छ। दशैँका बेलामा वडाभित्रका सबै सडकहरूमा मर्मत तथा सफा गर्ने काम भएको छ।

वडास्तरीय योजना अन्तर्गत आरन सुधारका लागि औजार उपकरण खरिदका लागि ६० हजार सहयोग गरिएको छ। साबिक मदनपोखरा –९, चौरथोक साबिक मदनपोखरा–३ मौरीखर्क, साबिक मदनपोखरा–२ कोकलका ३ वटा आरन सुधारका लागि सहयोग गरिएको छ। कृषिउपज

तौलका लागि रु २५ हजारमा डिजिटल काँटा २ वटा खरिद गरिएको छ। १ वटा काँटा हालको वडा कार्यालयमा र १ साबिक मदनपोखरा–४ छापमा उपलब्ध गराइएको छ। तरकारी खेतीमा औषधिबाट सुरक्षाका लागि वडा कार्यालयको वजेट रु २५ हजारमा एप्रोन खरिद गरी वडाका कृषि समूहलाई वितरण गरिएको छ।




वडाको वजेट १ लाखमा वडाका व्यावसायिक उन्नत पशुपालक कृषकका लागि भकारो सुधार कार्यक्रममा सहयोग गरिएको छ। साबिक मदनपोखरा गाबिस–३ मा उन्नत गाईपालक कृषकहरूका लागि ३ वटा भकारो सुधार कार्यक्रम सम्पन्न भएको छ। साबिक मदनपोखरा–५ मा व्यावसायिक पशुपालक कृषकको भकारो सुधारमा सहयोग गरिएको छ। साबिक मदनपोखरा–४ मा १ समेत जम्मा ५ कृषकका लागि भकारो सुधार कार्यक्रमका लागि सहयोग गरिएको छ।

वडाको वजेट रु १ लाखमा कालापानी रानाटोल लिफ्ट खानेपानी मोटर खरिद गरिएको छ। जहाँ नगर वजेट म्याचिङ ५० हजारसमेत जम्मा १ लाख ५० हजार लगानी भएको अवस्था छ। च्यूरी(चाउरी)पोखरामा रहेको शहरी स्वास्थ्य क्लिनिकका लागि वडा वजेट रु १ लाखमा शौचालय निर्माण कार्य सम्पन्न भएको छ। सामुदायिक स्वास्थ्य इकाइ नयाँपाटीमा औषधि उपकरण खरिदका लागि वडाबाट ३० हजार सहयोग गरिएको छ। साबिक मदनपोखरा–९ मा तिनकुने बस्ती खानेपानी टंकी निर्माणका लागि वडा वजेट ३० हजार सहयोग गरिएको छ। साबिक मदनपोखरा–३, पनियार टोल मीना गाहाको घर छेउमा वडाको वजेट रु ३० हजार खानेपानी टंकी निर्माणका लागि सहयोग गरिएको छ।



वडा वजेट ४० हजार शारदा माध्यमिक विद्यालय मदनपोखराका विद्यार्थीहरूलाई विद्यार्थी उपचार कक्ष सेटिङ्गका लागि सहयोग गरिएको छ। वडा वजेट ३० हजार भगवती आधारभूत विद्यालयको खानेपानी व्यवस्थापनका लागि सहयोग गरिएको छ।

साबिक मदनपोखरा–९मा १, साबिक मदनपोखरा–२ मा १ समेत २ वटा सामुदायिक महिला भवन फिनिसिङ्गका लागि वडा वजेटबाट रु १ लाख सहयोग गरिएको छ। शारदा माबिदेखि वडा कार्यालय जाने बाटोको स्तरबृद्धिका लागि वडास्तरीय गौरव योजनाको वजेटबाट ३ लाख लगानी गरिएको छ। ३२ मिटर लम्बाइ ४ मिटर चौडाइ ६ इन्च ढलाइको उक्त योजना सम्पन्न भएको छ। वडाको चापपानी भन्ने स्थानमा सभा बैठक हल (ट्रस) निर्माणका लागि वडा वजेट ३ लाख लगानी गरी काम भएको छ। कमेरेपानी टिमुरगैरा नयाँ मोटरबाटो निर्माण र किरीभञ्याङ्ग बेलासपुर सडक स्तरबृद्धि कार्य वडा वजेट १ लाखमा सम्पन्न भएको छ। बाटुलेचौरदेखि देउगिरेको घरसम्म ढुंगा छपाइ र सिँढी निर्माणका लागि वडा वजेट १ लाख विनियोजन गरिएको छ। खत्री चौपारीदेखि माथिल्लो तारे गैरा नयाँ मोटरबाटो निर्माण कार्य वडा वजेट १ लाखमा हुँदै गरेको अवस्था छ।

## तानसेन-८ मा शहरी स्वास्थ्य केन्द्र सञ्चालन

विकासको हिसावले पछि रहेको तानसेन–८, मदनपोखराको चिउरीपोखरामा माघ ८ गते समारोहबीच नगर प्रमुख अशोककुमार शाहीले शहरी स्वास्थ्य केन्दको उद्घाटन गर्नुभयो। सोही दिन नगरप्रमुख शाहीले घरघरमा स्वास्थ्य सेवा अभियान कार्यक्रमको समेत उक्त वडामा शुभारम्भ गर्नुभयो। वडाअध्यक्ष रामप्रसाद घिमिरेको अध्यक्षता, शहरी स्वास्थ्य केन्द्र चिउरीपोखराका प्रमुख राजन मुडभरीको सञ्चालन तथा मदनपोखरा स्वास्थ्य चौकीका प्रमुख भविन्द्र न्यौपानेको स्वागतमा भएको कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख शाहीले भन्नुभयो–“नागरिकको घर दैलोमा पुगेर सेवाका लागि सहयोग गर्ने काम पनि जनप्रतिनिधिको भएको कुरा महसुस गरेर घरघरमा स्वास्थ्य सेवा अभियान आरम्भ गरिएको हो।” तानसेन–८ चिउरीपोखराका नागरिकलाई स्वास्थ्य सेवाका लागि रियल मेडिसिन फाउण्डेशसन संस्थाको सहयोगमा शहरी स्वास्थ्य केन्द्र शुरु भएको शाहीले बताउनु भयो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले दिगो र गुणस्तरीय स्वास्थ्य सेवाका लागि नगरपालिकाबाट सक्दो सहयोग हुने बताउनु भयो। साबिक जिल्ला विकास समिति पाल्पाका सदस्य एकप्रसाद भण्डारीले पछाडि परेको क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार तानसेन नगरपालिकाको राम्रो काम हो भन्दै धन्यवाद दिनु भयो। रियल मेडिसिन फाउण्डेशसन संस्थाका गणेशकुमार क्षेष्ठले ५ वर्षका लागि उक्त शहरी स्वास्थ्य केन्द्र सञ्चालनका लागि सहयोग गर्ने बताउनु भयो। वडाअध्यक्ष रामप्रसाद घिमिरेले घरघरमा स्वास्थ्य सेवा अभियान र शहरी स्वास्थ्य केन्द्र कार्यक्रम सञ्चालनमा सहयोग गर्ने नगरपालिका, रियल मेडिसिन फाउण्डेशसन संस्था, जिल्ला अस्पताल, मिसन अस्पताल, लुम्विनी मेडिकल कलेज लगायतलाई धन्यवाद दिदै तानसेन नगरपालिका भित्रका ग्रामीण वडाको विकासका लागि नगरसरकारले विशेष चासो देखाएकोमा खुसी व्यक्त गर्नु भयो। उक्त दिन १ सय ५० जना बढी नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा र औषधि उपलब्ध गराइएको नगर स्वास्थ्य संयोजक सिरबहादुर रानाले बताउनु भयो।

# तानसेन वडा नं. ९ का विकास गतिविधि



- हरिसुमर रेग्मी

तानसेन नगरपालिकाबाट आ.व. २०७५/७६ मा स्वीकृत आयोजनाहरू हालसम्म सम्पन्न भएका आयोजनाहरू :

- ❖ अँधेरी गब्दे चौर भैलेगैरा मोटरबाट काम सम्पन्न वजेट रु १,००,०००/—
- ❖ बेलटारी उल्टेभित्ता मोटरबाटो काम सम्पन्न वजेट रु १,००,०००/—
- ❖ तिन्टी आँप प्रा.वि मा भएका ६५ जना विद्यार्थीहरूलाई पोशाक वितरण तानसेन नगरपालिकाको पहलमा नगर प्रमुख, उपप्रमुख र वडा अध्यक्षको उपस्थितिमा कार्यक्रम सम्पन्न भयो।
- ❖ आरुखर्क तरकारी संकलन भवन निर्माण सम्पन्न रु ५०,०००/— लाभान्वित घरधुरी १००।
- ❖ रसगाग्री कृषि उपज संकलन केन्द्र निर्माण सम्पन्न रु. ८०,०००/— लाभान्वित घरधुरी १५०।
- ❖ पुष्प(फूल) खेती योजनाका लागि सहयोग रु. २०,०००/- मा सम्पन्न भएको छ।
- ❖ रिजाल गाई फर्मको लागि घाँसको बीउ वितरण। रकम रु. २५,०००/- खर्च भएको छ।
- ❖ रिजाल गाई फार्मको लागि घाँस कटिङ मेसिन खरिद। रकम रु. २५,०००/- भुक्तानी गरिएको छ।
- ❖ वडा कार्यालयको लागि सवारी साधन खरिद।

तानसेन नगरपालिकाबाट आ.व. २०७५/७६ मा स्वीकृत आयोजनाहरू **हालसम्म सम्झौता भएका आयोजनाहरु :**

- ❖ डिलबहादुर मार्ग स्तरोन्नति। वजेट रकम रु. २,००,०००/-
- ❖ अम्लीहान बेल्टारी खर्क तिलाहार हुँदै सत्यवती जोडने मो.बा.। वजेट रकम रु. १,००,०००/-
- ❖ अँधेरी भैलीगैरा मो.बा. विस्तार। वजेट रकम रु. १,००,०००/-
- ❖ चुईकिने पिपलदेखि बाक्लेपानी हुँदै तिलाहार जोडने मो.बा. ट्र्याक तथा नाली व्यवस्थापन। वजेट रकम रु. १,०० ०००/-
- ❖ दमकडा रसगाग्री देउराली हुँदै प्रकाश घर्तीको घरसम्मको मोटरबाटो विस्तार। वजेट रकम रु. १,००,०००/-

**सामाजिक सुरक्षा भत्ता वितरण विवरण :**

आ.व. २०७५/७६ को पहिलो चौमासिक

जेष्ठ नागरिक १६२ जना

जेष्ठ दलित १४ जना

विधवा महिला १०८ जना

पूर्ण अपाङ्गता भएका ४ जना

आंशिक अपाङ्गता भएका ५ जना

दलित बालबालिका २६ जना

वितरण रकम रु. १८,९१,८००/-

आ.व. २०७५/०७६ को दोस्रो चौमासिक देखिसामाजिक सुरक्षा भत्ता हिमालयन बैंक तानसेन बाट भुक्तानी हुने व्यवस्था मिलाइएको छ।

जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण :

मिति २०७५/१०/२४ गतेका दिन यस तानसेन नगरपालिका वडा नं. ९ को तिन्टी आँप, तिन पिपले र स्वास्थ्यचौकी गरी ३ ठाउँमा ६० वष उमेर पुगेका जेष्ठ नागरिकहरूका लागि स्थास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भयो। तानसेन नगरपालिकाको घरघरमा स्वास्थ्य सेवा अभियान कार्यक्रम अन्तर्गत उक्त कार्यक्रम सम्पन्न गरियो।

सांसद विकास कोष अन्तर्गतको मोटरबाटो निर्माणको लागि केशव भट्टराईको अध्यक्षतामा उपभोक्ता समिति गठन (रकम रु २०, ००, ०००/— )।

प्रदेश स्तरीय योजना दमकडा खेल मैदानको लागि ताराबहादुर थापाको अध्यक्षतामा उपभोक्ता समिति गठन (रकम रु २५,००,०००/—)।

**विषय : टोल विकास संस्था समन्वय समिति गठन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ९ मा मिति २०७५/१०/२१ गतेका दिन वडास्तरीय टोल विकास संस्था समन्वय समिति निम्नलिखित पदाधिकारीहरू राखी गठन गरिएको छः

| पद | नाम | सम्पर्क नं. |
|---|---|---|
| १. | अध्यक्ष–केशव भट्टराई | ९८५७०६०१२७ |
| २. | उपाध्यक्ष–नन्दा वन्जाडे | ९८४७३३६८८० |
| ३. | सचिव–छवि भट्टराई | ९८४७०२९६४१ |
| ४. | कोषाध्यक्ष–कमल दर्लामी | ९८६७२०२३०४९ |
| ५. | सदस्य–जीवनाथ पाण्डे | ९८६०५८७४९५ |
| ६. | सदस्य–ताराबहादुर थापा | ९८४७५६४५९० |
| ७. | सदस्य–शोभा अर्याल | ९८४७०७७०४७ |
| ८. | सदस्य–लक्ष्मी अर्याल | ९८४७११७९७८ |
| ९. | सदस्य–कृष्णबहादुर कुँवर | ९८६७९५२०११ |



# तानसेन नगरपालिका वडा नं १० का केही गतिविधि



- लोचनप्रसाद तिमिल्सिना

१. प्रभास सह लगानी खानेपानी आयोजना तेल्घा सिस्टमको काम अगाडि बढेको छ।

२. तानसेन नगरपालिको वृहत योजना निर्माणको लागि यस वडास्तरीय निम्नानुसारका समितिहरू गठन गरी सोको अभिमुखीकरण कार्यक्रम समेत सम्पन्न भएको छ।

- बाबुराम रावलको संयोजकत्वमा आर्थिक तथा सामाजिक विकास समिति
- गणेश विस्टको संयोजकत्वमा पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन समिति
- तेजराज घिमिरेको संयोजकत्वमा संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति
- नागरिकता सल्लाहकार परिषद्को सदस्यमा यस वडाबाट जित बहादुर सिलवाललाई छनौट गरी पठाईएको।

३. युवा परिषद्को सदस्य छनौट :

तानसेन नगरपालिका स्तरीय युवा परिषद गठनका लागि यस वडाबाट निम्नानुसारका व्यक्तिहरूलाई छनौट गरी तानसेन नगरपालिकामा पठाईएको।

१. नारायणी खत्री
२. गोपाल राना
३. खेमराज पाण्डे
४. धनबहादुर सुनार

४. आयोजनाहरूको अन्तिम किस्ता भुक्तानी :

तानसेन नगरपालिकाबाट आ.व. २०७५/७६ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसारका आयोजनाहरूको कार्य सम्पन्न भई भुक्तानी भएका आयोजनाहरू :

❖ पशुवा खानेपानी योजना रु. २५, ०००/–
❖ ठूलोधारा खानेपानी योजना रु. ३५, ०००/–
❖ वर्रे खानेपानी योजना रु. ४०, ०००/–
❖ नयाँपाटी खनेपानी योजना रु. २५, ०००/–
❖ गोबिन्द खानेपानी योजना रु. २५, ०००/–
❖ नयाँपाटी वडा कार्यालय हुँदै चिसापानी सम्मको मोटर बाटो (वडा गौरबको योजना) रु. ३, ५०, ०००/–

५. आयुर्वेद स्वास्थ्य ईकाई स्थापना :

तानसेन नगरपालिकाको सहयोग तथा जिल्ला आययर्वेद स्वास्थ्य केन्द्रको आयोजनामा यस वडा कार्यालय भवनमा प्रत्येक महिनाको ५ र २० गते सञ्चालन हुने निःशुल्क स्वास्थ्य ईकाई स्थापाना भएको र सोको शुभारम्भ २०७५ माघ ५ गतेबाट शुभारम्म भएको थियो। वडाका अन्य कामहरू भईरहेका छन्।

## तानसेन तेल्घामा गाउँघर तथा शहरी क्लिनिक

तानसेन नगरपालिका वडा नं. १० तेल्घामा माघ ५ गते देखि गाउँघर तथा शहरी क्लिनिक र नसर्ने रोग व्यवस्थापन कार्यक्रम शुभारम्भ भएको छ। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र तानसेन नगरपालिकाको संयुक्त आयोजनामा शुभारम्भ गरिएको कार्यक्रममा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र पाल्पाका निमित्त आयुर्वेद प्रमुख माधवप्रसाद बस्यालले सहभागीहरुलाई स्वागत गर्दै आयुर्वेद उपचारको माध्यमबाट समुदायस्तरमा स्वास्थ्य सेवा पुर्‍याउनु आजको आवस्यकता भएकोले यो कार्यक्रमको थालनी गरिएको बताउनु भयो।

मूल पाहुना तानसेन नगरपालिकाकी उपप्रमुख लक्ष्मीदेवी पाठकले क्लिनिकको उद्घाटन गर्दै एलोपेथिक उपचार पद्धति भन्दा आयुर्वेदिक उपचार फरक भएकोले यो उपचारको आवस्यकताको महसुस गरी वडास्तर मै उपचार गर्ने व्यवस्था मिलाईएकोले अव देखि नियमित रुपमा वडामा महिनाको ५ गते र २० गते क्लिनिक सञ्चालनमा रहने भएकोले थप उपचार गर्न सहज हुने बताउनु भयो। कार्यक्रममा आयुर्वेदिक सेवावाट गाउँघर क्लिनिक सञ्चालन गर्दा गाउँमा सेवा प्रभावकारी भएमा सेवा केन्द्रको रुपमा स्थापना गरी सञ्चालन गर्न सकिने भन्दै वडाबाट सवैखाले सहयोग गरिने वडा अध्यक्ष लोचनप्रसाद तिमिल्सिनाले बताउनु भयो। शुभारम्भ कार्यक्रममा तानसेन नगरपालिकाका सामाजिक विकास शाखा अधिकृत भरतप्रसाद आचार्य, साबिक तेल्घा गाउँ विकास समितिका पूर्व अध्यक्ष मोहनलाल गैरे, वडा सदस्य मोहन सिंह सिंजाली, धनकुमारी विष्ट, वडा सचिव टंक भण्डारी लगायतले कार्यक्रमको सफलताको शुभकामना प्रकट गर्नुभएको थियो। शुभारम्भ कार्यक्रम वैद्य निरीक्षक यज्ञप्रसाद गैरेको सञ्चालन र वडा अध्यक्ष लोचनप्रसाद तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न भएको थियो।उक्त अवसरमा उपस्थित ३९ जना सेवाग्राहीको स्वास्थ्य परीक्षण र निःशुल्क औषधि समेत वितरण गरिएको थियो।

# वडा नं. ११ का केही गतिविधि



– दामोदरप्रसाद घिमिरे

तानसेन नगरसभाबाट स्वीकृत योजनाहरूमध्ये केही योजनाहरू सम्पन्न भएका छन भने कतिपय कार्यान्वयनको चरणमा रहेका छन्। वडाका सबै टोलमा मोटर बाटो मर्मत तथा सम्भार कार्य जनश्रमदान ६२ हजार ५ सय तथा योजनाको लागत २ लाख २५ हजारमा सम्पन्न भएको छ। तल्लीपीपल जुकिया रानाटोल मोटरबाटो योजनाको लागत २ लाख र जनश्रमदान ५० हजारमा सम्पन्न भएको छ। चण्डीभञ्याङ्ग खयरतुङ मोटरबाटो ७५ हजार जनश्रमदान ७५ हजार तथा योजनाको लगायत ३ लाखमा सम्पन्न भएको छ। बोखर चौपारीमा ट्रस निर्माण योजनाको २ लाख र जनश्रमदान ५० हजारमा सम्पन्न भएको छ।



सामुदायिक स्वास्थ्यकेन्द्र भवन कुरुङखोलामा १ लाख ५० हजार बराबर जनश्रमदान जुटेको थियो भने योजनाको लागत ६ लाख लगानी भएको छ। बाफाको नयाँ ठूलो कुलो(तस्विर)का लागि जनश्रमदान १ लाख ५० हजार बराबर र योजनाको लागत ६ लाख लगानीबाट निर्माण सम्पन्न भएको छ। (अन्य गतिविधि आगामी अंकमा)

सूचनाः हाम्रो तानसेन बुलेटिनको पाँचौं अंकको लागि सामग्री २०७५ चैत्र मसान्तसम्ममा पठाई सक्नुहुन सरोकारवालाहरू सबैमा सादर अनुरोध छ।

– प्रधान सम्पादक

Email: hamrotansenbu@gmail.com
apalpali@gmail.com

कविता

# बादल माथिको शहर



– मन गहिरे

बादल माथिको शहर हो तानसेन
हेर्नेहरूको रहर हो तानसेन
नयन भरी थुनुभुँ लाग्छ तानसेन
कविहरूको कविता हो तानसेन।

गायकहरूको गीत हो तानसेन
संगीतको केन्द्र हो तानसेन
पहाडको रानी, टुँडिखेलको
मैदानी हो तानसेन।

तीनधारा, सिन्दुरे, होलाङ्दी
पँधेराहरूको शहर हो तानसेन
पाल्पा दरबार, मूलढोका
गौरवशाली इतिहास हो तानसेन।

मन्दिरै मन्दिरको देवस्थल हो तानसेन
शीरमा श्रीनगर काखमा माडी
बोकेको शहर हो तानसेन
ढाका, करुवाको उद्गम हो तानसेन।

शिक्षा संस्कृतिको केन्द्र हो तानसेन
बिरामीहरूको मलहम हो तानसेन
कला संस्कृतिक, भाषा
भेषभूषाको नमूना हो तानसेन।

श्वेतताल माथिको शहर हो तानसेन
हेर्नेहरूको रहर हो तानसेन
पर्यटकहरूको पर्याय हो तानसेन
बादल माथिको शहर हो तानसेन॥

(लेखक तथा साहित्यकार)

# तानसेन नगरपालिका वडा नं १२ का गतिविधि



- देवेन्द्रबहादुर राना

तानसेन नगरपालिका वडा नं. १२ बौघापोखराथोकमा आ.व. २०७५/०७६ को लागि नगर स्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमहरू ३५ वटा भएकोमा हाल सम्म २६ सम्झौता भएको र सम्झौता हुन बाँकी ९ वटा योजना सम्झौता हुन बाँकी रहेको छ। जस मध्ये निम्नानुसारका योजनाहरू सम्पन्न भई सकेका छन्।

**सम्पन्न कार्यक्रम**

| क्र.सं | योजनाको नाम | सञ्चालन भएको स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तीलाई आयआर्जन वृद्धि गर्न बीउ बाख्रा वितरण | ता.न.पा. १२ | ६०,०००।०० |
| २ | वीरपोखरा बौघागुम्हा सर्बोदय मा.वि. जोडने मोटर बाटो | ता.न.पा. १२ | १००,०००।०० |
| ३ | स्वास्थ्य चौकीको लागि उपकरण खरिद | ता.न.पा. १२ | २५०००।०० |
| ४ | लुहुङको महिला (अधुरो) भवन निर्माण | ता.न.पा. १२ | १,५०,०००।०० |
| ५ | रतनपाडैं मन्दिर पुजा सहयोग | ता.न.पा. १२ | ३०,०००।०० |
| ६ | युवा क्लवहरूलाई स्टिल पोल वितरण | ता.न.पा. १२ | ६०,०००।०० |
| ७ | ज्येष्ठ नागरिक तथा बुहारी सम्मान कार्यक्रम | ता.न.पा. १२ | ४०,०००।०० |
| ८ | सामाजिक सुरक्षा (सासु) भत्ता वितरण पहिलो किस्ता | ता.न.पा. १२ | १९,५०,०००।०० |
| ९ | दलित वीमा कार्यक्रम ४४ परिवार | ता.न.पा. १२ | १,१०,०००।०० |



## सम्झौता भई सञ्चालनमा रही आएका योजनाहरू

| क्र.सं | योजनाको नाम | सञ्चालन भएको स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | त्रैमासिक सबै टोलमा कृषि पाठशाला | ता.न.पा. १२ | ५०,०००।०० |
| २ | पशु स्वास्थ्य तथा औषधि उपचार कार्यक्रम | ता.न.पा. १२ | १००,०००।०० |
| ३ | सामुदायिक संस्थालाई लेखा तालिम | ता.न.पा. १२ | १५०,०००।०० |
| ४ | जुठेल्नो पानी संकलन तथा तरकारी खेती तालीम | ता.न.पा. १२ | ५०,०००।०० |
| ५ | चुरा बनाउने तालिम | ता.न.पा. १२ | ५०,०००।०० |
| ६ | बाल क्लवका बालबालिकालाई खेल सामग्री सहयोग | ता.न.पा. १२ | ४०,०००।०० |
| ७ | बालबालिकाको स्वास्थ्य परीक्षण तथा सहयोग कार्यक्रम | ता.न.पा. १२ | ३०,०००।०० |
| ८ | युवा बीच टोलस्तरीय भलिवल प्रतियोगिता | ता.न.पा. १२ | ४०,०००।०० |
| ९ | ज्येष्ठ नागरिक स्वास्थपरीक्षण तथा औषधि उपचार कार्यक्रम | ता.न.पा. १२ | २५,०००।०० |
| १० | बतासे–लुहुङ–जोर्ते मोटरबाटो नगरस्तरीय / वडास्तरीय | ता.न.पा. १२ | २४,००,०००।०० |
| ११ | खयरतुङ–नामिकुवा मोटरबाटो | ता.न.पा. १२ | ३००,०००।०० |
| १२ | मौवाडाँडा–अवल मोटर बाटो | ता.न.पा. १२ | ३,५०,०००।०० |
| १३ | मौवाडाँडा–चिउदी मोटर बाटो | ता.न.पा. १२ | १,५०,०००।०० |
| १४ | भुतेधारा–पिपलटोल–चण्डिभञ्ज्याङ्ग मोटरबाटो | ता.न.पा. १२ | २००,०००।०० |
| १५ | बुढोपँधेरो मुहान संरक्षण | ता.न.पा. १२ | ५०,०००।०० |
| १६ | कुहिरेभिर रक गार्डेन स्थापनाको लागि वृक्षरोपण र सरसफाइ कार्यक्रम | ता.न.पा. १२ | ५०,०००।०० |
| १७ | कुहिरेभिर जाने पथमार्ग निर्माण योजना नगरस्तरीय | ता.न.पा. १२ | ५००,०००।०० |

## सम्झौता हुन बाँकी योजना

| क्र.सं | योजनाको नाम | सञ्चालन भएको स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | फलफूल विरुवा वितरण कार्यक्रम | ता.न.पा. १२ | ५०, ००० । ०० |
| २ | उन्नत धान मकैको बीउ वितरण | ता.न.पा. १२ | ५०, ००० । ०० |
| ३ | झिरुवन वन खानेपानी उपकरण खरिद | ता.न.पा. १२ | १००, ००० । ०० |
| ४ | फोहोर जम्मा गर्ने प्लाष्टिक जम्मा गर्ने भाडा टोल स्तरमा वितरण | ता.न.पा. १२ | १००, ००० । ०० |
| ५ | वन तथा वातावरण व्यवस्थापन कार्यक्रम | ता.न.पा. १२ | ५०, ००० । ०० |
| ६ | आकस्मिक विपत व्यवस्थापन कार्यक्रम | ता.न.पा. १२ | ५०, ००० । ०० |
| ७ | जोर्ते बजार क्षेत्रमा तटबन्ध निर्माण | ता.न.पा. १२ | ५०, ००० । ०० |
| ८ | नामीकुवा–लुहुङ–वीरपोखरा मोटरबाटो निर्माण | ता.न.पा. १२ | १०, ००, ००० । ०० |
| ९ | रतनपाडैं मन्दिर संरक्षण तथा पथमार्ग निर्माण | ता.न.पा. १२ | ५००, ००० । ०० |





# तानसेन नगरपालिका वडा नं. १३ का योजनाहरूको प्रगति विवरण



- टुकप्रसाद भट्टराई

पर्यटकीय नगरी तानसेन नगरपालिकामा रहेका जम्मा चौध वडा मध्येको यो (१३ नं. वडा) वडा साविकको बौघागुम्हा गा.वि.स. का नौ वडा समावेश गरेर नेपालमा संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सरकारले वि.सं. २०७३ फागुन २७ को निर्णयबाट तानसेन नगरपालिकामा समावेश भएको हो । यस वडामा भौगोलिकताका हिसावले तीनवटा गाँउहरू बौघागुम्हा (बौघागुम्हाका साविकका चार वटा वडा ४, ५, ६, ७), केरवादी (केरवादीमा साविकका दुईवटा वडा ८, ९), छेर्लुङ (छेर्लुङमा साविकका तीनवटा वडा १, २, ३) मिलेर बनेको छ।



बौघागुम्हा मगर संस्कृति, सभ्यता र पहिचानका लागि प्रख्यात ठाउँ हो साथै यहाँ मगर होमस्टे पनि सञ्चालनमा छ । त्यसैले बौघागुम्हालाई केरवादीमा प्रशस्त घाँसे मैदान र बुट्यानक्षेत्र भएकोले पशुपालन र डाँडाबाट स्याङजा, गुल्मी, पाल्पाकै छेर्लुङ, रानीमहल लगायतका क्षेत्रसहितको चारैतिरको दृश्यावलोकन गर्न सकिने भएकोले पिकनिकस्थल र मनोरञ्जस्थलको रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ । यसै गरी छेर्लुङमा प्रशस्त मात्रामा खेतीयोग्य जमिन र सिँचाइको उपलब्धता भएकोले व्यावसायिक कृषि मार्फत् व्यावसायिकता तर्फ अगाडि बढाउन सकिन्छ। साथै यहाँ माझी बस्ती भएकोले माझी संस्कृति, संस्कार र खानपिनलाई व्यावसायिकताबाट अगाडि बढाउन सके माझी होमस्टेको सम्भावना प्रबल देखिन्छ । नेपालमै प्रेमको नमूनाको प्रतीकको रूपमा रहेको रानीमहल पनि यसै वडामा भएकाले पर्यटनको सम्भावना पनि प्रशस्त मात्रामा रहेको छ।

समग्रतामा भन्नुपर्दा ता.न.पा.-१३ मा होमस्टे, पशुपालन, कृषि र पर्यटनका मार्फत् स्थानीय नागरिकको आयआर्जनमा बृद्धि गरी समग्र नगरलाई गरिबीमुक्त नगरपालिका बनाउन मद्दत पुग्दछ। साथै वडाका योजनाहरू पनि विस्तारै यसै उद्देश्य प्राप्तिका लागि लक्षित छन्।

तानसेन नगरपालिकाबाट यसै आ.ब.२०७५।७६ मा नगरस्तरीय/वडास्तरीय वजेट विनियोजनबाट कार्यान्वयनमा आएका सम्पूर्ण योजनाहरूको योजना सम्झौता सम्पन्न भएका छन् र निम्नानुसारका योजनाहरू सम्पन्न भैसकेका छन् साथै अन्य बाँकी योजनाहरू सम्पन्न हुने ऋममा रहेका छन्।



कालीगण्डकी करिडोर सडक अनुगमनमा वडा अध्यक्ष, पत्रकार लगायत

| तानसेन नगरपालिका-१३ मा नगरस्तरीय/वडास्तरीय योजना कार्यान्वयनको अवस्था | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | योजना सम्झौता भएको | सम्पन्न भएका/नभएका |
| १. | बजादी पोखरी निर्माण | रु.१०,००,०००।– | भएको | भएको |
| २. | कृषि विकास | रु.६०,०००।– | ,, | ,, |
| ३. | तिल्के खानेपानी मुहान संरक्षण | रु.१,५०,०००।– | ,, | ,, |
| ४. | रजभञ्ज्याङ्ग खानेपानी मूल संरक्षण | रु.१,००,०००।– | ,, | ,, |
| ५. | न्यूडाँडा–बिरपोखरा जोड्ने मोटरबाटो | रु.२,००,०००।– | ,, | ,, |
| ६. | केरवादी खानेपानी पाइप खरिद कार्यक्रम | रु.३०,०००।– | ,, | ,, |
| ७. | बोटेगाँउ खानेपानी पाइप खरिद | रु.२५,०००।– | ,, | ,, |
| ८. | महिला स्वास्थ्य स्वयम्सेविका प्रोत्साहन कार्यक्रम | रु.२५,०००।– | ,, | ,, |
| ९. | बालबालिका लक्षित कार्यक्रम | रु.२५,०००।– | ,, | ,, |
| १०. | सुआहारा कार्यक्रम | रु.२५,०००।– | ,, | ,, |
| ११. | मगर होमस्टे सचिवालय भवन निर्माण | रु.२,००,०००।– | ,, | ,, |
| १२. | तानसेन कालिगण्डकी करिडोर लिंकरोड स्तरोन्नति | रु.४०,००,०००।– | ,, | ,, |
| १३. | महिला लक्षित कार्यक्रम | रु.५०,०००।– | ,, | ,, |
| १४. | आदिबासी जनजाति कार्यक्रम | रु.५०,०००।– | ,, | ,, |

# तानसेन नगरपालिकाद्वारा रानी महल दरबार परिसर सरसफाइ

पुरातत्व विभागले १० वर्षको लागि तानसेन नगरपालिका मातहत रहने गरेर ऐतिहासिक पर्यटकीय, पुरातात्विक महत्व बोकेको प्रेमको प्रतीक रानीमहल दरवार हस्तान्तरण गरेपछि पछिल्लो समयमा सरसफाइ गर्ने क्रम बढेको छ। तानसेन नगरपालिकाले चासोपूर्वक दरवारपरिसरमा सरसफाइ गरेको छ। मंसिर २ गते तानसेन नगरपालिका सरसफाइ शाखाको आयोजनामा रानीमहल दरवार परिसरको पूर्ण रुपमा सरसफाइ गरिएको हो। दरवार वरिपरिको बढेको झाडी सफा गर्ने, दरवार परिसरमा रहेका फूल तथा बगैचाहरुमा सरसफाइ गर्ने, मन्दिरहरुको सरसफाइ गर्ने, दरवार परिसर वरिपरि फोहर मलाई लेखिएको फोहर फाल्ने डस्टविन राख्ने, पर्यटकहरु आउने स्थानमा पानी राखी सरसफाइ गरेपछि रानीमहल दरवार क्षेत्र सफा र सुन्दर भएको छ। रानीमहल दरवार परिसर भित्र दैनिक रुपमा हुने फोहरलाई व्यस्थित रुपमा संकलनको लागि ठूलाठूला बाल्टी राखिएको छ।

प्रेमको प्रतीक रानीमहल दरवार नेपालकै गहना भएको र हालै नगरपालिकाले संरक्षण र रेखदेख गर्ने जिम्मेवारी पाएको यस क्षेत्रलाई सफा सुन्दर बनाउन सरसफाइ गरिएको तानसेन नगरपालिकाका सरसफाइ शाखा प्रमुख शंकर भण्डारीले बताउनु भयो। रानीमहल दरवार परिसरलाई सफा सुन्दर बनाइराख्न नगरपालिकाले नियमित रुपमा सरसफाइ कर्मचारी खटाउने शाखा प्रमुख भण्डारीले बताउनु भयो। प्रत्येक महिना नगरपालिकाको सिङ्गो सरसफाइ टिम खटिएर परिसर वरिपरि पनि सरसफाइ गर्ने भण्डारीले जानकारी गराउनु भयो। रानीमहल क्षेत्रलाई नगरसरकारको क्षमताअनुसार सौन्दर्यकरण गरिने पंक्तिकारलाई नगरप्रमुख अशोककुमार शाहीले जानकारी गराउनु भयो।

रानीमहल दरवार परिसरमा सरसफाइको लागी सरसफाइ शाखा प्रमुख शंकर भण्डारी, प्राविधिक विशाल ओली सँगै सरसफाइ क्षेत्रमा कार्यरत नगपालिकाका २० जना कर्मचारी लगायत रानीमहल प्रहरी चौकीका प्रहरीहरुको समेत सहभागिता रहेको थियो। रानीमहल क्षेत्रको लागि वरीपरी फूलवारी बनाउने, रातीमा झिलिमिली बत्ती बाल्ने, वाईफाइ सेवा प्रदान गर्ने, विविध पर्यटकीय पूर्वाधार निर्माणको लागि १६ बुँदे कार्ययोजना निर्माण गरी कार्यान्वयनको लागि छलफल प्रक्रिया अगाडि बढाएको वडा नं १३ का वडा अध्यक्ष टुकप्रसाद भट्टराईले बताउनु भयो। भट्टराईले आवश्यक व्यवस्थापनबारे नगरप्रमुखले समेत चासो देखाएको बताउनु भयो। रानीमहल दरवार राणा खड्ग शमशेरले आफ्नी रानी तेजकुमारीको संम्झनामा ५ बर्ष लगाएर बनाएका हुन। रानी तेजकुमारीको संम्झनामा निर्माण गरिएको रानीमहल दरवारलाई प्रेमको प्रतीकको रुपमा लिने गरिएको छ। सदरमुकाम तानसेनबाट१३ किलोमिटर उत्तरको दुरीमा रहेको रानीमहलमा जाने ८ किलोमिटर सडक पिच भएको र ५ किलोमिटर सडक ग्रावेल भएको स्कुटर देखि कार समेतको सवारी साधन सहजै पुग्न थालेपछि पर्यटकहरुको दिनहुँ घुईचो बढ्दै गएको छ। हाल रानीमहल क्षेत्रमा दैनिक औषत २ हजारको संख्यामा पर्यटकहरु पुग्ने गरेका छन। रिडी, अर्गली हुँदै छेर्लुङतर्फबाट आउने गुल्मी, अर्घाखाँचीका आन्तरिक पर्यटकका लागि रानीमहलनेर सडक सञ्जाल जोडिएमा सहज हुने स्थानीय लीलाराज भट्टराईले बताउनु भयो। २०७५ मंसिर ५ गते प्रदेश ५ का भौतिक पूर्वाधार मन्त्री वैजनाथ चौधरी, सांसदहरु, नगर उपप्रमुख, वडाअध्यक्षसहितको टोली रानीमहल पुगेको थियो।

– पत्रकार कृष्ण पोखरेलबाट

# तानसेन नगरपालिका वडा नं. १४ को अर्गलीमा भएका कार्य प्रगति (चालु आ.व. को श्रावण देखि माघ मसान्तसम्म)



- कमल राना

**जेष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता घरघरमा वितरण**

अशक्त अपाङ्गता भएका र अशक्त जेष्ठ नागरिकहरूलाई चालु आ.व. २०७५/०७६ को प्रथम चौमासिकमा समेत विगत आ.व. देखि शुरु गरिएको सामाजिक सुरक्षा भत्ता निजहरूको घरघरमा पुगेर वितरण गर्ने गरिए अनुसार यस आ.व.को प्रथम चौमासिकमा समेत सो प्रक्रियालाई अवलम्बन गरिएको छ। गत चौमासिकमा यस वडाका जेष्ठ नागरिक २११, एकल (विधवा) महिला १४९, जेष्ठ नागरिक (दलित) १७, पुर्ण अपाङ्गता भएका ३, अति अशक्त ५ र दलित वालवालिका २५ जना गरी जम्मा ४२३ जनालाई रु.२४, ६३, ०००। (अक्षरुपी चौविस लाख त्रिसठ्ठी हजार मात्र) सामाजिक सुरक्षा भत्ता वापत रकम वितरण गरिएको छ।

**उपभोक्ता समिति गठनः** तानसेन नगरपालिकाको नगर परिषदबाट अनुमोदन भएका चालु आ.व. २०७५/०७६ मा कार्यान्वयन गरिने तपसिल वमोजिमका आयोजनाहरू तथा कार्यक्रमहरूको लागि उपभोक्ता समिति गठन गरी तानसेन नगरपालिकामा सम्झौता गर्न पठाइएको र सम्झौता सम्पन्न भएको छः

१. कृषि पशु क्षेत्रका कार्यक्रम (कृषि सामग्री बीउ वितरण )
२. चुरा तथा बुटिक तालिम
३. सिँचाइ कुलो निर्माण (पुजेरीगाउँ)
४. एक घर एक धारा व्यवस्थापन आयोजना (रनुवा)
५. एक घर एक धारा व्यवस्थापन आयोजना (रविदास, घोरपुच्छार )
६. साइँलो कुलोको सेतेयारदेखि साँगु अमराई चौराढिक मोटरबाटो मर्मत
७. मोटर बाटो निर्माण तथा मर्मत अधुरो ( कुसेनी )
८. पोखरादेखि वल्वानी कालिआँपसम्मको मोटरबाटो निर्माण
९. मोटर बाटो मर्मत (पुजेरीगाउँ )
१०. अर्तुङ्गा सिँचाइ कुलो मर्मत
११. सचेतना केन्द्र अधुरो भवन मर्मत
१२. ठूलापिपल कार्यक्रम स्थल मर्मत
१३. त्रिभुवन माध्यमिक विद्यालय परिसरमा कम्पाउण्डवाल निर्माण
१४. चण्डीस्थान संरक्षण
१५. कभर्डहल निर्माण त्रिभुवन माध्यमिक विद्यालय परिसरमा
१६. सिद्धेस्वर आधारभुत विद्यालय कम्पाउण्ड मर्मत
१७. एक घर एक धारा व्यवस्थापन (पुजेरीगाउँ )
१८. मालुङ्गे खानेपानी सर्भे आयोजना
१९. पधेरो संरक्षण आयोजना (भगवती स्थान)

**रुरूक्षेत्रमा लाग्ने माघे संक्रान्ती मेलालाई व्यवस्थित गरिएको**

प्रत्येक वर्षको माघ १ गतेदेखि ५ गतेसम्म पाल्पा तर्फको रुरुक्षेत्रमा लाग्ने मकर संक्रान्ती मेलालाई तपसिल वमोजिमका क्रियाकलापहरू गरी मेलालाई व्यवस्थित गरिएको

क) जेठी, माइली र साइली संक्रान्तीका दिन रिडीमा आउने अशक्त, सन्त साधुहरूलाई भण्डाराको व्यवस्था गरिएको थियो।
ख. माघे संक्रान्ती मेला व्यवस्थापन समितिबाट रिडी वगरमा ८५ ओटा व्यापारिक टहराहरू निर्माण गराई व्यापारीहरूलाई सुपथ मूल्यमा वितरण गरिएको थियो।
ग. आम्दानी खर्च सार्वजनिक गरी वचत रकम विकास निर्माणमा लगाइएको छ।

**आइरन पोलको व्यवस्थापन**

यस वडाका विभिन्न टोलहरूमा जीर्ण काठका पोलहरू व्यवस्थापन नगर्दा हुनसक्ने विद्युतीय खतराबाट संरक्षण गर्नका लागि काठका पोलहरू विस्थापन गरी ६६ थान आइरन पोल भविष्यमा समेत काठका पोल ढली हुनसक्ने ५० प्रतिशत विद्युतीय खतराबाट स्थायी रूपमा समाधान गरिएको

**दशैंमा मोटर बाटो मर्मत**

यस आ.व. मा समेत विगत वर्षहरूमा जस्तै वर्षाको समयमा यस वडाका विभिन्न टोलहरूमा जाने कच्ची मोटरबाटोहरू बिग्रीएर यातायातका साधन टोलटोलमा जान नसक्ने अवस्था भएकोले ती विग्रएको करीव ५ कि.मि. मोटर बाटोको मर्मत सुधार र सरसफाइ गरिएको

**सहजकर्ता छनोट**

तानसेन नगरपालिकाको न्यायिक समितिको अनुरोधमा यस वडा समितिको मिति २०७५ मा बसेको वैठकको निणर्यअनुसार उक्त न्यायिक समितिको लागि तपसिल वमोजिमका व्यक्तिहरूलाई सहजकर्तामा छनौट गरिएको थियो।

क. दुर्गादत्त रेग्मी, ख. चन्द्रकला खनाल, ग. श्रीधरप्रसाद भट्टराई

**आयोजनाहरू सम्पन्न गरिएको**

यस चालु आ.व.मा यस वडालाई विनियोजन गरिएको रकमबाट निर्माण गर्ने विभिन्न वडास्तरीय आयोजनाहरूमध्ये तपसिल वमाजिमका आयोजनाहरू रकम र प्राविधिक स्टीमेट अनुसार कार्य सम्पन्न गरिएको

१. त्रिभुवन माध्यमिक विदयालयको कभर्ड हल निर्माणका लागि

विनियोजन गरिएको रकम रु. १,००,०००।– बाट प्राविधिक स्टीमेट अनुसार कार्य सम्पन्न गरिएको

२. सिद्धेस्वर आधारभूत विद्यालयको कम्पाउण्डवाल निर्माणका लागि विनियोजन गरिएको रकम रु.२५,०००।– बाट प्राविधिक स्टीमेट अनुसार कार्य सम्पन्न भएको छ।

३. सिँचाइ कुलो निमार्ण (पुजेरीगाउँ)का लागि विनियोजित रकम रु. ५०,०००।– बाट प्राविधिक स्टीमेट अनुसारको काम सम्पन्न भएकोले रकम भुक्तानी गरियो।

४. अर्गली स्वास्थ्य चौकी मर्मतमा विनियोजन भएको रकम रु. ६०,०००।– बाट सो मर्मत कार्य सम्पन्न भएकोले न.पा. बाट रकम भुक्तानी भयो।

५. वृद्धवृद्धाहरूको हाडजोर्नी सम्बन्धी समस्यालाई मध्यनजर गरी जेष्ठ नागरिक मन्त्रालयबाट रु. ५,००,०००।– अनुदान प्राप्त गरी अर्गली स्वास्थ्यचौकीमा फिजियोथेरापी मेशिन जडान भएको छ।

६. खेलकुद विकासका लागि विभिन्न कार्यक्रम गरियो।

७. कुडापानी पार्क पुर्वाधार विकास कार्यक्रममा विनियोजन भएको रकम रु.३,००,०००।– रकम विनियोजन भएकोमा कार्य सम्पन्न भयो।

८. राधाकृष्ण मन्दिर कम्पाउण्डवाल निर्माणमा विनियोजन भएको रकम रु.२,००,०००।– वाट योजना सम्पन्न भै रकम भुक्तानी भएको छ।

९. महिला लक्षित कार्यक्रम अन्तर्गतको मेटल चुरा वनाउने तालिम कार्यक्रम सम्पन्न भै रकम भुक्तानी भएको छ।

१०. मोटरबाटो निर्माण (पुजेरीगाउँ) मा विनियोजन भएको रकम रु.२,५०,०००।– को निर्माण कार्य सम्पन्न भएको छ।

**आन्तरिक राजश्व संकलन**

यस वडावासीलाई विभिन्न सेवा सुविधा प्रदान गरेवापत निम्न अनुसार आन्तरिक राजश्व संकलन भई तानसेन नगरपालिकाको खातामा दाखिला गरिएको छः

सिफारिस दस्तुर रु. १,५८,२५९।–

दण्ड जरिवाना – (घटनादर्ता) रु. ७,५७० ।–

नाता प्रमाणितबाट रु. १९,६४०।–

एकीकृत सम्पत्ति करबाट रु. २,८८०।–

अन्य विविध आय रु. ७२०।–

रोयल्टी रु. १,२००।–

भ्याट रु. १५६।–

जम्मा रु. १,९०,४२५।– (अक्षरुपी एक लाख नब्बे हजार चार सय पच्चिस मात्र)

**भूकम्प पीडितलाई सहयोग**

अर्गलीमा भूकम्पको कारणबाट पूर्ण क्षतीमा परेका ७९ जना भूकम्प पीडितहरूमध्ये ५९ जना भूकम्प पीडितहरूले पहिलो किस्ता वापतको रु.५०,०००।– लिएका र ती भूकम्प पीडितहरूमध्ये दोस्रो किस्ता वापतको रकम २० जना र १५ जनाले आफ्नो घर निर्माण कार्य सम्पन्न गरेकोले तेस्रो किस्ता रकम प्राप्त गरेका छन्। प्रत्येक वर्षहरूमा हरिवोधिनी एकादशिमा हुने हृषिकेश भगवानको रथयात्रा विगत वर्षहरूमा रुरुक्षेत्र रिडी वजारमा मात्र हुने रथयात्रा यस वर्षदेखि अर्गली अन्य स्थानहरूमा समेत हर्षोल्लासकासाथ रथयात्रा गर्न शूरु गरियो।

**वालपोषण वितरण**

गत आ.व.को श्रावणदेखि अर्गली स्वास्थ्य चौकीमा गर्भ जाँच गराउने ६० जना गर्भवती महिलाहरुलाई हरलिक्स र फलफुल वितरण गरिएको छ।

**सुत्केरी स्याहार खर्च वितरण**

गत आ.व.२०७४०७५ देखि कुनै पनि स्वास्थ्य संस्थाबाट पहिलो र दोस्रो बच्चाको प्रसुती सेवा लिएका २४ जना सुत्केरी महिलाहरूलाई सुत्केरी स्याहार खर्च वापतको रु. १,०००।– का दरले प्रदान गरिएको छ।

**खानेपानी सम्वन्धी कार्यक्रम**

पुजेरीगाउँ टोलका ४० घरमा एक घर एक धारा निर्माण भएको फोस्रान टोलमा रहेको खानेपानीको समस्यालाई पुरानो खानेपानीको लाइन परिवर्तन गरी नयाँ खानेपानीलाइनबाट खानेपानीको समस्या समाधान भएको छ। अर्तुङ्गा टोलमा रहेका ४० घरधुरीमा एक घर एक धारा निर्माण भएको र पुरानागाउँ टोलमा रहेको खानेपानीको समस्यालाई समाधानका लागि ५५००० लि. पानी अट्ने खानेपानी टंकी निर्माण भएको छ। अर्गली स्वास्थ्य चौकीको भएको खानेपानीको लाइन र विजुलीको लाइन वायरिङ नै विग्रीएर धेरै समयदेखि भएको समस्या समाधान भएको छ।

**सिँचाइ कुलो निर्माण**

रविदास टोलमा त्यहाँका खेतमा सिँचाइ हुने कुलोको २७४ मि. लामो तिनतर्फी सिमेन्टेडको सिँचाइ कुलो निर्माण भएको छ। पुरानोगाउँ टोलका वारीमा सिंचाई हुने कुलाको १४५ मि. लामो कुलोको मर्मत कार्य भएको छ।

**मोटरबाटोको निर्माण**

यस वडाका तपसिल वमोजिमका टोलहरूमा निम्नअनुसार मोटरबाटोको निर्माण कार्य सम्पन्न भएको छः

» पुजेरीगाउँ टोलको ठूलापिपलदेखि टाकुरी मोटरबाटोको ३०० मि. लम्वाई ८ फुट उचाईको मेशिनरीवाल निर्माण भएको छ।

» कुसेनी टोलको प्रतिक्षालयदेखि सुन्दर ज्ञवालीको घरसम्म १ कि.मि. र तानसेन रिडी तम्घास मोटरबाटोदेखि माफ्फगाउँसम्म ५०० मि.लामो मोटरबाटो निर्माणकार्य भएको छ।

» रनुवा टोलका विभिन्न स्थानमा १ कि.मि. नयाँ मोटरबाटो निर्माणकार्य सम्पन्न भएको छ।

» फोस्रानटोलमा साँगुदेखि खाल्डोसम्मको मोटरबाटोमा १ मि.अग्लो ४० मि. लम्वाईको मेशिनरीवाल निर्माण भएकोवल्वानीटोलमा ३०० मि.मोटरबाटो.ग्रावेल र नाली कार्य सम्पन्न भएको छ।

# पत्रपत्रिकामा तानसेन

कान्तिपुर दैनिक २०७५ मंसिर ५

## चिटिक्क पार्दै रानीमहल



नवसंवाद
साप्ताहिक Nawasambad week

## तानसेनको वनदेवीमा बसपार्क निर्माणको काम अघि बढ्यो

नवसंवाद संवाददाता






बालकृष्णलाई सम्मान गर्दै तानसेन नगरपालिका प्रमुख। तस्बिर : दैनिक पत्र २०७५, माघ २४

कल्पवा

## तानसेनले सय युवालाई रोजगार बनाउने

# पत्रपत्रिकामा तानसेन

## प्रेम पोख्न रानीमहल

कृष्ण पोखरेल | तानसेन

आज प्रेम दिवस अर्थात् भ्यालेन्टाइन्स डे। प्रेमको प्रतीक रानीमहलमा विशेष जमघट छ। प्रेम साट्नेहरू बुधबार दिउँसै नै पाल्पाको रानीमहल पुगेका छन्। रानीमहल प्रेमको प्रतीक मानिन्छ। पूर्वोत्तर निर्माण भएपछि प्रेम जोडीको उपस्थिति बाक्लिँदै गएको छ।

प्रेम दिवसको अवसरमा चितवनकी समीक्षा खनाल र गणेश खनाल बुधबार रानीमहल दरबार पुगे। 'यहाँ आउनासाथ प्रेमको आभास हुँदोरहेछ,' गणेशले भने। नेपालको ताजमहल मानिने रानीमहलमा गणेशजस्ता थुप्रै जोडी पुगेका छन्।

एकान्त ठाउँ, कालीगण्डकीमा रानीमहलको छाया, मनमोहक दृश्यले प्रेमी-प्रेमिकालाई रानीदरबारले लोभ्याउने गरेको छ। पाल्पा तेल्हाका ओमकीर राना र समीक्षा राई पनि प्रेम दिवस मनाउन रानीमहल पुगेका छन्। राणा खड्ग शमशेरले बनाएको रानीमहलले दुवै जनालाई लोभ्याएको छ। प्रेमी/प्रेमिका अर्थात् विवाहित जोडी रानीमहल नपुगे प्रेम जीवन अधुरो हुने समीक्षा राई बताउँछिन्। प्रणय दिवसले रानीमहल दरबारको महत्त्व बढाएको छ भने राणा खड्गशमशेर र रानी तेजकुमारीको योगदानलाई सम्झाएको छ। खड्गशमशेरले रानी तेजकुमारीको सम्झनामा १९५४ सालमा प्रेमको प्रतीकका रूपमा रानीमहल दरबार बनाए। रानी तेजकुमारीले मृत्युअघि १९४१ सालमा स्वर्ग रानीघाटमा प्रेमको प्रतीक भव्य महल बनाउन इच्छा व्यक्त गरेकी थिइन्। उनको चाहनाबमोजिम खड्गशमशेरले बेलायती शैलीमा तेजमहल निर्माण गरेका थिए।

करिब ११ रोपनी क्षेत्रफलमा रहेको रानीमहल दरबारमा २४ वटा कोठा छन्। दरबार परिसरमा बगैंचा, शिवालय, पोखरीसहित विभिन्न आकर्षक कलाकृति देख्न सकिन्छ।

अलंकारयुक्त ठिक शैलीका खम्बा, त्रिकोणात्मक छाना एवं गुम्बज आकारका झ्याल, निओ क्लासिकल स्थापत्यकला शैलीमा दरबार निर्माण गरिएको छ। प्रणय दिवस मनाउन दुई दिनदेखि नवजोडीको भीड बढेको होटल व्यवसायी बसन्त श्रेष्ठले बताए। प्रणय दिवसलाई केन्द्रित गरी बुटवल, पोखरा, काठमाडौंलगायत ठाउँबाट होटल बुक गरेको न्यू रानीमहल रेस्टुरेन्ट एन्ड लजका सञ्चालक सुरेश पाण्डे क्षत्रीले जानकारी दिए।



रानीमहल।

www.newsbutwaltoday.com बुटवल टुडे

२०७५ पुस १८

## तानसेनमा घर-घरमा उपचार



## तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्वन्धित केही प्रेस विज्ञप्ति

तानसेन नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

५ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं. :

मिति : पुस १०

### हार्दिक शुभकामना

... PABSON REVIEW PALPA ...

[illegible]

नगर प्रमुख

तानसेन नगरपालिका

Website : www.tansenmun.gov.np

तानसेन नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

५ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं. : १६२४

मिति : २०७५ पुस ९

### प्रेस विज्ञप्ति

येशु ख्रीष्टको जन्मोत्सव तथा नयाँ वर्ष सन् २०१९ को अवसरमा हार्दिक शुभकामना !

[illegible]

नगर प्रमुख

एवम्

तानसेन नगरकार्यपालिका परिवार

Website : www.tansenmun.gov.np

# तस्बिरमा तानसेन



तानसेन नगरपालिकाको चौथो नगरसभा अवलोकनमा वरिष्ठ पत्रकार शम्भु श्रेष्ठ लगायत पाल्पाली पत्रकारहरू



टुँडिखेल स्तरोन्नतिबारे पत्रकारहरूसँग छलफल गर्दै नगरप्रमुख अशोककुमार शाही



नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष गोविन्द आचार्य लगायतसँग नगरप्रमुख अशोककुमार शाही, प्रवक्ता दामोदरप्रसाद घिमिरे लगायत




तानसेन २ मा जेष्ठ नागरिकहरूका लागि घर-घरमा आयुर्वेद स्वास्थ्य सेवा कार्यक्रम शुभारम्भ



तानसेन नगरकार्यपालिकाका महिला सभासद्हरू पोशाकमा

# "सफा सुन्दर तानसेन शहर; हामी सबैको रहर !"




तानसेन नगरपालिकाको मोवाइल एप शुभारम्भ गर्दै ५ नं. प्रदेश सभा सदस्यद्वय डा. पुरनमान बज्राचार्य र वीरवहादुर राना



तानसेन टुँडिखेल स्तरोन्नतिबारे सर्वदलीय तथा सर्वपक्षीय भेलाका सहभागीहरू